*“समृद्ध बेनीघाट रोराङको आधार : कृषि, शिक्षा, स्वास्थ्य, उद्योग र पूर्वाधार”*

# प्रथम आवधिक योजना

## (२०७८/७९-२०८२/८३)



## बेनीघाट रोराङ गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

विशालटार, धादिङ

बागमती प्रदेश, नेपाल

२०७८

प्रकाशक : बेनीघाट रोराङ गाउँपा लका
गाउँ कार्यपा लकाको कार्यालय
वशालटार, धादिङ
बागमती प्रदेश, नेपाल

सम्पर्क : फोन : ९८५१२२९२२०, ९८१०२५४७९३, ९८४१०३८८३८
इमेल : *info@benighatrorangmun.gov.np*
*ito.benighatroarag@gmail.com*
वेबसाइट : *www.benighatrorangmun.gov.np*

सर्वा धकार© : प्रकाशकमा

प्रकाशन मति : २०७८

प्रा व धक सहयोग : भूकम्प पश्चात्को पूनर्लाभमा बेलायत सरकारको सहयोग- पूर्णिमा परियोजना र एसडिआइसी, काठमाण्डौ ।

# बेनीघाट रोराङ गाउँपालिकाको अवस्थिति नक्सा












# बेनीघाट रोराङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

विशालटार, धादिङ

बागमती प्रदेश, नेपाल

## मन्तव्य



स्थानीय सरकार जनताको घरदैलोको सरकार हो। विकासको परिकल्पनालाई दिशानिर्देश गर्न, विकासलाई सन्तुलित र परिमाणमुखी बनाउन, तथ्यमा आधारित योजना तर्जुमा मार्फत विकासका रणनीतिहरु तय गरी शान्ति, समृद्धि हासिल गर्नका लागि आवधिक योजनाको आवश्यकता परेको हो। स्थानीय सरकार लोकतन्त्रको प्राण हो। यहाँ निर्वाचित जनप्रतिनिधिहरु मार्फत लोकतन्त्रको अभ्यास गरिने भएकोले यसलाई लोकतन्त्रको आधारस्तम्भ भनिएको हो। बेनीघाट रोराङ गाउँपालिकाका प्रथम निर्वाचित पदाधिकारीहरुले विकासका गतिविधिहरुमा निकै जोड दिएको भएता पनि दीर्घकालीन योजना तर्जुमा पद्धतिको निर्माणमा ध्यान पुऱ्याउन सकिएको थिएन। हामीहरु तीन आवधिक योजना तर्जुमा गर्ने विषयमा छलफल भएको भएता पनि यसलाई साकार रुप दिन सकिएको थिएन। आज हामीहरुकै कार्यकालमा आवधिक योजना निर्माण गरेर आगामी दिनमा निर्वाचित भई आउने जनप्रतिनिधिहरुलाई विकासको उपाहार स्वरुप यो योजना टक्राउने अभिलाषा पुरा भएकोमा म हर्षवान्वित छु। नेपालको संविधान, २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले हामीलाई आवधिक योजना बनाई विकासका गतिविधिहरु अघि बढाउनका दिएको जिम्मेवारी पुरा गर्न पाएकोमा साह्रै खुशी लागेको छ। एकात्मक राज्य व्यवस्थाको अन्त पश्चात स्थापित स्थानीय सरकार सञ्चालनका थुप्रै समस्या, चुनौतिहरुसँग जुध्नका लागि आवधिक योजना एउटा कोशेढुङ्गा सावित हुने कुरामा म विश्वस्त छु।

गाउँपालिकाको आयोजना, मट्म्याकडोनाल्ड (पूर्णिमा परियोजनामा) को व्यवस्थापकीय सहयोग तथा एस.डि.आई.सी.मा कार्यरत कर्मचारी साथीहरुको प्राविधिक सहयोगमा प्रथम आवधिक विकास योजना (२०७८/०७९-२०८२/८३) तयार गर्न पाएकोमा बेनीघाट रोराङ कार्यपालिकाको तर्फबाट म सबैलाई धेरै-धेरै धन्यवाद दिन चाहान्छु। आवधिक योजना बनाउने काम सामान्य थिएन। हामीसंग पर्याप्त तथ्याङ्क थिएन न त दक्ष जनशक्ति नै उपलब्ध थियो। कोरोनाको त्राहीमाममा हामीहरु बाँचिरहेको बेला पनि हामीलाई जगाएर आवधिक योजना निर्माण प्रक्रियामा होष्टेमा हैंसे गर्ने पूर्णिमा परियोजना तथा एसडिआईसीका सम्पूर्ण साथीहरुमा म धन्यवाद नदिईरहन सक्दिन।

आवधिक योजनाले यस गाउँपालिकाका विकासका विशिष्ट समस्या, चुनौति मात्र पेश गरेको छैन। यसले हाम्रै जनप्रतिनिधि, विकासप्रेमी, कर्मचारी तथा अन्य सरोकारवालाहरुसँगको छलफल र अन्तर्क्रियाबाट संभावना, अवसर, रणनीति, कार्यनीति तथा विकास योजना तथा परियोजनाहरु समेत समेटेर आवधिक योजना निर्माण गरेको छ। यसले यस गाउँपालिकामा के-कस्ता गौरवका आयोजनाहरु सञ्चालन गर्न सकिन्छ भन्ने हिसावले गौरवका योजनाहरु पनि प्रस्तावित गरेको छ। बेनीघाट रोराङ गाउँपालिका विकासको प्रचुर संभावना बोकेको गाउँपालिका हो। पृथ्वीराजमार्गसँगको यसको अन्तरआवद्धताले यसलाई काठमाडौं, चितवन, हेटौंडा, पोखरा जस्ता ठूला बजार क्षेत्रसंग जोडिने अवसर प्राप्त भएकोले पनि विकासको बहुआयामिक अवसरहरु हामीलाई प्राप्त भएको छ। हामीसँग भएको बहुआयामिक गरिबी, भोक, स्वास्थ्य तथा शिक्षा क्षेत्रमा रहेको कमजोर गुणस्तर, कमजोर आर्थिक अवस्था, कमजोर न्याय प्रणाली आदिलाई चिर्नका लागि आवधिक योजनाले क्षेत्रगत रुपमा नै योजनाहरु अघि सारेकोले यसले हामीलाई विकासमा फड्को मार्न सहयोग गर्छ भन्ने अपेक्षा लिएको छु।

अझै मलाई खुशी लागेको पक्ष के छ भने यस योजनामा गाउँपालिकामा जननिर्वाचित पदाधिकारीहरु आउनु अघि र पछि बीचको विकासको तुलना गरिनुले पनि यो दस्तावेज आफैमा ऐतिहासिक बन्नेछ भन्ने मलाई लागेको छ। गाउँपालिकाले विगतको ५ वर्षमा के कस्ता उपलब्धीहरु हासिल गऱ्यो र आगामी ५ वर्षमा के कस्ता उपलब्धीहरु हासिल गर्न आवश्यक छ र सोका लागि के कस्तो दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति चाहिन्छ भन्ने विषयमा केन्द्रित भई निर्माण गरिएको यो आवधिक योजनाले नेपाल सरकारको पन्ध्रौं पन्च वर्षिय योजना, प्रदेश सरकारको पन्च वर्षिय योजना तथा अन्य नीति नियमहरुलाई मुख्य आधार बनाएको विषयले मलाई थप गौरवान्वित गराएको छ। यस आवधिक योजनासंग सँगै तयार गरिएको मध्यमकालीन खर्च संरचनाले हामीलाई वार्षिक योजनामा आवधिक योजनालाई विस्तारै समावेश गर्दै लाने जुन ढाँचा प्रस्तुत गरेको छ त्यसले पक्कै पनि हाम्रो विकास प्रयासलाई व्यवहारिक बनाउने छ भन्ने आशा लिएको छु।

अन्त्यमा यस आवधिक योजना निर्माणमा सहयोग उपलब्ध गराउनु हुने यु.के.एड् को आर्थिक सहयोग र मट्म्याकडोनाल्डको व्यवस्थापनमा सञ्चालित "पूर्णिमा: नेपालमा भुकम्प पश्चातको पुनर्लाभका लागि बेलायत सरकारको सहयोग" परियोजनालाई गाउँपालिकाकै तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु। साथै प्राविधिक सहयोग पुऱ्याउने एसडिआईसी काठमाडौं, यसमा संलग्न सम्पूर्ण विषयविज्ञ तथा कर्मचारीहरु, समस्त गाउँपालिकाका जनप्रतिनिधिज्युहरु, राजनैतिक दलका प्रतिनिधिहरु, सरोकारवाला नागरिक समाज तथा भद्र भलाद्मी एवं समस्त गाँउपालिकाका शाखा प्रमुख तथा कर्मचारीहरुलाई धन्यवाद व्यक्त गर्दछु।

पित्त बहादुर डल्लाकोटी (हरि)
अध्यक्ष
मिति : २०७८ मंसिर

**बेनीघाट रोराङ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

विशालटार, धादिङ

बागमती प्रदेश, नेपाल

## दुई शब्द



बेनीघाट रोराङ गाउँपालिका संभावनै सभावनाको खजना हो । गाउँपालिकाको वक्षस्थल हुँदै बग्ने त्रिशुली नदी पर्यटन विकासको आधारको रुपमा रहेको छ । प्राकृतिक रुपमा यस गाउँपालिकामा पाइने चुनढुङ्गा, कृषि व्यवसायका लागि उर्वरभूमि, मिहनेती किसान, काठमाण्डौ, पोखरा र नारायणगडसंगको हाम्रो सामिप्यता, पर्याप्त कृषि सहकारी तथा वित्तिय संस्थाहरु, साहसिक जलयात्रा तथा पर्याप्त सांस्कृतिक धरोहरहरु हाम्रो विकासका संभावनाहरु हुन ।

यिनै कुराहरुलाई मध्यनजर गरी बेनीघाट रोराङ गाउँपालिकाको पहिलो आवधिक विकास योजना तयार गरिएको छ । हामी आज कहाँ छौं र आगामी ५ वर्षभित्र हामी कहाँ पुग्ने हो र त्यहाँ पुग्नका लागि के कस्ता नीति, रणनीति अवलम्वन गर्ने भन्ने विषयहरुमा केन्द्रित रहेर तयार पारिएको यस आवधिक योजनाले हरेक विषय क्षेत्रको स्थिति, समस्या, चुनौति, संभावना, अवसर तथा कार्यक्रम तयार गरेको छ । यसरी तयार भएको आवधिक योजनाको मर्म र भावना बमोजिम वार्षिक योजना तयार गरी जान सकियो भने यसले विकासको पद्धतिलाई सुदृढ बनाउन सहयोग गर्ने छ भन्ने अपेक्षा लिएको छु ।

अहिले पनि हामीकहाँ विकास भन्ना साथ केवल भौतिक विकास जस्तै सडक, भवन, विद्युत आदिलाई पनि लिइन्छ । हामीले अहिलेसम्म पनि विकासको सन्तुलित अवधारणालाई आत्मसात गर्न सकेका छैनौं । जबसम्म हामीले विकासको सन्तुलित अवधारणालाई अवलम्वन गर्न सक्दैनौ तवसम्म दीगो विकास प्राप्त गर्न सकिदैन । नेपालको संविधान, प्रदेश सरकारको आवधिक योजना, नेपाल सरकारको पन्द्रौ पञ्च वर्षिय योजना, स्थानीय सरकार सञ्चालन ऐनले बनाउको मार्गचित्रमा आधारित भएर यो आवधिक विकास योजना निर्माण गरिएको छ ।

विकासको अन्तिम उद्देश्य भनेको मानवीय खुशी हो । जबसम्म हामीले मानिसमा भएको सीप, ज्ञान तथा क्षमतालाई समुचित तरिकाले दोहन गर्न सक्दैनौ तवसम्म विकास संभव छैन । मानिसभित्र थप काम गर्ने सीप र जांगर भरी थोरै पूँजीवाट धेरै भन्दा धेरै प्रतिफल ल्याउन सक्ने बनाउन जरुरी छ । यसका लागि हामीलाई एउटा दीर्घकालीन सोच सहितको योजनाको आवश्यकता पर्दछ त्यही योजनाको नाम आवधिक योजना हो । अबको हाम्रो विकास भनेको कृषिको व्यवसायिकता नै हो । अहिले पनि हामीले अपनाउँदै आएको कृषि पेशामा आधुनिकताको रंग हामीले भर्न सकेका छैनौ । यसलाई थप व्यवसायिक र प्रतिष्पर्धी बनाउनका लागि किसानहरुमा सीप तथा चेतना भर्न जरुरी छ । कृषि विकास क्षेत्रको व्यवसायिकरण, आधुनिकिकरणका लागि यस योजनाले बाटो निर्दृष्ट गर्नेछ ।

त्यस्तै गाउँपालिका महिला तथा बालवालिकाहरुमाथि हुने हिंसाको एउटा पर्याय बनेको छ । महिला, बालवालिका, पछाडि परेको वर्ग माथिको हिंसा र उत्पीडन हटाउनका लागि मौषमी कार्यक्रमहरुवाट संभव छैन । यसका लागि दीर्घकालीन सोच, रणनीति, कार्यक्रम तथा वजेटको आवश्यकता पर्छ । लैङ्गिक वजेटको निर्माण, वलियो विकास संयन्त्र, सञ्जाल, तथा योजना मार्फत मात्र लैङ्गिक हिंसा र उत्पीडन कम गर्न सकिन्छ ।

हाम्रो विकासको अबको अर्को एजेण्डा भनेको सामाजिक एकताको अभिवृद्धि हो । वृहत्तरस्तरको चेतना मार्फत मानिसहरुमा सामाजिक एकताको भावना भर्ने हो । अहिले हाम्रो समाज जातजाति, धर्म, राजनीति, लिङ्ग, वर्ण, भाषा, भेग, संस्कार आदिका नाममा विभक्त छ । यसरी विभाजित आम मानसिकतालाई हामीले एक बनाउनका लागि पनि हामीले धेरै क्षमता विकास तथा अभियानका कार्यक्रमहरु जनता सामु लिएर जानु पर्ने हुन्छ । आवधिक योजनाले सामाजिक एकताका लागि एउटा प्रारुप तयार गर्न सहयोग गर्छ भन्ने अपेक्षा लिएको छु । आवधिक विकास योजना यो गाउँपालिकाको विकासको एउटा साझा गन्तव्य हो ।

अन्त्यमा यस आवधिक योजना निर्माणमा सहयोग उपलब्ध गराउनु हुने **UK Aid** को आर्थिक सहयोग र **Mott MacDonald** को व्यवस्थापनमा सञ्चालित **"पूर्णिमाः नेपालमा भुकम्प पश्चातको पूनर्लाभका लागि बेलायत सरकारको सहयोग"** परियोजनालाई गाऊँपालिकाको तर्फवाट हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । साथै प्राविधिक सहयोग पुर्याउने **SDIC** काठमाडौं, यसमा संलग्न सम्पूर्ण विषय विज्ञ तथा कर्मचारीहरु, समस्त गाऊँपलिकाका जनप्रतिनिधिज्युहरु, राजनैतिक दलका प्रतिनिधिहरु, सरोकारवाला नागरिक समाज तथा भद्र भलादमी एवं समस्त गाँउपलिकाका शाखा प्रमुख तथा कर्मचारीहरुलाई धन्यवाद व्यक्त गर्दछु ।

देवी प्रसाद सिलवाल<br>
उपाध्यक्ष<br>
बेनीघाट रोराङ गाउँपालिका<br>
२०७८ साल मंसिर १३

देवि प्रसाद सिलवाल<br>
उपाध्यक्ष

बेनीघाट रोराङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

विशालटार, धादिङ
बागमती प्रदेश, नेपाल

## दुई शब्द



विकास प्रक्रियालाई थप व्यवस्थित, प्रभावकारी, उत्तरदायी, पारदर्शी, वस्तुनिष्ठ एवं नतिजामूलक बनाउनका लागि आवधिक योजना अपरिहार्य छ। स्थानीय सरकार सञ्चालन ऐनमा स्थानीयस्तरको विकास निर्माणलाई थप व्यवस्थित बनाउनका लागि स्थानीय सरकारले आवधिक योजना, गुरुयोजना तथा रणनैतिक योजना बनाउनु पर्ने नीतिगत प्रावधानलाई टेकेर यो आवधिक योजना निर्माण गरिएको हो। गाउँपालिकाले हरेक वर्ष वार्षिक योजना निर्माण गर्ने भएता पनि वार्षिक योजनालाई निर्देशित गर्ने दस्तावेजको अभावमा हाम्रा विकास प्रक्रियाहरु विवादित मात्र थिएनन एकाङ्गी पनि थिए। आवधिक योजनाले हाम्रा विकासका समस्या, चुनौति, अवसर, संभावना, रणनीति र क्षेत्रगत कार्यक्रम खाका मार्फत हाम्रो विकासका गतिविधिहरु कस्तो हुनु पर्ने भन्ने लालमोहर लगाएको छ। जनप्रतिनिधिहरुको प्रमुख जिम्मेवारी भनेको नै विकासका लागि दीर्घकालीन पद्धति, गन्तव्य प्रदान गर्नु हो। आवधिक योजनाले एउटा पद्धति, परिपाटी निर्माण गर्न सहयोग गर्छ। आवधिक विकास योजनाको मर्म र भावना बमोजिम वार्षिक योजना तयार गर्ने र हामीसंग भएका शाखा, उपशाखा तथा वडा कार्यालयहरुलाई थप व्यवस्थित, सक्षम बनाई उनीहरुलाई स्वतन्त्ररुपमा विषयगत क्षेत्रलाई नेतृत्व गर्ने क्षमता भर्ने काम गर्न जरुरी छ। आन्तरिक आम्दानी बढाउनका लागि हामी धेरै खट्न जरुरी छ। हामीले आन्तरिक आम्दानी अभिवृद्धि गर्ने योजना पनि बनाएका छौ जसलाई हामीले दृढताका साथ लागु गर्दै जानु पर्छ। विकास निर्माणका कामहरुमा सहजिकरण गर्नका लागि हामीले थुप्रै नीतिहरु बनाउका छौ। ती नीतिहरुको कार्यान्वयनमा आवधिक योजनाले जोड दिएको छ।

भौतिक विकास र मानवीय विकास एउटै सिक्काका दुईवटा पाटा रहेछन। विकास प्रक्रियालाई दीगो बनाउन जनसहभागिता सहितको विकासको आवश्यकता पर्दछ। अफिसमा कार्यरत पदाधिकारी, कर्मचारी, समुदायको अग्रसरता तथा रुचीलाई पनि साथमा राखेर लान सकियो भने बल्ल हाम्रा भौतिक विकासका प्रयासहरु दीर्घकालीन बन्दा रहेछन। कमजोर भूबनावट, जलवायु चक्रमा आएको परिवर्तनको कारणले बेनीघाट गाउँपालिकाले धेरै खालका मानव निर्मित विपत्तीहरुको सामना गर्दै आएको छ। प्राकृतिक वा मानव निर्मित विपत्तिका कारण गाउँपालिकाले बनाएका पूर्वाधारका संरचनाहरुलाई दीगो बनाउन निकै ठूलो चुनौति छ। यसरी मानव निर्मित विपत्तिहरुलाई कम गर्नका लागि मानिसहरुमा नै लगानी बढाउन जरुरी छ। जनताहरुमा जबसम्म हामीले सरकारी श्रोत तथा साधनहरुमाथिको स्वामित्व बोध श्रृजना गर्न सक्दैनौ तवसम्म विकासलाई दीगो बनाउन सकिँदैन। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दीगो तथा सन्तुलित विकासको परिकल्पना गरेको छ। विकास त्यति बेला दीगो बन्न सक्छ जति बेला हामीले सबै क्षेत्र, तहतप्कालाई समेटेर योजना बनाउन सक्छौं। भौतिक तथा सामाजिक विकासका योजनाहरुलाई समेटेर लान सकियो भने मात्र हाम्रा योजनाहरु सन्तुलित बन्न सक्छन। यस आवधिक योजनाले जलवायु परिवर्तन, दैवी प्रकोप जस्ता महत्वपूर्ण विषयहरु लगायत चेपाङहरुको वृद्धि र विकासका लागि पनि विकासको खाका पेश गरेको छ।

अन्त्यमा यस आवधिक योजना निर्माणमा सहयोग उपलब्ध गराउनु हुने UK Aid को आर्थिक सहयोग र Mott MacDonald को व्यवस्थापनमा सञ्चालित **"पूर्णिमा: नेपालमा भुकम्प पश्चातको पूनर्लाभका लागि बेलायत सरकारको सहयोग"** परियोजनालाई गाऊँपालिकाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु। साथै प्राविधिक सहयोग पुर्याउने SDIC काठमाडौं, यसमा संलग्न सम्पूर्ण विषय विज्ञ तथा कर्मचारीहरु, समस्त गाऊँपलिकाका जनप्रतिनिधिज्युहरु, राजनैतिक दलका प्रतिनिधिहरु, सरोकारवाला नागरिक समाज तथा भद्र भलाद्मी एवं समस्त गाँउपलिकाका शाखा प्रमुख तथा कर्मचारीहरुलाई धन्यवाद व्यक्त गर्दछु।

लक्ष्मण प्रसाद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत
बेनीघाट रोराङ गाउँपालिका
२०७८ साल मंसिर १२

# विषय सूची


बेनीघाट रोराङ गाउँपालिकाको अवस्थिति नक्सा ........ ii
विषय सूची ........ vi
तालिका सूची ........ xii
**परिच्छेद एक : परिचय** ........ १
१.१ पृष्ठभूमि ........ १
१.२ आवधिक योजनाको उद्देश्य ........ १
१.३ आवधिक योजना तर्जुमा प्रक्रिया ........ १
**परिच्छेद दुई : गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धीको समीक्षा** ........ ४
२.१ गाउँपालिकाको परिचय ........ ४
२.२ आर्थिक विकास अवस्था ........ ६
२.३ सामाजिक विकासको अवस्था ........ ८
२.४ पूर्वाधार तथा शहरी विकासको अवस्था ........ ११
२.५ वन, वातावरण तथा विपद् व्यवस्थापनको अवस्था ........ १३
२.६ सुशासन तथा संस्थागत व्यवस्था ........ १५
**परिच्छेद तीन : गाउँपालिका विकासको सोच तथा अवधारणा** ........ १७
३.१ विकासका प्रमुख सम्भावना तथा अवसरहरु ........ १७
३.२ प्रमुख समस्या तथा चुनौतिहरु ........ १७
३.३ दीर्घकालीन सोच तथा निर्देशक सिद्धान्त ........ १८
२.४ लक्ष्य तथा उद्देश्य ........ २१
२.५ प्रमुख प्राथमिकता ........ २२
२.६ प्रमुख रणनीति ........ २२
२.७ परिमाणात्मक लक्ष्य निर्धारण ........ २४
२.८ गौरवका आयोजना तथा कार्यक्रम ........ २५
**परिच्छेद चार : आर्थिक विकास क्षेत्र** ........ २७
४.१ पृष्ठभूमि ........ २७
४.२ कृषि ........ २७
४.२.१ विद्यमान अवस्था, सम्भावना तथा अवसर ........ २७
४.२.२ समस्या तथा चुनौति ........ २८
४.३ सिंचाई विकास ........ २८
४.३.१ विद्यमान अवस्था, सम्भावना तथा अवसर ........ २८
४.३.२ समस्या तथा चुनौति ........ २८
४.४ पशुपन्छी विकास ........ २९
४.४.१ विद्यमान अवस्था, सम्भावना तथा अवसर ........ २९
४.४.२ समस्या तथा चुनौति ........ २९
४.५ उद्योग र व्यापार ........ २९
४.५.१ विद्यमान अवस्था, सम्भावना तथा अवसर ........ २९
४.५.२ समस्या तथा चुनौति ........ ३०
४.६ श्रम तथा रोजगार ........ ३०

४.६.१ विद्यमान अवस्था, संभावन तथा अवसर ............ ३०
४.६.२ समस्या तथा चनौति............ ३०
४.७ वैक, सहकारी र वित्तीय सेवा ............ ३०
४.७.१ विद्यमान अवस्था, सम्भावना तथा अवसर ............ ३०
४.७.२ समस्या तथा चुनौति ............ ३०
४.८ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति............ ३१
४.८.१ सोच............ ३१
४.८.२ लक्ष्य ............ ३१
४.८.३ उद्देश्य ............ ३१
४.८.४ रणनीति तथा कार्यनीति ............ ३१
४.९ प्रमुख रणनीतिक कार्यक्रम तथा अपेक्षित उपलब्धि ............ ३७
४.९.१ प्रमुख कार्यक्रम तथा आयोजना............ ३७
४.९.२ प्रमुख कार्यक्रमको स्थानगत तथा आयोजना विवरण ............ ४०
४.९.३ आयोजना तथा कार्यक्रमको साङ्केतीकरण ............ ४२
४.९.४ अपेक्षित उपलब्धी तथा नतिजा तालिका ............ ४२
**परिच्छेद पाँच : पर्यटन तथा संस्कृति क्षेत्र**............ ४३
५.१ पृष्ठभूमि ............ ४३
५.२ पर्यटन तथा संस्कृति............ ४३
५.२.१ विद्यमान अवस्था, सम्भावना तथा अवसर............ ४३
५.२.२ समस्या तथा चुनौति............ ४३
५.३ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति............ ४४
५.३.१ सोच ............ ४४
५.४.२ लक्ष्य............ ४४
५.४.३ उद्देश्य............ ४४
५.४.४ रणनीति तथा कार्यनीति............ ४४
५.५ प्रमुख कार्यक्रम तथा अपेक्षित उपलब्धि ............ ४६
५.५.१ प्रमुख कार्यक्रम तथा आयोजना ............ ४६
५.५.२ प्रमुख कार्यक्रमको स्थानगत तथा आयोजना विवरण ............ ४७
५.५.३ आयोजना तथा कार्यक्रमको सांकेतिकरण ............ ४९
५.५.४ अपेक्षित उपलब्धी तथा नतिजा तालिका ............ ४९
**परिच्छेद छ : सामाजिक विकास क्षेत्र**............ ५०
६.१ पृष्ठभूमि ............ ५०
६.२ शिक्षा तथा सीप विकास............ ५०
६.२.१ विद्यमान अवस्था, सम्भावना र अवसर ............ ५०
६.२.२ समस्या तथा चुनौति............ ५२
६.३ जनस्वास्थ्य तथा पोषण............ ५२
६.४ खानेपानी तथा सरसफाई............ ५३
६.४.१ विद्यमान अवस्था, सम्भावना र अवसर............ ५३
६.४.२ समस्या तथा चुनौति............ ५४
६.५ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ............ ५४

६.५.१ विद्यमान अवस्था, सम्भावना र अवसर ........ ५४
६.५.२ समस्या तथा चुनौति ........ ५५
६.६ युवा तथा खेलकूद ........ ५५
६.६.१ विद्यमान अवस्था, सम्भावना र अवसर ........ ५५
६.६.२ समस्या तथा चुनौति ........ ५६
६.७ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति........ ५६
६.७.१ सोच ........ ५६
६.७.२ लक्ष्य ........ ५६
६.७.३ उद्देश्य ........ ५६
६.७.४ रणनीति तथा कार्यनीति ........ ५६
६.८ प्रमुख कार्यक्रम तथा अपेक्षित उपलब्धी ........ ६५
६.८.१ प्रमुख कार्यक्रम तथा आयोजना ........ ६५
६.८.२ प्रमुख कार्यक्रमको स्थानगत तथा आयोजना विवरण ........ ६८
६.८.३ आयोजना तथा कार्यक्रमको सांकेतीकरण विवरण ........ ७७
६.८.४ अपेक्षित उपलब्धी तथा नतिजा तालिका ........ ७७
**परिच्छेद सात : पूर्वाधार विकास क्षेत्र** ........ ७८
७.१ पृष्ठभूमि ........ ७८
७.२ आवास, भवन, बस्ती तथा शहरी विकास........ ७८
७.२.१ विद्यमान अवस्था, सम्भावना तथा अवसर........ ७८
७.२.२ समस्या तथा चूनौति ........ ७९
७.३ सडक, पुल तथा यातायात ........ ८०
७.३.१ विद्यमान अवस्था, सम्भावना तथा अवसर........ ८०
७.३.२ समस्या तथा चूनौति ........ ८०
७.४ विद्युत् तथा वैकल्पिक उर्जा ........ ८१
७.४.१ विद्यमान अवस्था, सम्भावना तथा अवसर ........ ८१
७.४.२ समस्या र चुनौति ........ ८१
७.५ सूचना, संचार र प्रविधि ........ ८२
७.५.१ विद्यमान अवस्था तथा सम्भावना........ ८२
७.५.२ समस्या र चुनौति ........ ८२
७.६ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति........ ८२
७.६.१ सोच ........ ८२
७.६.२ लक्ष्य ........ ८२
७.६.३ उद्देश्य ........ ८३
७.६.४ रणनीति तथा कार्यनीति ........ ८३
७.७ प्रमुख कार्यक्रम तथा अपेक्षित उपलब्धि ........ ८७
*७.७.१ प्रमुख कार्यक्रम तथा आयोजना* ........ ८७
७.७.२ प्रमुख कार्यक्रमको स्थानगत तथा आयोजना विवरण ........ ८९
७.७.३ आयोजना तथा कार्यक्रमको साङ्केतीकरण ........ ९२
७.७.४ अपेक्षित उपलब्धी तथा नतिजा तालिका ........ ९२
**परिच्छेद आठ : वन तथा वातावरण क्षेत्र** ........ ९४

८.१ पृष्ठभूमि ........ ९४
८.२ वन, हरियाली, जैविक विविधता ........ ९४
८.२.१ विद्यमान अवस्था, सम्भावना तथा अवसर ........ ९४
८.२.२ समस्या तथा चुनौती ........ ९५
८.३ भूसंरक्षण तथा जलाधार व्यवस्थापन........ ९६
८.३.१ विद्यमान अवस्था, सम्भावना तथा अवसर........ ९६
८.३.२ समस्या तथा चुनौती........ ९६
८.४ वातावरण तथा फोहोरमैला व्यवस्थापन........ ९६
८.४.१ विद्यमान अवस्था, सम्भावना तथा अवसर ........ ९६
८.४.२ समस्या तथा चुनौती ........ ९७
८.५ जलवायु परिवर्तन अनुकुलन ........ ९७
८.५.१ विद्यमान अवस्था, सम्भावना तथा अवसर ........ ९७
८.५.२ समस्या तथा चूनौतिहरु ........ ९८
८.६ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम ........ ९८
८.६.१ सोच ........ ९८
८.६.२ लक्ष्य ........ ९८
८.६.३ उद्देश्य ........ ९८
८.६.४ रणनीति तथा कार्यनीति........ ९९
८.७ प्रमुख कार्यक्रम तथा अपेक्षित उपलब्धी........ १०४
८.७.१ प्रमुख कार्यक्रम तथा आयोजना........ १०४
८.७.२ प्रमुख कार्यक्रमको स्थानगत तथा आयोजना विवरण ........ १०७
८.७.३ आयोजना तथा कार्यक्रमको साँकेतीकरण........ १०९
८.७.४ अपेक्षित उपलब्धी तथा नतिजा खाका ........ १०९
**परिच्छेद नौं : विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन क्षेत्र** ........ ११०
९.१ पृष्ठभूमि ........ ११०
९.२ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ........ ११०
९.२.१ विद्यमान अवस्था, सम्भावना तथा अवसर........ ११०
९.२.३ समस्या चुनौति ........ १११
९.३ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति ........ ११२
९.३.१ सोच ........ ११२
९.३.२ लक्ष्य ........ ११२
९.३.३ उद्देश्य ........ ११२
९.३.४ रणनीति तथा कार्यनीति........ ११२
९.४ प्रमुख कार्यक्रम तथा अपेक्षित उपलब्धी........ ११६
९.४.१ प्रमुख कार्यक्रम तथा आयोजना........ ११६
९.४.२ प्रमुख कार्यक्रमको स्थानगत तथा आयोजना विवरण ........ ११८
९.४.३ आयोजना तथा कार्यक्रमको साङ्केतीकरण ........ ११९
**परिच्छेद दश : सामाजिक आर्थिक पुनर्लाभ क्षेत्र** ........ १२०
१०.१ पृष्ठभूमि ........ १२०
१०.२ विद्यमान अवस्था तथा सम्भावना ........ १२०

१०.३ समस्या तथा चुनौती........................................................................................१२१
१०.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति........................................................१२१
१०.४.१ सोच................................................................................................१२१
१०.४.२ लक्ष्य ................................................................................................१२१
१०.४.३ उद्देश्य ..............................................................................................१२१
१०.४.४ रणनीति तथा कार्यनीति ........................................................................१२२
१०.६ प्रमुख कार्यक्रम तथा अपेक्षित उपलब्धी.......................................................................१२३
१०.६.१ प्रमुख कार्यक्रम तथा आयोजना....................................................................१२३
१०.६.४ अपेक्षित उपलब्धित तथा नतिजा तालिका........................................................१२५
**परिच्छेद एघार : सुशासन तथा संस्थागत विकास क्षेत्र**.........................................................१२६
११.१ पृष्ठभूमि ............................................................................................१२६
११.२ विद्यमान स्थिति तथा सम्भावना...................................................................१२६
११.३ समस्या तथा चुनौति ..............................................................................१२७
११.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम ........................................१२८
११.४.१ सोच ................................................................................................१२८
११.४.२ लक्ष्य................................................................................................१२८
११.४.३ उद्देश्य..............................................................................................१२९
११.४.४ विषयगत रणनीति तथा कार्यनीति ..............................................................१२९
११.५ प्रमुख कार्यक्रम तथा अपेक्षित उपलब्धी ..........................................................१३३
११.५.१ प्रमुख कार्यक्रम तथा आयोजना ..................................................................१३३
११.५.३ आयोजना तथा कार्यक्रमको साङ्केतीकरण ......................................................१३७
१.५.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका ...........................................................१३८
**परिच्छेद वाह्र : कार्यान्वयन व्यवस्था**.......................................................................**१३९**
१२.१ वित्तिय व्यवस्थापन योजना......................................................................१३९
१२.१.१ स्रोत अनुमान तथा प्रक्षेपण......................................................................१३९
१२.१.२ विषयक्षेत्र अनुसार प्रस्तावित बजेट ..............................................................१४०
१२.१.३ स्रोत परिचालन रणनीति.........................................................................१४१
१२.२ आवधिक योजना कार्यान्वयन....................................................................१४२
१२.२.१ संस्थागत व्यवस्था तथा मानव संशाधन योजना ................................................१४२
१२.३ अनुगमन तथा मूल्याङ्कन योजना ................................................................१४३
१२.३.१ विद्यमान व्यवस्था र अवस्था.....................................................................१४३
१२.३.२ अनुगमन तथा मूल्याकंनको जिम्मेवारी .........................................................१४३
१२.३.३ अनुगमन तथा मूल्याकंन विधि तथा प्रक्रिया......................................................१४३
अनुसूचीहरु .................................................................................................१४५
अनुसूची १ : आर्थिक विकास क्षेत्रका प्रमुख कार्यक्रम तथा आयोजनाको साङ्केतीकरण.......................१४५
अनुसूची २: आर्थिक विकास क्षेत्रको नतिजा खाका ...............................................................१४७
अनुसूची ३: संस्कृति तथा पर्यटन विकास क्षेत्रका कार्यक्रम तथा आयोजनाको साङ्केतीकरण.................१५०
अनुसूची ४ : पर्यटन तथा संस्कृति विषय क्षेत्रको नतिजा खाका ..................................................१५१
अनुसूची ५: सामाजिक विकास क्षेत्रतर्फको कार्यक्रम तथा आयोजनाको साङ्केतीकरण .......................१५३
अनुसूची ६: सामाजिक विकास विषय क्षेत्रको नतिजा खाका.......................................................१५६

अनुसूची ७: पूर्वाधार विकास विषय क्षेत्रका आयोजना तथा कार्यक्रमको साङ्केतीकरण विवरण..............१५९
अनुसूची ८: पूर्वाधार विकास विषय क्षेत्रको नतिजा खाका..........................................१६०
अनुसूची ९ : वन तथा वातावरण विषय क्षेत्रका आयोजना तथा कार्यक्रमको साङ्केतीकरण विवरण..........१६४
अनुसूची १० : वन तथा वातावरण क्षेत्रको नतिजा खाका.......................................१६६
अनुसूची ११: विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन क्षेत्रको प्रमुख कार्यक्रम तथा आयोजनाको साङ्केतीकरण विवरण..........................................................................१६९
अनुसूची १२ : विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन क्षेत्रको नतिजा खाका........................१७०
अनुसूची १३: आर्थिक सामाजिक पुनउत्थान क्षेत्रका आयोजना तथा कार्यक्रम साङ्केतीकरण विवरण .........१७३
अनुसूची १४: आर्थिक सामाजिक पुनर्लाभ क्षेत्रको नतिजा खाका.....................................१७४
अनुसूची १५: सुशासन तथा संस्थागत विकास क्षेत्रको प्रमुख कार्यक्रम तथा आयोजनाको साङ्केतीकरण विवरण१७६
अनुसूची १६: सुशासन तथा संस्थागत विषय क्षेत्रको नतिजा खाका...................................१७८
अनुसूची १७ : मध्यमकालीन खर्च संरचना...........................................................१८२
१. पृष्ठभूमि.......................................................................१८२
२. अवधारणा......................................................................१८२
३. उद्देश्य........................................................................१८३
४. मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु...............................................१८४
५. मध्यमकालीन समष्टिगत आर्थिक खाका..........................................................१८४
६. समष्टिगत मध्यमकालीन नतिजा खाका...........................................................१८५
७. समष्टिगत मध्यमकालीन बजेट खाका.............................................................१८५
८. तीन आर्थिक वर्षको विषय क्षेत्रगत कार्यक्रम तथा बजेट अनुमान तथा प्रक्षेपण......................१८७
८.१ आर्थिक विकास क्षेत्र..............................................................१८७
८.२ पर्यटन तथा संस्कृति क्षेत्र.........................................................१९०
८.३ सामाजिक विकास क्षेत्र............................................................१९२
८.४ पूर्वाधार विकास क्षेत्र.............................................................१९५
८.५ वन तथा वातावरण व्यवस्थापन क्षेत्र..................................................१९७
८.६ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन क्षेत्र.........................................२००
८.७ आर्थिक सामाजिक पुनर्लाभ क्षेत्र....................................................२०२
८.८ सुशासन तथा संस्थागत विकास क्षेत्र.................................................२०३

# तालिका सूची


तालिका १ : जनसंख्याको वृद्धिदर.....................................................................................५
तालिका २ : लैङ्गिक लेखाजोखा विश्लेषणको नतिजा विवरण...............................................................१०
तालिका ३ : समष्टिगत परिमाणात्मक लक्ष्य...........................................................................२४
तालिका ४ : गाउँपालिका गौरवका आयोजना तथा कार्यक्रम विवरण........................................................ २६
तालिका ५ : आर्थिक विकासका लागि लिईने रणनीति तथा कार्यनीति ...................................................... ३१
तालिका ६ : आर्थिक विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना ..................................३८
तालिका ७ : आर्थिक विकास क्षेत्रको प्रमुख कार्यक्रमको स्थानगत तथा आयोजना विवरण.................................. ४०
तालिका ८ : सांस्कृतिक तथा पर्यटन विकासका लागि लिईने रणनीति तथा कार्यनीति......................................... ४४
तालिका ९ : संस्कृति तथा पर्यटन विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना .................. ४७
तालिका १० : पर्यटन तथा संस्कृति क्षेत्रको प्रमुख कार्यक्रमको स्थानगत तथा आयोजना विवरण ........................... ४७
तालिका ११: सामजिक विकासका लागि रणनीति तथा कार्यनीति........................................................५७
तालिका १२ : सामाजिक विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना.............................. ६६
तालिका १३ : सामाजिक विकास क्षेत्रको प्रमुख कार्यक्रमको स्थानगत तथा आयोजना विवरण ...............................६८
तालिका १४ : पूर्वाधार विकास क्षेत्रको रणनीति तथा कार्यनीति ....................................................८३
तालिका १५ : पूर्वाधार विकास क्षेत्रको प्रमुख कार्यक्रम तथा स्रोत अनुमान............................................... ८८
तालिका १६ : पूर्वाधार विकास विषय क्षेत्रको प्रमुख कार्यक्रमको स्थानगत तथा आयोजना विवरण .......................... ८९
तालिका १७ : वन तथा वातावरण क्षेत्रको रणनीति तथा कार्यनीति ..................................................९९
तालिका १८ : वन तथा वातावरण व्यवस्थापन क्षेत्रमा सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना..............१०५
तालिका १९ : वन तथा वातावरण विषय क्षेत्रको कार्यक्रमको स्थानगत तथा आयोजनागत विवरण ........................१०७
तालिका २० : विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन क्षेत्रको रणनीति तथा कार्यनीर्ती..................................112
तालिका २१ : विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन क्षेत्रको प्रमुख कार्यक्रम तथा आयोजना .............................117
तालिका २२ : विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन विषय क्षेत्रको कार्यक्रमको स्थानगत तथा आयोजनागत विवरण ११८
तालिका २३ : सामाजिक आर्थिक पुनर्लाभ क्षेत्रको रणनीति तथा कार्यनीति.............................................. १२२
तालिका २४ : आर्थिक सामाजिक पुनर्लाभ क्षेत्रको प्रमुख कार्यक्रम.................................................१२४
तालिका २५ : आर्थिक तथा सामाजिक पुनर्लाभ विषय क्षेत्रको कार्यक्रमको स्थानगत तथा आयोजनागत विवरण ..........१२४
तालिका २६ : सुशासन तथा संस्थागत विकास क्षेत्रको रणनीति तथा कार्यनीति ........................................१२९
तालिका २७: सुशासन तथा संस्थागत विकास क्षेत्रको प्रमुख आयोजना तथा कार्यक्रम विवरण .............................१३४
तालिका २८: सुशासन तथा संस्थागत विकास विषय क्षेत्रको कार्यक्रमको स्थानगत तथा आयोजनागत विवरण ............१३६
तालिका २९ : आवधिक योजना अवधिमा लगानी हुन सक्ने स्रोतको प्रक्षेपण ................................................ १३९
तालिका ३० : विषयक्षेत्र अनुसार कुल प्रस्तावित बजेट.........................................................१४०
तालिका ३१: प्रस्तावित कर्मचारी दरबन्दी ...................................................................१४२
तालिका ३२ : आवधिक योजनाको अनुगमन तथा मूल्यांकन प्रक्रिया............................................... १४४
तालिका ३३ : समष्टिगत आर्थिक खाका विवरण ............................................................१८५
तालिका ३४ : समष्टिगत नतिजा खाका ........................................................................१८५
तालिका ३५ : त्रिबर्षिय बजेट विनियोजन र प्रक्षेपण (रकम रु हजारमा) ...........................................१८६
तालिका ३६ : आर्थिक विकास क्षेत्रको आगामी तीन आर्थिक वर्षको खर्च तथा स्रोतको अनुमान..............................१८८
तालिका ३७ : आर्थिक विकास क्षेत्रको आगामी तीन वर्षको कार्यक्रम तथा खर्च विवरण.....................................१८९
तालिका ३८ : आर्थिक विकास क्षेत्रको आगामी तीन आर्थिक वर्षको खर्च तथा स्रोतको अनुमान ............................ १९१
तालिका ३८ : पर्यटन विकास तथा संस्कृति क्षेत्रको तीन वर्षको कार्यक्रम तथा खर्च विवरण.............................. १९१
तालिका ४० : सामाजिक विकास क्षेत्रको आगामी तीन आर्थिक वर्षको खर्च तथा स्रोतको अनुमान ........................१९२
तालिका ४१ : सामाजिक विकास क्षेत्र तीन वर्षको कार्यक्रम तथा खर्च विवरण ..............................................१९३
तालिका ४२ : पूर्वाधार विकास क्षेत्रको आगामी तीन आर्थिक वर्षको खर्च तथा स्रोतको अनुमान ...........................१९५

तालिका ४३ : पूर्वाधार विकास क्षेत्रको आगामी तीन वर्षको कार्यक्रम तथा खर्च विवरण ...................................... १९६
तालिका ४४ : पूर्वाधार विकास क्षेत्रको आगामी तीन आर्थिक वर्षको खर्च तथा स्रोतको अनुमान ............................ १९७
तालिका ४५ : वन तथा वातावरण क्षेत्रको आगामी तीन वर्षको कार्यक्रम तथा खर्च विवरण ................................ १९८
तालिका ४६ : विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन क्षेत्रको आगामी तीन आर्थिक वर्षको खर्च तथा स्रोतको अनुमान ............................................................................................................................. २००
तालिका ४७ : विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन क्षेत्रको आगामी तीन वर्षको कार्यक्रम तथा खर्च विवरण ....... २०१
तालिका ४८ : आर्थिक सामाजिक पुनर्लाभ क्षेत्रको आगामी तीन आर्थिक वर्षको खर्च तथा स्रोतको अनुमान ............... २०२
तालिका ४९ : आर्थिक-सामाजिक पुनर्लाभ योजनाको मध्यमकालीन खर्च संरचना ............................................ २०२
तालिका ५० : सुशासन तथा संस्थागत विकास क्षेत्रको आगामी तीन आर्थिक वर्षको खर्च तथा स्रोतको अनुमान .......... २०३
तालिका ५१ : सुशासन तथा संस्थागत विकास क्षेत्रको आगामी तीन वर्षको कार्यक्रम तथा खर्च विवरण ................. २०४

# परिच्छेद एक : परिचय

## १.१ पृष्ठभूमि

योजनावद्ध विकास नेपालको संविधानले आत्मसात् गरेको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने राष्ट्रिय संकल्पलाई सहज तुल्याउने महत्वपूर्ण माध्यम हो । दीर्घकालीन सोचतर्फ उन्मुख हुने गरी तयार गरिने मध्यम अवधिको स्थानीय तहको आवधिक योजनाले स्थानीय विकासको अपेक्षित गन्तव्य तय गरी विकास प्रक्रियालाई दिशानिर्देश गर्दछ । आवधिक योजना अपेक्षित नतिजा हासिल गर्ने सुसंगत पद्धति पनि हो । यस योजनाले विषय क्षेत्रगत रणनीतिक योजना तथा वार्षिक योजनालाई ठोस आधार समेत प्रदान गर्दछ ।

नेपालमा आवधिक योजनाको अवधारणालाई विक्रम सम्बत २०१३ सालबाट अवलम्बन गरेको देखिन्छ । हालसम्म आइपुग्दा संघीय लोकतान्त्रिक शासन व्यवस्था अन्तर्गत तीन वटै तहका सरकारले आवधिक योजना तर्जुमा तथा कार्यान्वयनको अभ्यास गरिरहेका छन् । स्थानीय तहमा योजना अनुशासन कायम गरी स्थानीय आवश्यकताको सम्बोधन तथा विकासको राष्ट्रिय लक्ष्य हासिल गर्न स्थानीय तहका योजनाको अहम् भूमिका रहेको हुन्छ । उपलब्ध सीमित स्रोतको उच्चतम परिचालनमार्फत् आशातित उपलब्धी हासिल गर्न आफ्नो अधिकार क्षेत्रभित्र रहेर योजना तर्जुमा गर्ने कार्यलाई आर्थिक अधिकारको रुपमा संविधानले सुनिश्चितता गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक तथा रणनीतिक विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन योजना बनाई लागु गर्नुपर्ने व्यवस्था गरेको छ । स्थानीय तहको योजना तर्जुमा सम्बन्धी कार्यान्वयनमा एकरुपता तथा सहजताका लागि नेपाल सरकार राष्ट्रिय योजना आयोगबाट जारी भएको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन बमोजिम संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात् स्थापित यस बेनीघाट रोराङ गाउँपालिकाका प्रथम जननिर्वाचित पदाधिकारीको नेतृत्वमा यो आवधिक योजना तर्जुमा गरिएको छ । कोभिड-१९ को महामारीको विशिष्ट परिवेशमा तर्जुमा गरिएको यस आवधिक योजनाले स्थानीय, प्रादेशिक तथा राष्ट्रिय विकासका लक्ष्य प्राप्तिमा महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

## १.२ आवधिक योजनाको उद्देश्य

बेनीघाट रोराङ गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख रही एकीकृत, योजनाबद्ध र नतिजामूलक विकास प्रक्रियालाई मार्गदर्शन गर्नु आवधिक योजना तर्जुमाको मुख्य उद्देश्य रहेको छ । यस योजनाको विशिष्ट उद्देश्यहरू देहाय अनुसार रहेका छन्:

- एकीकृत, योजनाबद्ध र नतिजामूलक विकासका लागि स्थानीय सरकार र सरोकारवाला साझा उत्तरदायित्व सिर्जना गर्ने ।
- गाउँपालिका क्षेत्रको विकासका सम्भावना तथा स्रोत परिचालनको विद्यमान स्थिति विश्लेषण गर्ने ।
- सहभागितात्मक छलफलका आधारमा गाउँपालिकाको विकास योजनाको व्यवस्थित खाका तयार गर्ने ।
- मध्यमकालीन खर्च संरचना, विषयगत गुरु योजना तथा वार्षिक योजना तर्जुमा तथा कार्यान्वयनलाई मार्गदर्शन गर्ने ।

## १.३ आवधिक योजना तर्जुमा प्रक्रिया

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७५ को व्यवस्था तथा स्थानीय अनुकूलता र विगतका अनुभवलाई आत्मसात् गर्दै प्राविधिक सहयोग टोलीको सहयोग परिचालन गरी सहभागितामूलक विधि तथा प्रक्रिया बमोजिम

प्रथम आवधिक योजना तर्जुमा गरिएको छ । यस आवधिक योजना तर्जुमा प्रक्रियामा कोभिड-१९ को महामारीलाई मध्यनजर गर्दै आवश्यक सुरक्षात्मक मापदण्डको सचेततापूर्वक पालना एवम् विद्युतीय सूचना प्रविधिको उपयोग गरी गाउँपालिकाकाका निर्वाचित पदाधिकारी, प्रशासनिक तथा विषयगत क्षेत्रका कर्मचारी र सरोकारवाला पक्षसँग छलफल र परामर्श गरी गरिएको थियो । आवधिक योजना तर्जुका विधि तथा प्रक्रिया देहायअनुसार रहेको छ :

### *१.३.१ आवधिक योजना तयारी तथा अभिमुखीकरण*

आवधिक योजनाको ढाँचासहित तर्जुमा विधि तथा प्रक्रिया सम्बन्धमा समान बुझाइ कायम गर्न २०७७ फागुन ४ गते एक दिवसीय आवधिक योजना तयारी कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । गाउँपालिकाको आयोजनामा सम्पन्न उक्त कार्यशाला गोष्ठीमा गाउँ कार्यपालिका पदाधिकारी, विषयगत समितिका पदाधिकारी, विषयगत शाखा/उपशाखाका प्रमुख वा प्रतिनिधि, राजनीतिक दलका प्रमुख र प्रतिनिधिहरु, कार्यपालिका तथा वडा कार्यालयका कर्मचारी र स्थानीय संघ/संस्थाका प्रतिनिधि समेत गरी ५४ जनाको सहभागिता रहेको थियो । गोष्ठीको अध्यक्षता गाउँ कार्यपालिका अध्यक्ष पित्त वहादुर डल्लाकोटीले गर्नु भएको थियो । उक्त कार्यशालामा आवधिक योजनाको अवधारणा, तर्जुमा विधि तथा प्रक्रिया, आधाररेखा सूचना, योजना तर्जुमाको कार्ययोजनाबारे प्रस्तुती, छलफल र कार्ययोजना तयार गरिएको थियो । कार्यशालाको सहजीकरण सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका योजना, विकास सहायता तथा अनुगमन महाशाखाका सहसचिव तथा परामर्शदातृ संस्थाका विषय विज्ञहरूले संयुक्त रुपमा गर्नु भएको थियो ।

### *१.३.२ स्थिति विश्लेषण तथा आधार सूचना तयारी*

वस्तुस्थिति विश्लेषण तथा आधार सूचना तयारीको लागि राष्ट्रिय जनगणना, २०६८ को प्रतिवेदन, भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयले गरेको गरिब घरपरिवार पहिचानको लागि गरिएको सर्भेक्षण, २०७६ र गाउँपालिकाबाट गरिएको पारिवारिक सर्भेक्षण तथा विषयगत शाखा/उपशाखा/एकाईहरूको अभिलेख तथा तथ्याङ्क र संस्थागत विवरणको आधारमा गाउँपालिका वस्तुस्थिति विवरण तयार गरियो । यसका अतिरिक्त वस्तुस्थिति विवरण केन्द्रीय तथ्याङ्क विभाग लगायत नेपाल सरकार र प्रदेश सरकारका सम्वन्धित मन्त्रालयबाट प्राप्त गर्ने काम गरिएको थियो । विभिन्न अध्ययन प्रतिवेदनबाट प्राप्त सान्दर्भिक तथ्याङ्क लगायत सहभागितामूलक छलफल र नक्साङ्कनबाट प्राप्त सूचना समेत वस्तुस्थिति विवरणमा समावेश गरिएको थियो । वस्तुस्थिति विवरणमा उपलब्ध तथ्याङ्क तथा विवरणको विश्लेषण गरी आवधिक योजनाको लागि आधाररेखा सूचना विवरण तयार गरियो । विभिन्न दस्तावेजहरूको समीक्षाका साथै कार्यशाला र सहभागितामूलक छलफलबाट प्राप्त विषय क्षेत्रगत सूचनाको निचोडलाई समेत आवधिक योजनाको आधार सूचनाको रुपमा लिइएको थियो ।

### *१.३.३ दीर्घकालीन सोच निर्धारण तथा योजना तर्जुमा कार्यशाला गोष्ठी*

गाउँपालिकाको समग्र विकास प्रक्रियालाई मार्गदर्शन गर्न दीर्घकालीन सोच, निर्देशिक सिद्धान्त, लक्ष्य र उद्देश्य निर्धारण र विषय क्षेत्रगत योजनाको प्रस्ताव तयार गर्ने उद्देश्यले २०७८ साल साउन २० र २१ गते दीर्घकालीन सोच तथा योजना तर्जुमा बृहत कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । गाउँ कार्यपालिकाको आयोजना तथा गाउँ कार्यपालिका अध्यक्ष पित्त बहादुर डल्लाकोटीको अध्यक्षतामा उक्त कार्यशाला गोष्ठीको सञ्चालन गरिएको थियो । गोष्ठीबाट आधाररेखा सूचना तथा सहभागितामूलक छलफलका आधारमा योजनाको दीर्घकालीन

सोच, ध्येय (Mission), लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति, सम्भावना विश्लेषण, स्रोत प्रक्षेपण, रणनीति तथा कार्यनीति, नतिजा खाका, कार्यान्वयन योजना र अनुगमन तथा मूल्याङ्कन ढाँचा तयारी गरिएको थियो ।

कार्यशालामा गत आर्थिक वर्षहरूमा उपलब्ध स्रोतको आधारमा योजनाको अवधिमा गाउँपालिकाको आन्तरिक स्रोत, राजस्व बाँडफाँटबाट प्राप्त राजस्व, संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण समेत अन्य विभिन्न स्रोतबाट आगामी ५ वर्षमा उपलब्ध हुन सक्ने स्रोत समेत अनुमान तथा प्रक्षेपण गरियो । मस्तिष्क मन्थन, समूह कार्य, वृहत् समूह प्रस्तुती र छलफल आदि जस्ता सहभागितामूलक विधिहरूको प्रयोग गरी कार्यशाला सञ्चालन गरिएको थियो । उक्त कार्यशालामा कार्यपालिका तथा विषयगत समितिका पदाधिकारी, राजनैतिक दलका प्रमुख तथा प्रतिनिधि र कार्यालयका कर्मचारी, विषयगत शाखा प्रमुख तथा प्रतिनिधि र अन्य सरोकारवाला गरी ६८ जनाको सहभागिता रहेको थियो ।

### *१.३.४ योजना दस्तावेज तयारी*

वस्तुस्थिति विश्लेषण, योजना तर्जुमा कार्यशाला गोष्ठीको निष्कर्ष, विषयक्षेत्र योजना तर्जुमा समितिको छलफल र परामर्शबाट प्राप्त नतिजालाई तर्कबद्ध रुपमा प्रस्तुत गरी निर्धारित खाकामा आवधिक योजनाको मस्यौदा दस्तावेज तयार गरियो । विषय क्षेत्रगत रुपमा सम्बन्धित विषय विज्ञले तयार गरेको विषयगत क्षेत्र योजनालाई एकीकृत गरी आवधिक योजनाको रुपमा १२ ११ परिच्छेदमा विभक्त गरी प्रस्तुत गरिएको छ । यस दस्तावेजमा समाविष्ट परिच्छेदहरूमा क्रमशः परिचय, विकासको विद्यमान अवस्था र विकास समिक्षा, गाउँ विकासको दीर्घकालीन सोच तथा अवधारणा, आर्थिक विकास योजना, संस्कृति तथा पर्यटन विकास योजना, सामाजिक विकास योजना, भौतिक विकास योजना, वातावरण व्यवस्थापन योजना, विपद् जोखिम न्यूनिकरण तथा जलवायु परिवर्तन अनुकुलन योजना, संस्थागत विकास तथा सुशासन योजना र कार्यान्वयन प्रारुप रहेका छन् । दस्तावेज तयारीमा गर्दा राष्ट्रिय तथा प्रदेश आवधिक योजना, अन्य गाउँपालिका, साविक जिल्ला तथा गाविसका आवधिक योजनाको समिक्षा गरी उपयोगी प्रारुपलाई आत्मसात् गरिनुका साथै योजनाविद्, विषयविज्ञ र सरोकारवालाको समेत सुझावलाई आत्मसात् गरिएको थियो ।

### *१.३.५ योजना अन्तिम दस्तावेज तयारी*

सुझाव संकलन कार्यशालाबाट प्राप्त सुझाबको निष्कर्ष तथा विषय विज्ञका सुझाव बमोजिम दस्तावेजलाई परिमार्जन गरी अन्तिम दस्तावेजका रुपमा तयार गरियो । दस्तावेज तयारीमा प्राविधिक सहयोग टोलीका विज्ञहरूको सहयोग परिचालन गरी प्रथम आवधिक योजनाको दस्तावेजलाई अन्तिम रुप प्रदान गरिएको छ ।

# परिच्छेद दुई : गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धीको समीक्षा

## २.१ गाउँपालिकाको परिचय

### २.२.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

बेनीघाट रोराङ गाउँपालिका भौगोलिक अवस्थितिका हिसाबले गाउँपालिका क्षेत्र २७ डिग्री ४० मिनेट १५ सेकेण्ड देखि २७ डिग्री ४९ मिनेट ९ सेकेण्ड उत्तरी अक्षांश र ८४ डिग्री ३७ मिनेट १२ सेकेण्ड पूर्वदेखि ८४ डिग्री ५४ मिनेट १७ सेकेण्ड पूर्वी देशान्तरसम्म फैलिएको छ । यस गाउँपालिकाले मध्यपहाडी क्षेत्रको नदी तटिय बेसीदेखि महाभारत पर्वतको सेरोफेरोलाई समेटेको छ । गाउँपालिका समुन्द्र सतहको २९२.८ मिटरदेखि २४१५ मिटर उचाईसम्म फैलिएको छ । महाभारत पर्वतीय श्रृङ्खलाको नदी तटिय आधार क्षेत्रदेखि पहाडको माथिल्लो भागसम्म यस क्षेत्रले ओगटेको छ । नदी तटिय क्षेत्रमा समथर फाँट तथा माथिल्लो क्षेत्रमा भिरालो र चट्टानी क्षेत्र रहेको छ ।

यो गाउँपालिका बागमती प्रदेशका धादिङ जिल्लाको दक्षिण पूर्वी भागमा अवस्थित रहेको छ । गाउँपालिकाको पूर्वमा धादिङ जिल्लाको गजुरी गाउँपालिका, उत्तरमा गोरखा जिल्लाको गण्डकी गाउँपालिका र धादिङ जिल्लाको सिद्धलेख गाउँपालिका, पश्चिममा चितवन जिल्लाको इच्छाकामना गाउँपालिका तथा कालिका नगरपालिका र दक्षिणमा चितवन जिल्लाको राप्ती नगरपालिका र मकवानपुर जिल्लाको राक्सिराङ्ग गाउँपालिका पर्दछ । साविक महादेवस्थान, बेनीघाट, धुषा र जोगिमारा गाउँ विकास समिति मिलेर वि. सं. २०७३ सालमा बेनीघाट रोराङ गाउँपालिकाको गठन भएको हो । कुल १० वटा वडामा विभाजित गरिएको यस गाउँपालिकाको क्षेत्रफल २०६.५३ रहेको छ । गाउँपालिकाको केन्द्र वडा नम्बर ५ को विशालटारमा रहेको छ । गाउँपालिकाको भौगोलिक नक्सा देहाय बमोजिम रहेको छ ।

### *२.१.२ प्राकृतिक तथा सांस्कृतिक सम्पदा*

प्राकृतिक सम्पदाका रूपमा वन जंगल, नदीनाला, खानी तथा खनिज र समथर तथा उर्वर जमिनको व्यापकता रहेको छ । वार्षिक औसत वर्षा १९०० मिमि हुने यस क्षेत्रको तापक्रम गर्मी याममा अधिकतम ३२.४ डिग्रीसम्म र जाडोमा न्यूनतम ७.८ डिग्रीसम्म रहने गर्दछ । भू-उपयोगको अवस्था हेर्दा खेती गरिएको जमिन ४१.५२ प्रतिशत, झाडी तथा बुट्यान १८.०४ प्रतिशत, जंगल ३८.०१ प्रतिशत, बगर १.५३ प्रतिशत र अन्य क्षेत्र ०.९ प्रतिशत रहेको छ । जलसम्पदाका रुपमा त्रिशुली, ठूलो खोला, लौराडी खोला, मलेखु खोला, चरौंदी खोला, मरौंदी खोला



लगायत दर्जनौं सदावहार बहने नदी र खोला तथा ९ वटा पोखरी रहेका छन् भने नदी तटीय क्षेत्रमा बालुवा उपलब्ध हुने गरेको छ । यस क्षेत्रमा सामुदायिक वन तथा कवुलियत वन गरी ४६९६ हेक्टर क्षेत्र ढाकेको छ । गाउँपालिकाको होचो भूभागमा उपोष्ण तथा माथिल्लो भागमा समशितोष्ण हावापानी रहेको छ ।

यस क्षेत्रमा पहाडी ब्राह्मण, क्षेत्री, पहाडी आदिवासी जनजाति तथा पहाडी दलित समुदायको मिश्रित बसोबास रहेको छ । धार्मिक रुपमा हिन्दु तथा बौद्ध धर्मावलम्बीको बाहुल्यता रहेको यस क्षेत्रमा क्रिश्चियन तथा मुस्लिम धर्मालवम्बीहरूको पनि बसोवास रहेको छ । भाषागत रुपमा नेपाली, तामाङ, नेवारी, गुरुङ तथा चेपाङ भाषा प्रचलनमा रहेको छ । प्रमुख चाडपर्वहरूमा दशैं, तिहार, तमु ल्होसार, यमरी पुर्णिमा, बुद्ध पूर्णिमा, माघे संक्रान्ति, शिवरात्री, श्रीकृष्ण जन्माष्टमी, तिज र होली मुख्य रूपमा रहेका छन् । तथापि, मौलिक भेषभूषा, खानपान र चालचलनमा आधुनिकताको प्रभाव बढ्दै गएको देखिन्छ ।

### *२.१.३ जनसांख्यिक अवस्था*

राष्ट्रिय जनगणना २०६८ को जनसंख्या र २०७७ को सर्भेक्षण अनुसारको जनसंख्याबीच तुलना गर्दा २०७७ को सर्भेक्षणमा ६७६ जनसंख्या र २६२ घरधुरी संख्या बढेको देखिन्छ । राष्ट्रिय जनगणना २०६८ अनुसार कुल घरधुरी संख्या ६१६९, जनसंख्या ३१४७५ रहेकोमा घरधुरी सर्भेक्षण २०७८ अनुसार कुल घरधुरी संख्या ६४३१, जनसंख्या ३२१५१, औसत घरधुरीको आकार ५.०० र लैंगिक अनुपात ९६.० रहेको देखाएको छ । यस सम्बन्धी वडागत विवरण तालिका नम्बर १ मा प्रस्तुत गरिएको छ ।

वडागत रूपमा हेर्दा सबैभन्दा उच्च जनसंख्या वडा नं. २ मा ५३२६ र सबैभन्दा न्यून जनसंख्या वडा नम्बर ८ मा २३३१ रहेको छ । उपर्युक्त दुई समयावधीको जनसंख्याका आधारमा यस क्षेत्रको जनसंख्या वृद्धिदर ०.२१ प्रतिशत रहेको देखिन्छ । आगामी ५ वर्षको जनसंख्याको प्रक्षेपणलाई देहायअनुसार तालिका नम्बर १ मा प्रस्तुत गरिएको छ :

*तालिका १ : जनसंख्याको वृद्धिदर*

| वडा नम्बर | जनसंख्या | | समायोजित वृद्धि दर | आगामी ५ वर्षको प्रक्षेपित जनसंख्या | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | रीष्ट्रिय जनगणना २०६८ | गाउँपालिका सर्भेक्षण २०७८ | | २०७९ | २०८० | २०८१ | २०८२ | २०८३ |
| १ | २२३२ | २२१० | ०.१० | २२१२ | २२१४ | २२१७ | २२१९ | २२२१ |
| २ | ४५९२ | ५०७८ | ०.९६ | ५१२७ | ५१७६ | ५२२५ | ५२७५ | ५३२६ |
| ३ | ३८९५ | ३६०७ | ०.८० | ३६३६ | ३६६५ | ३६९४ | ३७२४ | ३७५३ |
| ४ | २४५२ | २६१६ | ०.६३ | २६३२ | २६४९ | २६६६ | २६८२ | २६९९ |
| ५ | ३३७० | ३३६९ | ०.०० | ३३६९ | ३३६९ | ३३६९ | ३३६९ | ३३६९ |
| ६ | २२९९ | २५७१ | १.०६ | २५९८ | २६२६ | २६५३ | २६८२ | २७१० |
| ७ | २४७९ | २८५३ | १.३१ | २८९० | २९२८ | २९६७ | ३००६ | ३०४५ |
| ८ | २४१२ | २२४८ | ०.७३ | २२६४ | २२८१ | २२९८ | २३१४ | २३३१ |
| ९ | ३२२३ | ३१६७ | ०.१८ | ३१७३ | ३१७८ | ३१८४ | ३१८९ | ३१९५ |
| १० | ४५२१ | ४४३२ | ०.२० | ४४४१ | ४४५० | ४४५९ | ४४६८ | ४४७७ |
| **जम्मा** | **३१४७५** | **३२१५१** | **०.२१** | **३२३४२** | **३२५३६** | **३२७३०** | **३२९२७** | **३३१२५** |

*स्रोत: केन्द्रीय तथ्याङ्क विभागको प्रतिवेदन तथा गाउँ वस्तुस्थिति विवरण, २०७८*

## २.२ आर्थिक विकास अवस्था

### *२.२.१ कृषि तथा खाद्य सुरक्षा*

तरकारी उत्पादनको पकेटको रुपमा परिचित यस गाउँपालिकामा व्यावसायिकदेखि परम्परागत निर्वाहमुखी खेती प्रणाली कायम रहेको छ । गाउँपालिकामा खाद्यान्न उत्पादन, तरकारी तथा पशुपालन प्रमुख कृषि व्यवसाय तथा अभ्यासका रुपमा रहेको छ । कृषि तथा पशुपालनलाई प्रमुख पेशाका रुपमा अवलम्बन गर्ने जनसंख्या २५.४८ प्रतिशत रहेको छ । मुख्य तरकारी बालीहरूमा बन्दा, काउली, बोडी र खाद्यान्न अन्तरगत धान, गहुँ, मकै, कोदो मुख्य रुपमा रहेको छ भने पशुपालन अन्तर्गत बाख्रा, भैंसी तथा गाई र कुखुरापालनको बाहुल्यता रहेको छ ।

कृषि क्षेत्रमा विगत ५ वर्षभित्र आधुनिकीकरण तथा व्यवसायीकरणका लागि आधारहरू तयार गरिएका छन् । यस अवधिमा बागमती प्रदेश सरकारसँगको सहयोग र समन्वयमा वडा नम्बर ५ मा १५ सय मेट्रिक टन क्षमताको शीत भण्डार निर्माण सम्पन्न भएको छ । साथै वडा नम्बर ७ मा १०७ रोपनी क्षेत्रमा बृहत् कृषक तालिम केन्द्र स्थापना भएको छ ।

कुल १६८,५२० रोपनी खेतीयोग्य जमिनमध्ये १५ प्रतिशत जमिन बाँझो अवस्थामा रहेको छ । खेतका रूपमा उपयोग गरिएको जमिन ३७ प्रतिशत र बारीका रुपमा उपयोग भएको जमिन ६३ प्रतिशत रहेको छ । कृषिजन्य उत्पादनमध्ये आ.व. २०७६ को उत्पादनको अवस्थालाई हेर्दा २५,८६२ रोपनी क्षेत्रमा अन्नवालीको उत्पादन २७०५३ क्विन्टल रहेको देखिन्छ । कुल ६२ वटा कुलोहरू सञ्चालनमा रहेको यस क्षेत्रमा १७ वटा कुलोहरू वर्षैभरी सञ्चालन हुने र ४५ वटा कुलो मौसमी रुपमा सञ्चालन हुने गरेको छ ।

कृषि तथा पशुसेवासँग सम्बन्धित विशेष दक्षता रहेको जनशक्ति १०४ जना रहेका छन् । सोमध्ये व्यावसायिक वा अगुवा कृषक संख्या ७९ जना, सक्रिय ग्रामीण कृषि कार्यकर्ता ७ जना, सक्रिय ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता संख्या १६ जना र व्यावसायिक नर्सरी सञ्चालक संख्या ४ जना रहेका छन् । यस क्षेत्रमा कुल २०० वटा व्यावसायिक कृषि तथा पशुपालन फर्महरू रहेका छन् भने कृषक समूह संख्या ५४ वटा र कृषि सहकारी १६ वटा र एग्रोभेट तथा बीउ विजन केन्द्र संख्या ५ रहेको छ । पशुपालनको अवस्था हेर्दा गाई तथा गोरु संख्या ६१५२, भैंसी तथा राँगाको संख्या ४३३८ र भेडा बाख्रा तथा खसी बोका संख्या ३०,०७१ रहेको देखिन्छ ।

कृषिमा आत्मनिर्भरताको अवस्था हेर्दा आफ्नो उत्पादनले वर्षभरी खान पुग्ने घरपरिवार १८ प्रतिशत रहेको देखिन्छ । यातायातको सहजता, उर्वर भूमि, सिंचाई सुविधाको विस्तार तथा बजारको सहज पहुँचका कारण तरकारी खेती, फलफूल खेती, दूधजन्य उत्पादन, कुखुरापालन, बाख्रापालनको क्षेत्रमा आधुनिक तथा व्यावसायिक उत्पादन प्रवर्द्धित हुँदै गएको छ । गैरकृषि क्षेत्रको आकर्षण तथा कृषि क्षेत्रमा बजार मूल्यको अस्थिरताले व्यवसायिक कृषिमा आकर्षण बढ्न सकेको छैन ।

### *२.२.२ पर्यटन तथा संस्कृति*

यस गाउँपालिकामा धार्मिक, ऐतिहासिक र पर्यटकीय महत्व बोकेका ७ भन्दा बढी सम्पदा तथा स्थलहरु रहेका छन् । उक्तस्थलहरूमध्ये वडा नम्बर १ को ब्रुम्दी, वडा नम्बर ३ को बागेश्वरी तीनकन्या, वडा नम्बर ४ को रिचोकडाँडा र वडा नम्बर १० को कोट आदि प्रमुख रहेका छन् । यस गाउँपालिका क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटकहरूका लागि आवासीय सुविधा सहितका ९ वटा होटेल तथा रिसोर्ट सञ्चालनमा रहेका छन् र करिब ५० वटा जति सामान्य होटेल रेष्टुरेण्ट तथा खाजाघर सञ्चालनमा रहेका छन् । यस गाउँपालिकामा विभिन्न उद्देश्यले वार्षिक करिब १ लाख पर्यटकहरू भ्रमण गर्ने गरेका छन् । त्रिशुली नदीमा ऱ्याफ्टिङ्ग सुविधा, कृषि पकेट क्षेत्रमा कृषि पर्यटन र वडा नम्बर १, ६ र ८ मा ग्रामीण पर्यटनको विकास गर्न सकिने सम्भावना देखिन्छ । गाउँपालिका

क्षेत्रमा रहेका मनोरम प्राकृतिक दृश्य, मठमन्दिर तथा गुफा तथा चेपाङ्ग तथा तामाङ्ग जस्ता आदिबासी जनजातिको संस्कृति पर्यटकीय आकर्षणको रुपमा रहेका छन् । विगत ५ वर्षभित्र पर्यटनको क्षेत्रमा भएका उपलब्धी हेर्दा पर्यटकीय पूर्वाधार र सुविधाका क्षेत्रमा उल्लेखनिय सुधार भएको देखिन्छ । वडा नं. १० मा चेपाङ्ग संग्राहलय निर्माण भइसकेको छ भने वडा नम्बर ८ मा अवस्थित आकर्षक नोहक गुफासम्म सडक निर्माणको थालनी भएको छ ।

### *२.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति*

केन्द्रीय तथ्याङ्क विभागबाट प्रकाशित आर्थिक सर्भेक्षण २०१८ अनुसार यस गाउँपालिकामा १,२५५ वटा व्यवसाय सञ्चालनमा रहेका छन् जसमा ३५५६ जना संलग्न रहेका छन् । गाउँपालिकामा सञ्चालित व्यवसायहरूमध्ये सबैभन्दा उच्च संख्यामा किराना पसल १२३ वटा रहेका छन् भने होटल १३, खाजाघर १५ मासु पसल ६ र अन्य १३४ वटा रहेका छन् ।

गाउँपालिका क्षेत्रमा खनिजमा आधारित ढुङ्गा, रोडा, गिट्टी, बालुवा आदि उत्पादन गर्ने २ वटा क्रसर उद्योग, ५९ वटा होटेल तथा रिसोर्ट, वडा नम्बर १० अन्नपुर्ण क्वारिज नामको चुनढुङ्गा उद्योग सञ्चालनमा रहेका र वासिंङ्ग सिमेण्ट उद्योग निर्माणाधिन रहेको छ । गाउँपालिका स्थापना पश्चात् वडा नम्बर ५ मा कृषि शितभण्डार निर्माण सम्पन्न भएको छ ।

यस गाउँपालिकामा १७ वटा परम्परागत पानी घट्ट, १३ वटा पानी मिल वा सुधारिएको पानी घट्ट, ६ वटा डिजेल मिल, ३७ विद्युत् मिल वटा र ७ वटा कृषि संकलन तथा प्रसोधन केन्द्र रहेका छन् । व्यवसायिक सीपमूलक तालिम लिनेहरूको कुल संख्या ८५९ जना रहेको छ, जसमध्ये निर्माण सम्बन्धी, सिलाइ, बुनाई, बुटिक, श्रृङ्गारसम्बन्धी तालिम लिने जनसंख्या सबैभन्दा उच्च क्रमशः १७६ र १४० रहेको छ । युवा वर्गमा कृषि तथा परम्परागत पेशाभन्दा व्यापार तथा व्यवसायतर्फको आकर्षण बढ्दै गएको छ । संघीय राजधानीसँगको निकटता, राजधानी प्रवेशमार्गसँगको आवद्धता, विद्युत् लगायतका आधारभूत पूर्वाधारको विकास उद्योग तथा व्यवसाय क्षेत्रको प्रमुख अवसरको रुपमा रहेको छ ।

### *२.२.४ आम्दानी, रोजगारी र वित्तीय सेवा*

आम्दानीको प्रमुख स्रोतका रुपमा वैदेशिक रोजगारी, नोकरी तथा ज्याला मजदुरी रहेको यस क्षेत्रमा कुल आम्दानीको ३४.८४ प्रतिशत वैदेशिक रोजगारीबाट, २५.४८ कृषि व्यवसायबाट, ११.८ प्रतिशत उद्योग तथा निजी व्यवसायबाट, २३.६ प्रतिशत नोकरीबाट तथा ४.२ प्रतिशत अन्य पेशाबाट प्राप्त हुने गरेको छ । वार्षिक पारिवारिक आम्दानी रु. ५० हजारभन्दा कम आम्दानी हुने घरपरिवार संख्या ४ प्रतिशत रहेका छन् भने रु. ५० हजार देखि १ लाख ५० हजारसम्म, १ लाख ५० हजारदेखि रु. २ लाख ५० हजारसम्म रु. २ लाख ५० हजारदेखि रु. ५ लाखसम्म वार्षिक आम्दानी हुने घरधुरी संख्या क्रमश : २३, २५, २७ प्रतिशत र ५ लाखभन्दा बढी वार्षिक आम्दानी हुने घरपरिवार २१ प्रतिशत रहेको छ । प्रमुख पेशा तथा रोजगारी अवस्था विश्लेषण गर्दा कृषि तथा पशुपालनलाई प्रमुख रोजगारीका रुपमा अवलम्वन गर्ने जनसंख्या ३८ प्रतिशत, नोकरीलाई प्रमुख पेशाका रुपमा अवलम्बन गर्ने जनसंख्या ८ प्रतिशत र उद्योग तथा व्यवसायलाई प्रमुख पेशाको रुपमा अपनाउने जनसंख्या ५ प्रतिशत रहेको छ ।

गाउँपालिकामा क्षेत्रमा ६ वटा वाणिज्य बैंक, २ वटा विकास बैंक, १ वटा लघु वित्तको शाखा र २७ वटा बचत तथा ऋण सहकारी संस्थाहरूमार्फत् वित्तीय सेवा उपलब्ध भइरहेको छ । समग्रमा हेर्दा गाउँपालिका क्षेत्रको आय

तथा रोजगारी परम्परागत कृषि तथा पशुपालनबाट क्रमशः उद्योग व्यावसाय र सेवातर्फ अग्रसर हुँदै गएको अवस्था रहेको छ ।

## २.३ सामाजिक विकासको अवस्था

### *२.३.२ शैक्षिक विकास*

साक्षरता दर ८४ प्रतिशत रहेको स्नातक तहसम्म अध्ययन र अध्यापन हुने शैक्षिक संस्थाहरू उपलब्ध रहेको यस गाउँपालिकाको साक्षरता र शैक्षिकस्तर औसत भन्दा राम्रो रहेको छ । गाउँपालिका क्षेत्रभित्र स्नातक तहको अध्ययन हुने २ क्याम्पस, १० वटा माध्यमिक, ५६ आधारभूत विद्यालय समेत गरी ६६ वटा सामुदायिक विद्यालय र ५ वटा संस्थागत विद्यालय गरी कुल ७१ वटा शैक्षिक संस्थाहरु सञ्चालनमा रहेका छन् । यसैगरी एकवटा विद्यालयमा प्राविधिक धारको कक्षा सञ्चालनमा रहेको छ भने १ आवासीय विद्यालय, १ नमूना विद्यालय र ४ वटा सामुदायिक सिकाई केन्द्र सञ्चालनमा रहेका छन् ।

शैक्षिक क्षेत्रमा गाउँपालिकाको गठन पश्चात् पूर्वाधार, जनशक्ति संस्थागत संरचना र गुणस्तरमा उल्लेखनीय उपलब्धी हासिल भएका छन् । कुल १५ वटा विद्यालयमा इन्टरनेट सुविधा, ९ वटा विद्यालयमा विद्युत्ीय हाजिरी प्रणाली, ६ वटा विद्यालयमा स्कुल बस र ६६ वटै विद्यालयमा दिवा खाजाको सुविधा उपलब्ध रहेको छ । स्थानीय पाठ्यक्रम तयारी, ६६ वटै सामुदायिक विद्यालयको विद्यालय सुधार योजना अद्यावधिकरण, स्यानीटरी प्याड उपलब्धता तथा ३ विद्यालयमा विद्यालय नर्स कार्यक्रम सञ्चालनमा रहेको छ । जना शिक्षकहरूका लागि सूचना प्रविधिमा आधारत शिक्षण विधिमा जानकार गराउने उद्देश्यले सेमिनार सञ्चालन गरियो । कुल ३२ वटा बालविकास केन्द्र नभएका विद्यालयहरूलाई बालविकास केन्द्र स्थापना तथा सञ्चालन गरियो । अवकास प्राप्त तथा २५ वर्षभन्दा माथि काम गरेका शिक्षकहरूलाई सम्मान गर्ने कामको पनि सुरुवात गरियो । शिक्षा शाखाले मुस्कान सहितको सेवाको अवधारणालाई कार्यान्वयन गरेको छ । बहुकक्षा तथा बहुस्तर पद्धतिबाट शिक्षण सिकाई र हरेक विद्यालयको गेटमा नारा उल्लेख गर्ने परिपाटीको विकास भएको छ ।

कोभिड-१९ को महामारीका अवसरमा कक्षा ८ सम्मका विद्यार्थीहरूलाई लक्षित गरी आमा समूहमार्फत् शिक्षण कार्यक्रम, रेडियो शिक्षा कार्यक्रम, शिक्षकहरूको हाजिरी जवाफ प्रतियोगिता, अनलाईन वक्तित्व कला प्रतियोगिता, शिक्षक डायरी उपलव्ध गराउने, हेलो सिकाईको अवधारणा अवलम्बन गरियो ।

### *२.३.२ स्वास्थ्य तथा पोषण*

यस गाउँपालिका क्षेत्रमा स्वास्थ्य तथा पोषणको सेवा, व्यवहारजन्य परिवर्तन र स्वास्थ्य पूर्वाधारको विकासमा सकारात्मक परिवर्तन देखिएका छन् । यस गाउँपालिका क्षेत्रभित्र स्वास्थ्य संस्थाका रुपमा एउटा राजमार्ग सामुदायिक अस्पताल, ४ वटा स्वास्थ्य चौकी, ४ वटा सामुदायिक स्वास्थ्य एकाइ र ३ आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालनमा रहेको छन् । बेनीघाट स्वास्थ्य चौकीलाई आधारभूत अस्पतालका रुपमा तथा आँखा उपचार केन्द्रको रुपमा विकास गर्ने कार्य अगाडि बढेको छ । कुल १० स्थानमा वर्थिङ सेन्टर, ३४ खोप केन्द्र तथा २७ वटा गाउँघर क्लिनिक सञ्चालनमा रहेका छन् ।

विगत ५ वर्षभित्र स्वास्थ्य तथा पोषणको क्षेत्रमा भएका उपलब्धीलाई सिंहावलोकन गर्दा पूर्वाधार निर्माण, स्वास्थ्य सेवा विस्तार तथा जनस्वास्थ्य तथा पोषणका सूचकहरुमा सकारात्मक परिवर्तनहरू देखिएका छन् । यस अवधिमा सबै वडामा स्वास्थ्य संरचना स्थापना हुनुका साथै वडा नम्बर १, ३ र ७ मा मापदण्ड बमोजिमका स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण भएका छन् । खोप केन्द्रको संख्या १७ बाट ३४, ४ वटा खोप केन्द्र भवन निर्माण, गाउँघर क्लिनिक संख्या १३ बाट २२ भएका छन् । ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम सबै बडामा लागु भएको छ । वडा

नम्बर ५ र ८ को स्वास्थ्य चौकी भवन तथा वडा नम्बर १० मा स्वास्थ्य संस्था भवनका लागि नपुग जग्गा व्यवस्थापन भएको छ । मातृशिशु स्वास्थ्य सुरक्षातर्फ संस्थागत सुत्केरी महिलाका लागि १० वटै वर्थिंग सेण्टरमा सुत्केरी प्रतिक्षालयको व्यवस्था, वडा नम्बर २ मा सुत्केरी महिलाका लागि निशुल्क एम्बुलेन्स सेवा र संस्थागत सुत्केरी हुने महिलाको लागि न्यानो झोलाका साथै थप कपडा व्यवस्थापन गरिएको छ ।

गत विगत वर्षहरूमा स्वास्थ्य चौकीका भवनहरू स्तरोन्नति भएका छन् । गाउँपालिकाभित्र ५ वर्षमुनिका बालबालिकाको वृद्धि निरन्तर अनुगमनको अभ्यास थालनी भएको छ । वडा नम्बर २, ७ र ९ का स्वास्थ्य चौकीमा प्रयोगशाला सेवा विस्तार भएका छन् । सडक विस्तारसँगै एम्वुलेन्स सेवाको विस्तार भएको छ । विद्यालय नर्स कार्यक्रमको थालनीसँग ३ विद्यालयमा लागु भएको छ । यस अवधिमा विसिजि खोप कभरेज ८० प्रतिशतबाट ९४ प्रतिशत, पेण्टा-३ खोप कभरेज ८३ प्रतिशतबाट १०७ प्रतिशत, पिसिभि-३ खोप कभरेज ८६.४ प्रतिशतबाट ९७ प्रतिशत, निमोनियाको खोप ६२ बाट १०७ प्रतिशत, टिडि खोप कभरेज ४४.४ प्रतिशतबाट ५९ प्रतिशत, दादुरा पहिलो खोप लगाउने ६५.६ प्रतिशतबाट ९९ प्रतिशत पुगेको छ ।

यसैगरी एक वर्ष भित्रको नयाँ तौल लिने बालबालिका ९८.१ प्रतिशतबाट ११२ प्रतिशत, कुपोषित बालबालिका ३.१ प्रतिशतबाट २.३ प्रतिशत र भिटामिन ए वितरण ७५ प्रतिशतबाट ७६ प्रतिशत पुगेको देखिन्छ । यस अवधिमा समुदायमा आधारित वृद्धि अनुमन केन्द्र ८५ स्थानमा सञ्चालनमा आएका छन् । यसका साथै, झाडापखला नयाँ केस ७०६ बाट २२५ प्रति हजार र पाँच वर्ष मुनिका बालबालिकाको जलवियोजन ३५.३ बाट ० प्रतिशत पुगेको देखिन्छ । प्रोटोकल अनुसार ४ पटक गर्भपरीक्षण गर्ने महिला ४५.८ प्रतिशतबाट ६१ प्रतिशत, संस्थागत सुत्केरी ४१ प्रतिशतबाट ६६ प्रतिशत र प्रोटोकल अनुसार सुत्केरी घरभेट ४ प्रतिशतबाट ४४ प्रतिशत पुगेको छ । परिवार नियोजनका साधन प्रयोग गर्ने नयाँ प्रयोगकर्ता १३ प्रतिशतबाट ४३ प्रतिशत र क्षयरोगबाट निको हुने दर ८८ प्रतिशतबाट १०० प्रतिशत पुगेको छ । शान्ति नेपाल, एक्सन नेपाल, सुआहारा र हिमालयन हेल्थ केयर लगायतका गैससहरुले स्वास्थ्य क्षेत्रमा सहयोग उपलब्ध गराई रहेका छन ।

कोभिड-१९ को नियन्त्रण तथा रोकथामका लागि सचेतनात्मक तथा उपचारात्मक कदम सञ्चालन भएका छन् । यस अन्तरगत २०७८ भाद्रसम्ममा पिसिआर विधिबाट ४४३ जना र एन्टिजिन विधिबाट १२३ जनाको परीक्षण गरिएको छ, जसबाट पहिचान भएका ५६६ संक्रमित तथा सम्पर्कमा आएका व्यक्तिको परीक्षण र निगरानी बढाइएको छ । समग्रमा गाउँपालिकाको स्वास्थ्य क्षेत्रका सूचकहरूमा सुधार हुँदै गएको छ ।

### *२.३.३ खानेपानी तथा सरसफाई*

गाउँपालिकामा आधारभूत खानेपानीमा पहुँच उपलब्ध रहेको घरधुरी संख्या ८७ प्रतिशत रहेको छ भने ९२.४ प्रतिशत घरधुरीमा शौचालय निर्माण भएको देखिन्छ । गाउँपालिकाभित्र साना ठूला गरी कुल ६७ वटा खानेपानी आयोजना सञ्चालनमा रहेका छन् । खानेपानी आयोजनाको व्यवस्थापन उपभोक्ता समितिबाट भईरहेको छ ।

खानेपानी तथा सरसफाइको क्षेत्रमा पछिल्लो ५ वर्षको उपलब्धीलाई हेर्दा एक घर एक धारा कार्यक्रम अन्तर्गत ४०८ धारा निर्माण भएका छन् । खुल्ला दिशामुक्त क्षेत्र घोषणा भइसकेको यस गाउँपालिकाका ७ स्थानमा सार्वजनिक शौचालय निर्माण भई सञ्चालनमा रहेका छन् । घरपरिवारमा एक घर एक धारा उपलब्ध रहेको छ । पछिल्ला दिनहरूमा सरसफाईजन्य आनिबानीमा सचेतना वृद्धि हुनुका साथै तुलनात्मक रुपमा सुधार हुँदै गएको छ । खानेपानी तथा सरसफाईको क्षेत्रमा महत्वपूर्ण उपलब्धी हासिल भएता पनि स्वच्छ खानेपानीमा सबैको सहज पहुँच तथा सरसफाईको क्षेत्रमा व्यवहारजन्य कमजोरीहरू सुधार हुनु आवश्यक देखिएको छ ।

### २.३.४ लैंगिक समानता तथा सामाजिक समावेशीकरण

गाउँपालिकाले ***"जातिय र लैङ्गिक भेदभावमुक्त समतामूलक, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने"*** दीर्घकालीन सोच सहित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७७ तयार गरेको छ । यसैगरी गाउँपालिका नीति, योजना तथा बजेट तथा कार्यक्रमको लैंगिक तथा सामाजिक समावेशीकरण परीक्षण सुरुरुवात गरिएको छ । गाउँपालिकामा अपाङ्ग सञ्जाल तथा बाल सञ्जाल गठन भई क्रियाशील रहेका छन् । गाउँपालिकामा कुल ३५ वटा आमा समूह र ४ महिला सहकारी संस्था क्रियाशील रहेका छन् । जिल्ला तथा गाउँपालिकामा क्रियाशील गैससमार्फत् १०७ वटा महिला समूह गठन भई क्रियाशील रहेका छन् । गाउँपालिकाबाट महिला हिंसा, वेचविखन, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति लगायत लक्षित वर्गको ससक्तिकरण संरक्षण र उत्थानका लागि विभिन्न कार्यक्रम सञ्चालनमा रहेका छन् । कुल ६६ वटा सामुदायिक विद्यालयहरुमा बाल क्लव गठन भई बालअधिकार सम्बन्धी अभियानमा सलग्न भइरहेका छन् । जेष्ठ नागरिक सम्मान कार्यक्रम नियमित रुपमा सञ्चालन भैरहेको छ भने सामाजिक सुरक्षा कार्यक्रमबाट जेष्ठ नागरिकको जीवन सहज हुँदै गएको छ । लक्षित वर्गको क्षेत्रमा एक्सन नेपाल, प्रयास, सहयात्री, सुआहरा, शान्ति नेपाल जस्ता गैससहरुले गाउँपालिकासँग सहकार्य गरिरहेका छन् । गाउँपालिकामा एक बालगृह सञ्चालनमा रहेको छ । स्थानीय नीति, कनून, निर्णय र योजनामा लक्षित वर्गको सहभागिता सुनिश्चित गरिएको छ भने लैगिंक हिंसा, बालविवाह तथा बहुविवाहमा कमी हुँदै गएको छ । लक्षित वर्गका लागि सचेतना, सहभागिता, रोजगारी, सीप विकास कार्यक्रमहरु सञ्चालन रहेका छन् ।

गाउँपालिकाको अगुवाई तथा पूर्णिमा परियोजनाको प्राविधिक सहयोगमा २०७६ साल चैत्र महिनामा गरिएको लैङ्गिक लेखाजोखाको विश्लेषणको निचोड तपसिल वमोजिम रहेको छ :

*तालिका २ : लैङ्गिक लेखाजोखा विश्लेषणको नतिजा विवरण*

| मुख्य सूचक | कुल अङ्क भार र प्राप्ताङ्क | | सुझावहरु |
|---|---|---|---|
| | पूर्णाङ्क | प्राप्ताङ्क | |
| कानुन तथा नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | ७ | ३.० | पदाधिकारी र कर्मचारी बीचमा लैससास सम्बन्धी नीति बारेमा छलफल गरी नीति कार्यान्वयनको लागि कार्यक्रम तर्जुमा गर्ने । |
| लैससास विश्लेषणमा आधारित योजना तर्जुमा | ७ | २.० | लैससास विश्लेषण प्रतिवेदनले औंल्याएका सबालहरुलाई आवधिक तथा वार्षिक कार्यक्रमबाट सम्बोधन गर्ने । |
| योजना कार्यान्वयन, अनुगमन/नियमन र मूल्याङ्कन | ७ | ३.५ | योजना तर्जुमा गर्दा लैससास विश्लेषणलाई योजना तर्जुमाको आधारको उपयोग गर्ने । |
| आन्तरिक संरचना | ७ | ३.५ | वडास्तरीय मेलमिलाप केन्द्र तथा न्यायिक समितिको संस्थागत विकास, वैदेशिक रोजगारमा गएका महिला तथा युवतीको तथ्याङ्कको अभिलेख तयार गर्ने र वैदेशिक रोजगारमा जान चाहाने महिलाहरुका लागि महिला हिंसाको घटनावाट वचाउन उनीहरुलाई तालिम, सचेतना निर्माणका लागि क्षमता विकास, महिला सीप तथा उद्यमशीलता विकास कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने । |
| क्षमता विकास | ७ | १.५ | महिलाहरुको सहभागितालाई अर्थपूर्ण वनाउन उनीहरुका लागि छुट्टै क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने । |

| मुख्य सूचक | कुल अङ्क भार र प्राप्ताङ्क | | सुझावहरु |
|---|---|---|---|
| | पूर्णाङ्क | प्राप्ताङ्क | |
| नेपाल सरकारको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति र प्रतिवद्धता | ७ | २.५ | अन्तराष्ट्रिय सन्धी सम्झौताको वारेमा कर्मचारी तथा पदाधिकारीहरुलाई अभिमुखीकरण गरी यसलाई स्थानीयकरण गर्ने । |
| सुशासन | ७ | २.५ | कार्यपालिका तथा वडा कार्यालयमा नागरिक वडा पत्र राख्ने, सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परीक्षण गर्दा महिलाका सवालहरुको उठान गर्ने र गाउँपालिका अन्तर्गत रहेका विभिन्न संरचनाहरुमा ३३ प्रतिशत महिला सहभागिता अनिवार्य गर्ने । |

### *२.३.५ युवा, खेलकुद तथा कला*

गाउँपालिका तथा वडास्तरमा नियमित रुपमा खेलकुद प्रतियोगिता आयोजना हुने गरेको छ । गाउँपालिकाबाट युवा क्लवलाई खेलकुद सामाग्री वितरण गर्ने गरिएको छ । गाउँपालिका क्षेत्रभित्र कुल ९ स्थानमा खेल मैदान रहेको छ भने बेनीघाटमा क्रिकेट मैदान निर्माणधीन रहेको छ । गाउँपालिकाका १० वटै वडामा युवा खेलकुद समिति र १० वटा युवा क्लव क्रियाशील रहेका छन् । युवाका लागि लक्षित गरी प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगारमूलक आयोजना गाउँपालिकामा सञ्चालनमा रहेका छन् । स्थानीय स्तरमा व्यवसायिक कृषिमा संलग्न युवा १२० जना रहेका छन । युवा लक्षित रोजगारीको व्यवस्था गरिनुको साथै राजनीतिक, सामाजिक तथा आर्थिक क्षेत्रमा युवा सहभागिता उल्लेखनीय रहेको छ । युवाको रोजगारी तथा खेलकुदको व्यवसायिकताको क्षेत्रमा धेरै प्रयत्नहरू भएको भएता पनि आशातित उपलब्धी हासिल हुन सकेका छैनन् ।

## २.४ पूर्वाधार तथा शहरी विकासको अवस्था

### *२.४.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण*

गाउँपालिका गठन पश्चात् बस्ती, आवास, भवन ता सार्वजनिक निर्माणको दिसामा महत्वपूर्ण उपलब्धी हासिल भएका छन् । गाउँ कार्यपालिका कार्यालयमा भवन नक्सापास र अभिलेखिकरणको प्रक्रिया प्रारम्भ भई हालसम्म ७ वटा नयाँ भवनको नक्सा पास भएको र १२२ वटा निजी आवासीय भवनको अभिलेख संकलन गरिएको छ । कुल १० वडाहरूमध्ये ८ वटा वडाहरु आफ्नै भवनमा सञ्चालनमा रहेका छन् । कुल ४ वटा वडा कार्यालयका भवन निर्माण भइ सकेको र वडा नम्बर ४ र ६ को वडा कार्यालय भवन निर्माण कार्य सुरु भएको छ । वडा नम्बर १, ३, ८ र १० को वडा कार्यालय भवन स्तरोन्नति भएका छन् । गाउँ कार्यपालिका प्रशासकीय भवन गाउँपालिकाको केन्द्र वडा नम्बर ५ को विशालटार निर्माणको प्रक्रियामा रहेको छ । गाउँपालिकाको वडा नम्बर २ को ताल्तीमा एकीकृत बस्ती विकासको सम्भावना पहिचान गरिएको छ । गाउँपालिकास्थित वडा नम्बर ५ को विशालटारमा १५०० क्षमताको शीतभण्डार निर्माण भएको छ भने वडा नम्बर ७ को चापटारको १०६ रोपनी क्षेत्रमा कृषक तालिम केन्द्र निर्माण भई सञ्चालनमा रहेको छ ।

छरिएको तथा परम्परागत बसोबास रहेको यस गाउँपालिका क्षेत्रमा महाभूकम्प २०७२ पछि सुरक्षित आवास निर्माणमा ध्यान दिइएको देखिन्छ । छानोका आधारमा बसोबास गरेको घरसंख्यालाई वर्गीकरण गर्दा जस्ता वा च्यादरको छाना भएको घरमा बसोबास गर्ने घरधुरी संख्या ७३ प्रतिशत रहेको छ भने टायल वा ढुङ्गाको छाना भएको घरमा बस्ने घरधुरी संख्या १.६ प्रतिशत, आरसिसि ढलान भएको छाना भएको घरमा बसोबास गर्ने घरधुरीको संख्या २२.४ प्रतिशत र खर वा फुसको छाना भएको घरमा बसोबास गर्ने घरधुरी संख्या २ प्रतिशत रहेको छ । सार्वजनिक तथा सामुदायिक भवनका रुपमा कुल ६३ वटा भवनहरू रहेका छन् । भवनहरू महिला

समूह, कृषक समूह लगायत सार्वजनिक हितका कार्यमा उपयोग हुने गरेको छ । भूकम्प पश्चात्को पुनःनिर्माणका क्रममा भूकम्प प्रतिरोधी घर तथा भवनहरु निर्माण ध्यान गएको भएता पनि एकीकृत एवम् व्यवस्थित बस्ती विकास र सार्वजनिक निर्माणको क्षेत्रमा उपलब्धी हासिल गर्न धेरै प्रयास गर्नुपर्ने देखिन्छ ।

### *२.४.२ सडक, पुल तथा यातायात*

सङ्घीय राजधानीलाई देशका अन्य क्षेत्रहरुमा जोडने पृथ्वी लोकमार्ग यसै गाउँपालिका भएर गएको यस गाउँपालिकाको सबै वडामा सडक पहुँच विस्तार भएको छ । कुल ४६२ कि.मि. सडक निर्माण भई पृथ्वी राजमार्ग समेत २४ कि.मि. पक्की, ४२ कि.मि. ग्राभेल समेत ९० कि.मि. सडकमा मौसमी रुपमा यातायात सुचारु भएको छ । गाउँपालिका भित्र कुल ७ वटा सडक पुलहरू रहेका छन् । यस क्षेत्रमा कुल १९१ किमि लम्बाईका २१ वटा पैदलमार्ग रहेका छन् । यस गाउँपालिका आवतजावत सहज बनाउन १६ वटा झोलुङ्गे पुल सञ्चालनमा रहेका छन् । यातायात सुविधाका दृष्टिले पृथ्वी राजमार्गको अवस्थितिले यातायातलाई सहज तुल्याएको छ । पृथ्वी राजमार्गले छोएको क्षेत्र वाहेक अन्य क्षेत्रमा समेत सडक यातायातको पहुँच विस्तार हुँदै गएको छ ।

विगत ५ वर्षको उपलब्धीलाइ हेर्दा वडा नम्बर ३ देखि ४, २ र १, ६, ८, १० हुँदै रिंगरोडको अवधारणा अनुसार सबै वडासम्म पुग्नका लागि सडक सञ्जाल तयार भएका छन् । वडा नम्बर २, ३, ४, ५, ७, ८ र ९ सम्म पुग्ने ग्राभेल सडक निर्माण भएको छ । यस अवधिमा कुल ६ किमी पक्की सडक, ४२ किमी ग्राभेल सडक र २९० किमि कच्ची सडक निर्माण भएको छ भने स्तरोन्नती भएको कुल सडकको लम्बाई ४२ किमि रहेको छ ।

### *२.४.३ विद्युत् तथा वैकल्पिक उर्जा*

बत्ती बाल्नका लागि प्रमुख उर्जाका रुपमा सबै घरधुरीमा विद्युत्को उपयोग हुने गरेको छ । गाउँपालिकाका ८५.४ प्रतिशत घरधुरीमा विद्युत् सुविधा उपलब्ध रहेको छ । बत्ती बाल्न वाहेक अन्य प्रयोजनमा समेत दाउरा र अन्य परम्परागत उर्जाको सट्टा विद्युत्, वायोग्यास, एलपि ग्यास, सुधारिएको चुल्होको प्रयोगमा वृद्धि हुदै गएको छ । खाना पकाउन तथा अन्य प्रयोजनका लागि प्रयोग गरिने प्रमुख इन्धनमध्ये ३५ प्रतिशत घरधुरीले एलपी ग्याँस, ६५ प्रतिशत घरधुरीले दाउरा, २३ घरधुरीले बायोग्याँस र ०.१ प्रतिशत घरधुरीले विद्युत् तथा अन्य उर्जाको उपयोग गर्ने गरेको देखिन्छ । सरकारी कार्यालयहरुमा सोलार प्रणाली उपयोग भइरहेको छ । सुधारिएको चुल्हो, सोलार र स्वच्छ उर्जाको उपयोग न्यून रहेको छ । गाउँपालिकाको पृथ्वी राजमार्ग क्षेत्रमा सोलार प्रणालीमा आधारित ५८ वटा सडक बत्ती जडान भएका छन् ।

विगत ५ वर्षको अवधीमा ५०४ घरधुरीमा विद्युत् सेवाको विस्तार तथा वडा कार्यालय, स्वास्थ्य संस्था र सरकारी कार्यालयमा विद्युत् व्याक अपको व्यवस्था भएको छ ।

### *२.४.४ सूचना, सञ्चार तथा प्रविधि*

सूचना प्रविधिको उपयोगमा उल्लेखनीय विस्तार हुँदै गएको यस क्षेत्रमा मोवाइल फोन, इन्टरनेट, पत्रपत्रिका, हुलाक, एफएम तथा टेलिभिजनको उपयोगमा वृद्धि हुँदै गएको छ । गाउँपालिकाको सबै क्षेत्रमा मोवाइल सुविधा उपलब्ध रहेको छ । कुल ६४३१ घरपरिवार मध्ये ८८ प्रतिशत जनसंख्यासँग मोवाइल सुविधा उपलब्ध रहेको छ भने ४३ घरपरिवारसँग टेलिभिजन, ६.३ प्रतिशत घरपरिवारसँग कम्प्युटर सुविधा, ११ प्रतिशतसँग इन्टरनेट सुविधा उपलब्ध रहेको छ । गाउँ कार्यपालिका, वडा कार्यालय, स्वास्थ्य चौकी र क्याम्पस तथा माध्यामिक तहका विद्यालयहरुमा इन्टरनेट सुविधा उपलब्ध रहेको छ । सूचना प्रविधिको उपयोग र विस्तारमा व्यापकता भएता पनि

सूचना प्रविधिमा आधारित सेवा प्रवाह तथा विद्युतीय सुशासनमा वृद्धि हुन सकेको छैन । विगत ५ वर्षको अवधिमा इन्टरनेट सुविधा को पहुँच ७०६ घरधुरीमा र सबै सरकारी कार्यालयमा पुगेको छ ।

## २.५ वन, वातावरण तथा विपद् व्यवस्थापनको अवस्था

### *२.५.१ वन तथा जैविक विविधता*

वन तथा वातावरण मन्त्रालयले प्रकाशन गरेको विवरण अनुसार गाउँपालिकाको कुल भूभागको ७१ प्रतिशत क्षेत्र वन तथा बुट्यानले ओगटेको छ । जसको क्षेत्रफल १४,५०३ हेक्टर रहेको छ । गाउँपालिकाको १० वटा मध्ये ४ वटा वडाहरू (वडा नम्बर १, २, ३, ४) मा घना वनजङ्गल रहेको छ । यस गाउँपालिकामा ५७ सामुदायिक वन, ७२ वटा कबुलियती वन, ४ वटा निजी वन रहेको छ । सामुदायिक तथा कबुलियती वन समूहमा आवद्ध तथा लाभान्वित घरपरिवार ६,२३३ रहेको छ । यस गाउँपालिका क्षेत्रमा रहेको वनको वार्षिक उत्पादन ४७,४५९ घनफिट रहेको छ । पुनर्स्थापित वनको क्षेत्रफल ५ हेक्टर रहेको छ । वनमा आधारित उद्यम तथा आयमूलक कार्यक्रमबाट लाभान्वित घरपरिवार करिब २०० रहेका छन् । गैह्रकाष्ठ वनपैदावरको वार्षिक उत्पादन २० क्विन्टल रहेको छ ।

### *२.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन*

यस गाउँपालिका प्रमुख नदीको रुपमा त्रिशुली रहेको छ भने वर्षैभरी पानी बग्ने मुख्य खोलाहरूमा मलेखु, चरौंदी, गोमती, हुग्दी, मोजा, खानी धुसा खोला र फेदीखोला गरी १२ वटा जति रहेका छन् । गाउँपालिकामा क्षेत्रमा भूसंरक्षण, पानी व्यवस्थापनको लागि ५ वटा पुनर्भरण पोखरी निर्माण गरिएका छन् ।



गाउँपालिका क्षेत्रमा प्रमुख संरक्षित पानी मुहान ५६ वटा जति रहेका छन् । सडक निर्माणलाई व्यवस्थित तथा भूक्षय कम गर्ने कार्यनीति अवलम्बन गरिएको छ । जलस्रोतको उपयोग तथा जलाधारको व्यवस्थापनमा परम्परागत अभ्यासहरू रहेका छन् । खोलाको किनारा व्यवस्थापन तथा नदीजन्य खनिज उत्खनन्लाई व्यवस्थित गर्न नीतिगत तथा प्राविधिक अभ्यास भएका छन् ।

### *२.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन*

पृथ्वी राजमार्गमा पर्ने बजार क्षेत्रहरू जस्तै मलेखु, बेनीघाट, विशालटार, चरौदी र मझिमटारमा गरी करिब १००० जति घरपरिवारले कुहिने र नकुहिने फोहोरको वर्गीकरण गरी व्यवस्थापनको अभ्यास गरिरहेका छन् । गाउँ/टोलमा कुहिने फोहोरबाट गोठेमलमा मिसाउने र नकुहिने फोहोरलाई जलाउने गरिएको छ । गत आ.व. २०७७/७८ मा गाउँपालिकाले २००० वटा फोहोर संकलन विन वितरण गरेको थियो । सङ्घीय वातावरण संरक्षण ऐन तथा नियमावली र गाउँपालिकाबाट स्वीकृत संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि बमोजिम ठूला भौतिक विकास तथा निर्माण आयोजनाको वातावरणीय अध्ययन गरी निर्माण तथा सञ्चालनको अभ्यास ुरु गरिएको छ । संघीय संरचना अनुसार वातावरण, स्वच्छता र हरियाली प्रवर्द्धन सम्बन्धी नीति, ऐन, नियम र निर्देशिका उपलब्ध रहेको र आवश्यकता अनुसार बन्ने क्रममा समेत रहेका छन् ।

### *२.५.३ कोभिड-१९ महामारी तथा अन्य विपद् व्यवस्थापन*

गाउँपालिकाले कोरोना भाईरस, संक्रमण, रोकथाम, तथा उपचार कोष व्यवस्थापन निर्देशिका, २०७६ तयार गरी यसलाई विपद् व्यवस्थापनमा प्रयोग गर्दै आएको छ । स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि संवैधानिक व्यवस्था अनुसार गाउँपालिकाले स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, विपद् व्यवस्थापन तथा सञ्चालन कार्यविधि बनाई लागु गरेको छ । यसैगरी गाउँपालिकामा स्थानीय विपद् व्यवस्थापन समिति गठन भइ क्रियाशील रहेको छ र वडास्तरमा समेत वडास्तरीय विपद् व्यवस्थापन समिति गठन गरिएको छ । गाउँपालिकाले राष्ट्रिय भवन संहिताको अनुकुल हुने गरी भवन संहिता तथा भवन निर्माण मापदण्ड निर्माण तथा स्वीकृत गरी कार्यान्वयनमा लगेको छ । यस पश्चात् भवन तथा भौतिक संरचनाहरु भूकम्प प्रतिरोधी बनाउने अभ्यास सुरु भएको छ । विपद् जोखिम तथा व्यवस्थापनमा सुशासन प्रवर्द्धन गर्न नागरिक वडापत्र, वेवसाइट, फेसबुक पेज आदिबाट सेवाग्राही तथा सरोकारवालालाई सूसुचित गर्ने कार्य गरिएको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा नेपाल रेकक्रस सोसाइटी, पूर्णीमा परियोजना, शान्ति नेपाल, फोकस नेपाल र एक्सन नेपाल जस्ता संघ/संस्थाहरुसँग साझेदारीको अभ्यास गरिएको छ ।

वि.सं. २०७२ को महाभूकम्प पश्चात् निर्माण भएका विद्यालय, स्वास्थ्य संस्था भवन, वडा कार्यालय, अन्य सरकारी भवन र सामुदायिक भवनहरु र निजी आवासीय तथा व्यवसायिक भवन मध्ये ८५ प्रतिशत भूकम्प प्रतिरोधी रहेका छन् । विपद् जोखिम तथा व्यवस्थापनका बारेमा गाउँपालिकाले गाउँपालिकास्तरमा कार्यरत संघ/संस्थाहरुलाई समुदायको क्षमता विकास तथा उत्थानशीलता अभिवृद्धिमा सहयोग गर्न अपिल र साझेदारी गर्दै आएको छ । गाउँपालिकाले निर्माण गर्ने नीति, कानून, मापदण्ड, योजना तथा निर्णयहरुमा विपद् जोखिम न्यूनीकरणलाई समावेश गर्ने नीति अख्तियार गरेको छ । गाउँपालिकाले तयार गर्ने पाठ्यक्रम तथा पाठ्य सामाग्रीहरुमा समेत विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनलाई समावेश गर्न छलफल र पैरवी गरिएको छ ।

यो गाउँपालिका महाभूकम्प, वर्षायाममा पहिरो र कोभिड-१९ को पहिलो र दोस्रो लहरबाट समेत अत्याधिक प्रभावित रहेको छ । महाभूकम्प २०७२ बाट यस गाउँपालिका क्षेत्रका १६९ घरगोठ पूर्ण रुपमा क्षति भएको, ७३५ वटा घरगोठहरु आंशिक रुपमा क्षति भएको, १८९ भवन तथा भौतिक पूर्वाधार र संरचनामा क्षति भएको

विवरणबाट देखिन्छ । यसै गरी महाभूकम्पबाट १ जनाको मृत्यु, २ जना घाइते भएका, व्यापार, व्यवसाय, पशुपंक्षी र खेतीपातीको नोक्सानीबाट प्रभावित घरपरिवार ११२० जना रहेका छन् । यस गाउँपालिकामा महाभूकम्प २०७२ बाट १ अरब १३ करोड, १८ लाख ८५ हजार बराबरको क्षति भएको अनुमान गरिएको छ । कोभिड १९ महामारीको रोकथाम, नियन्त्रणको लागि क्वारेन्टाईन र आइसोलेशन वार्डको व्यवस्थापन, परीक्षण र संक्रमितको व्यवस्थापन र उपचारका लागि व्यवस्था गरिएको छ । कोरोना रोकथामका लागि कोरोना विरुद्धको खोपको पहिलो चरण सुरु भई खोप कार्यक्रम सञ्चालनको क्रममा रहेको छ ।

कोभिड १९ को महामारीको पहिलो र दोश्रो लहरबाट यस गाउँपालिका ५६६ जना संक्रमित भएका, ८ जनाको मृत्यु भएको २५७ जनाले रोजगारी गुमाउनु परेको छ भने २० वटा व्यापार व्यवसाय बन्द भएका छन् तथा ५४३ वटा उद्यम व्यवसायमा प्रत्यक्ष असर पुगेको छ । कोभिड १९ महामारी, बाढीपहिरो, आगलागि, हावाहुरी र अन्य महामारीबाट हुने विपद्को जोखिम न्यूनीकरण (रोकथाम, न्यूनीकरण अल्पिकरण र पूर्वतयारी,) व्यवस्थापन (खोज, राहत, उद्धार र उपचार) विपद् प्रश्चातको पुनर्लाभ (पुनर्स्थापना, पुननिर्माण र पुनर्लाभ) का लागि सार्वजनिक लगानी वृद्धि गर्न गाउँपालिकाले स्थानीय विपद् व्यवस्थापन कोषको स्थापना गरेको छ । उक्त कोषमा गाउँपालिकाले गत आ.व.२०७६/७७ मा एक करोड रुपैया र आ.व. २०७७/७८ मा समेत सोही बराबरको रकम विनियोजन गरेको छ । यसैगरी कोषमा वागमती प्रदेश सरकारबाट रु. १० लाख, निजी क्षेत्रबाट रु. ८ लाख १५ हजार, गैर सरकारी संस्थाहरुबाट रु. ५० हजार जम्मा भएको छ ।

गत आ.व.मा उक्त कोषबाट कोभिड १९ को रोकथाम, नियन्त्रण र परीक्षणको लागि रु. ८८ लाख ६५ हजार खर्च भएको छ । कोभिड १९ महामारी तथा अन्य विपद्को व्यवस्थापन सम्बन्धी कार्यमा गत आ.व.मा गाउँपालिकालई फोकस नेपाल, एक्सन नेपाल, शान्ति नेपाल र पूर्णिमा परियोजनाबाट हाइजिन किट, थर्मल गन, ग्लोब, थर्मामिटर, स्यानिटाइजर, मास्क, सूचना सामाग्री, पिपिई र अस्पताल वेड जस्ता सामाग्रीहरुको सहयोग उपलब्ध गराइएको थियो ।

## २.६ सुशासन तथा संस्थागत व्यवस्था

### *२.६.१ स्थानीय नीति, ऐन तथा सुशासनको अवस्था*

यस गाउँपालिकाले कृषि व्यवसाय प्रवर्द्धन, सहकारी, फोहोरमैला व्यवस्थापन, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण, स्वास्थ्य तथा सरसफाई, सेवा प्रवाह तथा सुशासन, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन तथा क्षमता विकास जस्ता क्षेत्रको सेवा प्रवाहको लागि नीतिगत व्यवस्था गरेको छ । कानूनी संरचनाका रुपमा आर्थिक ऐन, कृषि व्यवसाय प्रवर्द्धन ऐन, सहकारी ऐन, स्वास्थ्य तथा सरसफाई ऐन, फोहोरमैला व्यवस्थापन ऐन लगायत १५ विषय क्षेत्रमा नीति तथा ऐन, ५ वटा विषय क्षेत्रमा नियम र २५ वटा विषय क्षेत्रको कार्यविधि, निर्देशिका तथा मापदण्ड निर्माण गरी कार्यान्वयनको अभ्यासमा रहेका छन् । सुशासन प्रवर्द्धनका लागि विधान समिति, राजस्व परामर्श समिति, विषय योजना तर्जुमा समिति तथा अनुगमन तथा सुपरीवेक्षण समिति गठन भई नीति, कानून, कार्यविधि, मापदण्ड र योजना कार्यान्वयनमा संलग्न भएका छन् । सुशासन तथा सदाचार प्रवर्धनको लागि सार्वजनिक सुनुवाई गर्ने, आम्दानी खर्चको सार्वजनिकीकरण गर्ने, सार्वजनिक परीक्षण गर्ने र नागरिक बहस जस्ता औजारहरुको उपयोग गराउने अभ्यासहरु भएका छन् ।

### *२.६.२ संगठन तथा क्षमता विकास*

नेपाल सरकारबाट सिफारिस संगठन संरचना तथा कर्मचारी दरबन्दी लागु गरी प्रशासनिक तथा विषयगत सेवा प्रवाहको व्यवस्था मिलाइएको छ । न्यायिक समिति, विधान समिति, लेखा समिति र कार्यपालिकाबाट विषयगत

समितिहरु गठन भई क्रियाशील रहेका छन् । गाउँ कार्यपालिका कार्यालयमा शाखा, उपशाखा, एकाई/सेवा केन्द्रहरू स्थापना भई सुचारु रहेका छन् । कार्यपालिका कार्यालय, वडा कार्यालय र स्वास्थ्य संस्थाहरूमा गरी ७० जना प्रशासनिक र अन्य प्राविधिक तथा स्वास्थ्य सेवातर्फ ५२ जना कर्मचारी गरी हाल १२२ जना कर्मचारी व्यवस्था गरी सेवा व्यवस्थापन गरिएको छ । गाउँ कार्यपालिकाको कार्यालय गाउँपालिकाको केन्द्र वडा नम्बर ५ को विशालटारमा निर्माणको क्रममा रहेको छ । गाउँपालिकाको १० वटा वडाहरुमध्ये ८ वटा वडाहरुको वडा कार्यालय आफ्नै भवनमा सञ्चालनमा रहेका छन् । नेपाल सरकार, प्रदेश सरकार र सहयोगी निकायहरुको सहयोग र सहजीकरणमा संघीय शासन प्रणाली, कानून निर्माण, विषयगत सेवा प्रवाह, योजना तर्जुमा सम्बन्धमा पदाधिकारी र कर्मचारीको क्षमता विकासका कार्य गरिएको छ ।

### *२.६.३ स्रोत परिचालन*

स्रोत परिचालनका लागि वार्षिक रुपमा आर्थिक ऐन तथा विनियोजन ऐन, व्यवसाय दर्ता, वर्गीकरण र नवीकरण, सम्पत्ति कर व्यवस्थापन कार्यविधि निर्माण भई कार्यान्वयन भइरहेका छन् । कर, गैरकर, अन्य राजस्वका क्षेत्रहरुको शीर्षकगत दायरा तथा कुल संभाव्यता विश्लेषण र राजस्व परिचालनमा समस्या तथा कमी कमजोरीको समाधान सहित राजस्व कार्यक्रम र राजस्वको प्रक्षेपण सहितको राजस्व सुधार योजना स्वीकृत भई कार्यान्वयनमा रहेको छ । गाउँपालिकाले नेपाल तथा प्रदेश सरकारबाट वार्षिक रु. ५ करोडभन्दा बढी समपुरक तथा विशेष अनुदान रकम प्राप्त गरी लगानी गर्न सफल भएको छ ।

गाउँपालिका, प्रदेश तथा नेपाल सरकारका सम्बन्धित निकायसँग साझेदारी गर्न गैर सरकारी संस्था तथा विकास साझेदारहरुबाट वार्षिक ५ करोडभन्दा बढी स्रोत लगानी तथा परिचालन भइरहेको छ । गाउँपालिकामा नेपाल सरकार प्राप्त हुने राजस्व बाँडफाँट र प्रदेश सरकारबाट बाँडफाँट भई आउने राजस्व र अन्तर सरकारी वित्त हस्तान्तरणको रकम प्राप्त गर्न समन्वय र पैरवी गरी सार्वजनिक स्रोत परिचालन गर्न ध्यान दिएको छ । गाउँपालिकाले गत आ.व.मा आन्तरिक आयबाट रु. ३ करोड ४३ लाख ५६ हजार, नेपाल सरकार राजस्व बाँडफाँटबाट रु. ६ करोड ७४ लाख ७८ हजार., प्रदेश सरकारबाट बाँडफाँट भई प्राप्त हुने रकम रु. २ करोड ३४ लाख ५ हजार र वित्तिय हस्तान्तरण अन्तर्गत नेपाल सरकारबाट रु. ४४ करोड ९१ लाख, ९९ हजार तथा प्रदेश सरकारबाट रु ८ करोड ५५ लाख ८३ हजार स्रोत परिचालन गरिएको छ । यस गाउँपालिकाको कुल राजस्वमा आन्तरिक स्रोतको योगदान १२ प्रतिशतको हाराहारीमा रहेको छ ।

### *२.६.४ योजना व्यवस्थापन*

गाउँपालिका स्थापना पश्चात् ऐतिहासिक पहिलो जननिर्वाचित पर्दाधिकारीका नेतृत्वमा भूकम्प पश्चात्को पुनःनिर्माण योजना, र यातायात गुरुयोजना, क्षमता विकास योजना तर्जुमा भई कार्यान्वयनमा गएका छन् । विद्युतीय प्रणालीमा आधारित स्थिति पत्र (प्रोफाइल) आवधिक योजना, आयोजना बैंक तथा मध्यमकालीन खर्च संरचना तर्जुमा तथा स्वीकृतको अवस्थामा रहेका छन् । सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई वेवसाइट र सूचना पाटीमार्फत् सार्वजनिक गर्ने अभ्यास भैरहेको छ । संघीय सरकार, प्रदेश सरकार तथा गैरसरकारी संस्थाहरूसँग समन्वय, सहकार्य र साझेदारी गरी विकास कार्यक्रम तथा आयोजनाहरू कार्यान्वयन भइरहेका छन् । स्वीकृत नीति, ऐन तथा नियमको व्यवस्था कार्यान्वयन गर्न मध्यकालीन रणनीतिक तथा विषयगत गुरुयोजना तर्जुमा र सोको आधारमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने र सो अनुसार प्रक्रिया तथा नियमपालना अनुगमनको अभ्यास भैरहेको छ ।

# परिच्छेद तीन : गाउँपालिकाको विकासको सोच तथा अवधारणा

## ३.१ विकासका प्रमुख सम्भावना तथा अवसरहरू

देशकै लाइफलाइनको रुपमा रहेको पृथ्वी राजमार्गमा पर्ने र संघीय राजधानी काठमाडौ निकट रहेको यस गाउँपालिका संघीय गणतन्त्र नेपाल अन्तर्गत बागमती प्रदेशको पश्चिम क्षेत्रमा अवस्थित रहेको छ । संघीय राजधानी काठमाडौ र देशकै प्रमुख पर्यटकीय क्षेत्र चितवन तथा पोखरासँग प्रत्यक्ष अन्तरसम्बन्धित रहेको यस गाउँपालिकामा यातायात, विद्युत्, उद्योग व्यवसाय र सञ्चारको सुविधाको विकास र विस्तार भैरहेको छ । प्रस्तावित उच्च जलाशययुक्त बुढीगण्डकी जलविद्युत् आयोजना क्षेत्रसँग यो गाउँपालिका जोडिएको छ । धार्मिक तथा ऐतिहासिक क्षेत्र इच्छाकामना, मनकामना र गोरखा दरवारसँग समेत यस गाउँपालिका करिब जोडिएको छ । त्रिशुली नदी जलयात्रा तथा नदीतटीय पर्यटनको लागि यो गाउँपालिका प्रख्यात रहेको छ । गाउँपालिकाको विकासका प्रमुख सम्भावना तथा अवसरलाई बुँदागत रुपमा देहायअनुसार प्रस्तुत गरिएको छ

- पृथ्वी राजमार्गको प्रभाव क्षेत्रमा अवस्थित
- राष्ट्रिय, प्रादेशिक तथा स्थानीय यातायात र सञ्चारको सहज पहुँच
- प्रसिद्ध प्राकृतिक, पर्यटकीय तथा सांस्कृतिक सम्पदाहरूको उपलब्धता
- अल्पसंख्यक चेपाङ तथा जनजाति समुदायको उद्गमस्थल र सांस्कृतिक अभ्यास
- सडक गुरु योजनाअनुसार व्यवस्थित सडक विस्तार
- उर्वर तथा सिंचित भूमिको उपलब्धता
- पर्यटन, उद्योग तथा कृषिमा व्यवसायिकरण तथा विस्तार
- हरियाली, शान्त, स्वच्छ तथा मनोरम वातावरण
- नदी तटीय उष्ण क्षेत्र देखि महाभारत शिरसम्मको भौगौलिक, जलवायु र जैविक विविधता
- उत्कृष्ट गुणस्तर चुनढुङ्गा र ठूलो सिमेण्ट कारखाना स्थापना
- सिमेण्ट, रङ्ग, ग्लास र कृषि उद्योग स्थापनाको लागि कच्चा पदार्थको उपलब्धता

## ३.२ प्रमुख समस्या तथा चुनौतिहरु

भौगोलिक अवस्थिति, प्राकृतिक स्रोत, भौतिक पूर्वाधार तथा प्रविधि विस्तार र आर्थिक अवसरमा वृद्धि भएता पनि यस गाउँपालिकाको विकासमा थुप्रै समस्या तथा चुनौति विद्यमान रहेका छन् । विकास निर्माणलाई वातावरणमैत्री तथा दिगो विकास अवधारणा अनुकुल सन्तुलन मिलाउन नसक्दा वातावरणीय र आर्थिक जोखिम बढ्दै गएको छ । यस गाउँपालिका क्षेत्रमा जलवायु परिवर्तनको नकारात्मक प्रभाब, बसाइसराई, भूस्वरुपमा नकारात्मक परिवर्तन, प्रतिभा पलायन, दिगो तथा उत्पादनशिल पूर्वाधार विकास र भूउपयोगसँग सम्बन्धित समस्या र चुनौतिहरु टड्कारो रुपमा रहेका छन् । खेतीयोग्ग जमीन, वन, जलाधार र वातावरणको संरक्षण तथा वैज्ञानिक व्यवस्थापनमा कमी, भूउपयोग तथा पूर्वाधार निर्माणको लागि आवश्यक योजना तयार हुन सकेको छैन । यस गाउँपालिकाको प्रमुख समस्या तथा चुनौतिहरु देहाय बमोजिम प्रस्तुत गरिएको छ :

- अव्यवस्थित बस्ती विस्तार
- वन क्षेत्र अतिक्रमण तथा हरियाली र जैविक विविधतामा ह्रास

- अव्यवस्थित पूर्वाधार निर्माण
- प्रदुषण तथा फोहोरमैला उत्सर्जनमा वृद्धि
- बढ्दो दरमा नसर्ने रोगमा वृद्धि
- युवा पलायन तथा रोजगारीका अवसरमा कमी,
- प्राकृतिक सम्पदाको अधिक दोहन
- मौलिक ज्ञान, भाषा, संस्कृति, धार्मिक तथा ऐतिहासिक सम्पदा ह्रास
- छरिएको तथा अव्यवस्थित बस्ती
- स्थानीय रोजगारीका अवसरमा कमी तथा प्रतिभा पलायन
- योजनावद्ध विकासको कमजोर अभ्यास

## ३.३ दीर्घकालीन सोच तथा निर्देशक सिद्धान्त

नेपाल सरकारले लिएको दीर्घकालीन सोच **"समृद्ध नेपाल सुखी नेपाली"** र बागमती प्रदेश सरकारले लिएको दीर्घकालीन सोच **"स्वस्थ, सुसंस्कृत र सुखी जनता : समाजवाद उन्मुख समृद्ध प्रदेश"** रहेको छ । संघीय तथा प्रदेश सरकारले लिएको दीर्घकालीन सोचको मर्मलाई आत्मसात् गरी आफ्नो भौगोलिक, आर्थिक तथा सामाजिक विशेषता तथा मौलिकता, प्राकृतिक सम्पदा तथा सांस्कृतिक विविधता लगायत गाउँपालिकाबासीको अपेक्षाको आधारमा गाउँपालिकाको दीर्घकालीन सोच निर्धारण गरिएको छ । आगामी २० देखि ३० वर्षसम्मको अवधिमा हासिल हुने गाउँपालिकाको विकासको अपेक्षित अवस्थाको परिकल्पनालाई स्पष्ट र सरल वाक्यमा प्रस्तुत गरी दीर्घकालीन सोच तयार गरिएको छ । दीर्घकालीन सोच तयारीमा वस्तुस्थिति विवरण, सहभागितामूलक छलफल तथा परामर्शबाट पहिचान भएका सम्भावना, अग्रणी क्षेत्र र गाउँपालिकाबासीको अपेक्षालाई मध्यनजर गरिएको छ । गाउँपालिकाको विकासको दीर्घकालीन सोच देहायअनुसार रहेको छ :

**"समृद्ध बेनीघाट रोराङको आधार : कृषि, शिक्षा, स्वास्थ्य, उद्योग र पूर्वाधार"**

***"स्वस्थ, शिक्षित, व्यावसायिक र सुखी नागरिक बसोबास गर्ने उत्थानशील, व्यवस्थित, स्वच्छ, सुशासित, विकसित र समृद्ध बेनीघाट रोराङ गाउँपालिका"***

व्यवस्थित, गुणस्तरीय तथा उत्थानशील पूर्वाधार, रोजगारमूलक तथा व्यवसायिक कृषि, दिगो पर्यटन तथा भू-उपयोग, गुणस्तरीय शिक्षा तथा स्वास्थ्य र औद्योगिकीकरणको अभिवृद्धिमार्फत समृद्धी हासिल गर्न तय गरिएको गाउँपालिकाको दीर्घकालीन सोच तथा योजनालाई साकार पार्ने दिशामा उन्मुख हुन देहायअनुसारका विकासका मार्गदर्शक सिद्धान्तहरु तय गरिएका छन् :

१. **उत्पादनमूलक, अन्तरनिर्भर र सुदृढ स्थानीय अर्थतन्त्र**
   व्यवसायिक कृषि, दिगो पर्यटन, उद्योग तथा व्यवसायिकरण, उद्यमशीलता तथा सीप विकास, स्थानीय वस्तु तथा सेवाको विशिष्टीकरण तथा पूर्वाधारको विकास र विस्तारको माध्यमबाट स्थानीय अर्थतन्त्रलाई चलायमान र सुदृढ बनाइनेछ । कृषि उपजलाई मुल्य श्रृङ्खलाको अवधारणासँग आवद्ध गराई खाद्यान्न उत्पादन, तरकारी खेती, पशुपन्छीपालन, फलफुल खेती र माछापालन व्यवसायको प्रवर्द्धन र विकासवाट कृषि क्षेत्रको प्रवर्द्धन गरिनेछ । जलयात्रा तथा ग्रामीण पर्यटनको विकास तथा विस्तार गरिनेछ । ठूला, मझौला, साना, लघु तथा घरेलु उद्योग स्थापना तथा सञ्चालनका लागि व्यवस्थित पूर्वाधार तथा सहुलियत

लगायतका प्रोत्साहनलाई प्रभावकारी गराइनेछ । आर्थिक विकासमा अन्तर-सरकार, निजी क्षेत्र, समुदाय/समूह, सहकारी तथा गैससँग समन्वय, सहकार्य र साझेदारीलाई प्रभावकारी गराइने छ ।

## २. दिगो तथा योजनाबद्ध विकास

दिगो विकासका आधारभूत पक्षहरुः आर्थिक विकास, सामाजिक न्याय तथा वातावरण सन्तुलनलाई योजना तर्जुमाको मार्गदर्शक अवधारणाको रुपमा आत्मसात् गरिनेछ । दिगो तथा उत्पादनशिल पूर्वाधार निर्माणका लागि आवश्यक मापदण्ड तयार गरी कडाइका साथ पालना गराइनेछ । नेपाल सरकारले लिएको दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्दै योजना तर्जुमा तथा कार्यान्वयनको सकारात्मक सिकाईलाई समग्र विकास प्रक्रियामा आवद्ध गराइनेछ । आवधिक, रणनीतिक तथा वार्षिक योजना तर्जुमा तथा कार्यान्वयनलाई नतिजामुखी वनाइने छ । राष्ट्रिय भूउपयोग नीति २०७२ र भूमि ऐन २०७६ बमोजिम भूमिको बनौट, क्षमता र उपयुक्तता, आवश्यकता र वर्तमान उपयोग समेतको आधारमा भूउपयोग क्षेत्र निर्धारण गरिनेछ । भू-उपयोग क्षेत्रहरुको नक्साङ्कन र सो अनुसार स्थलगत रुपमा रेखाङ्कन गरी सोको कार्यान्वयन तथा नियमपालना अभिवृद्धि गर्ने नीति, कानून र संस्थागत संयन्त्रको व्यवस्था गरिनेछ । चेपाङ तथा तामाङ समुदायको वाहुल्यता भएको क्षेत्रमा ग्रामीण पर्यटन, पृथ्वी राजमार्ग तथा त्रिशुली नदीतट क्षेत्रलाई पर्यटन क्षेत्र र पृथ्वी राजमार्गको तलमाथिको क्षेत्रलाई औद्योगिक क्षेत्रका रुपमा विकास गरिनेछ । पूर्वाधार तथा संरचना निर्माणलाई स्थानीयस्तरमा आर्थिक अवसरहरुको सृजना, व्यवसायिकता तथा औद्योगिकीकरणसँग आवद्ध गरिनेछ ।

## ३. मानव विकास तथा गुणस्तरीय जीवन

शैक्षिक उन्नयन, आरोग्यताको अभिवृद्धि र आर्थिक सम्वृद्धि विकास प्रक्रियाको मार्गदर्शक मानकका रुपमा स्थापित गरिनेछ । शिक्षा, स्वास्थ्य, उत्पादन, रोजगारी तथा आम्दानीलाई विकास प्रक्रियामा उच्च प्राथमिकतामा रहनेछ । दिगो विकासको लक्ष्य अनुरुप गुणस्तरीय शिक्षा तथा स्वास्थ्यमा सहज पहुँच, जनस्वास्थ्य तथा पोषणसम्बन्धी सचेतना अभिवृद्धि र रोजगारी तथा आम्दानीका अवसरमा वृद्धिलाई आत्मसात् गरिनेछ । जीवनोपयोगी तथा प्रतिस्पर्धी शिक्षा र गुणस्तरीय स्वास्थ्य सेवाका लागि आवश्यक पूर्वाधार, जनशक्ति व्यवस्थापनलाई प्रभावकारी गराइनेछ । विपन्न तथा पछाडि परेको वर्ग, क्षेत्र, समुदाय र बेरोजगार युवाका लागि सीप तथा व्यवसायिक तालिम तथा प्रविधि उपलब्ध गराई स्वरोजगारको अवसर उपलब्ध गराइनेछ । जेष्ठ नागरिक, पछाडि परेका, असहाय तथा बेसहारा नागरिक लागि आत्मसम्मानपूर्ण जीवनयापनको लागि सामाजिक संरक्षण लगायतको विशेष व्यवस्था गरिनेछ ।

## ४. सामाजिक न्याय, समावेशीकरण तथा समतामूलक विकास

नेपालको संविधानले सुनिश्चित गरेको सामाजिक न्याय तथा समतामूलक विकासको मर्मलाई स्थानीयता अनुकूल अनुसरण गरिनेछ । विकासको प्रतिफलमा समतामूलक पहुँच स्थापित गर्न संरचनागत तथा व्यवहारगत प्रयासहरु सञ्चालन गरिनेछ । आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको वर्गका महिला, दलित, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, द्वन्द्व पिडित र चेपाङ लगायतका वर्गको अर्थपूर्ण सहभागिता, क्षमता विकास र आत्मनिर्भरताका अवसरहरु सृजना गरिनेछ । लक्षित वर्गका सशक्तिकरण स्थानीय संरचना तथा संयन्त्रमा अर्थपूर्ण सहभागिता लगायत रोजगारी तथा आर्थिक अवसर सृजना गर्नेतर्फ विशेष ध्यान दिइनेछ ।

## ५. विपद् उत्थानशिलता तथा जलवायु परिवर्तन अनुकूलन

कोभिड १९ लगायतका महामारी, जलउत्पन्न प्रकोप, आगलागी, जंगली जनावरको अतिक्रमण, खडेरी र भूकम्पजस्ता विपद् जोखिम न्यूनीकरण पूर्व तयारीदेखि प्रतिकार्य र पुनर्लाभसम्मका गतिबिधिलाई प्रभाबकारी गराइनेछ । विपद्सँग जुध्न विपद् तथा जलवायु उत्थानशील योजना तयार गरी कार्यान्वयन गरिनेछ । जलवायु परिवर्तनका कारण आर्थिक, सामाजिक तथा वातावरणीय क्षेत्रमा परेको नकारात्मक असरलाई कम गर्न अनुकुलन तथा उत्थानशीलता संरचनाहरु तयार गरिनेछ । पूर्वाधार निर्माण गर्दा खुल्ला तथा हरियाली क्षेत्र, रिचार्ज पोखरी, पार्क तथा संरक्षण क्षेत्र, बाँध निर्माण जस्ता जलवायु अनुकुलन आयोजनालाई विशेष प्राथमिकता दिइनेछ । संरचना निर्माण तथा आयोजना सञ्चालन गर्दा वातावरण संरक्षण ऐन तथा नियम अनुसार वातावरणीय अध्ययन गरी सो अनुसार वायोइञ्जिनियरिङ्ग लगायत वातावरण संरक्षण तथा व्यवस्थापन सम्बन्धी प्रविधिको प्रयोगमा जोड दिइनेछ ।

## ६. सूचना प्रविधिमा आधारित, गुणस्तरीय तथा जनमुखी सेवा प्रबाह

संगठन व्यवस्थापन सर्भेक्षण सम्पन्न गरी सो प्रतिवेदनका आधारमा संगठन संरचना, कर्मचारी दरबन्दी तथा कार्यविवरण तथा संगठन विकास योजना तर्जुमा गरिनेछ । सेवाग्राहीमैत्री, समावेशी तथा प्रभावकारी सेवा प्रबाह र आयोजना कार्यान्वयनमा कार्यदक्षता, गुणस्तरीयता र समयपालनाको सुनिश्चितता कायम गरिनेछ । गाउँ कार्यपालिका कार्यालय, विषयगत शाखा तथा केन्द्र र वडा कार्यालयको सेवा प्रबाह प्रभावकारी, छरितो र सेवाग्राही मैत्री गराइनेछ । स्थानीय आवश्यकता तथा औचित्यका आधारमा स्वास्थ्य, शिक्षा, कृषि, उद्यम व्यवसाय, खानेपानी, सरसरफाई लगायतका सेवा सुविधाको पहुँच सुनिश्चित गरिनेछ ।

## ७. मानव संशाधन तथा स्थानीय सेवा व्यवस्थापन

प्रभावकारी सेवा प्रबाह, प्रशासनिक सहजता, चुस्तता र विकास कार्यहरुको प्रभावकारी सञ्चालनका लागि दक्ष मानव संशाधनको व्यवस्था, सीप र क्षमता विकास तथा प्रोत्साहन लगायतका अवसरहरुको उपलब्ध गराइने छ । संगठन व्यवस्थापन सर्भेक्षण र मानव संशाधन व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गरिनेछ । गाउँपालिका केन्द्रलाई नीति तथा विकासको केन्द्र र वडाको केन्द्रलाई विषयगत सेवा केन्द्रको रुपमा विकास गरी प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनको आधार तयार गरिनेछ । सेवा प्रवाहको उपरोक्त अवधारणाअनुसार जनतालाई स्वास्थ्य, शिक्षा, कृषि, उद्यम व्यवसाय, खानेपानी, सरसफाई लगायतका सेवा सुविधाको पहुँच सुनिश्चित गरिनेछ । यसका लागि सूचना, प्रमाण र ज्ञानमा आधारित ठोस योजना तर्जुमा, प्रभावकारी कार्यान्वयन र प्राप्त उपलब्धीको नतिजामूलक अनुगमन र प्रभावको लेखाजोखाको व्यवस्था गरिनेछ ।

## ८. समन्वय, साझेदारी र सहकार्य

दिगो तथा सन्तुलित विकासका लागि स्थानीय तथा वाह्य स्रोत साधनको परिचालन गर्न अन्तर सरकारी, गैर सरकारी, निजी, सहकारी र समुदायसँग अधिकतम समन्वय, साझेदारी र सहकार्य गरी विकास प्रक्रियालाई नतिजामूखी बनाइनेछ । गाउँपालिका क्षेत्र विकास प्रक्रियामा अन्तर सरकारी, गैर सरकारी, निजी, सहकारी र समुदायसँग अधिकतम समन्वय, साझेदारी र सहकार्य गरी विकास प्रक्रियालाई प्रभावकारी र प्रतिष्पर्धी बनाइनेछ । साझेदारी र सहकार्य हुन सक्ने क्षेत्र पहिचान र साझेदारीको मोडेल निर्धारण गरी पर्यटन प्रर्वद्धन, कृषि विकास तथा व्यवसायिकरण, शिक्षा तथा स्वास्थ्य क्षेत्रको प्रवर्द्धन, विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलन, खानेपानी, सरसफाई तथा पूर्वाधार विकास लगायतका क्षेत्रको विकासका लागि अन्तर-सरकारी, गैर-सरकारी, सहकारी, समुदाय र निजी क्षेत्रको सहकार्य तथा साझेदारीलाई जोड दिइनेछ ।

कृषि, उद्योग बजारिकरण, खानेपानी तथा सरसफाई, इञ्जिनियरिङ्ग जस्ता सेवालाई निजी क्षेत्र, गैर सरकारी र सहकारी संस्थासँग करार गरी वैकल्पिक प्रणालीमा आधारित सेवा प्रवाहको व्यवस्थाद्धारा स्थानीय सेवा प्रवाहलाई सहज, प्रतिस्पर्धी र प्रभावकारी बनाईनेछ । विप्रेषण लगायतका निजी क्षेत्रको आयलाई उत्पादनशिल क्षेत्रमा लगानी गर्न आवश्यक वातावरण मिलाइने छ ।

**९. समावेशीकरण, सुशासन तथा सदाचार**

समावेशीकरण, सुशासन, सन्तुलित विकास र समृद्धि देश विकासको अबको प्रमुख कार्यसूचीको रुपमा स्थापित भएको छ । सामाजिक न्याय र सुशासन विकास र समृद्धिको पूर्व सर्तको रुपमा रहेका छन । यस अनुरुप समावेशीकरण र सामाजिक न्याय, कानून तथा विधिको शासन, सरकारी, निजी, सहकारी र सामुदायिक साझेदारी, पारदर्शिता र जवाफदेहिताको उच्चतम अभ्यास गरिनेछ । साथै राजनीति तथा समाजमा बढ्दै गईरहेको अराजकता र भ्रष्टाचारको विरुद्ध सदाचार पद्धतिको अवलम्बन र सामाजिक जवाफदेहिताका औजारहरुको एकीकृत र सचेत अभ्यास गरिनेछ । यस प्रक्रियामा नागरिक समाजसँग साझेदारी र सहकार्य गरिनेछ । ज्ञानमा आधारित नव प्रवर्तन समाज सिर्जनाका लागि स्थानीय ज्ञान, तकनीकिहरू, संस्कृति तथा व्यवहारहरूको प्रवर्द्धन र उपयोग गरिनेछ । सुशासन तथा भ्रष्टाचार विरुद्धको शुन्य सहनशिलता र सदाचारको प्रवर्द्धन गर्न आवश्यक नीतिगत तथा व्यवहारिक प्रयत्नहरु प्रभाबकारी गराइनेछ ।

**१०. नतिजामा आधारित विकास व्यवस्थापन तथा गुणस्तरीय सेवा**

सेवा प्रवाह तथा विकास व्यवस्थापन प्रक्रियालाई सूचना, प्रविधि, प्रमाण तथा ज्ञानमा आधारित तथा नतिजामूलक बनाईनेछ । यसका लागि क्षमता विकास, सूचना, प्रविधिको प्रयोग, अध्ययन अनुसन्धान, ज्ञान, अनुभव र सफल अभ्यासको अधिकतम परिचालन गरिनेछ । साथै स्थानीय विकास र व्यवस्थापनको मूलभूत मूल्यका रूपमा सहभागितामूलक प्रणाली र कार्य संस्कृतिलाई अवलम्बन गरिनेछ ।

## २.४ लक्ष्य तथा उद्देश्य

गाउँपालिकाको दीर्घकालीन सोच ***"समृद्ध बेनीघाट रोराङको आधार : कृषि, शिक्षा, स्वास्थ्य, उद्योग र पूर्वाधार"*** हासिल गर्ने दिशामा यस प्रथम आवधिक योजनाले आधार तयार गर्नेछ । दीर्घकालीन सोच अनुरुप प्रथम आवधिक योजनामा ***"व्यावसायिक, उत्थानशील, सुशासित, विससित र समृद्ध वेनीघाट रोराङको निर्माणको आधार तयार हुने"*** लक्ष्य निर्धारण गरिएको छ । उपरोक्त लक्ष्य हासिल गर्न यस आवधिक योजनाले देहाय बमोजिमको उद्देश्य लिएको छ :

१. उत्पादन, रोजगारी, आय र आर्थिक विकासमा समतामूलक, गुणात्मक र दिगो वृद्धि गर्नु,
२. सांस्कृतिक तथा पर्यटकीय सम्पदाहरुको संरक्षण, विकास र प्रवर्द्धन गर्नु,
३. स्वस्थ, शिक्षित, व्यावसायिक मानवस्रोतको विकास र सामाजिक न्यायको प्रत्याभूति गर्नु,
४. बसोबास, बजार, अन्तरआवद्धता र भौतिक सुविधा सहज, व्यवस्थित र उत्थानशील बनाउनु,
५. वन, वातावरण, जैविक विविधता र जलाधारका स्रोतको दिगो संरक्षण र प्रवर्द्धन गर्नु,
६. विकास प्रक्रिया तथा उपलब्धीलाई जलवायु तथा विपद् उत्थानशील बनाउनु, र
७. कोभिड १९ लगायतका महामारी र मानव सिर्जित विपद्बाट सामाजिक आर्थिक क्षेत्रलाई पुनःजागृत गराउनु र
८. सेवा प्रवाह तथा विकास प्रक्रियालाई सहज, समावेशी, नतिजामूलक र जवाफदेही बनाउनु ।

## २.५ प्रमुख प्राथमिकता

आवधिक योजनाले लिएको लक्ष्य, उद्देश्य र परिमाणात्मक लक्ष्य हासिल गर्न देहाय अनुसारका प्रमुख प्राथमिकता क्षेत्र निर्धारण गरिएकोछ :

- कृषि तथा पशुपंक्षी व्यवसायको आधुनिकीकरण, विविधिकरण, बजारीकरण, औद्योगिकीकरण;
- जलयात्रा, साहसिक पर्यटन, कृषि तथा ग्रामीण पर्यटनको प्रवर्द्धन;
- नवप्रवर्द्धन, सीप तथा उद्यमशीलता विकास र रोजगारी प्रवर्द्धन;
- स्थानीय मौलिक र वैज्ञानिक ज्ञानमा आधारित मानवस्रोत तथा प्रविधिको विकास र परिचालन;
- आरोग्यता तथा स्वस्थ जीवन र संस्कार;
- गुणस्तरीय र जीवनपयोगी शिक्षा तथा स्वास्थ्य, स्वच्छ खानेपानी तथा सरसफाई सुविधाको प्रवर्द्धन;
- सामाजिक सुरक्षा, संरक्षण, समावेशीकरण तथा सामाजिक न्याय;
- योजनावद्ध विकास तथा व्यवस्थित भू-उपयोग;
- व्यवस्थित, उत्पादनशील उत्थानशील र दिगो पूर्वाधार;
- वातावरणीय सन्तुलन, जलवायु परिवर्तन अनुकूलन तथा विपद् उत्थानशिलता;
- कोभिड १९ लगायतका विपद् तथा महामारी नियन्त्रण तथा सामाजिक आर्थिक पूनर्लाभ,
- मानव संसाधन विकास तथा जनमुखी सेवा प्रबाह; सुशासन तथा जवाफदेहिता प्रवर्द्धन,

## २.६ प्रमुख रणनीति

गाउँपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र परिमाणात्मक लक्ष्य प्राप्त गर्न देहायअनुसारका विषयहरुलाई विशेष प्राथमिकता दिई विकासका प्रयासहरु सञ्चालन गर्न देहायका रणनीतिहरु अवलम्बन गरिनेछः

१. **बजारको माग अनुकुल तुलनात्मक लाभका कृषि, पशुपंक्षी, वन तथा खानीजन्य उत्पादनको व्यवसायीकरण, विविधीकरण तथा औद्योगीकरण गर्नेः** तुलनात्मक लाभका तरकारी, नगदेवाली, फलफुल, माछा, पशुपंक्षी र वनजन्य उत्पादनको व्यवसायीकरण र विविधिकरण गरिनेछ । थोक विक्रेता तथा उच्च परिमाणमा आधारित दैनिक उपभोग गर्ने होटल वा होटल समूहसँग निश्चित मुल्यमा नियमित रुपमा निश्चित परिमाणमा कृषि उपज उपलब्ध गराउने सम्झौता गरी कृषकको आम्दानी तथा व्यवसाय सञ्चालनको बलियो आधार तयार गरिनेछ । कृषि, वन तथा पशुपंक्षीजन्य उपजहरुको प्रसोधन तथा मूल्य अभिवृद्धिद्वारा निजी, सहकारी र साझेदारीमार्फत औद्योगीकरणको अवसर सृजना गरिनेछ । उच्च मुल्य भएका तथा तुलनात्मक लाभ तथा बजार माग अनुकुल कृषि, पशुपंक्षी तथा वनजन्य उत्पादन, विविधिकरण र औद्योगिकरणमा लगानी, प्रविधि तथा व्यावसायिक सेवा प्रदान गर्ने व्यवस्था गरिनेछ । कृषि, पशुपंक्षी, वन तथा खानीजन्य उपजको अनुसन्धानका लागि आवश्यक स्थल तथा अनुकूल परिवेश तयार गरी नेपाल सरकार, प्रदेश सरकार र गैर सरकारी संस्थासँग सहकार्य गरिनेछ ।

२. **उद्योग, व्यापार र जलयात्रा, कृषि, सांस्कृतिक तथा ग्रामीण पर्यटन पूर्वाधारको विकास र प्रवर्द्धन गर्ने :** स्थानीय मौलिक संस्कृति, खानपान, भेषभुषा तथा जीवनशैलीको संरक्षण र प्रचार प्रसार गर्दै होमस्टे सञ्चालनको आधारहरु तयार गरिनेछ । त्रिशुली नदीमा जलयात्रा तथा साहसिक पर्यटकीय सेवाको विकास र विस्तार गरिनेछ । यसका लागि पर्यटन पूर्वाधार निर्माण, पर्यटकीय सेवा सुविधाको विस्तार, विविधिकरण,

पर्यटनमा आधारित पुरक उद्यमको प्रचारप्रसार गरी पर्यटन प्रवर्द्धन र विकास गरिनेछ । नेपाल सरकार, प्रदेश सरकार, निजी क्षेत्र, समुदाय र गैससससँग सहकार्य र साझेदारीमार्फत पर्यटन क्षेत्रको प्रवर्द्धन र विकास गरिनेछ ।

३. **गुणस्तरीय र व्यवसायिक शिक्षा तथा स्तरीय स्वास्थ्य सेवा, सुद्धृढ सरसफाई तथा स्वच्छ खानेपानी सुविधाको सुनिश्चित गर्ने :** नेपाल सरकार तथा प्रदेश सरकार, सहकारी, निजी क्षेत्र र समुदायसँग साझेदारी गरी जीवनपयोगी, गुणस्तरीय र व्यवसायिक शिक्षा, प्राविधिक शिक्षा, उच्च शिक्षा, आधारभुत तथा विशिष्टीकृत स्वास्थ्य तथा पोषण सेवामा पहुँच स्थापित गरिनेछ । दिगो विकास लक्ष्य, प्रदेश तथा संघीय कार्यक्रमसँग तालमेल मिलाइ एक घर एक धारा तथा पूर्ण सरसफाई कार्यक्रममा अभिवृद्धि गरिनेछ ।

४. **सामाजिक न्याय, समावेशीकरण, संरक्षण तथा सामाजिक सुरक्षामा सहज पहुँच स्थापित गर्ने:** नीति, कार्यक्रम तथा बजेट आर्थिक सामाजिक रुपमा पिछडिएको तथा विपन्न वर्ग, द्वन्द्व तथा विपद् प्रभावित, एकल महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, जोखिममा रहेका बालबालिका, हिंसा पिडित व्यक्ति, चेपाङ लगायत सीमान्तकृत समुदायको संरक्षण र सामाजिक सुरक्षामा पहुँच सुनिश्चित गरिनेछ । क्षमता विकास तथा सीप हस्तान्तरणमार्फत् सहभागिता, उद्यमशीलता तथा स्वरोजगारीका अवसरको सृजना र अभिवृद्धि गरिनेछ । समाजमा विद्यमान सामाजिक विभेद हिंसा, सामाजिक कुरिती, अन्धविश्वास आदी अन्त्य र जोखिममा रहेका वर्ग तथा समुदायको संरक्षणको लागि अभियान सञ्चालन गरिनेछ । असहाय तथा विपन्न वर्गको संरचना तथा सञ्जाल निर्माण, स्वास्थ्य उपचार, संरक्षण जीविकोपार्जन, रोजगारी र वृत्ति विकासका लागि विशेष व्यवस्था गरिनेछ ।

५. **दिगो तथा उत्पादनशिल पूर्वाधार निर्माण, सहज यातायात, सुरक्षित आवास, उन्नत सञ्चार सूचना र स्वच्छ उर्जाको विकास, विस्तार र स्तरोन्नति गर्ने:** वैज्ञानिक भू-उपयोगको अध्ययनका आधारमा कृषि, वन, बस्ती विकास, बजार, औद्योगिक क्षेत्रको निर्धारण गरिनेछ । सडक गुरुयोजना तर्जुमा गरी व्यवस्थित सडक सञ्जाल तथा सुरक्षित यातायातको सुनिश्चितता गरिनेछ । स्वच्छ उर्जा, सूचना तथा संचारको पूर्वाधारको विकास, विस्तार र स्तरोन्नति गरी भौतिक विकास, आवास र अन्तरआवद्धतालाई सहज र सुव्यवस्थित बनाइनेछ । पूर्वाधार विकासलाई वातावरणमैत्री र विपद् तथा जलवायु उत्थानशील रुपमा निर्माण गरिनेछ ।

६. **विकास प्रक्रिया तथा उपलब्धिलाई योजनावद्ध, दिगो, नतिजामुखी र विपद् उत्थानशील बनाउने:** आवधिक योजनाको आधारमा विषय क्षेत्रगत रणनीतिक तथा गुरुयोजना योजना तर्जुमा, संभाव्यता अध्ययन, विस्तृत सर्भेक्षण र प्राथमिकीकरण गरी आयोजना वैक स्थापना गरिनेछ । आयोजना वैंकको प्राथमिकताको सूचीमा समावेश आयोजनामा मध्यमकालीन खर्च संरचनामार्फत् बजेट सुनिश्चित गरी वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा र योजना अनुशासन कायम गरिनेछ । योजना तर्जुमा गर्दा प्रदेश तथा राष्ट्रिय योजनासँग तालमेल र दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्दै नतिजामूखी योजना तर्जुमालाई संस्थागत गरिनेछ । यसका लागि नेपाल सरकार र प्रदेश सरकारका सम्बन्धित निकायसँग समन्वय, साझेदारी र सहकार्य गरिनेछ । पूर्वाधारको डिजाइन, निर्माण र सञ्चालनमा विपद् तथा जलवायु जोखिम न्यूनीकरण, वातावरण व्यवस्थापन सम्वन्धी पक्षहरुलाई समावेश गरी विकास प्रक्रिया तथा नतिजालाई विपद् उत्थानशील र वातावरणमैत्री बनाइनेछ ।

७. **अन्तर सरकारी, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिक समाजसँगको समन्वय, साझेदारी र सहकार्यलाई प्रभावकारी बनाउने:** गाउँपालिकाको सीमित स्रोत, साधन तथा क्षमताले मात्र विकास प्रक्रियालाई तिब्रता दिन र स्थानीय आवश्यकता पुरा गर्न संभन नहुने भएकोले अन्तर सरकार, निजी क्षेत्र, सहकारी र नागरिक समाजसँगको समन्वय, साझेदारी र सहकार्यलाई उच्च महत्व दिइनेछ । दुरगामी महत्वका तथा ठूला आयोजनाहरुको कार्यान्वयनमा प्रदेश तथा नेपाल सरकारसँगको साझेदारीलाई विशेष जोड दिइनेछ । कोभिड

१९ लगायत विपद् व्यवस्थापन, पूर्वाधार विकास, पर्यटन, शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता क्षेत्रमा नेपाल सरकार, प्रदेश सरकार, गैर सरकारी क्षेत्र, सहकारी, समुदाय तथा निजी क्षेत्रको साझेदारी तथा सहकार्यलाई विस्तार गरिनेछ ।

८. **जनमुखी सेवा प्रबाह, कार्यसम्पादन क्षमता र जवाफदेहिता अभिवृद्धि गर्ने :** सहज र छरितो सेवा प्रबाहका लागि चलायमान संगठन, सीपयुक्त तथा दक्ष जनशक्ति, विद्युतीय सुशासन तथा सूचना प्रविधिको प्रभावकारी उपयोग गरिनेछ । आयोजनाको समयमै गुणस्तरीय रुपमा सम्पन्न गर्न खरिद योजना तथा वार्षिक कार्यतालिका तयार गरी कार्यान्वयन गरिनेछ । कानून तथा विधिको शासनको अनुसरण गर्दै नीति निर्माण, सेवा प्रवाह, कार्यसम्पादन र शासन सञ्चालन प्रक्रियालाई सहभागितामूलक, पारदर्शी, जनताप्रति उत्तरदायी र संवेदनशिल शासन प्रणालीको अभ्यास गरी नागरिक सन्तुष्टी अभिवृद्धि गरिनेछ । नागरिक सन्तुष्टी, सामाजिक जवाफदेहिता, प्रमाणमा आधारित प्रतिवेदनमार्फत् वित्तीय अनुशासन तथा योजना अनुशासनलाई व्यवहारिक रुपमा अनुसरण गरिनेछ ।

९. **आन्तरिक राजश्व सदृढिकरण, स्रोत परिचालन र वित्तीय अनुशासन प्रवर्द्धन गर्ने :** निजी क्षेत्र, उद्यम तथा व्यवसायमा नकारात्मक प्रभाब नपर्ने गरी आन्तरिक राजश्वको दर तथा दायरा वृद्धि गरिनेछ । आन्तरिक राजश्वको दर तथा दायरा वृद्धि गरी पुँजीगत खर्चको अनुपात वृद्धि गर्दै लगिनेछ । नीति, योजना, सुशासन, संगठन तथा सेवा व्यवस्थापनलाई उत्पादनसँग जोडी आर्थिक अनुशासन कायम गर्ने र निर्णय प्रक्रिया, विकास निर्माण तथा सेवा प्रवाह सम्बन्धी कार्यहरुमा पारदर्शीता ल्याई स्रोत साधन परिचालन र उपयोग वृद्धि गरिनेछ । स्रोत परिचालनलाई जीवनस्तरमा सकारात्मक प्रभाब पार्ने क्षेत्रमा प्राथमिकता निर्धारण गरी उपयोग गरिने छ ।

१०. **कोभिड १९ को संक्रमण नियन्त्रण र व्यवस्थापनलाई प्रभाबकारी गराउँदै यसबाट जीविका संकटमा परेका, आर्थिक क्षति भएकाहरुका लागि राहत, आम्दानी तथा रोजगारीका अवसरहरु सृजना गर्ने :** कोभिड १९ को संक्रमणको नियन्त्रण, मानवीय तथा आर्थिक क्षति कम गर्दै दैनिक जीविका चलाउन नसक्ने भएका, रोजगारी गुमाएका तथा आर्थिक क्षतिको सामना गरेका वर्गको नक्साकंन गरी राहत, आम्दानी तथा रोजगारीको व्यवस्था गरिनेछ । यस कार्यमा अन्तरसरकारी र गैसससँगको सहकार्य तथा साझेदारीलाई प्रभाबकारी बनाइनेछ ।

## २.७ परिमाणात्मक लक्ष्य निर्धारण

राष्ट्रिय तथा प्रदेशको परिमाणात्मक लक्ष्यको आधारमा दीर्घकालीन सोच तथा आवधिक योजनाको समष्टिगत लक्ष्य तथा उद्देश्य मापनको प्रमुख सूचक समावेश गरी विकासको परिमाणात्मक लक्ष्य तय गरिएको छ । परिमाणात्मक लक्ष्य निर्धारण गर्दा दिगो विकास लक्ष्यका स्थानीय तह सम्बन्धी परिमाणात्मक लक्ष्यसँग तादात्म्यता कायम गरी देहायअनुसारको परिमाणात्मक लक्ष्य तय गरिएको छ :

*तालिका ३ : समष्टिगत परिमाणात्मक लक्ष्य*

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | आधार वर्षसम्मको स्थिति | | | योजनाको अन्त्यको स्थिति | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | वागमती प्रदेश | बेनीघाट रोराङ | नेपाल | वागमती प्रदेश | बेनीघाट रोराङ |
| क. | **समष्टिगत गन्तव्य तथा सूचक** | | | | | | | |
| १ | मानव विकास सुचकाङ्क | इन्डेक्स | ०.५७१ | ०.६४१ | ०.४८३ | ०.६२४ | ०.६७१ | ०.५६० |
| २ | औसत आयु | वर्ष | ७१.२ | ७२.० | ६८.२५ | ७३.० | ७४.४ | ७२.० |
| ३ | ग्राहस्थ प्रतिव्यक्ति आम्दानी | युसडलर | ८४३ | | ८५७ | ९५० | | ९५० |

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | आधार वर्षसम्मको स्थिति | | | योजनाको अन्त्यको स्थिति | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | वागमती प्रदेश | बेनीघाट रोराङ | नेपाल | वागमती प्रदेश | बेनीघाट रोराङ |
| ४ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) | प्रतिशत | ६७.९ | ६९ | ८५ | | ९६ | ९५ |
| ५ | वेरोजगारी दर | प्रतिशत | ११.४ | ७ | १२ | ४.४ | ४ | ६ |
| ६ | निरपेक्ष गरिबीको रेखामुनीको जनसंख्या | प्रतिशत | १७.१ | १५.३ | २५ | १२ | ९ | १५ |
| **ख.** | **विषय क्षेत्रगत गन्तव्य र सूचक** | | | | | | | |
| १ | प्रति व्यक्ति खाद्यान्न उत्पादन | के.जि. | ११७.५ | १११.७ | १.५० | २५० | २०० | ३.०० |
| २ | काठको उत्पादन (लाखमा) | घ.मि. | ११४ | | ०.०२ | ३०० | | ०.०५ |
| ३ | कूल उद्योग व्यवसाय | संख्या | ९२२४४५ | | १२५६ | ९५०००० | | १४०० |
| ४ | उद्योगबाट रोजगारीको सिर्जना (हजारमा) | संख्या | ३४०८ | ३.५ | ३.९ | ४००० | | ५ |
| ६ | पर्यटन आगमन (हजारमा) | संख्या | ११९७ | | १ | ३००० | | ३ |
| ७ | पर्यटन क्षेत्रमा रोजगारी | संख्या | ३७१ | | ०.३ | ४५० | | २.५ |
| ९ | बैदेशिक रोजगारीमा रहेका घरपरिवार | संख्या | | | ७०५ | | | ५०० |
| १० | विद्युत्मा पहुँच प्राप्त परिवार | प्रतिशत | ८८ | | ९५ | | | १०० |
| ११ | नविकरणीय उर्जा उपयोगको अनुपात | प्रतिशत | ७ | | ८ | १२ | | २५ |
| १३ | सिंचित क्षेत्रफल | प्रतिशत | ३० | ४३ | ३५ | ४० | ६० | ४० |
| १४ | उपलब्ध स्तरोन्नत सडक लम्बाई | कि.मी. | ७८९० | | ७३ | २०२०० | | ३२२ |
| १५ | सुरक्षित आवासमा बसोबास गर्ने जनसंख्या | प्रतिशत | ४० | - | ८० | ६० | ७० | ९५ |
| १६ | कम तौल भएका ५ वर्ष मुनिका बालबालिका | प्रतिशत | २०.० | | ११.९ | १० | | ८ |

*स्रोत: समीक्षा प्रतिवेदन तथा वस्तुस्थिति विश्लेषण विवरण*

## २.८ गौरवका आयोजना तथा कार्यक्रम

यस गाउँपालिकाको समग्र सामाजिक आर्थिक पुनरुत्थान, सन्तुलित विकास, पर्यावरणीय सन्तुलन, जलवायु परिवर्तन तथा विपद् जोखिम न्यूनीकरणमा वहुप्रभाव पार्ने आयोजना तथा कार्यक्रमलाई गाउँपालिकाको गौरवको आयोजनाको रुपमा यस योजना अवधिमा अध्ययन तथा कार्यान्वयनका लागि प्रस्ताव गरिएको छ । गाउँपालिका गौरवका आयोजना तथा कार्यक्रमको विवरण सम्बन्धित विषयगत क्षेत्रमा समावेश गरिएको छ । यससम्बन्धी संक्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ :

*तालिका ४ : गाउँपालिकाका गौरवका आयोजना तथा कार्यक्रम विवरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | एकाई | भौतिक लक्ष्य | उद्देश्य | अनुमानित लागत (रु. हजारमा) | स्थानगत र कार्यक्रम संचालन स्थल |
|---|---|---|---|---|---|---|
| १ | कृषि प्राविधिक शिक्षा प्रवर्द्धन कार्यक्रम | संख्या | १ | स्थानीय संभावनामा आधारित प्राविधिक तथा व्यवसायिक शिक्षामा पहुँब बढाउने | २५००० | ३०० विद्यार्थीहरुलाई प्राविधिक र व्यावसायिक शिक्षामा पहुँच बढेको हुनेछ |
| २ | औद्योगिक ग्राम स्थापना | स्थान | १ | आद्योगिक विकासको लागि स्थान उपलब्ध गराउने र पूर्वाधार विकास गर्ने | ११००० | उद्योग व्यवसायको लागि स्थान र पूर्वाधार उपलब्ध हुनेछ । |
| ३ | सहिदस्मृती पार्क तथा चेपाङ संग्राहालय | स्थान | १ | सहिदको सम्मान आउने पुस्तालाई सहिदको योगदानबारे जानकारी गराउने र पर्यटन प्रवर्द्धन गर्ने | १००००० | एक महत्वपूर्ण पर्यटकीय गन्तव्यको रुपमा विकास हुनेछ । |
| ४ | विद्यालय सूचना प्रविधि प्रवर्द्धन कार्यक्रम | विद्यालय | १ | गुणस्तरीय शिक्षाको लागि सामुदायिक विद्यालयमा सूचना प्रविधिका सूविधा बृद्धि गर्ने | ५००० | ७२ सामुदायिक विद्यालयमा सूचना प्रविधिको विस्तार भएको र गुणस्तर बृद्धि हुनेछ । |
| ५ | आइसोलेसन वार्ड सहित अस्पताल निर्माण र सञ्चालन | संख्या | १ | स्थानीय तहमा सघन उपचार सेवा तथा सुविधा पहुँच बृद्धि गर्ने | ७५००० | १५ शैयाको अस्पताल स्थापना भई सेवा सुचारु हुनेछ । |
| ६ | सडक दुर्घटना नियन्त्रण तथा पुनर्स्थापना केन्द्र स्थापना | संख्या | १ | सडक दुर्घटना न्यूनीकरण तथा यसबाट हुने अपाङ्गता र मृत्यु घटाउने | ३९००० | राजमार्गमा पुनर्स्थापना केन्द्रको सञ्चालन हुने र अपाङ्गता र मृत्युमा कमी आउनेछ । |
| ७ | एक घर एक धारा कार्यक्रम | घरधुरी | ३००० | स्वास्थ्य र सरसफाईको लागि आधारभूत खानेपानी सुविधा विस्तार गर्ने | १५०००० | गाउँपालिकाका ६४४९ घरमा नै पाइप प्रणालीक खानेपानीको धारा उपलब्ध हुनेछ। |
| ८ | चेपाङ समुदाय उत्थान कार्यक्रम | पटक | ५ | चेपाङ समुदायलाई राजनीतिक, आर्थिक र सामाजिक रुपले सशक्त बनाउने | ६००० | *३० भन्दा बढी बस्तीका ४५० घरपरिवार लाभान्वित हुनेछन् |
| ९ | नमूना बस्ती तथा सहरी विकास कार्यक्रम | स्थान | २ | योजनाबद्ध, सूरक्षित र आधुनिक आवास र सहरी पूर्वाधारको विकास गर्ने | १५०००० | उपयुक्त २ बस्ती योजनाबद्ध बस्ती र सहरको रुपमा विकास भएको हुनेछ । |
| १० | बाढी पहिरो संवेदनशील क्षेत्र तथा बस्ती संरक्षण कार्यक्रम | वटा | ५ | संवेदनशील र जोखिमयुक्त क्षेत्रको बस्तीको संरक्षण गर्ने | ३०००० | उपयुक्त प्रविधिद्धारा ५ वटा संवेदनशील तथा जोखिमयुक्त बस्तीको संरक्षण हुनेछ । |
| ११ | वातावरणमैत्री घरवगैचा प्रवर्द्धन कार्यक्रम | परिवार | ३२१ | जलवायु अनुकुल प्रविधि, बाली र उत्पादनको प्रवर्द्धन गर्ने | ४८१५ | ३२१ कृषक परिवार लाभान्वित भएका हुनेछन् |
| १२ | सुन्दरनागी बैकुण्ठ, ब्रुम्दी, च्यात्राक, थुन्राङ, मासखर्क, सोला भाजा, भालिमटार, नोहकगुफा, रोवाङ, कोट, जवाङ, महखोला सडक ट्र्याक तथा स्तरोन्नी आयोजना | कि.मि. | ६५ | सडक सञ्जालमा नजोडिएका बस्ती तथा क्षेत्रलाई बजार र सेवासँग जोड्ने र कृषि, पर्यटन र उद्योगको लागि पूर्वाधार तयार गर्ने | ३२५००० | सडकले नछोएका बप्तीहरुमा सडकको ट्र्याक खोलिने र भएको सडकको स्तर बृद्धि भई यातायात सुचारु भएको हुनेछ । |
| **बेनीघाट रोराङ गौरवका आयोजना जम्मा** | | | | | **९२०८१५** | |

*चेपाङ समुदाय उत्थान कार्यक्रम सञ्चालनका प्रस्तावित चेपाङ बाहुल बस्तीहरु

*वडा नम्बर २, ब्रुसबाङ, चोतेस* | *वडा नम्बर ३, ओरवाङ* | *वडा नम्बर ६, बोम्राङ*

*वडा नम्बर ८, वरपुक, दुङबाङ, यारवाङ* | *वडा नम्बर ९, रोवाङ, अैवाङ, थानसिङ, पिपलडाँडा* | *वडा नम्बर १०, टाक्सली, लैत्ताक, ओचराङ, केउरिनी, माङराङ, कोचराङ*

# परिच्छेद चार : आर्थिक विकास क्षेत्र

## ४.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ ले स्थानीय स्तरको आर्थिक विकासको अधिकार स्थानीय तहलाई प्रदान गरी आर्थिक विकासको माध्यमबाट स्थानीय तहमा आर्थिक विकासका क्रियाकलापहरू बढाउनुपर्ने आवश्यकतालाई औंल्याएको छ । स्थानीय स्तरमा उपलब्ध स्रोत र साधनहरूको अधिकतम उपयोग गर्दै रोजगारी र आर्थिक वृद्धिको दिशामा अगाडि बढ्न सबल र आत्मनिर्भर स्थानीय अर्थतन्त्रको विकासलाई गतिशील बनाउनु आवश्यक छ । बेनिघाट रोराङ गाउँपालिकाको भौगोलिक अवस्था, पूर्वाधार विकास, वातावरणीय अवस्थालाई मध्यनजर गरी मौजुदा आर्थिक स्थितिमा सुधार गर्न आर्थिक विकासका क्रियाकलापहरु प्राथमिकताका साथ सञ्चालन गर्नुपर्ने देखिन्छ । गाउँपालिका क्षेत्रभित्र आर्थिक क्रियाकलाप अभिवृद्धि वृद्धि गरी सोको माध्यमबाट गरिबी निवारणमा योगदान पुऱ्याउन एवं विपन्न बर्गको आर्थिक स्तरमा सुधार गर्नुपर्ने देखिन्छ । यसका साथै मानव संसाधनको गुणात्मक विकास जस्ता कार्यहरूबाट स्थानीय अर्थतन्त्रलाई समृद्ध गर्नुपर्ने हुन्छ । यसका लागि गाउँपालिका क्षेत्रभित्र आय तथा व्यवसायमूलक रोजगारीका अवसरहरू सिर्जना गरी जनसाङ्ख्यिक लाभको अधिकतम उपयोग गर्न आवश्यकता छ ।

यस गाउँपालिकाको स्थानीय अर्थतन्त्रका प्रमुख अवयवहरुमा मुख्यतः कृषि, पर्यटन, साना तथा घरेलु उद्योग, वैदेशिक रोजगार, बैकिङ, व्यापार तथा सेवा क्षेत्र आदि रहेका छन् । ठूला तथा मझौला औद्योगिक प्रतिष्ठान र उद्योग तथा व्यवसायको विकास भै नसकेको अवस्थामा हालको आर्थिक क्रियाकलापहरू निर्वाहमुखी नै रहेका छन् । यसलाई केन्द्रविन्दुमा राखी गाउँपालिकाको समग्र विकासको अग्रणी क्षेत्रको रुपमा रहेको कृषि, उद्योग तथा व्यवसाय तथा पूर्वाधार विकासको माध्यमबाट उत्पादन, रोजगारी र आयवृद्धिका लागि विकास प्रयासलाई डोऱ्याउन आर्थिक विकास विषय क्षेत्रको सम्भावना र अवसर, समस्या तथा चुनौति र चाल्नु पर्ने कदम सहित संक्षिप्त विश्लेषण देहायअनुसार गरिएको छ ।

## ४.२ कृषि

### ४.२.१ विद्यमान अवस्था, सम्भावना तथा अवसर

गाउँपालिकाको मुख्य रोजगारी र जीविकोपार्जनको रूपमा कृषि क्षेत्र रहेको छ । कृषि क्षेत्र अन्तर्गत अन्नबाली, नगदेबाली, तरकारी खेती र पशुपंछीपालनलाई लिइएको छ । यसैगरी कृषिसँग माछापालन, माहुरीपालन र वनजन्य क्षेत्र अन्तसम्बन्धित रहेका छन् । समग्रमा यस गाउँपालिकाको कृषि क्षेत्र निर्वाहमुखी प्रणालीबाट व्यवसायिक उत्पादन उन्मुख रहेको छ ।

गाउँपालिकाको कृषितर्फको अवस्था विश्लेषण गर्दा कूल खेतीयोग्य जमिन १३,७२७ रहेको र सोमध्ये हाल करीब १३,००० हेक्टरमा खेती भैरहेको छ । खेती भईरहेको जग्गा मध्ये तरकारी ३,१०० हेक्टरमा, खाद्यान्न ९,००० हे. र सुन्तला लगायत अन्य फलफुल १,००० हेक्टरमा भएको देखिन्छ । गाउँपालिकामा सक्रिय अगुवा कृषक ७९ जना, कृषि प्राविधिक ७ जना र व्यवसायिक नर्सरी संचालक ४ जनाले कृषि उत्पादन, संकलन तथा बजारीकरणमा प्राविधिक सेवा टेवा उपलब्ध गराईराखेका छन् । कृषिजन्य उत्पादनतर्फ हेर्दा खाद्यान्नको औसत वार्षिक उत्पादन ४ टन प्रति हेक्टर रहेको पाईएको छ । यसैगरी तरकारीको उत्पादन हेर्दा वार्षिक औसत रु ५० हजार मूल्य बराबरको उत्पादन हुने गरेको देखिन्छ । यस गाउँपालिका कृषि उपजहरुमध्ये तरकारी खेतीका लागि गाउँपालिका उपयुक्त रहेको देखिन्छ ।

कृषि पूर्वाधारहरुमा कृषि उपज संकलन केन्द्र ९ वटा र कृषि उपज बजार ९ स्थानमा सञ्चालनमा रहेका छन् । व्यवसायिक रुपमा तरकारी उत्पादन गर्ने कृषक समूह ५४ वटा र १६ वटा भन्दा बढी कृषि सहकारी रहेका छन् । कृषि प्राविधिक स्थानीयस्तरमा उपलव्ध गराउने उद्देश्यले वडा नम्बर ५ मा कृषि प्राविधिक शिक्षालय स्थापना भई सञ्चालनमा आएको छ ।

गाउँपालिकाको भूबनोट, पानीको स्रोत, मेहनेती गाउँवासी कृषि क्षेत्रको विकासका लागि महत्वपूर्ण पक्ष हुन् । उर्वर भूमि र उपलब्ध सिंचाई सुविधा र प्राविधिक ज्ञान, सीप र अनुभवको उपयोग गर्दै कृषि क्षेत्र अन्तर्गत तरकारी खेती, अन्न बाली, नगदे बाली, फलफूल, मौरीपालन र माछापालन र अन्य उपयुक्त कृषि प्रविधिको प्रयोगको माध्यमद्वारा व्यवसायिकरण गरी उत्पादन, उत्पादकत्व र आयआर्जनका अवसरहरूलाई वृद्धि गर्न सकिन्छ । पृथ्वी राजमार्गसँगको सहज पहुँचले कृषि उत्पादनका लागि बजारको बृहत अवसरहरुको द्वार खुलाएको छ । आवश्यक जनशक्तिको विकास, वजार पूर्वाधारहरुको विकास तथा वजार संजाल निर्माण गर्ने जस्ता कार्य गर्न सकेमा यस उपक्षेत्रको विकास गर्न सकिने सम्भावना रहेको देखिन्छ ।

### ४.२.२ समस्या तथा चुनौति

कृषि स्थानीयबासीको मुख्य पेसा र आर्थिक क्रियाकलापको आधार रहे तापनि उपयुक्त प्राविधिक तथा व्यवसायिक परामर्श सेवा, प्रविधि, सामाग्री र कृषि श्रमशक्तिको पलायनले कृषिको व्यवसायीकरण तथा आधुनिकीकरण हुन सकेको छैन । गाउँपालिकाको कतिपय क्षेत्र अझै पनि परम्परागत र निर्वाहमुखी कृषि प्रणालीमा सिमित रहेको छ । कृषि पेसा तथा व्यवसायलाई सम्मानित, मर्यादित र व्यवसायिक बनाउन नसक्दा कृषि क्षेत्रमा युवाहरूको आकर्षण घट्दोक्रममा रहेको छ । कृषि उपजको न्यून उत्पादकत्व एवम् व्यवसायीकरण र औद्योगिकरणको कमीको कारणले गर्दा कृषि क्षेत्रवाट अपेक्षित लाभ लिन सकिएको छैन । परम्परागत र निर्वाहामुखी कृषि प्रणालीलाई रुपान्तरण गरी कृषिमा व्यवसायीकरण, विविधिकरण र औद्योगिकीकरण गरी आयात, रोजगारी तथा आयआर्जनका अवसरहरूको सिर्जना र विकास गर्नुपर्ने देखिन्छ ।

## ४.३ सिंचाई विकास

### ४.३.१ विद्यमान अवस्था, सम्भावना तथा अवसर

गाउँपालिका क्षेत्रमा बर्षैभरी सञ्चालनमा रहने ५० वटा सिंचाई कुलोबाट ७,२४१ रोपनीमा र मौसमी ३६ वटा कुलोवाट ५,०३२ रोपनी सिंचाई सुविधा पुगेको छ । कुल खेतियोग्य जमिनमध्ये हाल आंशिक भूभागमा मात्र सिंचाई सुविधा पुगेको देखिन्छ ।

### ४.३.२ समस्या तथा चुनौति

अति भिरालो भूबनौटले गर्दा खेतीयोग्य तथा सिंचित क्षेत्रफल न्यून हुनु, नयाँ सिंचाई योजनाहरु सञ्चालनमा ल्याउन भौगोलिक कारणले लागत उच्च हुनु, पानीका स्रोतहरु कम हुनु तथा भएका स्रोतहरुको उपयोग हुन नसक्नु यस क्षेत्रमा प्रमुख चुनौतिहरु रहेका छन । वैकल्पिक सिंचाई सुविधाको अभ्यास नहुनु, बनेका सिंचाइ पूर्वाधारहरूको नियमित मर्मत सम्भार भई सुचारु हुन नसक्नु, भएका मुहानहरू सुक्दै जानु, पानीको पुनर्भरण (recharge) मा ध्यान नजानु र अव्यवस्थित बसोबास तथा निर्माणको कारण पानीको स्रोतको उचित व्यवस्थापन हुन नसक्नु आदि यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन् ।

## ४.४ पशुपन्छी विकास

### ४.४.१ विद्यमान अवस्था, सम्भावना तथा अवसर

गाउँपालिकामा करीव ६० प्रतिशत घरपरिवार पशुपालनमा संलग्न रहेको देखिन्छ । व्यवसायिक फर्म बाहेक पशुपालनको अवस्था हेर्दा गाउँपालिका क्षेत्रमा गाई/गोरुको संख्या ४,८७५, भैंसी ४,८५० वटा, बाखा ७१,४८०, उन्नत कुखुरा १ लाख १४ हजार ७०० र लोकल ६०,७७५ पालन गरिएको अवस्था विद्यमान देखिन्छ ।

व्यवसायिक पशुपंक्षीपालनतर्फ व्यवसायिक भैसी फार्म ६ वटा, बाखापालन फर्म (५० भन्दा बढी पालन गर्ने) १६ वटा, कुखुरा फर्म (५ सय भन्दा बढी पालन गर्ने) १०० भन्दा बढी रहेको, लोकल गाई फर्म १० भन्दा बढी रहेको छ ।

गाउँपालिकामा उन्नत पशु नश्ल सुधारको कार्य आरम्भ भएको, मासु पसल ३१ वटा सञ्चालनमा रहेको, वडा नम्बर ५ चरौदीमा १ वटा दुग्ध चिस्यान केन्द्र सञ्चालनमा रहेको, दुग्धजन्य उत्पादन विक्री गर्ने २ वटा डेरी पसल सञ्चालनमा रहेको छ । यसै गरी पशुपालन समूह २० वटा क्रियाशील रहेको, सक्रिय पशु प्राविधिक (कृषि प्राविधिक समेत) १६ जना रहेको, वडा नम्बर ५ मा १ वटा माछापालन पोखरी सञ्चालनमा रहेको छ ।

पशु विकासका लागि गाउँपालिका क्षेत्रमा पर्याप्त चरन क्षेत्रको विकास गर्न सकिने, पशुजन्य उत्पादनको वजारको सम्भावना रहेको एवं उत्पादकत्व वृद्धि, वजार पूर्वाधारको विकास, उत्पादनमा संलग्न किसानहरुको व्यवसायिक दक्षता अभिवृद्धिजस्ता कार्य गर्न सकेमा यस क्षेत्रमा पशुपालन कार्यलाई थप व्यवसायिक वनाउन सकिने देखिन्छ ।

### ४.४.२ समस्या तथा चुनौति

व्यवसायिक एवं उन्नत तरिकाले पशुपंक्षीपालन नहुनु, आधुनिक किसिमको गोठ तथा खोरको व्यवस्थामा कमी, उन्नत घाँस तथा दानाको व्यवस्था नहुनु तथा दक्ष प्राविधिकको सेवा उपलब्ध हुन नसक्नु, सरल कर्जा र बिमाको व्यवस्था नहुनु, उत्पादकत्व वृद्धि, वजार सम्बन्ध विकास र उत्पादनमा संलग्न किसानहरुको व्यवसायिक दक्षता अभिवृद्धिजस्ता कार्य अझै पनि चुनौतिको रुपमा रहेको छ । दक्ष जनशक्तिको अभाव, पशु स्वास्थ्य उपकरणको कमी, नश्ल सुधारको कमी, भेटेरीनरी प्रसार सेवाको कमी जस्ता पक्ष पनि थप समस्याको रुपमा रहेको छ ।

## ४.५ उद्योग र व्यापार

### ४.५.१ विद्यमान अवस्था, सम्भावना तथा अवसर

राष्ट्रिय तथ्याङ्क विभागको राष्ट्रिय आर्थिक सर्भेक्षण प्रतिवेदन अनुसार गाउँपालिकामा १,२५५ वटा व्यवसाय सञ्चालनमा रहेका र उक्त व्यवसायमा ३,५५६ जना संलग्न रहेका छन् । व्यवसायहरु मध्ये सबैभन्दा उच्च संख्यामा किराना पसल १२३ वटा रहेका छन् भने होटल १३, खाजाघर १५ मासु पसल ६ र अन्य १३४ वटा रहेका छन् ।

यस गाउँपालिका क्षेत्रमा रहेका प्रमुख बजारहरु खासगरी पृथ्वी राजमार्ग आसपास रहेका छन् । नदीजन्य पदार्थ (बालुवा तथा गिट्टी) नै यहाँको मुख्य औद्योगिक कच्चा पदार्थहरु हुन । यस क्षेत्रमा कुल १,२५५ वटा व्यवसाय सञ्चालनमा रहेका छन् जसमा ३,५५६ जना संलग्न रहेका छन् ।

यस गाउँपालिकामा विशेषतः खनिजमा आधारित उद्योगहरुमा रोडा, गिटी, वालुवा, ढुंगा उत्पादन गर्ने २ वटा क्रसर उद्योगहरु सञ्चालनमा रहेका छन् । यस गाउँपालिकामा वैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्सलाई

व्यवसायमा लगाउनका साथै वैदेशिक रोजगारीबाट भित्रिएको दक्ष जनशक्तिलाई स्थानीयस्तरमा उपलव्ध कच्चा पदार्थमा आधारित उद्योगहरुको स्थापना गरी सञ्चालन गर्न सकिने सम्भावना रहेको देखिन्छ ।

### ४.५.२ समस्या तथा चुनौति

व्यवसायिक सोच, सेवा र लगानीको कमी, औद्योगिक पूर्वाधार र वातावरणको कमी, व्यवसायिक तालिम तथा प्रशिक्षण र प्रविधिको अभाव, व्यवसायिक सेवा प्रदायक संस्थाको अभाव, बैंक तथा वित्तिय सस्थाको अभाव, महिला, दलित, पिछडिएका वर्गहरुलाई उद्योग व्यवसायमा आकर्षण गर्न नसकेको, स्थानीय स्रोत, साधन, सिप, जनशक्तिको परिचालन गरी विकासको लागि नीति तथा रणनीतिको कमी तथा प्राविधिक तथा व्यवसायिक शिक्षा नीतिको कमी रहेको देखिन्छ । यसका अतिरिक्त उत्पादनमुखी बजारको व्यवस्थापन नहुनु, व्यवसायिक सूचना केन्द्रको कमी जस्ता पक्ष पनि उद्योग व्यवसाय विकासको प्रमुख समस्याको रुपमा रहेको छ ।

## ४.६ श्रम तथा रोजगार

### ४.६.१ विद्यमान अवस्था, संभावन तथा अवसर

यस गाउँपालिका बसोबास गर्नेहरुको प्रमुख पेशा कृषि रहेको छ । जसको अनुपात ३८ प्रतिशत रहेको छ । उद्योग, व्यापार तथा व्यवसाय दोश्रो प्रमुख पेशाको रुपमा रहेको जनसंख्याको अनुपात ५ प्रतिशत रहेको छ । सरकारी, गैर सरकारी संस्था, बैंक तथा वित्तीय संस्था, निजी क्षेत्रमा रोजगार जनसंख्या ८ रहेको छ । वैदेशिक रोजगारीमा रहेका जनसंख्या ७०४ जना रहेको छ ।

### ४.६.२ समस्या तथा चनौति

गाउँपालिकाको उत्पादनशील मानव संशाधनको कृषि पेशा भन्दा गैर कृषि पेशामा आकर्षण बढ्दो क्रममा रहेको छ । गैर कृषि पेशाको लागि गाउँपालिकामा व्यवसायिक वातावरण, पूर्वाधार र सेवा तथा सुविधामा कमी रहेको छ । फलस्वरुप उत्पादनशील मानवस्रोत चितवन, काठमाडौं लगायतका शहर बजार र विदेश पलायन भएका छन् । स्थानीय तह उद्योग, व्यवसाय, पूर्वाधार र यस सम्बन्धी सेवा तथा सुविधाको व्यवस्था हुन सकेको छैन । हाल सञ्चालनमा रहेका उद्योग व्यवसाय समेत अस्थिर राजनीतिक तथा नीतिगत वातावरण, कोभिड १९ लगायतका महामारी र विपद्को कारण धराशयी हुने अवस्था सिर्जना भएको छ । उपलब्ध आर्थिक तथा रोजगारीको वातावरणमा समेत संकुचन हुँदै गएको छ ।

## ४.७ वैक, सहकारी र वित्तीय सेवा

### ४.७.१ विद्यमान अवस्था, सम्भावना तथा अवसर

वित्तीय पहुँच तथा सेवाको लागि गाउँपालिका क्षेत्रमा ६ वटा वाणिज्य बैंक, २ वटा विकास बैंक, १ वटा लघु वित्त संस्था र २७ वटा सहकारी संस्था रहेका छन् । यी संस्थाहरुबाट मुख्यतः कृषि, व्यापार तथा व्यवसायमा लगानी हुने गरेको छ ।

### ४.७.२ समस्या तथा चुनौति

गाउँपालिकामा क्षेत्रमा सेवारत वैक तथा वित्तीय संस्थाहरु मुलत राजमार्ग र मलेखु तथा वेनीघाट बजारमा केन्द्रित रहेका छन् । यस क्षेत्रमा हाल सञ्चालनमा रहेका बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूबाट कृषि, पशुपालन, उद्योग व्यवसाय क्षेत्रमा लगानीको कमी देखिन्छ । यसैगरी साना किसान, व्यवसायी, युवा, महिला तथा लक्षित वर्गमा वित्तीय पुँजी तथा सेवाको पहुँच कमी रहेको अवस्था छ । कम आय भएका र स्थायी सम्पत्ती

नभएका परिवार र व्यक्तिका लागि वित्तीय सेवा तथा कर्जा प्रवाह पहुँच पुग्न सकेको छैन । सहकारी, आमा समूह, कृषक तथा उद्यमी समूहबाट समेत उत्पादनमूलक क्षेत्र कर्जा प्रवाह हुन सकेको छैन ।

## ४.८ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ४.८.१ सोच

गाउँपालिकाको आर्थिक विकास क्षेत्रको सोच देहायअनुसार रहेको छः

- गतिशिल, समावेशी र तिब्र आर्थिक विकास तथा गरिवी न्युनीकरण

### ४.८.२ लक्ष्य

यस गाउँपालिकाको आर्थिक विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

- स्थानीय उत्पादन, रोजगारी, आय र आर्थिक उत्थानशीलता दिगो वृद्धि गर्ने

### ४.८.३ उद्देश्य

गाउँपालिकाको आर्थिक विकास क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

१. उच्च मूल्यका कृषिजन्य उत्पादनको व्यावसायीकरण, विविधिकरण औद्योगिकरणमा वृद्धि गर्नु,

२. सिचाई सुविधाको विकास र विस्तार तथा खेतीयोग्य जमीनको संरक्षण गर्नु,

३. पशुपंक्षीजन्य उत्पादनको व्यवसायीकरण, विविधिकरण औद्योगिकरणमा वृद्धि गर्नु,

४. स्थानीय ज्ञान, सीप एवं कच्चा पदार्थमा आधारित लघु, साना तथा घरेलु उद्योगको सिर्जना र विकास गर्नु,

५. श्रम तथा प्रविधिमा आधारित स्थानीय रोजगारीको अवसर सिर्जना गर्नु, र

६. बैंक तथा वित्तीय सेवामा स्थानीयको पहुँच अभिवृद्धि गर्नु,

### ४.८.४ रणनीति तथा कार्यनीति

योजनाको आर्थिक विकास सम्बन्धी लक्ष्य तथा उद्देश्य हासिल गर्न अपाइने रणनीति तथा नतिजा हासिल गर्न निर्धारण भएका रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालन गर्न देहायअनुसारका कार्यनीति अवलम्बन गरिनेछः

*तालिका ५ : आर्थिक विकासका लागि लिईने रणनीति तथा कार्यनीति*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : उच्च मूल्यका कृषिजन्य उत्पादनको व्यवसायीकरण, विविधीकरण औद्योगीकरणमा वृद्धि गर्नु,** | |
| १. वडास्तरमा कृषि तथा पशुपन्छी सेवा केन्द्रको विकास गर्ने | १.१ वडागत रुपमा कृषि, पशुपन्छी, माछा, मौरी लगायतका पकेट क्षेत्रहरु पहिचान तथा निर्धारण गरी आवश्यक सहयोगहरु एकीकृत रुपमा उपलब्ध गराउने व्यवस्था गरिनेछ ।<br>१.२ एक गाउँ एक विशेष उत्पादन अन्तर्गत पकेट क्षेत्र विकासमार्फत् व्यवसायिक उत्पादन गर्न कृषक, कृषक समूह वा सहकारी र निजी क्षेत्र परिचालन गरिनेछ ।<br>१.३ कृषि तथा पशुपालन पकेट क्षेत्रहरुमा कृषि तथा पशुजन्य उत्पादन, संकलन तथा प्रसोधन केन्द्रको विकास गरिनेछ ।<br>१.४ व्यवसायिक कृषि उत्पादनलाई प्रोत्साहन तथा व्यवस्थापन गर्न विशिष्ट वालीहरु खाद्यान्न, तरकारी, अन्य नगदेवाली, फलफुलजन्य, मसलाजन्य (जस्तै टिमुर, लसुन अदुवा), धर्म तथा आद्यात्मजन्य (जस्तैः रुद्राक्ष, श्रीखण्ड, शितलचिनी), व्यवसायजन्य |

| रणनीति | कार्यनीति |
|---|---|
| | (पाउलोनिया र अगरउड जस्ता) औषधिजन्य (जडिबुटी, पुष्प वा फूलजन्य आदिको प्रवर्द्धन तथा विकास गरिने छ ।<br>१.४ स्थानीय लोपोन्मुख बीउविजन, नश्ल, कृषि जैविक विविधताको संरक्षण र व्यवसायीकरण गरिनेछ ।<br>१.५ सबै वडाका युवा, लक्षित वर्ग र कृषकहरुको सहभागितामा कृषि उद्यम सिर्जना र विकास सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।<br>१.६ बाँझो जमीन राख्ने प्रवृतिलाई नियन्त्रण गर्न गाउँपालिकाबाट प्रवाह गर्ने सेवा तथा सुविधामा कडाई गर्ने नीतिगत व्यवस्था गरिनेछ ।<br>१.७ उन्नत कृषि प्रविधिलाई प्रवर्द्धन गरी उत्पादन बढाउन अगुवा किसान देखि किसान सम्मको अवधारणालई अंगिकार गरिनेछ ।<br>१.८ उन्नत कृषि व्यवसायमा अग्रसर युवा, महिला, दलित जनजाति तथा पछाडि परेको वर्गका लागि उन्नत बीउ, कृषि औजार, कृषि सामाग्री तथा प्रविधि र सहुलियत कर्जाको पहुँच सहज र सरल बनाइनेछ । |
| २. कृषि व्यवसायलाई विशिष्टीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने | २.१ कृषि, पशुपन्छी, माछा लगायत औद्योगिक वस्तु उत्पादन र प्रशोधन उद्योगहरुको स्थापना, स्तरोन्नति र प्रवर्धन गरिनेछ ।<br>२.२ कृषि र पशुपालन सम्बन्धी तरकारी, मसलाबाली, माछा, गाईभैसी र बाखापालनमा केन्द्रित गरी एक वडामा एक-एक वटा नमूना कृषि फर्म मोडेलको रुपमा सञ्चालन गरिनेछ ।<br>२.३ तरकारी, फलफूल, मसलाबाली, दुध उत्पादन पकेट क्षेत्रलाई लक्षित गरी कृषि तथा पशुपन्छीजन्य उपजहरुको संकलन, प्रशोधन र चिस्यान केन्द्रको विकास र विस्तार गरिनेछ ।<br>२.४ जैविक उत्पादन केन्द्रको विकास गर्न कृषकलाई सचेतना, जैविक उत्पादन प्रविधि र प्रसार कार्यक्रम सञ्चालनको व्यवस्था गरिनेछ ।<br>२.५ गाउँपालिकामा १/१ वटा बाखा र भैंसी स्रोत केन्द्रको स्थापना गरिनेछ ।<br>२.६ एक वडामा एक वहुउद्देश्यीय कृषि नर्सरीको स्थापना गरी विरुवाको उपलब्धतालाई सहज गराइनेछ ।<br>२.७ फूल, कफी, टिमुर, अलैची, मसलाजन्य बाली, किवी, एभोकाडो, मेकाडामिया, सिस्नु आदीको पकेट क्षेत्र पहिचान गरी स्थान, माटो र हावापानी अनुसारको बाली छनौट गरी व्यवसायिक उत्पादनको लागि कृषि प्रसार तथा प्रविधि हस्तान्तरण गरिनेछ ।<br>२.८ प्राङगारिक खेतीमा आधारित कृषि उत्पादन तथा व्यवसायलाई प्रवर्द्धन गरिनेछ र बजार (होटेल रेष्टुरेण्ट, प्रसोधन उद्योग) सँग आवद्ध गरी कृषि व्यवसायको विकास र विस्तार गरिनेछ ।<br>२.९ बाली बिमा, पशु बिमा, सहकारी खेती सामुहिक खेती प्रणालीलाई प्रवर्द्धन गर्न विशेषण पहल गरिनेछ । |
| ३. दक्ष जनशक्तिको व्यवस्थापनमार्फत् प्रभावकारी सेवा प्रवाह गर्ने | ३.१ कृषि व्यबसायलाई प्रवर्द्धन गर्न स्थानीय स्तरमा तालिम प्राप्त प्राविधिक जनशक्ति उत्पादन गर्दै जाने नीति लिइने छ ।<br>**३.२ "एक वडा एक कृषि उत्पादन"** कार्यक्रमको अवधारणालाई अगाडि बढाउन आवश्यकता अनुसार वडामा एक जना जे.टि.ए. राख्ने व्यवस्थालाई क्रमशः अगाडि बढाइने छ ।<br>३.३ पशुपालनको लागि प्राविधिक जनशक्तिको विकास र परिचालनको लागि एक वडा एक पशु स्वास्थ्य प्राविधिकहरूलाई निरन्तरता दिइने छ । |
| ४. कृषकलाई कृषि यान्त्रिकीकरण सहयोग | ४.१ कृषकलाई अत्यावश्यक यन्त्र उपकरण उपलब्ध गराउन कस्टम हायरिङ केन्द्र स्थापना र सञ्चालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| गर्ने | ४.२ नेपाल सरकार, प्रदेश सरकार, निजी क्षेत्रसँग समन्वय गरी कृषि औजार तथा यन्त्रहरुको उपलब्ध गराउने व्यवस्था गरिनेछ ।<br>४.३ कृषकहरुको लागि श्रममा आधारित उत्पादन, भण्डारण, प्रसोधन र बजारिकरणका प्रविधि हस्तान्तरण गर्ने व्यवस्था गरिनेछ ।<br>४.४ कृषि सामाग्री, अनुदान, बिमा, ऋण, शीत भण्डार, संकलन, प्रशोधन र विक्री केन्द्र, बजारिकरण र कृषि सूचनामा किसानको सहज पहुँच अभिवृद्धि गरिनेछ । |
| ५. दिगो र भरपर्दो सिचाई, बाह्रै महिना उपलब्ध हुने | ५.१ खाद्य तथा तरकारी उत्पादन वृद्धि गर्न खेतीयोग्य क्षेत्रमा सिंचाई सविधा विस्तार गर्दै जाने नीति लिइने छ ।<br>५.२ संचालित सिंचाई कुलोको नियमित मर्मत सम्भारका लागि आवश्यक कोषको व्यवस्था गरिनेछ ।<br>५.३ थोरै पानीले धेरै क्षेत्र र समयमा सिंचाई गर्न थोपा सिंचाई जस्ता आधुनिक प्रविधिमा आधारित सिंचाई कार्यक्रम सञ्चालन गरिनेछ । |
| **उद्देश्य २: सिचाई सुविधाको विकास र विस्तार तथा खेतीयोग्य जमीनको संरक्षण गर्नु** | |
| १. विद्यमान सिंचाइ प्रणालीको मर्मत सम्भार र स्तरोन्नति | १.१ सतह तथा लिफ्ट प्रणालीमा आधारित सिंचाई आयोजनाको अध्ययन, सर्भेक्षण र सञ्चालन गर्न नेपाल सरकार तथा प्रदेश सरकारसँग समन्वय, छलफल र पैरवी गरिनेछ ।<br>१.२ उपलब्ध सिंचाई आयोजना (कूलो तथा बाँध) को मर्मत सम्भार गरी सिंचाइ सुविधालाई नियमित गरिनेछ ।<br>१.३ नयाँ सतह र लिफ्ट सिंचाईका आयोजना निर्माण गरी थप नयाँ क्षेत्र र आंशिक रुपमा सिंचाइ हुँदै आएका क्षेत्रहरुमा नियमित रुपमा सिंचाइ सुविधाको विस्तार गरिनेछ ।<br>१.४ सञ्चालित सिंचाई कूलो, पोखरी र अन्य आयोजनाको नियमित मर्मत सम्भारका लागि आवश्यक कोषको व्यवस्था गरिनेछ । |
| २. वैकल्पिक सिंचाइ सुविधाको विकास र प्रयोग बढाउने | २.१ संघीय र प्रदेश सरकारको सहयोगमा पोखरी, लिफ्ट तथा भूमिगत, सिंचाइ प्रणाली जडान र समुचित व्यवस्थापन गरी सिंचाई सुविधा विस्तार गरिनेछ ।<br>२.२ व्यवसायिक तरकारी खेती कार्यलाई प्रवर्द्धन गर्न थोपा तथा फोहोरा सिंचाई सुविधाको लागि अनुदानमार्फत् प्रोत्साहन गरिनेछ ।<br>२.३ उपभोक्ताहरुमार्फत् नजिकको तालतलैया, सिमसार र जलाधार क्षेत्रहरुको संरक्षण, सुदृढीकरण गरी वरपरका क्षेत्रहरुमा नियमित सिंचाई सुविधा उपलब्ध गराइनेछ । |
| ३. भूउपयोग क्षेत्र निर्धारण र नक्साकंन गरी भूउपयोग योजना तर्जुमा गरी नियमन गर्ने । | ३.१ जमीनको बनौट, क्षमता, उपयुक्तता र आवश्यकताको आधारमा भूउपयोग क्षेत्र निर्धारण गरी कृषियोग्य जमीन विवरण तयार गरिनेछ ।<br>३.२ भूउपयोग क्षेत्र अनुसारको कृषि जमीनको वहुउपयोग र संरक्षणको योजना तयारी गरी संरक्षण गर्न जग्गाधनीलाई सहजीकरण गरिनेछ ।<br>३.३ खेतीयोग्य जमीनको कृषि कार्यमा उपयोग गर्ने कृषकलाई प्रोत्साहन गरिनेछ ।<br>३.४ खेतीयोग्य जमीनमा पोखरी निर्माण, वैकल्पिक बाली प्रणाली, सुख्खा खेतीलाई प्रवर्द्धन गरिनेछ । |
| **उद्देश्य ३: पशुपंक्षीजन्य उत्पादनको व्यावसायीकरण, विविधीकरण औद्योगीकरणमा वृद्धि गर्नु,** | |
| १. पशुपंक्षीजन्य उत्पादनको व्यवसायीकरण, प्रवर्धन, विविधिकरण र विशिष्टिकरण गरी उत्पादन र उत्पादकत्वको वृद्धि गर्ने | १.१ तुलनात्मक लाभका पशुपन्छीपालन, माछा, मौरीपालन र कृषिका अन्य पकेट क्षेत्रहरु पहिचान तथा निर्धारण गरी तत् सम्बन्धी सेवा, सुविधा र प्रविधि एकीकृत रुपमा उपलब्ध गराउने व्यवस्था गरिनेछ ।<br>१.२ माछा, गाईभैसी, कुखुरा तथा पंक्षी र वाखापालनमा केन्द्रित गरी एक उपज एक नमूना पशुपंक्षी तथा मत्स्य फर्म मोडेलको रुपमा सञ्चालन गरिनेछ ।<br>१.३ नश्ल सुधारका लागि उन्नत नश्लका प्रजनन्योग्य बोका, बिर, राँगो, साँढे वितरण र |

| रणनीति | कार्यनीति |
|---|---|
| | कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन र विस्तार गरिनेछ ।<br>१.४ पशुपालनका व्यवस्थापकीय पक्षहरु खोर, गोठ, आहारा, प्रजनन्, स्वास्थ्य र विमा व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.५ पशुपालक कृषकलाई व्यवसाय उन्मुख गराउन माग, उत्पादन र प्रतिफलमा आधारित अनुदान सहयोग उपलब्ध गराउने व्यवस्था गरिनेछ ।<br>१.६ पशु विकास पकेट क्षेत्रका सार्वजनिक र निजी जग्गामा भुई तथा डालेघाँसको ब्लक स्थापना गरी पशु आहारको न्यूनतालाई पुरा गरिनेछ ।<br>१.७ **कृषकसँग अध्यक्ष कार्यक्रम** अन्तर्गत गाई वा भैंसीपालन गर्ने कृषक वा समूहमार्फत आवश्यक सहयोगका कार्यक्रम सञ्चालन गरिने छ ।<br>१.८ पशु विकास पकेट क्षेत्रहरुको सार्वजनिक तथा निजी जग्गामा भुईघाँस तथा डालेघाँसको ब्लक स्थापना गरी पशु आहारको न्यूनतालाई गरी पुरा गरिनेछ ।<br>१.९ नियमित घरदैलो गरी पशु स्वास्थ्य सेवा सहज र भरपर्दो बनाइनेछ ।<br>१.१० कृषक सहकारीसँगको साझेदारीमा बाख्रा र भैंसीको स्रोत केन्द्र स्थापना गरी सञ्चालन गरिनेछ । |
| २. कृषक एवं पशुपालनमा आधारित समूह तथा संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने र कृषकलाई उद्यमी बनाउने | २.१ छरिएर रहेका साना किसानहरुलाई समूहमा आवद्ध गरी व्यवसाय संचालन सम्बन्धी ज्ञान, सीप र प्रविधि हस्तान्तरण गरिनेछ ।<br>२.२ पशुपालक कृषक, समूह र सहकारी संस्थाहरुलाई ब्यवसाय उन्मुख तालिम, भ्रमण र व्यवहारिक सेसन सञ्चालन गरिनेछ ।<br>२.३ पशुपालन समूह, सहकारी तथा फार्महरुको सीप, क्षमता अभिवृद्धि एवं व्यवसायिकता विकासमा सहजिकरण गरिनेछ ।<br>२.४ उत्कृष्ट कृषक, पशुपालन समूह, समिति र सहकारीहरुलाई पुरस्कृत गरी पशुपालन पेशामा आकर्षण वृद्धि गरिनेछ ।<br>२.५ पशुपालन पकेट क्षेत्रका विद्यालयमा पशु विज्ञान सम्बन्धी प्राविधिक धार संचालन गरी पशुपालन क्षेत्रमा आवश्यक मध्यस्तरीय जनशक्ति उत्पादन गरी परिचालन गरिनेछ ।<br>२.६ जलवायु परिवर्तनसँग अनुकुलन हुन यसबाट हुन सक्ने क्षति, नोक्सानी न्यूनीकरण गर्न कृषकको क्षमता अभिवृद्धि गराइनेछ ।<br>२.७ पशुपंक्षीजन्य उत्पादनको वजार प्रवर्द्धनका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्न पशु सहकारी संस्था एवं अगुवा कृषकहरुको क्षमता अभिवृद्धि गरिनेछ । |
| ३. पशुपंक्षीजन्य उपजको वजार प्रवर्द्धन र बजार पूर्वाधारको विकास गर्ने | ३.१ पशुपंक्षीजन्य उत्पादनको वजार प्रवर्द्धन एवं निकासी वृद्धि गर्न उत्पादनको विविधिकरणका लागि प्रोत्साहित गरिनेछ ।<br>३.२ कृषकहरुलाई विभिन्न सीप तथा व्यावसाय प्रवर्धन तालिमहरु सञ्चालन गरी क्षमता अभिवृद्धि गरिनेछ ।<br>३.३ पशुपंक्षीजन्य उत्पादनको विविधिकरण गर्न आवश्यक पर्ने मेशिन उपकरणमा अनुदानको व्यवस्था गरिनेछ ।<br>३.४ पशुपंक्षीजन्य उत्पादनहरुको स्थानीय एवं वाह्य वजार प्रवर्द्धन गर्न संकलन केन्द्र, प्रशोधन केन्द्र, चिस्यान केन्द्र, विक्री केन्द्र, मेला प्रदर्शनी व्यवस्था जस्ता पूर्वाधार निर्माण र प्रवर्धनात्मक कार्यहरु एकीकृत रुपमा संचालन गरिनेछ ।<br>३.५ सूचना प्रविधिमा कृषकहरुको पहुँच बृद्धी गरी पशुपंक्षी बजार सूचना र स्थानीय तथा वाह्य बजारबारे नियमित रुपमा जानकारी गराउने संयन्त्र विकास गरिनेछ ।<br>३.६ पशुपन्छीजन्य उत्पादनहरुको बजारीकरण गर्न पशु हाटबजार, संकलन केन्द्र स्थापना तथा विस्तार सम्बन्धी आयोजना तथा कार्यक्रम सञ्चालनमा जोड दिइनेछ।<br>३.७ पशुपालन व्यवसाय तथा उत्पादन (फार्म, उत्पादन र प्रशोधन र बजारीकरण) लाई कृषि पर्यटनको अवधारणा अनुसार सञ्चालन र व्यवस्थापनको व्यवस्था मिलाइनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३.८ पर्यटकहरुलाई लक्षित गरी कृषि तथा पशुपंक्षीजन्य उपजहरुको उत्पादन, प्रशोधन र ब्राण्डिङ्ग (रावडी, मिठाइ)को लागि कृषक, समूह र निजी क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ । |
| ४. पशुपंक्षी स्वास्थ्य तथा उपचार सेवाको विस्तार गर्ने | ४.१ घरदैलो गरी पशु सेवा प्रसार र पशु स्वास्थ्य सेवा सहज र भरपर्दो बनाइनेछ ।<br>४.२ प्रत्येक वडामा दक्ष पशु प्राविधिकको व्यवस्था गरी पशुपंक्षी उपचारको व्यवस्था मिलाइ पशुपंक्षीमा लाग्ने रोग, महामारी नियन्त्रण गदै स्वास्थ्यवर्द्धक वस्तु उत्पादनमा जोड दिइनेछ ।<br>४.३ पशुपंक्षीहरुमा लाग्ने रोग तथा महामारी नियन्त्रणका लागि आवश्यक पर्ने खोप, औषधी, परजीवी नियन्त्रणको ब्यवस्था मिलाउदै पशुपंक्षी चिकित्सा सेवाको व्यवस्थापन गरिनेछ ।<br>४.४ मानववाट पशुपंक्षी र पशुपंक्षीवाट मानव स्वास्थ्यमा पर्न सक्ने असरलाई मध्यनजर राख्दै पशुपंक्षीको व्यवसायिक पालनलाई नियमन गरिनेछ ।<br>४.५ खुल्ला मासु विक्री वितरण तथा ओसारपसारका लागि एक मापदण्ड बनाई त्यसको नियमन गरिनेछ ।<br>४.६ सुविधा सम्पन्न पशुवधशाला सिघ्र निर्माण सम्पन्न गरी स्वस्थ मासुको उपलब्धता र फोहोरमैलाको व्यवस्थापन गरिनेछ । |
| ५. पशुपंक्षीपालन सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन गर्ने | ५.१ पशुपंक्षीको व्यवसायिक पालन, पशुपंक्षी स्वास्थ्य सम्बन्धी नीति, कानून, मापदण्ड, योजना बनाई कार्यान्वयन गरिनेछ ।<br>५.२ ऐन नियमको पालना, प्रक्रिया, नतिजाको नियमित रुपमा अनुगमन, नतिजा मापनका लागि संयन्त्र तथा ढाँचाको बिकास गरिनेछ । |
| ६. दक्ष जनशक्तिको व्यवस्थापनमार्फत् प्रभावकारी सेवा प्रवाह गर्ने | ६.१ पशुपंक्षी व्यबसायलाई प्रवर्द्धन गर्न स्थानीय स्तरमा तालिम प्राप्त प्राविधिक जनशक्ति उत्पादन गर्दै जाने नीति लिइने छ ।<br>६.२ पशुपालनको लागि प्राविधिक जनशक्तिको विकास र परिचालनको लागि एक वडा एक पशु स्वास्थ्य प्राविधिकहरूलाई निरन्तरता दिइनेछ । |
| **उद्देश्य ४: स्थानीय सीप एवं कच्चा पदार्थमा आधारित लघु, घरेलु तथा साना उद्योगको सिर्जना र विकास गर्नु,** | |
| १. स्थानीय स्रोत साधन, कच्चा पदार्थ तथा सीप र प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योगको विकास र विस्तार गर्ने | ४.१ उद्योग स्थापनाका लागि संभाव्यता अध्ययन गरी संभाव्य उद्योगहरुको स्थापनामा जोड दिईनेछ ।<br>४.२ कृषि, पशु, माछा र वनमा आधारित उत्पादन, प्रसोधन र बजारिकरण सम्बन्धी उद्योगको स्थापना र सञ्चालन गरिनेछ<br>४.३ युवालाई लक्षित गरी सीप र उद्यमशिलता विकास सम्बन्धी तालिम कार्यक्रम संचालन गरिनेछ<br>४.४ स्थानीय समुदायलाई उद्योगको लागि आवश्यक कच्चा पदार्थको उत्पादनमा आधारित सचेतना, सीप र प्रविधि हस्तान्तरण गरिनेछ ।<br>४.५ स्थानीय उत्पादनको संकलन र प्रसोधनमा आधारित उद्योगको स्थापनामा जोड दिइनेछ ।<br>४.६ परम्परागत सीपको संरक्षण, प्रबर्द्धन तथा आधुनिकिकरण सम्बन्धी उद्योगहरुको पहिचान तथा संरक्षण गर्ने कार्यक्रम (स्थानीय सीपमा आधारित ठेकी, मादल, जुत्ता, हस्तकला, गरगहना, मुर्तिकला, गुन्द्रुक, सिन्की, मस्यौरा आदि) सञ्चालन गरिनेछ । |
| २. औद्योगिक विकासको आधार तयार गर्ने | २.१ नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय गरी गाउँपालिकाको उपयुक्त क्षेत्रमा औद्योगिक ग्राम स्थापना गरी औद्योगिक विकासको ठोस आधार तयार गरिनेछ ।<br>२.२ उद्योग वाणिज्य सङ्घ लगायत सरोकारवाला सङ्घ संस्थाको सहकार्यमा व्यापार प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.३ गाउँपालिकाको पहिचान र विकाससँग सम्बन्धित मेला, महोत्सव सञ्चालन गरिनेछ।<br>२.४ उद्योग संचालनको लागि काठमाण्डौका औद्योगिक प्रतिष्ठान र ठूला उद्यमी व्यापारीसँग सम्पर्क र संचार गरिनेछ ।<br>२.५ संघ तथा प्रदेश सरकारसँग समन्वय गरी औद्योगिक विकासको लागि आवश्यक सडक र अन्य पूर्वाधारको विकास र विस्तार गरिनेछ । |
| ३. थला परेका उद्योग व्यवसाय पुनरुत्थान तथा पुन सञ्चालनको लागि वातावरण तयार गर्ने | ३.१ भूकम्प, कोभिड १९ लगायतका विपद् तथा महामारीका कारण बन्द भएका उद्योग व्यवसाय पुनःसञ्चालनको लागि नेपाल सरकार, प्रदेश सरकारसँग समन्वय र सहकार्य गरी उद्यमी र व्यवसायीलाई प्रोत्साहन गरिनेछ।<br>३.२ निजी क्षेत्रसँगको सहकार्यमा जडीबुटी, पर्यटन, खानीजन्य उद्योग सञ्चालन र पुनः सञ्चालनको संभाव्यता अध्ययन गरिनेछ ।<br>३.३ नेपाल सरकार तथा प्रदेश सरकारसँग साझेदारी गरी गाउँपालिकामा औद्योगिक ग्राम स्थापना र सञ्चालनको कार्यलाई तिब्रता प्रदान गरिनेछ र रुग्ण तथा थलिएका उद्योग व्यवसाय पुनःसञ्चालनको लागि वातावरण तयार गरिनेछ । |
| **उद्देश्य ५: श्रम तथा प्रविधिमा आधारित स्थानीय रोजगारीको अवसर सिर्जना गर्नु** | |
| १. युवालाई लक्षित गरी उत्पादन र रोजगारीमा वृद्धि गर्ने | १.१ वेरोजगार युवालाई प्राथमिकता दिई कृषि, पशुपालन, उद्योग, पर्यटन, निर्माण व्यवसायमा आधारित उद्यम, व्यवसाय र आयोजना संचालन गरिनेछ ।<br>१.२ वैदेशिक रोजगारीबाट फर्केका र जान लागेका युवालाई कृषि, पशुपालन, वन, माछा र पर्यटनमा आधारित उत्पादन, प्रसोधन र बजारिकरण सम्बन्धी उद्योग व्यवसाय संचालनको लागि उद्यमशिलता, सीप विकास तालिम, परामर्श सेवा र सहयोगको एकीकृत प्याकेज कार्यक्रम संचालन गरिनेछ ।<br>१.३ सङ्घ तथा प्रदेशले ल्याएको रोजगारमूलक कार्यमा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ ।<br>१.४ आन्तरिक रोजगारी सृजना गर्न सरोकारवाला निकाय र निजी सहकारी तथा गैर सरकारी क्षेत्रसँग समन्वय र सहकार्यमा जोड दिइनेछ ।<br>१.५ युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी स्वरोजगारमूलक कार्यमा संलग्न स्थानीय युवा उद्यमीहरूलाई प्रोत्साहित गरिनेछ ।<br>१.६ कोभिड १९ को कारणबाट बैदेशिक रोजगारीमा जान नपाएका तथा विदेशबाट फर्किन बाध्य भएका व्यक्तिहरूलाई सूचिकृत गरी विशेष प्राथमिकता साथ रोजगार प्रदान गरिनेछ ।<br>१.७ नेपाल सरकारको स्वामित्व रहेको बैकसँग समन्वय गरी शुन्य प्रतिशत ब्याज दरमा ऋणको व्यवस्था गरी युवाहरुका लागि उद्यमशील कार्यक्रम सञ्चालन गरिनेछ । |
| **उद्देश्य ६: बैंक तथा वित्तीय सेवामा स्थानीयको सहज पहुँच कायम गर्नु** | |
| १. व्यवसायिक गतिविधि केन्द्रित वित्तीय सेवाको पहुँच वृद्धि गर्ने | १.१ बैंकिङ लगानी कृषि क्षेत्रमा वृद्धि गर्न पैरवी गरिनेछ ।<br>१.२ वित्तीय साक्षरताका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.३ आर्थिक कारोवारका लागि बैंक तथा वित्तीय संस्थामार्फत् हुने कारोवारलाई प्रोत्साहन गरिनेछ ।<br>१.४ सहकारीहरु वीचमा गाभ्ने प्रक्रियालाई सहजिकरण गरिनेछ ।<br>१.५ सहकारीहरुको संस्थागत क्षमता सुदृढिकरणको माध्यमबाट सुशासन प्रवर्द्धन अभिवृद्धि गरिने छ । |
| २. बैंकिङ कारोवारमा गाउँवासीको सहज पहुँच कायम गर्ने | २.१ वडाका विभिन्न भागमा बसोवास गर्ने अशक्त, असहाय, जेष्ठ नागरिकहरुको वित्तीय सेवामा पहुँच सुनिश्चित गर्न घुम्ति बैंकिङ प्रणाली सञ्चालन गर्न समन्वय गरिनेछ।<br>२.२ वडा र वस्तीस्तरमा व्यवसायिक परामर्श तथा उद्यमशीलता तालिमसँग वित्तीय साक्षरताको कार्यक्रम सञ्चालन गरिनेछ । |

## ४.९ प्रमुख रणनीतिक कार्यक्रम तथा अपेक्षित उपलब्धि

### ४.९.१ प्रमुख कार्यक्रम तथा आयोजना

आर्थिक विकास क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिकको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा नेपाल सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधिमा प्राथमिकताका आधारमा सञ्चालन गरिनेछ। प्रमुख रणनीतिक कार्यक्रम तथा आयोजनाको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ :

*तालिका ६ : आर्थिक विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना*

| प्रमुख कार्यक्रम तथा आयोजना | इकाई | आधार वर्ष को अवस्था (२०७७/७८) | योजनाको कूल लक्ष्य | लक्ष्य रकम (रु. हजारमा) | | | | | | प्रति इकाई लागत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | |
| **१. कृषि विकास** | | | | ३०६०० | ३४३३० | ३८०६० | ४१६९० | ४५१७० | १८९८५० | |
| १.१ उत्पादन पकेट तथा कृषि फार्म विकास कार्यक्रम | संख्या | ० | १८ | २५०० | २६०० | २७०० | २८०० | २९०० | १३५०० | ७५० |
| १.२ जैविक मल तथा विषादी प्रवर्द्धन कार्यक्रम | पटक | ० | १० | १८०० | १९०० | २००० | २१०० | २२०० | १०००० | १००० |
| १.३ नमूना कृषि फार्म कार्यक्रम | वटा | ० | १० | १६०० | १८०० | २००० | २२०० | २४०० | १०००० | १००० |
| १.४ बहुउद्देश्यीय कृषि नर्सरी स्थापना र सञ्चालन | संख्या | ० | १० | ४००० | ५००० | ६००० | ७००० | ८००० | ३०००० | ३००० |
| १.५ फलफूल, मसला, औषधिजन्य, जडिबुटी, पुष्पजन्य खेती विस्तार | रोपनी | ० | ५०० | १२०० | १२०० | १२०० | १२०० | १२०० | ६००० | १२ |
| १.६ मत्स्य विकास कार्यक्रम | स्थान | ० | ४ | ४००० | ४२०० | ४४०० | ४६०० | ४८०० | २२००० | ५५०० |
| १.७ चिउरी खेती विकास, प्रवर्द्धन तथा प्रशोधन कार्यक्रम | रोपनी | ० | ५ | ४०० | ५०० | ६०० | ७०० | ८०० | ३००० | ६०० |
| १.८ केरा खेती विकास, प्रवर्द्धन र बजारीकरण कार्यक्रम | रोपनी | ० | १० | ६०० | ७०० | ८०० | ९०० | १००० | ४००० | ४०० |
| १.९ बाँस, निगालो, अम्रिशो रोपण र सामाग्री उत्पादन | परिवार | ० | ६० | ३०० | ४०० | ५०० | ६०० | ६०० | २४०० | ४० |
| १.१० अर्गानिक खेती प्रवर्धन कार्यक्रम | कृषक | ० | १०९ | १००० | १०५० | ११०० | ११५० | ११५० | ५४५० | ५० |
| १.११ लिज खेती प्रवर्द्धन कार्यक्रम | रोपनी | ० | २० | २०० | २२० | २४० | २६० | २८० | १२०० | ६० |
| १.१२ संकलन तथा प्रशोधन केन्द्र स्थापना | स्थान | ५ | ८ | ४००० | ५००० | ६००० | ७००० | ८००० | ३०००० | ३७५० |
| १.१३ कृषि यान्त्रिकीकरणमा अनुदान सहयोग कार्यक्रम | पटक | ० | ५ | ४००० | ४१०० | ४२०० | ४३०० | ४४०० | २१००० | ४२०० |
| १.१४ कृषि प्राविधिक शिक्षा प्रवर्द्धन कार्यक्रम (गौरवका आयोजना) | विद्यालय | १ | १ | ४००० | ४५०० | ५००० | ५५०० | ६००० | २५००० | २५००० |
| १.१५ कृषक, समूह तथा सहकारी क्षमता विकास कार्यक्रम | संख्या | १० | ५४ | ४०० | ५०० | ६०० | ६०० | ६०० | २७०० | ५० |
| १.१६ हाटबजार व्यवस्थापन कार्यक्रम | स्थान | ० | २ | २०० | २१० | २२० | २३० | २४० | ११०० | ५५० |
| १.१७ प्रशासनिक तथा अन्य सालबसाली कार्यक्रम | पटक | ० | ५ | ४०० | ४५० | ५०० | ५५० | ६०० | २५०० | ५०० |
| **२. सिंचाई** | | | | १५००० | १७१०० | १९२०० | २१३०० | २३४०० | ९६००० | |
| २.१ सिंचाई आयोजना पुनर्निमाण | किमि | ० | ५० | ३००० | ३५०० | ४००० | ४५०० | ५००० | २०००० | ४०० |
| २.२ सिंचाई कुलो निर्माण आयोजना | किमि | ९० | १५० | ६००० | ६६०० | ७२०० | ७८०० | ८४०० | ३६००० | २४० |
| २.३ बैकल्पिक सिंचाई प्रवर्द्धन कार्यक्रम | संख्या | ० | ५ | ३००० | ३५०० | ४००० | ४५०० | ५००० | २०००० | ४००० |
| २.४ प्रशासनिक तथा अन्य सालवसाली कार्यक्रम | संख्या | १ | ५ | ३००० | ३५०० | ४००० | ४५०० | ५००० | २०००० | ४००० |
| **३. पशु विकास** | | | | ७७०० | १९८५० | २४५०० | १११५० | १२३०० | ७५५०० | |
| ३.१ नश्ल सुधार तथा पशु उपचार कार्यक्रम | संख्या | १ | ५ | ३००० | ३६०० | ४२०० | ४८०० | ५४०० | २१००० | ४२०० |
| ३.२ उन्नत घाँसेबाली विस्तार र पशु आहार कार्यक्रम | रोपनी | ० | ५०० | २०० | २५० | ३०० | ३५० | ४०० | १५०० | ३ |
| ३.३ व्यवसायिक पशु तथा पन्छीपालन कार्यक्रम | संख्या | १ | १० | ४००० | ४५०० | ५००० | ५५०० | ६००० | २५००० | २५०० |
| ३.४ उन्नत जातको वाखा स्रोत केन्द्र स्थापना | संख्या | ० | १ | | ३००० | ३००० | | | ६००० | ६००० |

| प्रमुख कार्यक्रम तथा आयोजना | इकाई | आधार वर्ष को अवस्था (२०७७/७८) | योजनाको कूल लक्ष्य | लक्ष्य रकम (रु. हजारमा) | | | | | | प्रति इकाई लागत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | |
| ३.५ दुग्ध चिस्यान केन्द्र स्थापना | संख्या | १ | २ | | ३००० | ४५०० | | | ७५०० | ३७५० |
| ३.६ पशु बधशाला तथा मासु वजार विकास कार्यक्रम | संख्या | ० | १ | | ५००० | ७००० | | | १२००० | १२००० |
| ३.७ पशुसेवा सालवसाली कार्यक्रम | पटक | १ | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० |
| **४. उद्योग र व्यापार** | | | | **३१६००** | **३३३००** | **१९८००** | **७१००** | **७६००** | **९९४००** | |
| ४.१ उद्योगको संभाव्यता अध्ययन | पटक | ० | १ | १००० | १२०० | १२०० | | | ३४०० | ३४०० |
| ४.२ कृषि, पशुपंक्षी, वन र खानीजन्य उपज प्रशोधन उद्योग | संख्या | ० | ५ | ४५०० | ५००० | ५५०० | ६००० | ६५०० | २७५०० | ५५०० |
| ४.३ स्थानीय साना उद्यम तथा व्यवसाय राहत कार्यक्रम | संख्या | ० | १०० | १०००० | ८००० | | | | १८००० | १८० |
| ४.४ औद्योगिक ग्राम निर्माण आयोजना (गौरवका आयोजना) | पटक | ० | १ | १०००० | ११००० | १२००० | | | ३३००० | ३३००० |
| ४.५ कोशेली (सौगात) घर सञ्चालन | संख्या | ० | २ | ५००० | ७००० | | | | १२००० | ६००० |
| ४.६ औद्योगिक प्रवर्द्धन कार्यक्रम (प्रदर्शनी, व्यापार मेला, खाद्य प्रदर्शनी, अध्ययन तथा अवलोकन भ्रमण आदी) | पटक | १ | ५ | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | ८०० |
| ४.७ सीप विकास तथा प्रवर्द्धन कार्यक्रम | संख्या | ० | १०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | १५ |
| **५. श्रम तथा रोजगारी** | | | | **६५००** | **६६००** | **६७००** | **६८००** | **६९००** | **३३५००** | |
| ५.१ वेरोजगार र विदेशबाट फर्किएका व्यक्तिको लगत संकलन र अद्यावधिक | पटक | ० | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | २०० |
| ५.२ गाउँपालिका स्तरीय रोजगार योजना तर्जुमा | पटक | ० | १ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | १५०० |
| ५.३ श्रम वैंकको स्थापना र संचालन | पटक | ० | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० |
| ५.४ स्थानीय रोजगार प्रवर्धन कार्यक्रम | पटक | ० | ५ | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० | ३००० |
| ५.५ दक्ष प्राविधिक जनशक्ति उत्पादन कार्यक्रम | जना | २०० | ५०० | १००० | १००० | १००० | १००० | १००० | ५००० | १० |
| ५.६ उद्यमशीलता विकास कार्यक्रम | जना | ० | ४०० | १००० | ११०० | १२०० | १३०० | १४०० | ६००० | १५ |
| **६. बैंक, सहकारी र वित्तीय सेवा** | | | | **२३००** | **२६५०** | **३०००** | **३३५०** | **३७००** | **१५०००** | |
| ६.१ जैविक उत्पादन, प्रसोधन र बजारीकरण सहकारी विकास कार्यक्रम | वटा | ० | २० | ८०० | ९०० | १००० | ११०० | १२०० | ५००० | २५० |
| ६.२ बैंकिङ सेवा विस्तार कार्यक्रम | पटक | १ | ५ | ४०० | ४५० | ५०० | ५५० | ६०० | २५०० | ५०० |
| ६.३ विप्रेषण पुँजी परिचालन कार्यक्रम | जना | ० | ५०० | ५०० | ६०० | ७०० | ८०० | ९०० | ३५०० | ७ |
| ६.४ वेरोजगार उद्यमशिलता विकास कार्यक्रम (कृषि, पशुपालन, उद्योग, पर्यटन, निर्माण व्यवसाय) | जना | ० | ४०० | ६०० | ७०० | ८०० | ९०० | १००० | ४००० | १० |
| **आर्थिक विकास कूल जम्मा** | | | | **९३७००** | **११३८३०** | **१११२६०** | **९१३९०** | **९९०७०** | **५०९२५०** | |

### ४.९.२ प्रमुख कार्यक्रमको स्थानगत तथा आयोजना विवरण

आर्थिक विकास क्षेत्रको प्रमुख कार्यक्रमहरुको स्थानगत तथा आयोजना विवरण देहायअनुसार तालिकामा प्रस्तुत छ :

*तालिका ७ : आर्थिक विकास क्षेत्रको प्रमुख कार्यक्रमको स्थानगत तथा आयोजना विवरण*

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कूल लक्ष्य | अनुमानित स्रोत (रु.हजारमा) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|
| **उद्देश्य १: कृषि विकास** | | | **१८९८५०** | |
| १.१ उत्पादन पकेट तथा कृषि फार्म विकास कार्यक्रम | संख्या | १८ | १३५०० | कृषि फर्मसमेत बाली अनुसार पकेट क्षेत्रको विवरण<br>● वडा नं. १, मा तरकारी पकेट क्षेत्र १<br>● वडा नं. २ तरकारी १, मनभोग/ईन्द्रबेली धानबाली १ र सुन्तला १<br>● वडा नं. ३, तरकारी १<br>● वडा नं. ४ तरकारी १, धान १<br>● वडा नं. ५, तरकारी १, धान १<br>● वडा नं. ६, तरकारी र सुन्तला<br>● वडा नं. ७, तरकारी<br>● वडा नं. ८, मकै १, तरकारी १<br>● वडा नं. ९, मकै १ तरकारी १<br>● वडा नं. १०, तरकारी र सुन्तला |
| १.२ जैविक मल तथा विषादी प्रयोग प्रवर्द्धन कार्यक्रम | पटक | १० | १०००० | नमूना तथा पकेट कृषि क्षेत्र |
| १.३ नमूना कृषि फार्म कार्यक्रम | वटा | १० | १०००० | |
| १.४ बहुउद्देश्यीय कृषि नर्सरी स्थापना र सञ्चालन | संख्या | १० | ३०००० | सुन्तला, आँप, लिची, कटहर लगायतका फलफूलका विउ तथा विरुवा उत्पादन गर्ने |
| १.५ फलफूल, मसलाजन्य व्यवसायजन्य, औषधिजन्य, जडिबुटी, पुष्प वा फूलजन्य खेती विस्तार गर्ने | रोपनी | ५०० | ६००० | टिमुर, लसुन अदुवा, रुद्राक्ष, श्रीखण्ड, शितलचिनी, पाउलोनिया, अगर उड, अन्य जडिबुटी, पुष्प खेती व्यावसायिक खेती तथा उत्पादन गर्ने |
| १.६ मत्स्य विकास कार्यक्रम | स्थान | ४ | २४००० | वडा नम्बर ३, ५, ७, १० मा सञ्चालन गर्ने |
| १.७ चिउरी खेती विकास, प्रवर्द्धन तथा प्रशोधन कार्यक्रम | रोपनी | ५ | ३००० | |
| १.८ केरा खेती विकास, प्रवर्द्धन र बजारीकरण कार्यक्रम | रोपनी | १० | ४००० | |
| १.९ बाँस, निगालो, अम्रिसो रोपण र सामाग्री उत्पादान | परिवार | ६० | २४०० | |
| १.१० अर्गानिक खेती प्रवर्द्धन कार्यक्रम | कृषक | १०९ | ५४५० | |
| १.११ लिज खेती प्रवर्द्धन कार्यक्रम | रोपनी | २० | १२०० | |
| १.१२ संकलन तथा प्रशोधन केन्द्र स्थापना | स्थान | ८ | ३०००० | पकेट क्षेत्रमा तरकारी, फलफूल, मसलाबाली दुध जन्य पदार्थ लक्षित |
| १.१३ कृषि यान्त्रिकीकरणमा अनुदान सहयोग कार्यक्रम | संख्या | १ | २१००० | व्यवसायिक फर्म, कृषि सहकारी तथा कृषक समूहमार्फत् व्यवसायिक |

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कूल लक्ष्य | अनुमानित स्रोत (रु.हजारमा) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|
| | | | | उत्पादनमा सहयोग गर्ने |
| १.१४ कृषि प्राबिधिक शिक्षा प्रवर्धन | विद्यालय | १ | २५००० | वडा नम्बर ५ को चैनपुर |
| १.१५ कृषक, समूह र सहकारी क्षमता विकास कार्यक्रम | संख्या | ५४ | २७०० | |
| १.१६ हाटबजार व्यवस्थापन कार्यक्रम | स्थान | २ | ११०० | |
| १.१७ कृषि विकास सालबसाली कार्यक्रम | पटक | ५ | २५०० | मागको आधारमा |
| **उद्देश्य २: सिंचाई** | | | **९६०००** | |
| २.१ सिंचाई आयोजना पुनर्निर्माण आयोजना | किमि | ५० | २०००० | |
| २.२ सिंचाई कुलो निर्माण आयोजना | किमि | १५० | ३६००० | |
| २.३ बैकल्पिक सिंचाई प्रवर्द्धन कार्यक्रम | संख्या | ५ | २०००० | |
| २.४ सिंचाई विस्तार सालवसाली कार्यक्रम | संख्या | ५ | ३०००० | नियमित कार्यक्रम |
| **उद्देश्य ३: पशु विकास** | | | **७५०००** | |
| ३.१ नश्ल सुधार तथा पशु उपचार कार्यक्रम | पटक | ५ | २१००० | |
| ३.२ उन्नत घाँसेबाली तथा पशु आहार प्रवर्द्धन कार्यक्रम | रोपनी | ५०० | १५०० | १ घाँस नर्सरी सहित सार्वजनिक र निजी जग्गामा कृषि सहकारीमार्फत् प्रवर्धन गर्ने |
| ३.३ व्यावसायिक पशु तथा पन्छीपालन कार्यक्रम | संख्या | १० | २५००० | गाईभैंसी, बाखापालन, बंगुरपालन, कुखुरापालन गर्ने समूह, सहकारी तथा व्यवसायिक फर्ममा केन्द्रित गर्ने |
| ३.४ उन्नत जातको बाखा स्रोत केन्द्र स्थापना | संख्या | १ | ६००० | कृषक समूह/सहकारीमार्फत् सञ्चालन गर्ने |
| ३.५ दुग्ध चिस्यान केन्द्र स्थापना | संख्या | २ | ७५०० | |
| ३.६ पशु बधशाला तथा मासु वजार विकास कार्यक्रम | संख्या | १ | १२००० | |
| ३.७ पशुसेवा सालवसाली कार्यक्रम | पटक | ५ | २५०० | गापास्तरमा |
| **उद्देश्य ४: उद्योग र व्यापार** | | | **९९४००** | |
| ४.१ उद्योगको संभाव्यता अध्ययन | पटक | १ | ३४०० | गाउँपालिका स्तरमा |
| ४.२ कृषि, पशुपंक्षी, वन र खानीजन्य उपज प्रशोधन उद्योग स्थापना | संख्या | ५ | २७५०० | कृषिको २, पशुपंक्षी उपज सम्बन्धी २ र बाँसको १ गरी उपयुक्त ५ स्थानमा स्थापना र सञ्चालन गर्ने |
| ४.३ स्थानीय साना उद्यम तथा व्यवसाय राहत कार्यक्रम | संख्या | १०० | १८००० | |
| ४.४ औद्योगिक ग्राम स्थापना अध्ययन, मिर्माण र सञ्चालन | पटक | १ | ३३००० | वडा नम्बर २, ताल्ती |
| ४.५ कोशेली (सौगात) घर सञ्चालन | संख्या | २ | १२००० | वडा नम्बर ३ को मलेखु र वडा नम्बर ५ को विशालटार |
| ४.६ औद्योगिक प्रवर्द्धन कार्यक्रम (प्रदर्शनी, व्यापार मेला, खाद्य पदर्शनी, अध्ययन तथा अवलोकन भ्रमण आदी) | पटक | ५ | ४००० | |
| ४.७ सीप विकास तथा प्रवर्द्धन कार्यक्रम | संख्या | १०० | १५०० | कृषि, पशुपालन, उद्यम विकासका कार्यहरु |
| **उद्देश्य ५: श्रम तथा रोजगार** | | | **३३५००** | |

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कूल लक्ष्य | अनुमानित स्रोत (रु.हजारमा) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|
| ५.१ वेरोजगार तथा विदेशबाट फर्किएका व्यक्तिको लगत संकलन र अद्यावधिक | पटक | ५ | १००० | |
| ५.२ गाउँपालिका स्तरीय रोजगार योजना तर्जुमा | पटक | १ | १५०० | |
| ५.३ श्रम वैंकको स्थापना र संचालन | पटक | ५ | ५००० | |
| ५.४ स्थानीय रोजगार प्रवर्द्धन कार्यक्रम | पटक | ५ | १५००० | |
| ५.५ दक्ष प्राविधिक जनशक्ति उत्पादन कार्यक्रम | जना | ५०० | ५००० | |
| ५.६ उद्यमशीलता विकास कार्यक्रम | जना | ४०० | ६०० | |
| **५.बैंक, सहकारी र वित्तीय सेवा** | | | **१५०००** | |
| ५.१ जैविक उत्पादन, प्रसोधन र बजारिकरण सहकारी विकास | वटा | २० | ५००० | सहकारीको माध्यमबाट तरकारी, पर्यटन र पशुपालन प्रवर्द्धन गर्ने |
| ५.२ बैंकिङ सेवा विस्तार कार्यक्रम | संख्या | १२ | २५०० | शाखारहित सेवा गापा सबै वडामा |
| ५.३ विप्रेषण पुँजी परिचालन कार्यक्रम | जना | ५०० | ३५०० | वैदेशिक रोजगारीबाट फर्केका वा परिवारलाई लक्षित गर्ने |
| ५.४ वेरोजगार उद्यमशिलता विकास कार्यक्रम (कृषि, पशुपालन, उद्योग, पर्यटन, निर्माण व्यवसाय) | जना | ३०० | ४००० | |
| **आर्थिक विकास जम्मा** | | | **५७९२५०** | |

### ४.९.३ आयोजना तथा कार्यक्रमको साङ्केतीकरण

आवधिक योजना आर्थिक विकास क्षेत्रको लक्ष्य तथा उद्देश्य हासिल गर्न प्रस्तावित कार्यक्रम तथा आयोजनाको स्थानीय रणनीतिक स्तम्भ, दिगो विकास लक्ष्य, दिगो राष्ट्रिय लक्ष्य, प्रदेश समृद्धि, लैंगिक र जलवायु संकेतको विवरण **अनुसूची १** मा प्रस्तुत गरिएको छ

### ४.९.४ अपेक्षित उपलब्धी तथा नतिजा तालिका

गाउँपालिका क्षेत्रमा व्यवसायिक कृषिको विकास, संस्थागत तथा समूहगत क्षमतामा सुदृढीकरण एवं उत्पादन तथा उत्पादकत्व वृद्धि भएको हुनेछ । वडागत रुपमा कृषि, पशुपन्छी, माछा, मौरी लगायतका १८ वटा पकेट क्षेत्रहरु पहिचान तथा निर्धारण गरी आवश्यक सहयोगहरु एकीकृत रुपमा उपलब्ध भएको हुनेछ । गाउँपालिका स्तरमा १ वटा कृषि प्राविधिक शिक्षालयको स्तरोन्नति तथा क्षमतामा सुधार भएको हुनेछ । थप १०० किमि सिंचाई सुविधा विस्तार भएको हुनेछ । गाउँपालिकामा ५ स्थानमा नश्ल सुधार तथा पशु उपचार केन्द्र स्थापना भएको हुनेछ । त्यसै गरी गाउँपालिका क्षेत्रभित्र करिव ५०० रोपनी क्षेत्रफलमा फलफूल, मसलाजन्य तथा व्यवसायजन्य, औषधिजन्य, जडिबुटी, पुष्प वा फूलजन्य खेती विस्तार भएको हुनेछ । गाउँपालिका क्षेत्रमा ८ वटा प्रशोधन उद्योग स्थापना भई सञ्चालनमा आएको हुनेछ । गाउँपालिकाका १ स्थानमा औद्योगिक ग्रामको स्थापना भएको हुनेछ । गाउँपालिकाका ४०० घरपरिवार विभिन्न स्वरोजगार उद्योग, व्यापार, व्यवसायमा संलग्न भएका हुनेछन् । यसबाट गाउँपालिकामा वैदेशिक रोजगारबाट फर्केका तथा अन्य वेरोजगारले कृषि, पशुपालन, उद्योग र निर्माण व्यवसायवाट ५०० जनाले रोजगारी प्राप्त गरेका हुनेछन् । आर्थिक विकास क्षेत्रको नतिजा खाका **अनुसूची २** मा प्रस्तुत गरिएको छ ।

# परिच्छेद पाँच : पर्यटन तथा संस्कृति क्षेत्र

## ५.१ पृष्ठभूमि

संघ, प्रदेश तथा स्थानीय कानून, नीति, योजनाको आधारमा स्थानीय सरकारले योजनाबद्ध तथा विशेष प्रयास गरी मौलिक संस्कृति तथा सभ्यताको संरक्षण तथा सम्बर्द्धन गर्नु पर्ने अभिभारा समेत स्थानीय सरकारको जिम्मेवारीमा रहेको छ । नेपालको पर्यटन नीति २०६५ ले राष्ट्रिय सम्पदाहरूलाई दिगो उपयोगको माध्यमबाट पर्यटकीय क्रियाकलापमा प्रयोग गरी राष्ट्रिय आयमा पर्यटन क्षेत्रको उल्लेख्य मात्रमा वृद्धि गराई जनताको जीवनस्तरमा सुधार ल्याउने लक्ष्य राखेको छ। उपरोक्त संवैधानिक अधिकार क्षेत्र र राष्ट्रिय नीतिलाई मध्यनजर गरी गाउँपालिकाको समग्र विकासको एक अग्रणी क्षेत्रको रुपमा पर्यटन विकास तथा प्रवर्द्धनलाई उत्पादन, रोजगारी र आयवृद्धितर्फ डोऱ्याउन पर्यटन र सांस्कृतिक सम्पदा सम्बन्धी क्षेत्रको सम्भावना, अवसर र विद्यमान अवस्था समेत समस्या तथा चुनौति र चाल्नु पर्ने कदमबारे संक्षिप्त विश्लेषण देहाय अनुसार गरिएको छ ।

## ५.२ पर्यटन तथा संस्कृति

### ५.२.१ विद्यमान अवस्था, सम्भावना तथा अवसर

यस गाउँपालिकामा ७ वटा प्रमुख धार्मिक, ऐतिहासिक एवं पर्यटकीय स्थलहरु रहेको देखिन्छ। खासगरी विशेष सम्भावना भएका क्षेत्रहरुमा पर्यटकीय क्षेत्रका रुपमा त्रिशुली नदी किनारामा ऱ्याफ्टिङ्ग, वडा नम्बर ८ नोहक गुफा, मनकामना मन्दिर र कार्बनचुली डाँडा, वडा नं. १ को ब्रुम्दी, वडा नं. ३ को बागेश्वरी तिनकन्या, वडा नं. ४ को रिचोक डाँडा, वडा नं १० को कोटसमेतका क्षेत्रलाई लिन सकिन्छ । यसका अतिरिक्त यस गाउँपालिका अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता एवं हरियाली पहाडी मनोरम दृश्यद्वारा सुसज्जित छ । यस गाउँपालिकामा रहेका प्राकृतिक मनोरम दृश्य तथा केही मठ मन्दिर तथा गुफाहरू साथै विभिन्न जातजातिहरूको संस्कृति पर्यटक आकर्षणको कारणहरू हुन् ।

गाउँपालिका क्षेत्र भित्र आन्तरिक तथा बाह्य पर्यटकहरूको लागि आवासीय सुविधा रहेका ९ वटा रिसोर्ट तथा करिब ५० वटा होटल तथा खाजा घर सञ्चालनमा रहेका छन् । उल्लेखित होटल, रिसोर्ट तथा रेष्टुरेण्टमा वार्षिक १ लाख भन्दा बढी आन्तरिक तथा बाह्य पर्यटक आउने गरेको देखिन्छ ।

### ५.२.२ समस्या तथा चुनौति

गाउँपालिकाभित्र पर्ने पर्यटकीय स्थल, सम्पदा र उपजको पहिचान, नक्साकंन, संरक्षण र व्यवस्थापन हुन सकेको छैन । महत्वपूर्ण पर्यटकीय क्षेत्र, सम्पदा र उपजलाई ध्यान दिई अत्यावश्यक पूर्वाधार तथा सेवा सुविधा विकास र विस्तार लगायत पर्यटकीय विकास सम्बन्धी स्पष्ट योजना नहुनु समस्याको रुपमा रहेको देखिन्छ । विद्यमान पर्यटकीय सम्पदा, विशेषता, सेवा सुविधाको बारेमा सूचना र प्रचारको कमी रहेको छ ।

बाह्य प्रभावले गर्दा स्थानीय संस्कृति तथा भाषा लोप हुने अवस्थामा पुगेको छ । मौलिक कला संस्कृतिको संरक्षणमा ध्यान पुग्न सकेको छैन । कला तथा संस्कृति संरक्षणको लागि संरचनागत व्यवस्था पनि हुन सकेको छैन ।

### ५.३ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

पर्यटन तथा संस्कृति क्षेत्रको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजनालाई देहाय अनुसार प्रस्तुत गरिएकोछः

#### ५.३.१ सोच

यस गाउँपालिकाको संस्कृति तथा पर्यटन विकास क्षेत्रको सोच देहाय अनुसार रहेको छः

- सांस्कृतिक, कृषि, साहसिक र ग्रामीण पर्यटकीय गन्तव्य

#### ५.४.२ लक्ष्य

यस गाउँपालिकाको संस्कृति तथा पर्यटन विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

- सांस्कृतिक, कृषि तथा ग्रामीण पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने

#### ५.४.३ उद्देश्य

गाउँपालिकाको सांस्कृतिक तथा पर्यटन विकास क्षेत्रको उद्देश्यहरु देहाय अनुसार रहेका छन्:

१. स्थानीय प्राकृतिक, साँस्कृतिक र पर्यटकीय स्थलहरुको संरक्षण, प्रवर्द्धन र पूर्वाधार विकास गर्नु,

२. स्थानीय कला तथा संस्कृतिको संरक्षण तथा सम्बर्द्धन एवं पर्यटकीय सेवा सुविधामा वृद्धि गर्नु ।

#### ५.४.४ रणनीति तथा कार्यनीति

संस्कृति तथा पर्यटन विकास सम्बन्धी लक्ष्य तथा उद्देश्य हासिल गर्न अपाइने रणनीति तथा नतिजा हासिल गर्न निर्धारण भएका रणनीतिक कार्यक्रम तथा आयोजनाहरुमा देहायअनुसारका कार्यनीति अवलम्बन गरिनेछ ।

*तालिका ८ : सांस्कृतिक तथा पर्यटन विकासका लागि लिईने रणनीति तथा कार्यनीति*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: स्थानीय प्राकृतिक, सांस्कृतिक र पर्यटकीय स्थलहरुको संरक्षण, प्रवर्द्धन र पूर्वाधार विकास गर्नु,** | |
| १. पर्यटकीय स्थलको पहिचान नक्साङ्कन, विकास र प्रवर्धन गर्ने | १.१ गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोको प्राथमिकता आधारमा पर्यटन क्षेत्रको पूर्वाधार विकास र सेवा सुविधा अभिवृद्धि लगायतका कार्यहरु चरणबद्ध रुपमा कार्यान्वयन गरिनेछ ।<br>१.२ पर्यटकीय स्थल र सम्पदाको संरक्षण, सम्बर्द्धन गरी पर्यटकीय सेवा सुविधाको विकास र विस्तार गरिनेछ ।<br>१.३ निजी क्षेत्र र समुदायसँग साझेदारीमा पर्यटन विकासका कार्यहरु संचालन गरिनेछ ।<br>१.४ आन्तरिक एवं वाह्य पर्यटन प्रवर्द्धनका लागि पर्यटन महोत्सव लयागतका प्रवर्द्धनात्मक कार्य नियमित रुपमा आयोजना गरिनेछ ।<br>१.५ पर्यटकीय स्थल र सम्पदाको संरक्षण, सम्वर्द्धन गरी पर्यटकीय सेवा सुविधाको विकास तथा विस्तार गरिनेछ । |
| २. पर्यटकीय स्थलको संरक्षण, पूर्वाधार विकास, स्तरोन्नती तथा प्रवर्द्धन गर्ने । | २.१ गाउँपालिकालाई कृषि, औगोद्योगिक र ग्रामीण पर्यटकीय क्षेत्रको रुपमा विकसित गर्न अन्तर सरकार तथा निजी क्षेत्रसँग सहकार्य तथा साझेदारी गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.२ पृथ्वी राजमार्ग क्षेत्रमा होटेल तथा रिसोर्ट लगायतका पर्यटकीय सेवा तथा सुविधा स्तरोन्नती गर्न निजी क्षेत्र र समुदायसँग साझेदारी गरिनेछ ।<br>२.३ निजी लगानीकर्तालाई पर्यटकीय वस्तु, कला तथा पर्यटन पूर्वाधार लगानीमा प्रोत्साहित गरिनेछ ।<br>२.४ आन्तरिक एवं वाह्य पर्यटन प्रवर्द्धनका लागि पर्यटन महोत्सव लयागतका प्रवर्द्धनात्मक कार्य नियमित रुपमा आयोजना गरिनेछ ।<br>२.५ पर्यटकीय स्थल र सम्पदाको संरक्षण, सम्वर्द्धन गरी पर्यटकीय सेवा सुविधाको विकास तथा विस्तार गरिनेछ । |
| ३. पर्यटकीय सम्पदा र सेवाको विशिष्टिकरण गर्ने | ३.१ स्थानीय संस्कृति एवं रितिरिवाजको प्रवर्द्धन सहित होमस्टे कार्यक्रम सञ्चालन गरिने छ ।<br>३.२ कृषि तथा पशुपालन पकेट क्षेत्रजस्ता एकीकृत कृषि फर्म सहित कृषि पर्यटनको विकास र विस्तार गरिनेछ ।<br>३.३ प्राकृतिक, दृश्यावलोकन, धार्मिक, सांस्कृतिक कृषि र ग्रामीण जनजीवनमा आधारित दिगो पर्यटनको विकास गरिनेछ ।<br>३.४ निजी क्षेत्रसँग साझेदारी गरी गाउँपालिकाको संभाव्य पर्यटकीय स्थलहरुमा पर्यटकीय पूर्वाधार लगायत सेवा सुविधा सहित पर्यटन विकास गरिनेछ ।<br>३.५ पर्यटकहरुको गन्तव्य स्थलहरुमा हरियाली सडक, सडक नाली, पार्क, विश्रामस्थल, खानेपानी तथा सरसफाई र सांस्कृतिक कार्यक्रमको उचित प्रबन्ध गरिनेछ ।<br>३.६ गाउँपालिका क्षेत्रभित्रका पर्यटकीय स्थलहरुको सूचना सामाग्री र सचित्र व्याख्या पुस्तिका प्रकाशन गरिनेछ । |
| ४. पर्यटनको विकासको माध्यमद्धारा दिगो रोजगारी सिर्जना र आय वृद्धि गरिनेछ । | ४.१ पर्यटन विकासमा विशेष गरी युवा, महिला र लक्षित वर्गमा रोजगारी सृजना र आय वृद्धि गरिनेछ ।<br>४.२ कृषि, उद्यम र पूर्वाधार विकाससँग एकीकृत गरी पर्यटन विकासको कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४.३ पर्यटन क्षेत्रबाट प्राप्त आय लक्षित समुदायसम्म पुऱ्याउन विकासका कार्यक्रमलाई लक्षित वर्ग र समुदायमा आधारित वनाई गरिनेछ ।<br>४.४ वेनीघाट रोराङको पर्यटकीय र सांस्कृतिक विशेषता र महत्वलाई प्रचार प्रसार पर्यटन प्रवर्द्धन गरिनेछ ।<br>४.५ होटेल व्यवसायको विकास तथा विस्तारमा निजी क्षेत्रसँग सहकार्य पर्यटन सेवा तथा सुविधाको विकास गरिनेछ ।<br>४.६ स्थानीय स्तरमा बाल उद्यान, फन पार्क तथा जलक्रिडा स्थलहरुको विकास गरिनेछ ।<br>४.७ गाउँपालिकामा पर्यटन शाखा स्थापना र संस्थागत विकास गरी पर्यटनको क्षेत्रमा कार्य गर्ने सरकारी, गैर सरकारी र निजी क्षेत्रसँगको सहकार्य र साझेदारीमा अभिबृद्धि गरिनेछ । |
| **उद्देश्य २: स्थानीय कला तथा संस्कृतिको संरक्षण, सम्बर्द्धन एवम् पर्यटकीय सेवा सुविधामा बृद्धि गर्नु** | |
| १. पर्यटन क्षेत्रलाई | १.१ गाउँपालिकामा पर्यटन विकास तथा संस्कृति संरक्षण समिति र कार्यपालिका |

| रणनीति | कार्यनीति |
|---|---|
| गाउँपालिकाको विकासको एक अग्रणी क्षेत्रको रुपमा विकास गर्ने । | कार्यालयमा शाखा गठन गरी पर्यटन विकास, संस्कृति संरक्षण र प्रवर्द्धन सम्बन्धी कार्यहरु व्यवस्थित रुपमा सञ्चालन गरिनेछ ।<br>३.२ स्थानीय संस्कृति, कला तथा रहनसहनलाई पर्यटन विकाससँग आवद्ध गरी संरक्षण र प्रवर्द्धन गरिनेछ ।<br>३.३ पर्यटन विकास र सांस्कृतिक सम्पदा संरक्षणमा लगानी प्रवर्द्धन गरिनेछ ।<br>३.४ पर्यटन तथा संस्कृति प्रवर्द्धनका लागि निजी, समुदाय, विकास साझेदार बीच साझेदारी र सहकार्यमा अभिवृद्धि गरिनेछ ।<br>३.५ सामाजिक सञ्जाल र विद्युत्‍ीय माध्यमहरुवाट व्यापक प्रचार प्रसार गरी पर्यटकीय गन्तव्य स्थलहरुको वारेमा जानकारी गराइनेछ । |
| १. स्थानीय कला तथा संस्कृतिको संरक्षण गरी व्यवसायिकतातर्फ आकर्षित गर्ने । | १.१ स्थानीय कला तथा संस्कृतिको जगेर्ना गर्न कला तथा संस्कृति संवर्द्धन केन्द्रको स्थापना स्थानीय स्तरमा गरिनेछ ।<br>१.२ मातृभाषाको जगेर्ना गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>१.३ भाषिक साहित्यिक कार्यक्रम सञ्चालन तथा पुस्तक प्रकाशन गरिनेछ ।<br>१.४ स्थानीय ज्ञान, संस्कार, संस्कृति संरक्षणको लागि डकुमेन्ट्री बनाई प्रचार प्रसार गरिनेछ ।<br>१.५ गाउँपालिकास्तरमा सांस्कृतिक महोत्सवहरु नियमित रुपमा आयोजना गरिनेछ ।<br>१.६ स्थानीय मौलिक कला, संस्कृति र संस्कारलाई पर्यटन विकासको आधारको रुपमा विकास गरिनेछ ।<br>१.७ गाउँपालिका क्षेत्रभित्रका ऐतिहासिक, पुरातात्विक, धार्मिक, पर्यटकीय सम्पदा, मठ मन्दिर, पाटी पौवा, सत्तल, ढुङ्गेधारा, कुवा पधेरो, दाहसंस्कार गर्ने घाट जस्ता सम्पदाहरुको विस्तृत अध्ययन तथा सर्भेक्षण गरी पुनर्निर्माण तथा संरक्षण कार्यलाई जोड दिइनेछ । |
| २. लोपोन्मुख चेपाङ र तामाङ लगायत जाती र समुदायको स्थानीय कला, संस्कृति, भेषभुषा र सम्पदाको संरक्षण र प्रवर्द्धन गरी पर्यटन विकासको अवसरमा अभिवृद्धि गर्ने । | २.१ स्थानीय युवालाई कला संस्कृति, सोको मौलिकता, संरक्षण र उपयोग बारे अध्ययन अनुसन्धान गर्न अभिप्रेरित गरिनेछ ।<br>२.२ होमस्टे सञ्चालन गरी कला संस्कृतिलाई पर्यटन विकाससँग आवद्ध गरिनेछ।<br>२.३ चेपाङ र तामाङ लगायत अन्य सामुदायको कला, संस्कृति, चलन, भेषभुषाको मौलिक उपयोग बारे प्रकाशन, प्रसारण गरिनेछ ।<br>२.४ प्रदर्शनी र सूचना प्रविधिको प्रयोग गरी कला तथा संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गरिनेछ ।<br>२.५ सिमान्तकृत चेपाङ समुदायको मौलिक कला संस्कृति संरक्षणका लागि सहिद पार्कसँग एकीकृत गरी चेपाङ संग्राहलय स्थापना गर्ने कार्यलाई विशेष प्राथमिकताका साथ सञ्चालन गरिनेछ । |

## ५.५ प्रमुख कार्यक्रम तथा अपेक्षित उपलब्धि

### ५.५.१ प्रमुख कार्यक्रम तथा आयोजना

पर्यटन तथा संस्कृति क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिकको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा नेपाल सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधिमा प्राथमिकता आधारमा सञ्चालन गरिने प्रमुख आयोजना तथा कार्यक्रम देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ :

*तालिका ९ : संस्कृति तथा पर्यटन विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना*

| प्रमुख कार्यक्रम तथा आयोजना | इकाई | आधार वर्ष को अवस्था (०७७/७८) | योजनाको कुल लक्ष्य | लक्ष्य रकम (रु. हजारमा) | | | | | | प्रति इकाई लागत (रु. हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | जम्मा | |
| **१. पर्यटकीय पूर्वाधार, सेवा र सुविधा** | | | | २६२०० | ३३७५० | ३१३०० | ३३८५० | ३६२०० | १६१३०० | |
| १.१ पर्यटन गुरुयोजना तयारी | संख्या | ० | १ | | ५००० | | | | ५००० | ५००० |
| १.२ सहिदस्मृती पार्क र चेपाङ संग्राहलय निर्माण आयोजना | स्थान | ० | १ | १८००० | १९००० | २०००० | २१००० | २२००० | १००००० | १००००० |
| १.३ कृषि पर्यटन कार्यक्रम | स्थान | ० | १० | १८०० | १९०० | २००० | २१०० | २२०० | १०००० | १००० |
| १.४ होमस्टे स्थापना तथा व्यवस्थापन कार्यक्रम | संख्या | ० | ३ | १६०० | १७०० | १८०० | १९०० | २००० | ९००० | ३००० |
| १.५ पर्यटकीय पदमार्ग विकास (महाभारत श्रृंखला) | कि.मि. | ० | ७० | १४०० | २१०० | २८०० | ३५०० | ४२०० | १४००० | २०० |
| १.६ पर्यटकीय पूर्वाधार विकास कार्यक्रम | संख्या | ० | १ | ३००० | ३६०० | ४२०० | ४८०० | ५२०० | २०८०० | २०८०० |
| १.७ प्रशासनिक तथा अन्य नियमित कार्यक्रम | पटक | १ | ५ | ४०० | ४५० | ५०० | ५५० | ६०० | २५०० | ५०० |
| **२. सांस्कृतिक सम्पदा संरक्षण र प्रवर्द्धन** | | | | ३१०० | २८५० | ३६०० | ३३५० | ४१०० | १७००० | |
| २.१ स्थानीय सम्पदा र मौलिक संस्कृति संरक्षण तथा प्रवर्द्धन कार्यक्रम | संख्या | ० | ५ | ४०० | ४५० | ५०० | ५५० | ६०० | २५०० | ५०० |
| २.२ सांस्कृतिक केन्द तथा संग्राहालय स्थापना (भवन, कलाकार प्रोत्साहन, वाद्यवाधन सामाग्री भेषभुसा, अवलोकन भ्रमण आदि) | स्थान | ० | १ | १६०० | १८०० | २००० | २२०० | २४०० | १०००० | १०००० |
| २.३ सम्पदा अध्ययन, अभिलेखन तथा वृत्तचित्र निर्माण | पटक | ० | ५ | ५०० | | ५०० | | ५०० | १५०० | ३०० |
| २.४ धार्मिक क्षेत्र संरक्षण, मेला तथा पर्व व्यवस्थापन | पटक | ० | ५ | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | ६०० |
| **पर्यटन तथा संस्कृति कूल जम्मा** | **संख्या** | ० | | २९३०० | ३६६०० | ३४९०० | ३७२०० | ४०३०० | १७८३०० | |

### ५.५.२ प्रमुख कार्यक्रमको स्थानगत तथा आयोजना विवरण

पर्यटन विकास तथा संस्कृति क्षेत्रको प्रमुख कार्यक्रमहरुको स्थानगत तथा आयोजना विवरण देहायअनुसार तालिकामा प्रस्तुत छ :

*तालिका १० : पर्यटन तथा संस्कृति क्षेत्रको प्रमुख कार्यक्रमको स्थानगत तथा आयोजना विवरण*

| षय क्षेत्रगत अनुसार रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत रकम (रु.) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|
| **उद्देश्य १: पर्यटकीय पूर्वाधार, सेवा र सुविधा** | | | १६१३०० | |
| १.१ पर्यटन गुरुयोजना तयारी | पटक | १ | ५००० | गाउँपालिका स्तर |
| १.२ सहिदस्मृती पार्क र चेपाङ संग्राहलय निर्माण आयोजना | स्थान | १ | १००००० | वडा नम्बर २ को खिर्राघारी |
| १.३ कृषि पर्यटन कार्यक्रम | स्थान | १० | १०००० | कृषि पकेट क्षेत्र अनुसार कृषि व्यवसायसँग आवद्ध गरी सञ्चालन गर्ने |

| षय क्षेत्रगत अनुसार रणनीतिक कार्यक्रम तथा आयोजना | इकाई | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत रकम (रु.) | स्थानगत र कार्यक्रम विवरण |
|---|---|---|---|---|
| १.४ होमस्टे स्थापना तथा व्यवस्थापन | संख्या | ३ | ९००० | वडा नम्बर १ ब्रुम्दी, वडा नम्बर १० कोट र वडा नम्बर ९ नोहक गुफा |
| १.५ पर्यटकीय पदमार्ग विकास (महाभारत श्रृंखला) | कि.मि. | ७० | १४००० | मलेखुबाट सुन्दरनागी, बैकुण्ठ, ब्रुम्दी, च्यात्राक, थुंग्राङ्ग, बाँसखर्क, सोलाभाजा, भालिमटार, नोहक गुफा, रोवाङ्ग, कोट, जवाङ्ग, मौवा खोलासम्म |
| १.६ पर्यटकीय पूर्वाधार विकास कार्यक्रम | पटक | १ | २०८०० | पहिचान भएका पर्यटकीय स्थानहरुमा |
| १.७ प्रशासनिक तथा अन्य निममित कार्यक्रम | पटक | ५ | २५०० | नेपाल सरकार र प्रदेश सरकारको ससर्त अनुदान |
| **उद्देश्य २: सांस्कृतिक सम्पदा संरक्षण र प्रवर्धन** | | | **१७०००** | **उद्देश्य २** |
| २.१ स्थानीय सम्पदा र मौलिक संस्कृति संरक्षण तथा प्रवर्द्धन कार्यक्रम | संख्या | ५ | २५०० | |
| २.२ सांस्कृतिक केन्द तथा संग्राहलय स्थापना (भवन निर्माण प्रोत्साहन, वाद्यवाधन सामाग्री भेषभुसा, अवलोकन भ्रमण आदि) | स्थान | १ | १०००० | तामाङ, चेपाङ, मगर जातजातिको विशिष्ट संस्कृति |
| २.३ सम्पदा अध्ययन, अभिलेखन तथा वृतचित्र निर्माण | पटक | ५ | १५०० | सबै सम्पदा तथा संस्कृति समेट्ने |
| २.४ धार्मिक क्षेत्र संरक्षण, मेला तथा पर्व व्यवस्थापन | पटक | ५ | ३००० | - सूचीकृत धार्मिक क्षेत्र<br>- संरक्षित मेला तथा पर्व |
| **पर्यटन तथा संस्कृति जम्मा** | | | **१७८३००** | - |

### ५.५.३ आयोजना तथा कार्यक्रमको सांकेतिकरण

योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न प्रस्तावित कार्यक्रम तथा आयोजनाको स्थानीय रणनीतिक स्तम्भ, दिगो विकास लक्ष्य, दिगो राष्ट्रिय लक्ष्य, प्रदेश समृद्धि, लैंगिक र जलवायु सांकेतीकरण विवरण **अनुसूची ३** मा प्रस्तुत गरिएको छ ।

### ५.५.४ अपेक्षित उपलब्धी तथा नतिजा तालिका

यस गाउँपालिका क्षेत्रभित्र १० वटा पर्यटकीय स्थलहरुमा पूर्वाधार विकास तथा प्रवर्द्धन भएको हुनेछ । गाउँपालिकामा १०० भन्दा बढी युवा वर्ग पर्यटन व्यवसाय तथा गतिविधिमा तालिम लिई संलग्न भएका हुनेछन् । पर्यटन व्यवसाय तथा विकास कार्यबाट करिब ५०० जनाले प्रत्यक्ष रोजगार पाएका हुनेछन् । यस गाउँपालिकामा वार्षिक २ लाख आन्तरिक तथा वाह्य पर्यटकहरुले भ्रमण गरेका हुनेछन् ।

गाउँपालिका क्षेत्रमा रहेका स्थानीय मौलिक कला, सँस्कृति र सम्पदा बारे अध्ययन तथा अभिलेखन भएको हुनेछ । यस क्षेत्रमा संलग्न श्रष्टाहरुलाई प्रोत्साहन गरिनेछ । स्थानीय कला, भाषा, सस्कृति लगायतका सम्पदाहरुको संरक्षण पर्व, मेला, प्रदर्शनी, शैक्षिक तथा सामाजिक जागरणमार्फत् प्रवर्द्धन गरिएको हुनेछ । पर्यटन विकास तथा संस्कृति क्षेत्रको नतिजा खकाका **अनुसूची ४** मा प्रस्तुत गरिएको छ ।

# परिच्छेद छ : सामाजिक विकास क्षेत्र

## ६.१ पृष्ठभूमि

देशको समग्र विकासका लागि सामाजिक क्षेत्रको विकास मुख्य आधार हो । मुलुकको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको लागि सामाजिक विकासले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । नेपालको संविधान, राष्ट्रिय तथा प्रादेशिक आवधिक योजना, दिगो विकास लक्ष्य, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता र वार्षिक नीति तथा कार्यक्रममार्फत् आर्थिक-सामाजिक रूपान्तरण गर्ने सङ्कल्प पूरा गर्न सामाजिक विकासलाई राष्ट्रिय विकासको महत्वपूर्ण क्षेत्रको रुपमा आत्मसात् गरिएको छ । सामाजिक विकासका माध्यमबाट व्यक्तिको सर्बाङ्गीण विकास गरी असल, योग्य, सक्षम, समतामुलक, प्रतिस्पर्धी र उत्पादनमूलक जनशक्ति तयार गर्ने परिवेश निर्माण गर्दछ । सामाजिक विकास क्षेत्र अन्तरगत शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र युवा तथा खेलकुद जस्ता उप-क्षेत्रहरु समेटिएका छन् ।

नेपालले योजनावद्ध विकास प्रक्रियामा सामाजिक विकास क्षेत्रलाई विगत देखि नै प्राथमिकतामा राखेको छ । वर्तमान संविधानको प्रस्तावना, मौलिक हक तथा राज्य निर्देशक सिद्धान्त तथा नीति अन्तर्गत रहेको व्यवस्थाले सामाजिक क्षेत्रको विकासलाई निर्देशित गरेको छ । नेपालले लिएको दिगो विकास लक्ष्यले गुणस्तरीय शिक्षा तथा स्वास्थ्य, लैङ्गिक समानता, स्वच्छ खानेपानी तथा सरसफाई र असमानता न्यूनीकरणलाई समावेश गरेको छ भने १५ औं राष्ट्रिय योजना तथा बागमती प्रदेशको प्रथम आवधिक योजनाले सामाजिक विकासको क्षेत्रलाई समग्र विकासको आधारस्तम्भका रुपमा प्रस्तुत गरेको देखिन्छ ।

नेपालको संविधानले मौलिक हक अन्तरगत आधारभुत स्वास्थ्य तथा पोषण, माध्यमिक शिक्षा, सामाजिक न्याय तथा समावेशी प्रतिनिधित्व र भाषा तथा संस्कृति संरक्षणको हकलाई प्रत्याभुत गर्दै आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपले पिछडिएको वर्गको हितको लागि विशेष व्यवस्था गरेको छ । अर्कोतर्फ राज्य निर्देशक सिद्धान्त तथा नीति र दायित्व अन्तर्गत सबै वर्ग तथा क्षेत्रको शिक्षा तथा स्वास्थ्यमा पहुँच सुनिश्चितताका लागि निर्देशित गरेको देखिन्छ । वर्तमान १५ औं राष्ट्रिय योजनाले मुलुकको समग्र विकासका लागि समतामूलक सामाजिक, आर्थिक तथा सांस्कृतिक संरचना निर्माण र गुणस्तरीय जीवनयापनका अवसर सृजना गर्ने कुरालाई उच्चतम महत्व दिएको छ । बागमती प्रदेशको प्रथम आवधिक योजनामा पनि सामाजिक विकासलाई विकासको मुख्य चालकका रुपमा लिइएको छ ।

## ६.२ शिक्षा तथा सीप विकास

### ६.२.१ विद्यमान अवस्था, सम्भावना र अवसर

नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने हक जस्ता शिक्षा सम्बन्धी मौलिक हकको प्रत्याभूत गरेको छ । गुणस्तरीय शिक्षामा सबैको पहुँच स्थापित गर्ने दिशामा नेपालले लिएको दिगो विकास लक्ष्य तथा बागमती प्रदेशको पहिलो आवधिक विकास योजनाले लिएको गुणस्तरीय शिक्षा तथा दक्ष जनशक्ति भन्ने शैक्षिक विकास क्षेत्रको दीर्घकालीन सोचले राज्यको ध्यान शिक्षाको

गुणस्तर सुधारमा केन्दित भएको स्पष्ट हुन्छ । यहि कुरालाई मध्यनजर गर्दै बेनीघाट रोराङ्ग गाउँपालिकाले माध्यमिक तहसम्मको शिक्षाको गुणस्तर सुधारमा विगत वर्षदेखि नै विशेष महत्व दिएको छ ।

कुल जनसंख्याको ८३.८८ प्रतिशत जनसंख्या साक्षर रहेको यस क्षेत्रमा शैक्षिक संस्थाका रुपमा २ वटा स्नातक तहका कक्षा सञ्चालन हुने क्याम्पस र ७१ विद्यालय (६६ सामुदायिक विद्यालय र ५ वटा संस्थागत) गरी कुल ७३ वटा शैक्षिक संस्था रहेका छन् । कुल ८२ वटा प्रारम्भिक वाल विकास केन्द्रहरु मध्ये समुदायमा आधारित बाल विकास केन्द्र ३ वटा रहेका छन् । एक वटा विद्यालयमा प्राविधिक धारको कक्षा सञ्चालनमा रहेको यस क्षेत्रमा रहेका सामुदायिक सिकाई केन्द्रको संख्या ४ रहेको छ । एउटा विद्यालयमा विज्ञान विषयमा पठन पाठन हुने गरेको, १ वटा आवासिय विद्यालय सञ्चालनमा रहेको र १ वटा नमुना विद्यालय रहेको छ । कृषि बाली विज्ञान विषयमा कक्षा ११ तथा १२ मा अध्यापन हुने १ वटा विद्यालय रहेको छ ।

कुल शिक्षक दरवन्दी प्राथमिक दरवन्दी १९३, निमावि ३०, मावि १८, बाली विज्ञानतर्फ ८ (प्राविधिक धारतर्फ निमासि २ जना, मासि ६ गरी जम्मा ८ जना) र साविक उमावि ७ गरी कुल २५६ जना र सोही संख्यामा शिक्षक कार्यरत रहेका छन् । माध्यमिक तहमा संघीय सरकारबाट प्राप्त शिक्षण सहयोग अनुदान ९ वटा र निमावि माध्यमिक तहमा संघीय सरकारबाट प्राप्त शिक्षण सहयोग अनुदान ७ वटा रहेको देखिन्छ । माध्यमिक तहमा प्रदेश सरकारबाट प्राप्त शिक्षण सहयोग अनुदान ४ वटा रहेको छ । प्रारम्भिक बाल विकास केन्द्र सहजकर्ता संघीय स्रोतवाट ५० जना र गापा स्रोतवाट ३२ जना गरी ८२ जना कार्यरत रहेका छन् । विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिका नरहेको तथ्य यहाँको सूचनावाट थाहा हुन्छ । यस गा.पा.मा प्रारंम्भिक बाल विकास केन्द्रदेखि कक्षा १२ सम्म अध्ययन गरिरहेको विद्यार्थीको कुल संख्या १००७६ जना रहेको छ । पूर्व प्राथमिक तहको अनुभव सहित कक्षा १ मा भर्ना हुने विद्यार्थी संख्या ७५.४ प्रतिशत रहेको छ ।

सामुदायिक विद्यालयहरु मध्ये ७० प्रतिशत विद्यालयहरुमा आधारभूत तहको खानेपानी तथा शौचालय, ९ वटा माविमा पुस्तकालय तथा विज्ञान प्रयोगशाला, १७ वटा विद्यालयमा अंग्रेजी माध्यममा पठनपाठन, १५ वटा विद्यालयमा इन्टरनेट सुविधा, ९ वटा विद्यालयमा विद्युतीय हाजिरीको स्थापना, ६ वटा विद्यालयमा स्कुल वस सुविधा र प्रारम्भिक बाल विकास केन्द्र देखि कक्षा ५ सम्मका विद्यार्थीलाई दिवा खाजा सुविधा उपलब्ध रहेको छ । स्थानीय पाठ्यक्रम तयारी गर्ने क्रममा रहेको यस क्षेत्रका सबै विद्यालयमा विद्यालय सुधार योजना अद्यावधिक हुने गरेको छ । विद्यालयमा सेनेटरी प्याड उपलब्ध गराउने व्यवस्था र ३ वटा विद्यालयमा विद्यालय नर्स कार्यक्रम कार्यान्वयनमा रहेको छ । शैक्षिक क्षेत्रको विकासका लागि अन्य तहको सरकार तथा विकास साझेदार संस्थाको संलग्नता र स्थानीय सरकारको अग्रसरताका कारण विद्यालय शिक्षामा पहुँच र गुणस्तरमा वृद्धि हुँदै गएको छ ।

बेनीघाट रोराङ्ग गाउँपालिका संघीय राजधानी काठमाण्डौको प्रमुख प्रवेश मार्गमा अवस्थित छ । कृषि तथा पशुपालन, नदीजन्य खनिज र जलयात्रा पर्यटनका लागि परिचित यस गाउँपालिका यातायात तथा सञ्चारको सुविधा, विद्युतीकरण, सरसफाई, स्वाथ्य तथा शिक्षाको क्षेत्रमा अनेकौं सकारात्मक उपलब्धीहरु हासिल भएका छन् । स्नातक तहसम्मको उच्च शिक्षा, आवासिय विद्यालय तथा आधारभूत तहको स्वास्थ्य पूर्वाधार निर्माण हुँदै गएका छन् ।

### ६.२.२ समस्या तथा चुनौति

विद्यालय शिक्षामा सहज पहुँच स्थापित हुँदै गइरहेको यस क्षेत्रमा गुणस्तरीय शिक्षाको क्षेत्रमा प्रर्याप्त अवसरहरु सृजना हुन सकेको छैन । कोभिड १९ को प्रकोपका कारण समग्र शैक्षिक गतिबिधि अस्तव्यस्त भएको छ । सामुदायिक विद्यालयको शैक्षिक उपलब्धी तथा निजी विद्यालयको शैक्षिक उपलब्धीमा समानता हुन सकेको छैन । कुल जनसंख्याको १७ प्रतिशत निरक्षरता रहेको छ । विद्यालयमा १७९ शिक्षक दरवन्दी कम रहेको छ । यस क्षेत्रका ६२ पुस्तकालय तथा विद्यालयमा विज्ञान प्रयोगशालाको कमी रहेको छ । आधारभूत तहका विद्यालयमा पुस्तकालय रहेको छैन । विद्यार्थी निरन्तरता दर, विषयगत शिक्षक, निमावि तथा मावि तहमा शिक्षक विद्यार्थी अनुपात, बालमैत्री तथा अपांगमैत्री सुविधायुक्त कक्षा कोठा, खेलमैदान, व्यवस्थित खानेपानी र सुरक्षित खेल मैदान तथा घेरावारको कमी रहेको छ । करिव ३० प्रतिशत विद्यालयमा स्वच्छ खानेपानी तथा शौचालय सुविधाको कमी रहेको छ ।

यस गाउँपालिकाका ५१ वटा विद्यालयहरुमा विद्युतीय हाजिरी तथा इन्टरनेट सुविधाको अभाव रहेको छ । विद्यालय तथा बाल विकास केन्द्रमा कक्षा कोठा व्यवस्थापन, सिकाइ सामाग्री र शिक्षक तथा बाल विकास सहजकर्ताका लागि तालिमको कमी रहेको छ । विद्यालय नक्साकंनमा कठिनाइ रहेको यस क्षेत्रमा प्राविधिक विद्यालयमा गुरु योजना कार्यान्वयन गर्न स्रोत तथा शिक्षा शाखामा जनशक्तिको कमी रहेको छ । विद्यालय अनुगमन नियमित तथा प्रभाबकारी हुन सकेको छैन । अभिभावक शिक्षा, विद्यार्थी टिकाउदर, शिक्षक नियमितता र विद्यालयमा संगित र खेल शिक्षकको कमी रहेको छ । विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक समितिको बैठकको निरन्तरता तथा सक्रियता अर्को प्रमुख समस्याको रुपमा रहेको छ ।

## ६.३ जनस्वास्थ्य तथा पोषण

### ६.३.१ विद्यमान अवस्था, सम्भावना र अवसर

स्थानीय स्वास्थ्य संस्थावाट उपलब्ध स्वास्थ्य सेवाका अतिरिक्त संघीय राजधानी काठमाण्डौंमा उपलब्ध विशिष्टकृत स्वास्थ्य सेवासंगको  निकटतम भौगोलिक दुरी तथा सडक यातायात सुविधाको कारण सहज पहुँच रहेको छ । यस गाउँपालिकाभित्र स्वास्थ्य संस्थाका रुपमा एउटा राजमार्ग सामुदायिक अस्पताल, ४ वटा स्वास्थ्य चौकी, ४ वटा सामुदायिक स्वास्थ्य ईकाई र ३ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालनमा रहेको छ । बेनीघाट स्वास्थ्य चौकी आधारभूत अस्पतालका रुपमा विकास हुनुको साथै यसलाई आँखा उपचार केन्द्रको रुपमा विकास गर्ने कार्य अगाडि वढाइएको छ । कुल १० स्थानमा वर्थिङ केन्द्र, ३४ खोप केन्द्र तथा २७ वटा गाउँघर क्लिनिक सञ्चालनमा रहेका छन् । स्वास्थ्य संस्थामा कुल स्विकृत दरवन्दी २२ जना रहेकोमा ५२ जना जनशक्ति कार्यरत रहेको यस गाउँपालिकामा ३९ जना महिला स्वास्थ्य स्वयंसेविका कार्यरत रहेका छन् ।

शान्ती नेपाल, एक्सन नेपाल, सुआहारा र हिमालयन हेल्थ केयर लगायतका गैससहरुले स्वास्थ्य क्षेत्रमा योगदान पुर्‍याएका छन । मापदण्ड अनुसारको भवन रहेका स्वास्थ्य संस्थाहरुमा २ वटा स्वास्थ्य चौकी र ३ वटा आधारभूत स्वास्थ्य इकाइ गरी कुल ५ वटा रहेका छन् । स्वास्थ्य संस्थाबाट कुल ७८ प्रकारका औषधी निशुल्क उपलब्ध हुने गरेको छ । स्वास्थ्य संस्थामा सुत्केरी हुने गर्भवती महिलाको संख्या ६७ प्रतिशत, प्रोटोकल अनुसार ४ पटक गर्भ परीक्षण गर्ने ५४ प्रतिशत गर्भवती सुत्केरी र पूर्ण स्तनपान दर ६९ प्रतिशत रहेको छ । स्थानीय स्वास्थ्य संस्थामा उपलब्ध स्वास्थ्य सेवाहरुमा ल्याव, ओपिडी र खोप, पोषण, परिवार नियोजन, आमा सुरक्षा, क्षयरोग, कुष्ठरोग, ग्रामीण अल्टा साउण्ड सेवा, मलेरिया तथा महामारी नियन्त्रण सेवा

उपलब्ध रहेका छन् । गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका एम्बुलेन्सको कुल संख्या ११ रहेको छ । समग्रमा गाउँपालिकाको स्वस्थ्य क्षेत्रका सूचकहरुमा सुधार हुँदै गएको छ ।

### ६.३.२ समस्या तथा चुनौति

स्थानीय स्वास्थ्य संस्थामा मापदण्ड अनुसारको पूर्वाधार र औजार तथा उपकरण लगायत जनशक्ति व्यवस्थापन तथा क्षमता विकासका अवसरको कमी रहेको छ । कुल ३७८५ पाँच वर्ष मुनिका बालबालिका मध्ये ४५० बालबालिकामा कुपोषण रहेको छ । हेल्थपोष्टका २ वटा र सामुदायिक स्वास्थ्य इकाइको ४ वटा भवन सहित खोप केन्द्रका भवनहरु मापदण्डअनुसार निर्माण हुन सकेका छैनन् । प्रोटोकल अनुसारको गर्भपरिक्षण नगर्ने महिला ५२ प्रतिशत रहेको यस क्षेत्रमा घरमै सुत्केरी हुने अभ्यास ३३ प्रतिशत रहेको छ । स्वास्थ्य संस्थामा स्वीकृत दरवन्दी अनुसार रिक्त रहेको ४ जनाको जनशक्ति करारमा पदपुर्ती गर्नु परेको छ । जनचेतनाको कमी, विकट भौगोलिक अवस्थिति र स्वास्थ्यकर्मीको क्षमता विकासका अवसरमा कमीका कारण स्वास्थ्य सेवाको सहज प्रबाह हुन कठिनाइ भएको छ । स्वास्थ्य संस्थामा हस्पिटलजन्य फोहोर व्यवस्थापन, विद्युतिय हाजिरी तथा सिसि क्यामराको स्थापनाको पक्ष ओझेलमा पर्नुको साथै ५ वटा स्वास्थ्य संस्थामा इन्टरनेट सुविधा कमी रहेको छ ।

गरिबी, अन्धविस्वास तथा धामी झाँक्रीको अभ्यास कायमै रहेको यस क्षेत्रमा एम्बुलेन्सको सहज उपलब्धता, नसर्ने रोगको विस्तार र स्वस्थ तथा पोषणयुक्त खानपानको अभ्यासमा कमी रहेको छ । वृद्धि अनुगमनमा नियमितता, नियमित स्वास्थ्य परिक्षणको अभ्यास र स्वास्थ्य बीमाको अभ्यासमा कमी रहेको छ । पाँच वर्ष मुनिका झाडा पखाला संक्रमित बालबालिकामध्ये २२ प्रतिशतमा जलवियोजन रहेको छ भने स्वास प्रस्वास संक्रमण दर ४५८ प्रतिहजार रहेको छ । खोपको कभरेज न्यून रहेको यस क्षेत्रमा डिपिटीको ९१ प्रतिशत, विसिजिको ७८ प्रतिशत, दादुरा ८४ प्रतिशत, निमोनियाको भ्याक्सिनको कभरेज ८९ प्रतिशत रहेको छ । वैकल्पिक स्वास्थ्य पद्धतिका योग तथा आयुर्वेदिक एवं प्राकृतिक चिकित्सा आदि सम्बन्धमा जानकारी तथा अभ्यासमा कमी रहेको छ । कोभिड १९ लगायत महामारी तथा मौसमजन्य रोगको प्रकोप देखिने गरेको छ । सबै वर्गको स्वास्थ्य सेवा सहज पहुँच हासिल गर्न स्वास्थ्य विमाको अभ्यास प्रभावकारी हुन सकेको छैन ।

## ६.४ खानेपानी तथा सरसफाई

### ६.४.१ विद्यमान अवस्था, सम्भावना र अवसर

खानेपानी तथा सरसफाई क्षेत्रमा पछिल्ला दिनमा उल्लेखनीय उपलव्धी हासिल भएका छन् । बागमती प्रदेशको पहिलो आवधिक योजनाले स्वच्छ खानेपानीको आपूर्ती तथा सरसफाईमा सबै घरधुरीहरुको पहुँच पुर्याउने उद्देश्य लिएको देखिन्छ । खानेपानीका स्रोतका रुपमा मुल, खोला र भूमिगत जलस्रोत रहेको यस क्षेत्रमा स्थानीय सरकारले एक घर एक धारा कार्यक्रम कार्यान्वयनमा ल्याएको छ । गाउँपालिकामा खानेपानीमा पहुँच पुगेको घरधुरी संख्या ८७ प्रतिशत रहेको छ भने ९२.४ प्रतिशत घरधुरीमा शौचालय निर्माण भएको देखिन्छ । खुल्ला दिशामुक्त क्षेत्र घोषणा भई सकेको यस गाउँपालिकामा ७ स्थानमा सार्वजनिक शौचालय निर्माण भएको छ । खानेपानी आयोजनाको व्यवस्थापन उपभोक्ता समितिबाट हुने अभ्यास रहेको छ । पछिल्ला दिनहरुमा सरसफाईजन्य आनिबानीमा सचेतना वृद्धि हुनुका साथै तुलनात्मक रुपमा सुधार हुँदै गएको छ ।

### ६.४.२ समस्या तथा चुनौति

स्वच्छ खानेपानीमा आम नागरिकको सहज पहुँच स्थापित हुन नसक्नुका साथै सरसफाईमा सवैको पहुँच स्थापना हुन नसक्नु आफैमा एउटा विडम्वनाको रुपमा रहेको छ । करिव ७.५९ प्रतिशत घरमा शौचालय निर्माण भएको छैन । हाल सम्म १३ प्रतिशत घरपरिवारमा पाइपधाराको पानीमा पहुँच रहेको छैन । स्वच्छ खानेपानी सुविधाको उपलब्धता, खानेपानी परिक्षण र खानेपानीको व्यवस्थापन लगायत खानेपानीको मुहान सफाइ तथा सुरक्षाको अभ्यासमा कमी रहेको छ । खानेपानी तथा सरसफाइ गुरुयोजना तयारी र कार्यान्वयन हुन सकेको छैन । स्वास्थ्य तथा सरसफाइ सम्बन्धी आनीबानीमा कमी रहेको छ ।

नागरिकको बढी जमघट हुने स्थलमा सार्वजनिक शौचालयको निर्माण हुन सकेको छैन भने सार्वजनिक शौचालयको व्यवस्थापनमा कमी रहेको छ । निजी शौचालय सरसफाइ तथा व्यवस्थापनमा कमी रहेको छ । ल्याण्डफिल्ड साइटको स्थापना तथा सञ्चालन हुन सकेको छैन । खानेपानी आयोजनाको संरक्षण तथा दिगोपनामा कमी रहेको छ । घर तथा व्यवसायबाट उत्सर्जन हुने प्लास्टिक तथा सिसाजन्य फोहोर व्यवस्थापनमा कमीका कारण प्रदुषणमा वृद्धि भएको छ । बजार तथा बजारउन्मुख क्षेत्रमा व्यवस्थित ढल निकासको कमी रहेको छ । खानेपानी तथा सरसफाई क्षेत्रको व्यवस्थापनमा निजी तथा सामुदायिक क्षेत्रको योगदान आशातीत हुन सकेको छैन ।

## ६.५ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

### ६.५.१ विद्यमान अवस्था, सम्भावना र अवसर

नेपालको संविधान, राष्ट्रिय तथा प्रादेशिक आवधिक योजनासहित दिगो विकास लक्ष्यले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सबालहरुलाई महत्व दिएको छ । तीनै तहको सरकारले आ-आफ्नो नीति तथा कार्यक्रममा महिला, बालबालिका, जेष्ठ नागरिक, अपांग, दलित, आदिवासी जनजाति, द्वन्द पिडित तथा विपन्न वर्गको लागि सामाजिक न्याय तथा समानताका लागि विशेष व्यवस्था गरेको देखिन्छ । "**जातिय र लैङ्गिक भेदभाव मुक्त समतामूलक, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने**" दीर्घकालीन सोच सहित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७७ तयार भएको बेनीघाट रोराङ गाउँपालिकामा लैङ्गिक अडिटको अभ्यास रहेको छ । गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको प्रवर्द्धनका लागि वार्षिक बजेट, योजना तथा कार्यकममार्फत् विशेष सम्वोधन गर्दै आएको छ ।

गाउँपालिकामा लक्षित वर्ग अन्तरगत अपाङ्ग संजाल तथा बाल संजाल गठन भएको छ । गाउँपालिका भित्र कुल ३५ वटा आमा समूह र १३५ कृषि समूह क्रियाशील रहेका छन् । गैससमार्फत् गठन भएका १०७ वटा महिला समूह कृयाशिल रहेका छन् । महिला हिंसा, वेचविखन, जेष्ठ नागरिक, अपाङ्ग लगायत लक्षित वर्गको हितका लागि कार्यक्रमहरु सञ्चालनमा रहेका छन् । गाउँपालिकाभित्र सञ्चालित महिला सहकारीको कुल संख्या ४ रहेको छ । सबै विद्यालयमा बाल क्लव गठन भएको छ । जेष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन हुने गरेको छ भने सामाजिक सुरक्षा कार्यक्रमले जेष्ठ नागरिकको जीवन सहज हुँदै गएको छ । लक्षित वर्गको क्षेत्रमा काम गर्ने एक्सन नेपाल, प्रयास, सहयात्री, सुआहरा, शान्ती नेपाल जस्ता गैसस रहेका छन् । बालबालिकाका लागि सञ्चालित एक वटा बालगृह रहेको छ । लक्षित वर्गको सहभागिता सबै क्षेत्रमा हुने गरेको छ भने लैगिंक हिंसा, बाल विवाह तथा बहु विवाहमा कमी हुँदै गएको देखिन्छ । लक्षित वर्गका लागि रोजगारी, सीप विकास र सहभागिताका विशेष अवसरहरु रहेका छन् ।

### ६.५.२ समस्या तथा चुनौति

लैंगिक समानता तथा सामाजिक समावेशीकरण र सामाजिक न्यायको क्षेत्रमा हुँदै आएका सकारात्मक प्रयत्न तथा परिवर्तनका बावजुद आर्थिक, सामाजिक तथा राजनीतिक क्षेत्रमा लक्षित वर्गको अर्थपूर्ण सहभागिता छैन । सबै लक्षित वर्ग सञ्जालहरु गठन तथा कृयाशिल हुन सकेका छैनन् । अभिभावक विहिन बालबालिकाको संख्या कुल २८ जना रहेको यस क्षेत्रमा बालमैत्री स्थानीय शासन लागु हुन सकेको छैन । घरेलु हिंसाका घटना व्यापक रुपमा घटने तर बाहिर नल्याउने अभ्यास रहेको छ । कुल २८ जना बालबालिका अभिभावक विहिन रहेका छन् । छुवाछुतको अभ्यास विभिन्न स्वरुपमा कायम रहेको यस क्षेत्रमा आर्थिक सामाजिक रुपमा पिछडिएको क्षेत्रमा अन्धविश्वास तथा गलत सामाजिक अभ्यास व्यापक रहेको छ ।

जेष्ठ नागरिकका लागि जीवन यापनका अवसर तथा मनोरञ्जनका अवसरमा कमी रहेको छ । बालमैत्री, महिलामैत्री तथा अपांगमैत्री पूर्वाधारमा कमी रहेको छ । लक्षित वर्गमा स्वरोजगारीका अवसरमा कमी तथा गरिवीको व्यापकता रहेको छ । बाल हिंसा, महिला हिंसा, जेष्ठ नागरिक हिंसा कायमै रहेको यस क्षेत्रमा बाल विवाह तथा बहु विवाह वाहुल्यता कायमै रहेको छ । लक्षित वर्ग सम्बन्धी महिला, जेष्ठ नागरिक, बालबालिका, हिंसा न्यूनिकरण जस्ता विषयमा कार्यविधि नीति, नियम तयारी हुन सकेको छैन । लक्षित वर्गको क्षमता विकास तथा जनचेतना अभिवृद्धिका कार्यक्रम प्रयाप्त हुन सेकेका छैनन् । पिछडिएको वर्गमा कानून तथा अधिकार सम्बन्धमा जानकारीको कमी रहेको छ । लक्षित वर्गको आत्मनिर्भरताका लागि पर्याप्त अवसरमा कमी रहेको छ ।

## ६.६ युवा तथा खेलकूद

### ६.६.१ विद्यमान अवस्था, सम्भावना र अवसर

नेपालको संविधानले राज्य निर्देशक नीति अन्तरर्गत राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने कुरा उल्लेख गरेको छ । वर्तमान पन्ध्रौं राष्ट्रिय योजनाले स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गर्ने कुरालाई उच्च महत्व दिएको छ । बागमती प्रदेशको पहिलो आवधिक योजनाले युवा उद्यमशिलता तथा रोजगारी अभिवृद्धि गर्ने उद्देश्यका साथ युवालाई आत्मनिर्भरताका अवसरहरु प्रदान गर्ने नीति लिएको देखिन्छ ।

गाउँपालिकास्तर तथा वडास्तरमा खेलकुद प्रतियोगिता आयोजना हुने गरेको छ । युवा क्लवलाई खेलकुद सामाग्री वितरण गर्ने अभ्यास रहेको छ । कुल ९ स्थानमा खेल मैदान रहेको छ भने बेनीघाटमा क्रिकेट मैदान निर्माणधीन रहेको छ । गाउँपालिकाका १० वटै वडामा युवा खेलकुद समिति र १० वटा युवा क्लव कृयाशिल रहेका छन् । युवाका लागि लक्षित गरी राष्ट्रियस्तरमा सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रम यस गाउँपालिकामा सञ्चालनमा रहेको छ । स्थानीय स्तरमा व्यवसायिक कृषिमा संलग्न युवा १२० जना रहेको छ । गाउँपालिकाको नीति तथा कार्यक्रम युवा लक्षित रोजगारीमा आधारित रहेको छ । साथै गाउँपालिकाको राजनीतिक, सामाजिक तथा आर्थिक क्षेत्रमा युवा सहभागिता उल्लेखनीय रहेको छ ।

### ६.६.२ समस्या तथा चुनौति

युवाका लागि लक्षित कार्यक्रमहरु कार्यान्वयन भइ राखेता पनि युवा बेरोजगारी तथा युवा पलायनको प्रवृति व्यापक रहेको छ । युवाका लागि विश्वसनिय र मर्यादित रोजगारीका अवसर तथा प्रोत्साहनमा कमी रहेको छ । युवा बेरोजगारी व्यापकता तथा युवाका लागि अपेक्षित स्वरोजगारीका अवसरमा कमी रहेको छ । बैदेशिक रोजगारीमा युवा आकर्षण वढ्दो छ । खेलकुदमा प्रशिक्षण तथा प्रोत्साहन, खेलमैदान र खेल सामाग्रीको उपलब्धतामा कमी रहेको छ । कृषि तथा उद्यम क्षेत्रमा युवा आकर्षणको कमी रहेको छ । युवा स्वरोजगारीका लागि प्रोत्साहनको व्यवस्था भएता पनि युवा कुलत तथा दुर्वेसन वढ्दै गएको छ । असुरक्षित बैदेशिक रोजगारीको अभ्यास व्यापक रहेको छ । युवा क्लवहरुमा सृजनशिलता तथा रचनात्मक कृयाकलापको कमी रहेको छ । युवालाई आवश्यक परामर्श तथा उत्प्रेरणाको कमी देखिन्छ । राजनीतिक तथा सामाजिक क्षेत्रमा युवा सम्लग्नता र क्रियाशीलताको कमी रहेको छ । युवा उद्यमशीलता प्रवर्द्धन गर्ने कार्यक्रमको प्रभावकारितामा कमी रहेको छ ।

## ६.७ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

गाउँपालिकाको शैक्षिक विकास, स्वास्थ्य तथा पोषण, खानेपानी तथा सरसफाई, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकुद लगायत स्थानीय तहको लागि उपलब्ध आर्थिक अधिकार क्षेत्रको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम तथा आयोजनालाई देहायअनुसार प्रस्तुत गरिएकोछ ।

### ६.७.१ सोच

सामाजिक विकास क्षेत्रको सोच देहायअनुसार रहेको प्रस्तुत छः

⌘ सभ्य, स्वस्थ र सक्षम नागरिक

### ६.७.२ लक्ष्य

सामाजिक विकास क्षेत्रको लक्ष्य देहाय बमोजिम रहेको छ :

- सुसंस्कृत, स्वस्थ्य र उद्यमशीलय मानव संशाधन विकास गर्ने

### ६.७.३ उद्देश्य

गाउँपालिकाको सामाजिक विकास क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

- गुणस्तरीय तथा व्यावसायिक शिक्षामा सबैको सहज एवं समतामूलक पहुँच र निरन्तरता सुनिश्चित गर्नु,
- आरोग्यताको प्रवर्द्धन, स्वास्थ्य सेवा पोषणको अवस्थामा गुणात्मक सुधार गर्नु,
- स्वस्थ्य खानेपानी तथा सरसफाई सुविधाको सहज पहुँच र उपयोगमा बृद्धि गर्नु,
- समतामूलक, समृद्ध र न्यायपूर्ण समाज निर्माणका आधार तयार गर्नु,
- युवा वर्गमा नवप्रवर्तनशीलता तथा व्यावसायिकता प्रवर्द्धन गर्नु,

### ६.७.४ रणनीति तथा कार्यनीति

प्रथम आवधिक योजनाको समष्टिगत लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि सामाजिक विकास क्षेत्रतर्फ देहाय अनुसारका रणनीति तथा कार्यनीतिहरू अवलम्बन गरी रणनीतिक कार्यक्रम कार्यान्वयन गरिनेछ :

*तालिका ११: सामजिक विकासका लागि रणनीति तथा कार्यनीति*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : गुणस्तरीय र व्यावसायिक शिक्षामा सबैको सहज एवं समतामूलक पहुँच र निरन्तरता सुनिश्चित गर्नु** | |
| १. सबैका लागि गुणस्तरीय शिक्षाका अवसर सुनिश्चित गर्न संरचनागत, नीतिगत तथा व्यवहारिक सुधार गर्ने । | १.१ शिक्षण सिकाईलाई प्रभावकारी डिजिटल पाठ्य सामाग्रीको व्यवस्था, शैक्षिक सामाग्री, विद्युतीय पुस्तकालय तथा विज्ञान प्रयोगशालाको स्थापना तथा सञ्चालनलाई विस्तार गर्दै लगिनेछ । <br> १.२ विद्यालय शिक्षक तथा प्रारम्भिक बाल विकास सहजकर्ताको पदपुर्ती, क्षमता विकास तथा प्रोत्साहनलाई पारदर्शी, वैज्ञानिक र बिधि संगत गरिनेछ । <br> १.३ भौगोलिक दुरी टाढा भएका बस्तीका बालबालिका सहित अनाथ तथा अति विपन्न बालवालिकाका लागि आवासिय विद्यालय सञ्चालन गरिनेछ । <br> १.४ सामुदायिक शिक्षामा अभिभावकको सहभागिता बढाउन अभिभावक शिक्षा सञ्चालन गरिनेछ । <br> १.५ विद्यालयका शैक्षिक गतिविधि अनुगमन गरी समयमै सुधार गर्न शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक समिति सहितको स्थानीय विद्यालय अनुगमन संयन्त्र तयार गरी शिक्षाको गुणस्तर सुधारको लागि पृष्ठपोषण र सहजिकरण गरिनेछ । <br> १.६ सीमान्तकृत अल्पसंख्यक चेपाङ/प्रजा समुदायका बालवालिकाहरुलाई माध्यमिक तहसम्मको विद्यालय शिक्षालाई सुनिश्चित गर्ने नीति अवलम्वन गरिनेछ । <br> १.७ विद्यालयमा खेलकुदलाई प्रवर्द्धन गर्न पर्याप्त मात्रामा खेलकुदका सामाग्री व्यवस्था गरिनुका साथै बालबालिकाहरुको प्रतिभा पहिचान र प्रोत्साहनका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन र पुरस्कारको प्रवन्ध गरिनेछ । |
| २. प्रतिस्पर्धी, जीवनोपयोगी तथा बजार अनुकुलको विद्यालय शिक्षा हासिल गर्न आवश्यक आधारहरु तयार गर्ने । | २.१ प्राविधिक विद्यालय सञ्चालनका लागि आवश्यक पूर्वाधार, जनशक्ति तथा सामागीको यथोचित व्यवस्था गरी आवश्यकता अनुसार अन्य विषयमा प्राविधिक धारको कक्षा सञ्चालन गरिनेछ । <br> २.२ असल सिकाइबाट शिक्षामा गुणात्मक सुधार ल्याउन हरेक वडामा लिडर र फिडर विद्यालयको अवधारणा कार्यान्वयन गरिनेछ । <br> २.३ विद्यार्थीलाई कृषि, प्राविधिक ज्ञान, विशिष्ट सीप सम्बन्धमा जानकारी प्रदान गरी प्रयोगात्मक अभ्यास लगायत रचनात्मक कार्यहरु सञ्चालनको व्यवस्था गरिनेछ। <br> २.४ हरेक विद्यालयमा वगैचा स्थापना र वृक्षारोपण तथा संरक्षणको अभ्यास संस्थागत गरिनेछ । <br> २.५ विपद् व्यवस्थापन सम्बन्धी आधारभूत जानकारी र व्यवस्थापन सम्बन्धी अभ्यास तथा सामाग्री वितरण गरिनेछ । <br> २.६ बजारमा माग अनुसारको विषयवस्तुलाई स्थानीय पाठ्यक्रम र पठनपाठनमा समावेश गर्दै लगिनेछ । <br> २.७ सामाजिक, आर्थिक तथा शैक्षिक क्षेत्रमा ख्याती कमाएका उद्यमी, कृषक, कालिगड, ख्याती प्राप्त व्यक्ति तथा सिल्पीहरुसँग साप्ताहिक कार्यक्रम अन्तर्गत अन्तरकृया तथा सीप हस्तान्तरणका अवसर उपलब्ध गराइनेछ । |
| ३. विद्यालयमा आधुनिक विद्युतीय सूचना प्रविधिको विस्तार तथा उपयोगलाई विस्तार | ३.१ विद्यालयमा गुणस्तरीय वैकल्पिक उर्जा, इन्टरनेट सुविधा तथा शिक्षण सिकाईका लागि कम्प्युटर, डिजिटल पाठ्यसामग्री र मल्टिमिडियाको व्यवस्था तथा शिक्षकको आवश्यक क्षमता विकासको वातावरण मिलाइनेछ । <br> ३.२ विद्यालयहरुको अनुगमनमा ई-हाजिरी र सिसि क्यामेरा जडान गरी दैनिक |

| रणनीति | कार्यनीति |
|---|---|
| तथा व्यवस्थित गर्ने | हाजिरी, सूचना प्रवाह र अभिलेख व्यवस्थापनमा सूचना तथा संचार प्रविधि प्रयोग गरिनेछ ।<br>३.३ शिक्षक तथा विद्यार्थीलाई इन्टरनेटको माध्यमबाट अध्ययन, खोज तथा क्षमता विकासका लागि सुशिक्षित तथा अभ्यस्त गराइने छ ।<br>३.४ विद्यालयहरुमा सुविधा सम्पन्न सूचना संचार प्रविधिको उपयोग (ICT) ल्याव तथा विद्युतीय पुस्तकालय स्थापना गर्दै लगिनेछ । |
| ४. विद्यालयको संरचनागत सुधार गरी संस्थागत सक्षमता अभिवृद्धि गर्ने | ४.१ गाउँपालिका भित्रका विद्यालयहरुको नक्साङ्कन, शिक्षक विद्यार्थी अनुपात, शैक्षिक गुणस्तर समेतको अध्ययन गरी विद्यालय समायोजन एवं एकिकरण, कक्षा घटुवा तथा शिक्षक दरवन्दी मिलान गरिनेछ ।<br>४.२ गाउँ शिक्षा योजना तर्जुमा गरी गुणस्तरीय शिक्षाका लागि निदृष्ट लक्ष्यतर्फ शैक्षिक गतिबिधि केन्द्रित गरी आधुनिक विद्युतीय सूचना प्रविधिको पहुँच तथा शिक्षण सिकाई प्रक्रिया यथोचित उपयोगलाई प्रभावकारी गरिनेछ ।<br>४.३ विद्यालय सुधारका लागि स्वमुल्याकन विधि अवलम्बन तथा स्थानीय आवश्यकता अनुसारको शैक्षिक क्यालेन्डर गाउँपालिकाबाट तयार गरी लागु गर्ने परिपाटीको थालनी गरिनेछ ।<br>४.४ बालबालिकालाई सिकाईको सकारात्मक वातावरण तयार गर्न प्रारम्भिक बाल विकास केन्द्रमा सिकाइ कुना निर्माण गरिनेछ ।<br>४.५ बाल क्लव, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको गठनलाई नियमित गरी विद्यालयमा शैक्षिक व्यवस्थापनको वातावरण तयार गरिनेछ ।<br>४.६ बालक्लवहरुको व्यक्तित्व विकासका लागि वालसहभागिता तथा विभिन्न श्रृजनात्मक गतिविधिहरुमा उनीहरुको पहुँच स्थापित गरिनेछ ।<br>४.७ माध्यमिक विद्यालयहरुमा सवारी साधनको क्रमशः व्यवस्था गर्दै लगिनेछ ।<br>४.८ विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालय आउने वातावरण तयार गरिनेछ ।<br>४.९ विद्यालयमा स्वास्थ्य सेवा एवं स्वास्थ्य शिक्षाका लागि १ विद्यालय १ नर्स कार्यक्रमलाई कार्यान्वयन गर्दै लगिनेछ ।<br>४.१० संस्थागत विद्यालयको नियमित अनुगमन, निरीक्षण र नियमनलाई निरन्तरता प्रदान गरिनेछ । |
| ५. विद्यालय शिक्षामा समतामूलक पहुँच स्थापना गर्न औपचारिक शिक्षाका वैकल्पिक अवसरहरु श्रृजना गर्ने । | ५.१ वैकल्पिक शिक्षा तथा समावेशी शिक्षाको लागि शिक्षक, शैक्षिक सामाग्री, प्रशिक्षण, अनुगमन र मूल्याकंनको व्यवस्था गरिनेछ ।<br>५.२ विद्यालयहरुमा अपांगतामैत्री भौतिक संरचना, ह्विल चियर लगायत सहयोगी सामाग्रीको व्यवस्था गरिनेछ ।<br>५.३ निरक्षरता उन्मुलन गर्न अनौपचारिक शिक्षालाई नतिजामुखी वनाइने छ ।<br>५.४ चेपाङ/प्रजा समुदायका बालवालिकाहरुलाई माध्यमिक तहसम्मको विद्यालय शिक्षाको अध्ययनलाई सुनिश्चित गरिनेछ ।<br>५.५ मातृभाषा शिक्षा हासिल गर्ने अवसर प्रदान गर्न आवश्यकता अनुसार चेपाङ, तामाङ भाषामा कक्षा सञ्चालन गर्न पहल गरिनेछ ।<br>५.६ विद्यालयका सबै शिक्षक शिक्षिकाहरु वर्षमा कम्तिमा एक पटक घरदैलो गरी |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | विद्यार्थी अभिभावकसँग अन्तरक्रिया गरिनेछ ।<br>५.७ विद्यालय हाताभित्र हुने कुनै पनि प्रकारको लैंगिकतामा आधारित हिंसालाई निरुत्साहन गरिनेछ । |
| ६. उच्च शिक्षाको गुणस्तर सुधार तथा पहुँच स्थापित गर्न सहकार्य तथा समन्वय गर्ने | ६.१ स्नातक तहको शिक्षाको गुणस्तर सुधार गर्न व्यवस्थापकीय सहयोग तथा पूर्वाधार निमार्णमा आवश्यक पहल गरिनेछ ।<br>६.२ स्नातक तहमा कक्षा सञ्चालन भएका क्याम्पसमा माग अनुसार अन्य संकाय तथा विषयमा पठन पाठनका अवसर तयार गर्न आवश्यक पैरवी गरिनेछ ।<br>६.३ प्राविधिक विषयमा उच्च शिक्षा अध्ययन गर्ने जेहन्दार तथा विपन्न विद्यार्थीलाई गाउँपालिकाबाट सहयोगको व्यवस्था गरिनेछ । |
| **उद्देश्य २ : आरोग्यताको प्रवर्द्धन तथा पोषणको अवस्थामा गुणात्मक सुधार गर्नु** | |
| १. स्वास्थ्य सेवाको विस्तार गरी सर्वसुलभ, सहज र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने | १.१ स्वास्थ्य संस्थालाई सुविधा सम्पन्न गराउन स्वास्थ्य संस्थाको भवन, शौचालय, खानेपानी सुविधा, तारवार र प्रतिक्षालय, औजार तथा उपकरण, औषधी र स्वास्थ्य सामाग्रीको व्यवस्थासँगै भौतिक सुविधाहरु थप गर्दै लगिनेछ ।<br>१.२ विद्यालयहरुमा किशोरकिशोरी स्वास्थ्य शिक्षा र सेनिटरी प्याडको उपलब्धतालाई सहज तुल्याइनेछ ।<br>१.३ योग तथा आयुर्वेद सेवा विस्तार गरी स्वास्थ्य सेवा तथा उपचारलाई प्रभावकारी बनाइनेछ ।<br>१.४ एम्वुलेन्स सेवालाई सहज उपलब्ध गराइ विपन्न तथा असहाय वर्गलाई निशुल्क उपचारको प्रवन्ध मिलाइनेछ ।<br>१.५ स्वास्थ्य संस्थामा ल्याव सेवाको विस्तार र ग्रामीण अल्ट्रा साउण्ड कार्यक्रम विस्तार गर्दै लगिनेछ ।<br>१.६ पूर्ण खोपको सुनिश्चिता तथा संस्थागत सुत्केरीलाई सत प्रतिशत तुल्याउन कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।<br>१.७ जटिल तथा खर्चिला रोगको उपचारलाई सहज तुल्याउन विपन्न वर्गलाई लक्षित गरी कोषको स्थापना गरिनेछ ।<br>१.८ गाउँपालिकामा स्थापना हुने १५ शैयाको अस्पताल निर्माण तथा सञ्चालनलाई छरितो र सहज गराइनेछ ।<br>१.९ कोभिड १९ लगायतका महामारीको रोकथामका लागि आवश्यक पर्ने प्रविधि, औषधि उपकरण, भौतिक पूर्वाधार तथा दक्ष मानव संशाधन व्यवस्थापन कार्यका लागि नेपाल सरकार, बागमती प्रदेश सरकार तथा विकास साझेदारहरु समन्वय र सहकार्य गरिनेछ ।<br>१.१० नागरिक स्वास्थ्य बिमा, आधारभूत तथा आकस्कि स्वास्थ्य सेवामार्फत् आधारभूत स्वास्थ्य सेवामा पहुँच बृद्धि गरिनेछ ।<br>१.११ स्वास्थ्य, पोषण तथा सरसफाई सेवा तथा सुविधामा सरकारी, गैर सरकारी र निजी क्षेत्रको साझेदारीमा जोड दिइनेछ । |
| २. स्थानीय स्वास्थ्य संस्थाको सुदृढिकरण तथा जनशक्ति | २.१ स्वास्थ्य संस्थामा विद्युतीय हाजिरी तथा सिसि क्यामरा लगायत आधुनिक सूचना प्रविधिको उपयोग गरी तथ्याङ्क व्यवस्थापन लगायत सेवा प्रवाहको अनुगमन तथा सुपरिवेक्षण प्रणालीको विकास गरी नियमन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| व्यवस्थापनलाई प्रभावकारी गराउने | २.२ बर्थिङ सेन्टर, खोप केन्द्र, स्वास्थ्य इकाइलाई आवश्यकताको आधारमा विस्तार गरी जनशक्ति थप गरिनेछ ।<br>२.३ स्वास्थ्य संस्थाका पूर्वाधारहरुलाई महिला, बालबालिका, अपाङ्गता तथा ज्येष्ठ नागरिक मैत्री वनाउँदै लगिने छ ।<br>२.४ स्वास्थ्य संस्थाहरुमा आवश्यक जनशक्ति पदपूर्ती, नियमित तालिम तथा अतिरिक्त जिम्मेवारी बहन गर्ने स्वास्थ्यकर्मीलाई विशेष प्रोत्साहन तथा सुविधा उपलब्ध गराउने एवं उत्कृष्ट स्वास्थ्यकर्मी पुरस्कार तथा सम्मान गरिनेछ ।<br>२.५ स्वास्थ्य स्वयम् सेविकाको सुविधा विस्तार गरी स्वास्थ्य तथा पोषण सम्बन्धी जनचेतना विस्तारमा परिचालन गरिनेछ ।<br>२.६ स्वास्थ्य सेवालाई सहज तथा प्रभाबकारी गराउन सामाजिक सञ्जाल तथा मोवाइल एपको उपयोगलाई विस्तार गरिनेछ । |
| ३. स्वस्थ जीवनशैली तथा पोषणको दिगो प्रवर्द्धन गर्न सचेतनामूलक तथा रोकथाममूलक उपाय अवलम्बन गर्ने | ४.१ कुपोषित बालबालिका पहिचान गरी समुदायस्तरमा पोषण पुनर्स्थापना केन्द्र स्थापना गरी बालबालिकाको कुपोषणको अवस्थालाई अन्त्य गरिनेछ ।<br>४.२ पोषणसम्बन्धी जनचेतना अभिवृद्धि गर्न विद्यालय तथा समुदायस्तरमा स्थानीय खानाबाट पोषणको सन्तुलन कायम गर्ने सम्बन्धमा अभिमुखीकरणका गतिविधि सञ्चालन गरिनेछ ।<br>४.३ पाँच वर्ष मुनिका सम्पूर्ण बालवालिकाको नियमित वृद्धि अनुगमन तथा पोषणको अवस्थाको मूल्यांकन गरी सुधार ल्याउन आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>४.४ कुपोषणरहित टोल/वडा सुनिश्चित अभियान तथा सुनौलो हजार दिन कार्यक्रम निरन्तर सञ्चालन गरिनेछ ।<br>४.५ पोषण सम्बन्धी स्वस्थ बानी व्यवहारको प्रवर्द्धन, योग, खेलकुद र शारीरिक व्यायाम समेत समावेश गरी जनस्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन गरिनेछ।<br>४.६ पोषण तथा नवजात शिशुको अत्यावश्यक स्याहारबारे जनचेतना र असल खानपान सम्बन्धी मार्गदर्शन लगायत पोषण सम्बन्धी सूचनामूलक सामाग्रीहरु वितरणको व्यवस्था गरिनेछ ।<br>४.७ स्वास्थ्यकर्मी लगायत महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई मातृ, शिशु तथा बाल्यकालीन पोषण सम्बन्धी तालिमको व्यवस्था गरिनेछ । |
| ४. जनस्वास्थ्यमा गुणात्मक सुधारका लागि व्यवहारिक अभ्यासलाई प्रभावकारी गराउने । | ५.१ टोलस्तरमा स्वास्थ्य, पोषण तथा सरसफाइ समिति गठन गरी स्वास्थ्य, पोषण तथा जीवनशैलीलाई एकीकृत गरी जनस्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ ।<br>५.२ स्वास्थ्य आमा समूह र महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता विकास र सुविधामा सुधार गरी सामुदायिक स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी बनाईनेछ ।<br>५.३ स्वस्थ जीवनशैली तथा नसर्ने रोगको रोकथामका लागि जनसमुदायमा योग, आयुर्वेद, खानपान, जीवनशैली, तनाव व्यवस्थापनबारे सचेतना कार्यक्रम सञ्चलन गरिनेछ ।<br>५.४ स्वास्थ्य विमा कार्यक्रममा सवै नागरिकहरुलाई समाहित गराउने अभियान सञ्चालन गरिनेछ ।<br>५.५ गर्भवती महिला, बालबालिका, अशक्त, र जेष्ठ नागरिकहरुको नियमित स्वास्थ्य जाँचका लागि घर घरमा स्वास्थ्य घुम्ति सेवाको प्रवन्ध गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य ३: गुणस्तरीय खानेपानी सुविधामा सहज पहुँच तथा सरसफाई क्षेत्रको प्रवर्द्धन गर्नु** | |
| १. स्वच्छ खानेपानीमा गाउँवासीको सहज पहुँच कायम गर्ने । | १.१ खानेपानी तथा सरसफाई गुरुयोजना निर्माणका लागि विकास साझेदार निकायहरुसँग हातेमालो गरिनेछ ।<br>१.२ खानेपानी मुहानहरुको पहिचान तथा संरक्षण गरी सबै घरमा एक घर एक धारा कार्यक्रमलाई अन्तर सरकार, गैसस, उपभोक्ता तथा समुदायसँग साझेदारी तथा समन्वय गरी कार्यान्वयन गरिनेछ ।<br>१.३ खानेपानी स्वच्छताको गुणस्तर सुनिश्चित गर्न नियमित गुणस्तर परीक्षण तथा शुद्धिकरणका लागि आवश्यक प्रबन्ध मिलाइनेछ ।<br>१.४ खानेपानी सुविधा उपलब्ध गराइरहेका आयोजनाको दिगोपना, संरक्षण र मर्मतसंभारको लागि उपभोक्तासँग सहकार्य गरिनेछ ।<br>१.५ खानेपानीको गुणस्तर परिक्षण तथा सुधारलाई नियमित कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ । |
| २. टोल, समुदाय तथा व्यक्तिगत तहमा सरसफाई तथा स्वच्छताको प्रवर्द्धन गर्ने। | २.१ खानेपानी तथा सरसफाई गतिबिधिलाई एकीकृत रुपमा सञ्चालन गरी स्वच्छताको प्रवर्द्धन गर्न खानेपानी तथा सरसफाई गुरु योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>२.२ जलस्रोत व्यवस्थापन गुरुयोजना तयार गरी खानेपानी, सिंचाई, विद्युत् र भू तथा जलाधार संरक्षण क्षेत्र समेतको जल उपयोग रणनीति र कार्यक्रम तयार गरिनेछ ।<br>२.३ लोकमार्ग तथा मानिसको अधिक आवत जावत हुने बजार क्षेत्रमा सार्वजनिक शौचालय तथा सार्वजनिक स्थलहरुमा स्वच्छ खानेपानीको व्यवस्था गरिनेछ ।<br>२.४ खुला दिशामुक्त क्षेत्र घोषणालाई पालना गर्दै पुर्ण सरसफाईयुक्त क्षेत्र घोषणाका लागि आधारहरु तयार गरिनेछ ।<br>२.५ जनस्वास्थ्य तथा पूर्ण सरसफाई कार्यक्रमलाई एकिकृत रुपमा सञ्चालन गर्न टोलस्तरमा स्वास्थ्य, पोषण र सरसफाई समिति गठन तथा परिचालन गरिनेछ ।<br>२.६ सरसफाईको प्रवर्द्धन गर्न स्वास्थ्य आमा समूह, आमा/महिला समूह, बाल क्लव र युवा क्लबलाई घरपरिवार र टोल तहमा सरसफाईलाई नियमित अभ्यासको रुपमा सञ्चालन गरिनेछ ।<br>२.७ पानीका मुहान तथा वितरण प्रणालीलाई प्रदुषणवाट जोगाउन घेरावार तथा वाह्य सम्पर्क नहुने गरी पूर्वाधार तयार गरिनेछ ।<br>२.८ स्वच्छ तथा सरसफाई सम्बन्धी जनचेतनामूलक श्रव्य दृष्य सामाग्रीको नियमित प्रकाशन र प्रसारणको व्यवस्था गरिनेछ । |
| ३. फोहोरमैलाको दिगो व्यवस्थापनका लागि पूर्वाधार निर्माण र साझेदारी तथा सहकार्य गर्ने । | ३.१ बजार तथा बजारउन्मुख क्षेत्रको फोहोरको दीर्घकालीन समाधान गर्न उपयुक्त स्थलमा ल्याण्डफिल्ड साइट निर्कौल गरी स्थानीय समुदायको साझेदारीमा व्यवस्थित रुपमा प्रयोगमा ल्याइनेछ ।<br>३.२ लोकमार्ग तथा बजार क्षेत्रमा घरबाट निस्कने फोहोर व्यवस्थापनको लागि लागत साझेदारीमा कम्पोष्ट विन वितरण गरिनेछ ।<br>३.३ स्वास्थ्य, पोषण तथा सरसफाई समिति, टोल विकास संस्था तथा टोल स्तरीय सामुदायिक संस्था परिचालन गरी नियमित अभियानको रुपमा घर गाउँ सरसफाई र फोहोर व्यवस्थापन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३.४ बजार तथा घना बस्ती क्षेत्रमा ढल निर्माण तथा व्यवस्थापन प्रभावकारी रुपमा गरिनेछ ।<br>३.५ प्लास्टिक तथा शिसाजन्य वस्तुको उपयोगलाई निरुत्साहित गर्दै वैकल्पिक वस्तुको उपयोगलाई प्रोत्साहन र पुनः प्रयोग तथा चक्रिय उपयोगका लागि प्रोत्साहित गरिनेछ । |
| ४. वातावरणीय स्वच्छता र सरसफाईलाई सुदृढ तथा संस्थागत गर्न नीतिगत र व्यवहारिक प्रयत्न गर्ने । | ४.१ सार्वजनिक क्षेत्र, सडक किनारा तथा निजी आवासमा हरियाली तथा सौन्दर्य कायम गर्न बगैंचा निर्माण तथा बृक्षारोपणलाई नियमित गरिनेछ ।<br>४.२ वातावरणीय दृष्टिले हानिकारक मानिएको प्लास्टिकजन्य वस्तुको उपयोगलाई दुरुत्साहन गरी वैकल्पिक झोलाको रुपमा कपडा, जुटका झोलाको उपयोगलाई प्रवर्द्धन गरिनेछ ।<br>४.३ सार्वजनिक तथा बजार क्षेत्रको फोहोर संकलन तथा व्यवस्थापनका लागि संस्थागत संयन्त्र तयार गरिनेछ ।<br>४.४ घरमै फोहोरलाई वर्गीकरण र व्यवस्थापन गर्ने सीप तथा अभ्यासलाई टोल टोलमा विस्तार गरिनेछ । |
| **उद्देश्य ४: समतामूलक, समृद्ध र न्यायपूर्ण समाज निर्माणका आधार तयार गर्ने** | |
| १. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई स्थानीय सरकार सञ्चालनको मार्गदर्शक नीतिका रुपमा लिइ विकास प्रक्रियामा आवद्ध गर्ने | १.१ लैससास विश्लेषणमा आधारित योजना तर्जुमा, लैससासको विषयलाई विकास योजना, कार्यक्रम तथा नीतिहरुमा मूलप्रवाहीकरण गर्ने खालका क्षमता विकासका गतिविधिहरुमा विशेष जोड दिइनेछ ।<br>१.२ गाउँ कार्यपालिका, वडा कार्यालय, विषयगत शाखाबाट विभिन्न प्रयोजनका लागि गठन हुने समिति, संस्था तथा संरचनामा सबै वर्गको सहभागिता अर्थपूर्ण बनाइनेछ ।<br>१.३ उपभोक्ता समिति, स्वास्थ्य संस्था तथा विद्यालय व्यवस्थापन समिति, युवा क्लव, स्थानीय विपद् व्यवस्थापन समिति लगायत वडा तथा विषयगत समिति तथा संरचनालाई लैंगिक, सामाजिक रुपमा समावेशी बनाई यिनीहरुको क्रियाशीलतामा अभिवृद्धि गरिनेछ ।<br>१.४ बालबालिका, महिला, एकल महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, आदिवासी जाति, दलित, अति विपन्न तथा जोखिममा रहेका वर्गको गाउँपालिका तथा वडास्तरीय संजाल/समिति गठन गरी क्रियाशील बनाइने छ ।<br>१.५ लक्षित वर्गका अगुवा तथा संजालका पदाधिकारीलाई कानुनी, नीतिगत व्यवस्था तथा अधिकारका सम्बन्धमा तालिम सञ्चालन गरिनेछ ।<br>१.६ लक्षित वर्ग सञ्जालका पदाधिकारीहरुको अधिकार, जिम्मेवारी तथा कार्यदिशा सम्बन्धमा क्षमता अभिवृद्धि गरिनेछ ।<br>१.७ आवश्यक आधारहरु तयार गरी बालमैत्री स्थानीय शासनको कार्यान्वयन गरिनेछ ।<br>१.८ सार्वजनिक धारा, सार्वजनिक यातायात, शौचालय, सडक भवन लगायतका भौतिक पूर्वाधार निर्माणलाई बाल, अपांग, असक्त, जेष्ठ नागरिक मैत्री रुपमा निर्माण गरिनेछ ।<br>१.९ गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति र लैंगिक परीक्षण प्रतिवेदनले औंल्याएका सुझावहरुलाई आवधिक योजना र वार्षिक |

| रणनीति | कार्यनीति |
|---|---|
| | योजनामा समावेश गरी कार्यान्वयन गरिनेछ ।<br>१.१० बालमैत्री स्थानीय शासन कार्यक्रम लागू गरी गाउँपालिकालाई बालमैत्री गाउँपालिकाको रुपमा विकास गरिनेछ ।<br>१.११ भौतिक संरचना निर्माण गर्दा महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र बालबालिकामैत्री रुपमा निर्माण गरिनेछ ।<br>१.१२ अस्पताल, महिला पुनर्स्थापना केन्द्र, खानेपानी आयोजना, सेवा केन्द्र, कृषि पाठशाला, कुटानी पिसानी मिल, महिला सहकारी भवन, स्यानीटरी प्याड विसर्जन स्थल, इन्सिनरेटर र धुवारहित चुल्हो निर्माण र सञ्चालनमा विशेष प्राथमिकता प्रदान गरिनेछ । |
| २. आर्थिक तथा सामाजिक रुपमा पिछडिएको वर्गको क्षमता र आत्मनिर्भरता अभिवृद्धि गर्ने । | २.१ आर्थिक सामाजिक रुपमा पछाडि परेका महिला, अपाङ्गता भएका, दलित, आदिवासी तथा जनजाति र पछाडि परेको वर्गका लागि आयआर्जनका अवसर वृद्धि गर्न तुलनात्मक लाभका क्षेत्रमा उद्यमशिलता तथा सीप विकास सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।<br>२.२ आर्थिक सामाजिक रुपमा पिछडिएको वर्गलाई अधिकारको सम्बन्धमा सचेत तथा जानकार तुल्याउनका लागि क्षमता अभिवृद्धिका अवसर सृजना गरिनेछ ।<br>२.३ स्थानीयस्तरमा सम्भावना भएका तुलनात्मक लाभका दृष्टिकोणले बढी प्रतिफल दिने स्थानीय कच्चा पदार्थमा आधारित वस्तु र सेवा उत्पादन गर्ने व्यवसाय सञ्चालन गर्न लक्षित वर्गलाई ज्ञान, सीप, प्रविधि र प्रोत्साहनको प्रवन्ध गरिनेछ ।<br>२.४ विपन्न तथा आर्थिक सामाजिक रुपले पिछडिएको वर्गका विद्यार्थीलाई केन्द्रित गरी सेवा आयोग तयारी कक्षामा सहभागिताका अवसर सृजना गरिनेछ ।<br>२.५ लक्षित वर्ग सञ्जाल, महिला समूह र बाल क्लवलाई स्थानीय कानून बमोजिम दर्ता गराई सामाजिक सुधारमा क्रियाशील गराइनेछ ।<br>२.६ राजनैतिक, आर्थिक, सामाजिक क्षेत्रमा लक्षित वर्गको अर्थपूर्ण सहभागिता र समान पहुँचका लागि अवसरहरु सिर्जना गरिनेछ । |
| ३. सामाजिक कुप्रथा, विभेद तथा सबै खाले हिंसाको अन्त्य गर्न सचेतना, निगरानी तथा कानूनी उपचारलाई प्रभावकारी गराउने । | ३.१ कुप्रथा तथा सबै खाले हिंसा उन्मुलन सम्बन्धमा लक्षित वर्ग सञ्जालका लागि चेतनामूलक क्षमता विकासका अवसरहरु उपलब्ध गराइनेछ ।<br>३.२ लैङ्गिक हिंसा सम्वन्धी घटनालाई समुदायमा दवावमूलक मेलमिलाप गर्ने पद्धतिलाई अन्त्य गरी कानूनी प्रक्रिया भित्र ल्याउने परिपाटीको विकास गरिनेछ ।<br>३.३ विभिन्न स्वरुपमा लुप्त छुवाछुत तथा विभेदको अन्त्य गर्न धर्म गुरु सहितको सर्वपक्षिय सभा आयोजना गरी छुवाछुतमुक्त गाउँपालिकाको व्यवहारिक कार्यान्वयन गरिनेछ ।<br>३.४ बालविवाह, बहु विवाह, छुवाछुत, दाइजो प्रथा, दुर्व्यवहार र हिंसा जस्ता अमानविय व्यवहारलाई निरुत्साहित गर्न सचेतना, निगरानी, प्रोत्साहन तथा न्यायिक उपचारको माध्यमबाट न्यूनीकरण गर्दै लगिनेछ ।<br>३.५ लैगिक तथा घरेलु हिंसा अन्त्यका लागि महिला समूह, युवा क्लब, बाल क्लव, टोल विकास संस्था, महिला स्वास्थ्य स्वयंसेविका र निगरानी समूहको क्षमता अभिवृद्धि गरी परिचालन गरिनेछ ।<br>३.६ यौन हिंसा तथा यौनजन्य अपराधहरु रोक्न समुदाय तथा किशोरी केन्द्रित |

| रणनीति | कार्यनीति |
|---|---|
| | कार्यक्रमहरु सञ्चालन गरिनेछ । <br>३.७ बालप्रतिभा प्रस्फुटन गराउने खालका कार्यक्रमहरु विद्यालय भित्र र बाहिर सञ्चालन गर्ने वातावारण मिलाईनेछ । <br>३.८ अपाङ्गता भएका व्यक्ति लगायत पिछडिएको वर्गका इच्छुक व्यक्तिलाई सीप, अवसर र सहायक सामाग्री वितरण गरी व्यवसायिक बनाइनेछ । <br>३.९ हिंसा पिडित महिला तथा बालबालिकाहरूका लागि सञ्चालित सुरक्षित आवास गृह निर्माण गरिनेछ । <br>३.१० ज्येष्ठ नागरिक स्वास्थ्य उपचार सहयोग, दिवा सेवा केन्द्र सञ्चालन र मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गरी उत्तरार्धको जीवनयापनलाई सहज गराइनेछ । |
| ४. लक्षित वर्गको सशक्तीकरण तथा हित रक्षाका लागि समुदाय परिचालनलाई प्रभावकारी गराउने । | ४.१ लक्षित वर्ग सञ्जाल लगायत अधिकारमुखी समूह र संजालमार्फत् विपन्न तथा पछाडि परेको समुदाय परिचालनका कार्यक्रम सञ्चालन गरिनेछ । <br>४.२ समुदाय परिचालनमार्फत् दलित, एकल महिला, ज्येष्ठ नागरिक र पछाडि परेको समुदायको अधिकार सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । <br>४.३ सामाजिक सुरक्षा कार्यक्रमलाई सर्वसुलभ र सेवाग्राहीमैत्री बनाउन जानकारी तथा सहजिकरण गरिनेछ । <br>४.४ समुदाय परिचालनको लागि गाउँपालिका स्तरमा क्रियाशील गैर सरकारी संस्था तथा नागरिक समाज संस्थाहरुसँग साझेदारी र सहकार्य गरिनेछ । |
| **उद्देश्य ५: युवा स्वरोजगार तथा खेलकुद क्षेत्रको प्रवर्द्धन गर्नु** | |
| १. युवा केन्द्रित सीप विकास, प्रोत्साहन र स्वरोजगारीका अवसरको सृजना गरी युवा व्यवसायिकताको अभिवृद्धि गर्ने । | १.१ बेरोजगार युवाको सूची तथा व्यक्तिगत चाहाना सहितको विवरण, क्षमता र योग्यता तथा बजारको माग अनुसारका क्षेत्रमा स्वरोजगारीका अवसर सृजना गरिनेछ । <br>१.२ युवालाई व्यवसायी गराउन तुलनात्मक लाभ तथा रोजाइका क्षेत्र पहिचान गरी सीप विकास तथा प्रोत्साहनका अवसर प्रदान गरिनेछ । <br>१.३ स्थानीय सामुदायिक संस्था तथा समिति, वस्ती तहको योजना तर्जुमा तथा उपभोक्ता समितिमा युवालाई प्रमुख भूमिका प्रदान गरी विकास कार्य सञ्चालन, रेखदेख र सहजिकरणका लागि अग्रसर गराइनेछ । <br>१.४ युवा लक्षित संघीय तथा प्रादेशिक कार्यक्रम एवं संघ/संस्थाका कार्यक्रमसँग एकीकृत गरी युवा सम्बन्धी विशेष कार्यक्रम संचालन गरिनेछ । <br>१.५ युवा उद्यमीलाई प्रतिफल तथा उपलब्धीका आधारमा सहज कर्जाको व्यवस्था गरिनेछ । |
| २. युवा वर्गमा अग्रसरता, नवप्रर्वतन तथा उद्यमशिल संस्कृतिको विकास गर्ने | २.१ स्थानीय युवा समूह, युवा क्लब तथा संजाललाई सामाजिक रुपान्तरणका क्षेत्रमा परिचालन गरिनेछ । <br>२.२ राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा ख्याती कमाएका तथा सफलता हासिल गरेका युवाहरुका अनुभव स्थानीय युवाहरु माझ आदान प्रदान गरी सत्मार्गमा जान अभिप्रेरित गर्ने अवसर उपलब्ध गराइनेछ । <br>२.३ युवा उद्यमशिलता अभिवृद्धि गर्न संघीय र प्रादेशिक कार्यक्रमसँग तादम्यता मिलाई स्थानीय स्तरमा युवा उद्यमी र उद्यमशिलता विकास गरिने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.४ लागु पदार्थ दुर्व्यसन विरुद्ध सचेता बढाउने तथा संभावित ठाउँहरुमा निगरानी समूह परिचालन गरी दुर्व्यसन विरुद्ध आम प्रतिवद्धता र दुव्यर्सनबाट उन्मुक्ती दिलाउन पुनर्स्थापना केन्द्रमा राख्ने प्रवन्ध गरिनेछ ।<br>२.५ युवा प्रतिभा पहिचान तथा प्रोत्साहनका लागि विद्यालयस्तरदेखि नै प्रतिभावान युवाको विवरण तयार गरिनेछ । |
| ३. खेल क्षेत्रका विकासमा पूर्वाधार, क्षमता विकास र खेलाडीलाई उचित अवसर तथा प्रोत्साहनका अवसर उपलब्ध गराउने | ३.१ गाउँपालिका स्तरमा रंगशाला तथा कवर्ड हल निर्माण र वडास्तरमा एक वडा एक खेल मैदान सहितको सहायक पूर्वाधारको विस्तार गरिनेछ ।<br>३.२ खेलाडीहरुमा प्रतिस्पर्धी तथा उच्चस्तरको खेल क्षमता विकास हुने गरी खेलकुद प्रशिक्षण तथा खेल सामाग्रीको आवश्यक प्रवन्ध गरिनेछ ।<br>३.३ स्थानीय युवालाई खेलकुद प्रतियोगितामा सहभागि हुन प्रोत्साहन तथा नियमित कार्यक्रमको व्यवस्था मिलाइनेछ ।<br>३.४ राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता, अन्तर स्थानीय तह र पालिकास्तरमा खेलकुद प्रतियोगिता वार्षिक रुपमा संचालन गरिनेछ ।<br>३.५ खेलकुद प्रतियोगिताहरु आयोजना गरी खेलकुदलाई नियमित र व्यवसायमूलक बनाइनेछ ।<br>३.६ "स्वास्थ्यका लागि खेलकुद : खेलकुदका लागि स्वास्थ्य" भन्ने मुल सन्देशलाई साकार पार्न युवाहरुलाई लक्षित गरी वडास्तरमा युवा तथा खेलकुद विकास समितिलाई थप क्रियाशील बनाउँदै गाउँपालिकाका स्तरीय खेलकुद विकास समिति गठन गरी खेलकुद प्रवर्द्धन गरी युवा सशक्तिकरण र परिचालन प्रवर्द्धन गरिनेछ । |

## ६.८ प्रमुख कार्यक्रम तथा अपेक्षित उपलब्धी

### ६.८.१ प्रमुख कार्यक्रम तथा आयोजना

आवधिक योजनाले तय गरेको नतिजा हासिल गर्न गाउँपालिकाको आफै, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र, गैसस, प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधिमा प्राथमिकता आधारमा सामाजिक विकास क्षेत्रमा देहाय अनुसारको रणनीतिक कार्यक्रम सञ्चालन गरिनेछ :

*तालिका १२ : सामाजिक विकासका लागि सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना*

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्ष (०७६/७७) | योजनाको कुल लक्ष्य | लक्ष्य रकम (हजारमा) | | | | | | प्रति एकाइ लागत (रु. हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | |
| **उद्देश्य १ : शिक्षा तथा सीप विकास** | | | | ४८६०० | ५२२०० | ५५८०० | ५९४०० | ६२३८४ | २७८३८४ | |
| १.१ विद्यालय पूर्वाधार नवनिर्माण कार्यक्रम | पटक | ५ | ५ | १६००० | १८००० | २०००० | २२००० | २४००० | १००००० | २०००० |
| १.२ विद्यालय पूर्वाधार स्तरोन्नति कार्यक्रम | पटक | १ | ५ | ८००० | ९००० | १०००० | ११००० | १२००० | ५०००० | १०००० |
| १.३ आवासिय विद्यालय कार्यक्रम | संख्या | ० | ३ | ४००० | ४५०० | ५००० | ५५०० | ६००० | २५००० | ८३३३ |
| १.४ विद्यालय संरचनागत सुधार कार्यक्रम | पटक | १ | ५ | १६०० | १६०० | १६०० | १६०० | १६०० | ८००० | १६०० |
| १.५ प्रारम्भिक बाल विकास कार्यक्रम | पटक | १ | ५ | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० | ३००० |
| १.६ विद्यालय सूचना प्रविधि प्रवर्द्धन कार्यक्रम (गौरवका आयोजना) | विद्यालय | ० | ६६ | १००० | १००० | १००० | १००० | १००० | ५००० | ७६ |
| १.७ लिडर फिडर विद्यालय कार्यक्रम | संख्या | ० | २ | १००० | १००० | १००० | १००० | १००० | ५००० | २५०० |
| १.८ शैक्षिक गुणस्तर सुधार कार्यक्रम | पटक | १ | ५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | १५०० |
| १.९ विद्यालय जनशक्ति व्यवस्थापन कार्यक्रम | पटक | १ | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० |
| १.१० विद्यालय दिवा खाजा कार्यक्रम | विद्यालय | ० | ६६ | ४२०० | ४३०० | ४४०० | ४५०० | ३९८४ | २१३८४ | ३२४ |
| १.११ व्यवहारिक, व्यावसायिक र जीवनउपयोगी शिक्षा कार्यक्रम | पटक | ० | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० |
| १.१२ प्राविधिक शिक्षा प्रवर्द्धन कार्यक्रम | पटक | ० | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० |
| १.१३ उच्च शिक्षा प्रवर्द्धन कार्यक्रम | पटक | ० | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० |
| १.१४ विद्यालय पोषण कार्यक्रम | पटक | १ | ५ | २००० | २००० | २००० | २००० | २००० | १०००० | २००० |
| १.१५ शैक्षिक अध्ययन तथा अनुसन्धान कार्यक्रम | पटक | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | १०० |
| १.१६ सृजनात्मक कला प्रवर्द्धन कार्यक्रम | पटक | ० | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० |
| १.१७ शिक्षा शाखा व्यवस्थापन तथा सुदृढीकरण कार्यक्रम | पटक | १ | ५ | १२०० | १२०० | १२०० | १२०० | १२०० | ६००० | १२०० |
| १.१८ अन्य नियमित कार्यक्रम | पटक | १ | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० |
| **उद्देश्य २: स्वास्थ्य तथा पोषण** | | | | **६९६००** | **७११००** | **७३१००** | **७५३००** | **७६६००** | **३६५७००** | |
| २.१ स्वास्थ्य संस्था स्तरोन्नति तथा पूर्वाधार विकास कार्यक्रम | पटक | ० | ५ | ३०००० | ३०००० | ३०००० | ३०००० | ३०००० | १५०००० | ३०००० |
| २.२ स्वास्थ्य संस्था तथा संरचना सुदृढीकरण कार्यक्रम | संख्या | २३ | २३ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | ३२६ |
| २.३ आपतकालीन र उपचार सरसामाग्री व्यवस्थापन कार्यक्रम | संस्था | २३ | २३ | ६९०० | ६९०० | ६९०० | ६९०० | ६९०० | ३४५०० | १५०० |
| २.४ स्वास्थ्य शिक्षा, सचेतना तथा अनुसन्धान कार्यक्रम | पटक | ० | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० |
| २.५ स्वास्थ्य संस्था जनशक्ति व्यवस्थापन कार्यक्रम | पटक | ० | ५ | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | ४०० |
| २.६ आइसोलेसन वार्डसमेत अस्पताल निर्माण (गौरवका आयोजना) | संख्या | ० | १ | १२००० | १३००० | १४००० | १५००० | १५००० | ६९००० | ६९००० |
| २.७ पोषण सुधार कार्यक्रम | पटक | ० | ५ | १२०० | १२०० | १२०० | १२०० | १२०० | ६००० | १२०० |
| २.८ पोषण तथा जनस्वास्थ्य सेवा प्रवर्द्धन कार्यक्रम | पटक | ० | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० |
| २.९ विशेष स्वास्थ्य सेवा कार्यक्रम | पटक | ० | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्ष (०७६/७७) | योजनाको कुल लक्ष्य | लक्ष्य रकम (हजारमा) | | | | | | प्रति एकाइ लागत (रु. हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | |
| २.१० मातृशिसु तथा गर्भवती स्याहार कार्यक्रम | पटक | १ | ५ | २००० | १५०० | १५०० | १५०० | १५०० | ८००० | १६०० |
| २.११ नसर्ने रोग नियन्त्रण तथा स्तन र पाठेघरको क्यान्सर स्क्रिनिङ्ग | स्थान | ० | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० |
| २.१२ आरोग्यता तथा स्वास्थ्य आचरण प्रवर्द्धन कार्यक्रम | पटक | ० | ५ | १२०० | १३०० | १४०० | १५०० | १६०० | ७००० | १४०० |
| २.१३ मानसिक स्वास्थ्य सचेतना तथा परामर्श कार्यक्रम | पटक | ० | ५ | ८०० | ६०० | ४०० | ३०० | ३०० | २४०० | ४८० |
| २.१४ जनस्वास्थ्य प्रवर्द्धन मेडिया परिचालन कार्यक्रम | पटक | ० | ५ | ५०० | ६०० | ७०० | ८०० | ९०० | ३५०० | ७०० |
| २.१५ जनस्वास्थ्य नीति सम्बाद कार्यक्रम | पटक | ० | ५ | ५०० | ४०० | ३०० | ३०० | ३०० | १८०० | ३६० |
| २.१६ सडक दुर्घटना नियन्त्रण र पुनर्स्थापना केन्द्र (गौरवका आयोजना) | संख्या | ० | १ | ५००० | ६००० | ७००० | ८००० | ९००० | ३५००० | ३५००० |
| २.१७ लागु पदार्थ दुर्व्यसन, धुमपान, मद्यमान र सूर्तीजन्य पदार्थ सेवा नियन्त्रण तथा उपचार कार्यक्रम | पटक | ० | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० |
| २.१८ योग, आयुर्वेद तथा वैकल्पिक चिकित्सा प्रवर्द्धन कार्यक्रम | पटक | ० | ५ | १२०० | १३०० | १४०० | १५०० | १६०० | ७००० | १४०० |
| २.१९ स्वास्थ्य बीमा प्रवर्द्धन कार्यक्रम | पटक | ० | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० |
| २.२० कोभिड १९ लगायतका महामारीको जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ सम्बन्धी सचेतना कार्यक्रम | पटक | १ | ५ | १२०० | १२०० | १२०० | १२०० | १२०० | ६००० | १२०० |
| २.२१ अन्य सालवसाली कार्यक्रम | पटक | | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | २०० |
| **उद्देश्य ३: खानेपानी तथा सरसफाई** | | | | **२७८५०** | **३२८५०** | **३७८५०** | **४२८५०** | **४७८५०** | **१८९२५०** | |
| ३.१ एक घर एक धारा कार्यक्रम (गौरवका आयोजना) | घरपरिवार | ३५०० | ३००० | २०००० | २५००० | ३०००० | ३५००० | ४०००० | १५०००० | ५० |
| ३.२ खानेपानी आयोजना मर्मत संभार | आयोजना | १० | ५८ | ७००० | ७००० | ७००० | ७००० | ७००० | ३५००० | ६०३ |
| ३.३ खानेपानी गुणस्तर परीक्षण तथा सुधार | पटक | ० | ५ | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | ४०० |
| ३.४ सरसफाई सचेतना कार्यक्रम | पटक | ० | ५ | १५० | १५० | १५० | १५० | १५० | ७५० | १५० |
| ३.५ फोहोर व्यवस्थापन कार्यक्रम | पटक | १ | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | २०० |
| ३.६ अन्य सालवसाली कार्यक्रम | पटक | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | १०० |
| **उद्देश्य ४: लैङ्गिक समानता र समाजिक समावेशीकरण** | | | | **११९४०** | **१३०४०** | **१११४०** | **८३४०** | **८३४०** | **५२८००** | |
| ४.१ महिला स्वरोजगार प्रवर्द्धन कार्यक्रम | जना | १ | १००० | १२०० | १२०० | १२०० | १२०० | १२०० | ६००० | ६ |
| ४.२ दलित स्वरोजगार कार्यक्रम | जना | ० | ४४० | ५४० | ५४० | ५४० | ५४० | ५४० | २७०० | ६ |
| ४.३ चेपाङ तथा अन्य पिछडिएको वर्ग रोजगार कार्यक्रम | जना | ० | ५२० | ७०० | ७०० | ७०० | ७०० | ७०० | ३५०० | ७ |
| ४.४ अपाङ्गता भएका व्यक्ति स्वरोजगार र आत्मनिर्भरता कार्यक्रम | जना | ० | ३० | ४०० | ४०० | ४०० | ५०० | ४०० | २१०० | ७० |
| ४.५ लैङ्गिक हिंसा तथा घरेलु हिंसा न्यूनीकरण कार्यक्रम | पटक | १ | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० |
| ४.६ सामाजिक विभेद तथा कुरिती निरुपण कार्यक्रम | पटक | १ | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० |
| ४.७ सेफ हाउस तथा वृद्धाश्रम सञ्चालन आयोजना | संख्या | ० | १ | ४००० | ५००० | ३००० | | | १२००० | १२००० |
| ४.८ जेष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालन | संख्या | ० | ८ | १००० | १००० | १००० | १००० | १००० | ५००० | ६२५ |
| ४.९ बालमैत्री स्थानीय शासन कार्यक्रम | पटक | १ | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्ष (०७६/७७) | योजनाको कुल लक्ष्य | लक्ष्य रकम (हजारमा) | | | | | | प्रति एकाइ लागत (रु. हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | |
| ४.१० लक्षित वर्ग सञ्जाल सशक्तीकरण तथा परिचालन | पटक | १ | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | १०० |
| ४.११ चेपाङ समुदाय उत्थान कार्यक्रम (गौरवका आयोजना) | पटक | ० | १ | १००० | ११०० | १२०० | १३०० | १४०० | ६००० | ६००० |
| ४.१२ प्रशासनिक तथा अन्य नियमित कार्यक्रम | पटक | १ | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० |
| **उद्देश्य ५ : युवा तथा खेलकुद** | | | | **७६००** | **७६००** | **७६००** | **७६००** | **७६००** | **३८०००** | |
| ५.१ युवा स्वरोजगार कार्यक्रम | जना | २०० | १००० | १४०० | १४०० | १४०० | १४०० | १४०० | ७००० | ७ |
| ५.२ एक वडा एक खेल मैदान कार्यक्रम | संख्या | ० | १० | २००० | २००० | २००० | २००० | २००० | १०००० | १००० |
| ५.३ खेलकुद प्रवर्द्धन कार्यक्रम | पटक | ० | ५ | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० | ३००० |
| ५.४ युवा उत्प्रेरणा कार्यक्रम | पटक | ० | ५ | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० | ४०० |
| ५.५ प्रतिभावान युवा प्रोत्साहन कार्यक्रम | पटक | ० | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | २०० |
| ५.६ प्रशासन तथा अन्य नियमित कार्यक्रम | पटक | ० | ५ | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | ६०० |
| **सामाजिक विकासको कुल जम्मा** | | | | **१६५५९०** | **१७६७९०** | **१८५४९०** | **१९३४९०** | **२०२७७४** | **९२४१३४** | |

## ६.८.२ प्रमुख कार्यक्रमको स्थानगत तथा आयोजना विवरण

सामाजिक विकास क्षेत्रको प्रस्तावित प्रमुख कार्यक्रमको स्थानगत तथा आयोजना विवरण देहायअनुसा तालिकामा प्रस्तुत गरिएको छ :

*तालिका १३ : सामाजिक विकास क्षेत्रको प्रमुख कार्यक्रमको स्थानगत तथा आयोजना विवरण*

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य | अनुमानित रकम (रु. हजारमा) | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|
| **उद्देश्य १: शिक्षा तथा सीप विकास** | | | २७८३८४ | |
| १.१ विद्यालय पूर्वाधार नवनिर्माण कार्यक्रम | पटक | ५ | १००००० | - विद्यालयमा १२८ कोठाको भवन निर्माण<br>- वाँसखर्क मावि र हर्कपुर माविमा विज्ञान प्रयोगशाला निर्माण<br>- मावि तथा निमावि गरी १५ विद्यालयमा विद्युतिय पुस्तकालय थप<br>- सबै विद्यालयमा मापदण्ड अनुरुपको घेरावार निर्माण |
| १.२ विद्यालय पूर्वाधार स्तरोन्नति कार्यक्रम | पटक | ५ | ५०००० | - सबै विद्यालयमा विद्यालयको खेल मैदान स्तरोन्नति<br>- ५१ विद्यालयमा बालमैत्री तथा अपांगमैत्री शौचालयको निर्माण<br>- ६० कोठाको भवन स्तरोन्नति |
| १.३ आवासिय विद्यालय सञ्चालन | संख्या | ३ | २५००० | - वडा १, २ र ८ मा आवासिय विद्यालय स्थापना |
| १.४ विद्यालय संरचनागत सुधार कार्यक्रम | पटक | ५ | ८००० | - सबै विद्यालयमा प्राथमिक उपचार सामाग्री व्यवस्था<br>- सबै विद्यालय व्यवस्थापन खर्च |

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य | अनुमानित रकम (रु. हजारमा) | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|
| | | | | - स्वच्छ खानेपानीको व्यवस्थापन<br>- सबै माविमा विद्यालय नर्स कार्यक्रम सञ्चालन<br>- सबै माविमा एक एक वटा गरी १० वस थप<br>- प्रारम्भिक बाल विकास केन्द्रमा सिकाइ कुना निर्माण<br>- मावि तथा निमावि (१५) विद्यालयमा विज्ञान प्रयोगशाला र विद्युतिय पुस्तकालय र सूचना, सञ्चार र प्रविधि विस्तार<br>- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ अभिमुखीकरण |
| १.५ प्रारम्भिक बाल विकास कार्यक्रम | पटक | ५ | १५००० | प्रारम्भिक बाल विकास केन्द्र<br>- रिचोक इराङ आविमा २ वटा, हर्कपुर माविमा १ वटा, चन्द्रोदय मावि विशालटारमा १, वागेश्वरी मावि रिचोकटार १, बालपन्थ आवि ओरवाङमा १, शंखादेवी आविमा १ गरी ७ प्रारम्भिक बाल विकास कक्षा थप<br>- सबै प्रारम्भिक बाल विकास केन्द्रमा स्वच्छ खानेपानी, शौचालय, सिकाई सामग्री, खेल सामाग्री तथा बसाई व्यवस्थापन |
| १.६ विद्यालय सूचना प्रविधि प्रवर्द्धन कार्यक्रम | विद्यालय संख्या | ६६ | ५००० | - सबै विद्यालयमा सिसि क्यामरा तथा विद्युतीय हाजिरी स्थापना<br>- सबै विद्यालयमा गुणस्तरीय इन्टरनेट सुविधा विस्तार<br>- सबै विद्यालयमा मल्टि मिडिया तथा ल्यापटप व्यवस्था<br>- सूचना प्रविधिमा आधारित सिकाइसम्बन्धी शिक्षक अभिमुखीकरण |
| १.७ लिडर फिडर विद्यालय कार्यक्रम | संख्या | २ | ५००० | - वडा नं १ मा बाँसखर्क मावि,<br>- वडा नं २ को पिपल भञ्याङ्ग मावि,<br>- वडा नं ३ वागेश्वरी मावि,<br>- वडा नं ४ मा हर्कपुर मावि,<br>- वडा नं ५ चन्द्रोदय मावि विशालटार,<br>- वडा नं ६ पञ्चकन्या मावि,<br>- वडा नं ७ वुद्धि विकास आवि,<br>- वडा नं ८ मा कालिका मावि,<br>- वडा नं ९ शंखादेवी मावि र<br>- वडा नं १० राष्ट्रिय माविमा एक लिडर विद्यालय |
| १.८ शैक्षिक गुणस्तर सुधार कार्यक्रम | पटक | ५ | ७५०० | - शैक्षिक क्यालेण्डर र शिक्षक डायरी निर्माण<br>- विद्यालयमा सिकाई सामाग्री व्यवस्थापन |

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य | अनुमानित रकम (रु. हजारमा) | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|
| | | | | - अभिभावक शिक्षा<br>- शिक्षक विद्यार्थी नियमितता अनुगमन<br>- शिक्षक विद्यार्थी अनलाइन सिकाई अभिमुखीकरण<br>- विद्यार्थी सिकाइ मोवाइल एप तयारी<br>- देशका सफल विद्यालयसँग सफल अनुभव आदान प्रदान<br>- शैक्षिक डकुमेन्ट्री निर्माण<br>- शैक्षिक क्षेत्रको रणनीतिक योजना तर्जुमा (गाउँ शिक्षा योजना)<br>- विद्यालय स्वमुल्याकन<br>- विद्यालय वाहिर रहेका विद्यार्थीको खोजपडताल |
| १.९ विद्यालय जनशक्ति व्यवस्थापन कार्यक्रम | पटक | ५ | २५०० | - उत्कृष्ट विद्यालय, उत्कृष्ट तहगत विषयगत शिक्षक, उत्कृष्ट बाल विकास सहजकर्ता तथा उत्कृष्ट तहगत विद्यार्थी पुरस्कार तथा सम्मान<br>- दरवन्दी मिलान<br>- शिक्षक तथा बाल विकास सहजकर्ता तालिम |
| १.१० विद्यालय दिवा खाजा कार्यक्रम | विद्यालय | ६६ | २१३८४ | - ६९ सामुदायिक विद्यालयहरु |
| १.११ व्यवहारिक, व्यवसायिक तथा जीवनउपयोगी शिक्षा कार्यक्रम | पटक | ५ | ५००० | - बागेश्वरी माविमा प्राविधिक धार, व्यवहारिक सीप विकासका लागि कृषि, प्रविधि, कानून, सकारात्मक सोच तथा स्वास्थ्य सम्बन्धी अभिमूखिकरण (मासिक रुपमा)<br>- सफल व्यवसायी, अभियन्ता र विज्ञसँग अन्तरकृया<br>- प्रतिभा पहिचान |
| १.१२ प्राविधिक शिक्षा प्रवर्द्धन कार्यक्रम | पटक | ५ | २५०० | - प्राविधिक सामाग्री तथा व्यवस्थापन सहयोग |
| १.१३ उच्च शिक्षा प्रवर्द्धन कार्यक्रम | | ५ | ५००० | - स्नातक तह कक्षा सञ्चालन सहयोग |
| १.१४ विद्यालय पोषण कार्यक्रम | पटक | ५ | १०००० | - विद्यालय खाजा व्यवस्था तथा जंक फुड नियन्त्रण कार्यक्रम<br>- स्थानीय खाद्यवस्तुबाट पौष्टिक तथा स्वादिष्ट खाना तयारी अभिभावक तथा दिवा खाजा व्यवस्थापन समिति अभिमुखीकरण<br>- विपन्न विद्यार्थीलाई पोषक तथा शैक्षिक सामाग्री निशुल्क वितरण<br>- स्थानीय खाना उपयोगका लागि आमा भेला |
| १.१५ शैक्षिक अध्ययन अनुसन्धान कार्यक्रम | पटक | ५ | ५०० | - क्याम्पस र विश्वविद्यालयसँग सहकार्य गर्ने |
| १.१६ सृजनात्मक कला प्रवर्द्धन कार्यक्रम | पटक | ५ | ५००० | - आधारभूत विद्यालयमा सृजनात्मक कला विषय शिक्षण<br>- माध्यमिक तहमा संगीत तथा खेलकुद शिक्षक व्यवस्थापन |

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य | अनुमानित रकम (रु. हजारमा) | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|
| १.१७ शिक्षा शाखा व्यवस्थापन र सुदृढीकरण कार्यक्रम | पटक | ५ | ६००० | - शैक्षिक तथ्यांक अद्यावधिक गर्ने कार्य<br>- २ जना जनसक्ति थप |
| १.१८ शैक्षिक प्रशासन तथा अन्य नियमित कार्यक्रम | पटक | ५ | ५००० | - तालिम, अनुगमन मर्मत लगायत नियमित कार्यक्रम |
| **उद्देश्य २ः स्वास्थ्य तथा पोषण** | | | ३६५७०० | **उद्देश्य २** |
| २.१ स्वास्थ्य संस्था स्तरोन्नति तथा पूर्वाधार विकास कार्यक्रम | पटक | ५ | १५०००० | - मापदण्ड अनुसारका वडा नं २ र ९ मा स्वास्थ्य चौकी र वडा नं. ४, ६ र १० को सामुदायिक स्वास्थ्य इकाइको भवन निर्माण<br>- वडा नं ९, ८, २ र १ का १३ स्थानमा खोप केन्द्र भवन निर्माण<br>- वडा नं. १, २, ३, ४, ५, ६, ७ र १० का स्वास्थ्य संस्थामा घेरावारको निर्माण गर्ने<br>- वडा नं ५ र ७ को स्वास्थ्य संस्थामा इन्टरनेट सुविधा विस्तार गर्ने<br>- ११ वटै स्वास्थ्य संस्थामा स्तनपान कक्षको निर्माण गर्ने<br>- वडा नं ५ र ७ को स्वास्थ्य संस्थामा इन्टरनेट सुविधा विस्तार<br>- स्वास्थ्य संस्थामा सोलार, सिसि क्यामरा तथा विद्युतिय हाजिरी र कम्प्युटर तथा ल्यापटपको व्यवस्था<br>- ११ वटै स्वास्थ्य संस्थामा अस्पतालजन्य फोहोर व्यवस्थापन स्थल निर्माण<br>- धुसा स्वास्थ्य चौकीमा स्वस्थ खानेपानीको व्यवस्था |
| २.२ स्वास्थ्य संस्था तथा संरचना सुदृढीकरण कार्यक्रम | संख्या | २३ | ७५०० | - स्वास्थ्य संस्था सिसि क्यामेरा, सोलार, विद्युतिय हाजिरी, इन्टरनेट, उपकरण व्यवस्थापन<br>- जनस्वास्थ्य मोवाइल एप |
| २.३ आपतकालीन र उपचार सरसामाग्री व्यवस्थापन कार्यक्रम | संख्या | २३ | ३४५०० | - १० वटा स्वाथ्य संस्था तथा संरचना |
| २.४ स्वास्थ्य शिक्षा, सचेतना तथा अनुसन्धान कार्यक्रम | पटक | ५ | ५००० | - संस्थागत सुत्केरीका लागि प्रोत्साहन सचेतना, घरदैलो भेटघाट तथा जाँच<br>- घरदैलो खोज पडतालमा स्वास्कर्मी, आमा समूह, जनप्रतिनिधि, अगुवा समाजसेवी, स्वास्थ्य स्वयंसेविका परिचालन |
| २.५ स्वास्थ्य संस्था जनशक्ति व्यवस्थापन कार्यक्रम | पटक | ५ | २००० | - स्वास्थ्यकर्मीका लागि नियमित तथा अतिरिक्त क्षमता विकास तालिम |
| २.६ आइसोलेसन वार्ड समेत अस्पताल निर्माण आयोजना | संख्या | १ | ६९००० | - वडा नम्बर ३, मलेखु |
| २.७ पोषण सुधार कार्यक्रम | पटक | ५ | ६००० | - स्थानीय खाद्यवस्तुमा आधारित सन्तुलित खाना तयारी अभिमुखीकरण (महिला र आमा समूह |

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाइ | योजनाको कुल लक्ष्य | अनुमानित रकम (रु. हजारमा) | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|
| | | | | - सबै स्वास्थ्य संस्थामा पोषण परामर्श<br>- पाँच वर्ष मुनिका बालबालिका तथा गर्भवती महिलाको पोषण लेखाजोखा<br>- कुपोषित बालबालिका तथा गर्भवती महिलाको तयारी खानाद्धारा उपचार<br>- विपन्न बालबालिका, गर्भवती तथा सुत्केरीका लागि पौष्टिक आहार वितरण<br>- सबै स्वास्थ्य संस्थामा स्तनपान कक्ष निर्माण |
| २.८ पोषण तथा जनस्वास्थ्य प्रवर्द्धन कार्यक्रम | पटक | ५ | ५००० | - समुदायस्तरमा स्वास्थ्य तथा पोषण सुधार समिति गठन<br>- स्वास्थ्य तथा पोषण सुधार समिति गठन तथा अभिमुखीकरण<br>- स्वास्थ्य तथा पोषण सुधारका लागि सडक नाटक<br>- विद्यालयमा स्वास्थ्य शिक्षा कार्यक्रम |
| २.९ विशेष स्वास्थ्य सेवा कार्यक्रम | पटक | ५ | ५००० | - विपन्न र जटिल रोग लागेका नागरिकलाई उपचार सहयोग कोष स्थापना<br>- जेष्ठ नागरिक निशुल्क घरदैलो स्वास्थ्य परिक्षण<br>- ६० वर्ष उमेर नाघेका महिला स्वास्थ्य स्वयंसेविकाको विदाइ<br>- स्थानीय स्वास्थ्य संस्थामा टेलिमेडिसिन सेवा विस्तार<br>- घुम्ती शिविर सञ्चालन (हरेक वर्ष) |
| २.१० मातृशिसु तथा गर्भवती स्याहार कार्यक्रम | पटक | ५ | ८००० | - कार्यपालिका वडा कार्यालय र स्वास्थ्य संस्थामा स्तनपान कक्ष स्थापना<br>- संस्थागत सुत्केरीका लागि निशुल्क एम्बुलेन्स सेवा<br>- वर्थिगं सेण्टरमा सुत्केरी प्रतिक्षालय<br>- गर्भपरिक्षण तथा वृद्धि अनुगमन नियमितता खोज पडताल<br>- गर्भपरिक्षण तथा ग्रामीण अल्ट्रा साउण्ड सेवा लिन आउनेका लागि निशुल्क खाजा |
| २.११ नसर्ने रोग नियन्त्रण स्तन तथा पाठेघरको क्यान्सरको स्क्रिनिङ्ग कार्यक्रम | पटक | ५ | २५०० | - स्तन तथा पाठेघरको क्यान्सरको स्क्रिनिङ्ग कार्यक्रम<br>- क्षयरोगी अन्य घातक रोग पहिचानका लागि स्क्रिनिङ्ग शिविर<br>- विशेषज्ञ सेवा शिविर (वार्षिक रुपमा)<br>- नसर्ने रोग सम्बन्धमा स्वास्थ्य आमा समूह तथा विद्यार्थी अभिमुखीकरण |
| २.१२ आरोग्यता तथा स्वास्थ्य आचरण प्रवर्द्धन कार्यक्रम | पटक | ५ | ७००० | - बेनीघाट स्वास्थ्य चौकीमा ल्याव सेवा विस्तार<br>- स्वास्थ्य घर दैलो कार्यक्रम<br>- ३ वटा एम्बुलेन्स थप (धुसा, बेनघिाट र जोगिमारामा)<br>- हरेक स्वास्थ्य चौकीमा किशोरी परामर्श सेवा |

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य | अनुमानित रकम (रु. हजारमा) | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|
| | | | | - अति आवश्यक औषधी खरिद<br>- नियमित तथा आकस्मिक औषधी तथा उपकरण व्यवस्थापन<br>- हरेक वडामा नियमित योग अभ्यास स्थल निर्माण<br>- स्वस्थ खानपान सम्बन्धी अभिमुखीकरण |
| २.१३ मानसिक स्वास्थ्य सचेतना तथा परामर्श कार्यक्रम | पटक | ५ | २४०० | - सबै वडा तथा बस्तीहरु |
| २.१४ जनस्वास्थ्य सेवा प्रवर्द्धन मिडिया परिचालन कार्यक्रम | पटक | ५ | ३५०० | - |
| २.१५ जनस्वास्थ्य नीति सम्बाद कार्यक्रम | पटक | ५ | १८०० | - |
| २.१६ सडक दुर्घटना नियन्त्रण र पुनर्स्थापना केन्द्र | संख्या | १ | ३५००० | - |
| २.१७ लागू पदार्थ दुर्व्यसन, धुमपान, मद्यपान र सुर्तीजन्य पदार्थ सेवन नियन्त्रण र उपचार कार्यक्रम | पटक | ५ | २५०० | - |
| २.१८ योग, आयुर्वेद र वैकल्पिक चिकित्सा प्रवर्द्धन कार्यक्रम | पटक | ५ | ७००० | - |
| २.१९ स्वास्थ्य बीमा प्रवर्द्धन | पटक | ५ | ५००० | - गाउँपालिकाभर |
| २.२० कोभिड १९ लगायतका माहामारीको जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ सम्बन्धी सचेतना कार्यक्रम | | ५ | ६००० | - १० वटा स्वास्थ्य संस्था |
| २.१२ सालवसाली कार्यक्रम | पटक | ५ | १००० | - नियमित कार्यक्रम |
| **उद्देश्य ३ः खानेपानी तथा सरसफाई** | | | **१८९२५०** | **उद्देश्य ३** |
| ३.१ एक घर एक धारा कार्यक्रम | घरपरिवार संख्या | ६८६५ | १५०००० | - आपखर्क २२ घरधुरी, लवाङ १०२ घरधुरी, मासखर्क ११२ घरधुरी, मलिनटार १९० घरधुरी र जनगाउँ ५९ घरधुरी गरी कुल ४८५ घरधुरीमा लिफ्टिङ खानेपानी<br>- २८८० घरमा एक घर एक धारा |
| ३.२ खानेपानी आयोजना मर्मत संभार कार्यक्रम | आयोजना | ५८ | ३५००० | - लिफ्टिङ खानेपानी मर्मत (आदामारा चनिङ खानेपानी, विधाङ खानेपानी, माथिल्लो ओवाङ, बीच ओरवाङ र पाङ्ग्रे जिप गरी ३७५ घरधुरीका लागि)<br>- सबै संचालित आयोजना मर्मत |
| ३.३ खानेपानी गुणस्तर परीक्षण तथा सुधार | पटक | ५ | २००० | - सबै आयोजना |
| ३.४ सरसफाई सचेतना कार्यक्रम | पटक | ५ | ७५० | - शुन्य फोहोर सचेतना सप्ताह<br>- विद्यालय सरसफाइ शिक्षा (मासिक रुपमा)<br>- टोल विकास संस्था, युवा क्लव, आमासमूह तथा बालक्लव अभिमुखीकरण |
| ३.५ फोहोर व्यवस्थापन | पटक | ५ | १००० | - टोलस्तरमा सरसफाई समिति गठन<br>- शुन्य फोहोर सम्बन्धमा सरसफाइ समिति अभिमुखीकरण |

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य | अनुमानित रकम (रु. हजारमा) | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|
| | | | | - उत्कृष्ट सरसफाइ समिति पुरस्कार |
| ३.६ अन्य सालवसाली कार्यक्रम | पटक | ५ | ५००० | - नियमित कार्यक्रम |
| **उद्देश्य ४: लैङ्गिक समानता तथा समाजिक समावेशीकरण** | | | ५२८०० | |
| ४.१ महिला स्वरोजगार प्रवर्द्धन कार्यक्रम | जना | १००० | ६००० | - तरकारी खेती १५० जना<br>- होटल तथा रेष्टुरेण्ट व्यवस्थापन ४० जना<br>- फलफुल खेती ६० जना<br>- गलैंचा बुनाई तालिम ३० जना<br>- गाई भैंसीपालन तालिम २० जना<br>- च्याउ खेती तालिम ६० जना<br>- सिलाइ कटाई तालिम ६० जना<br>- खेलौना निर्माण तालिम ४० जना<br>- बाखापालन तालिम २०० जना<br>- लोकसेवा तथा शिक्षक सेवा आयोग तयारी कक्षा २५० जना<br>- सावुन निर्माण तालिम ६० जना<br>- मुडा निर्माण ६० जना<br>- नवउद्यमी सहयोग २०० जना |
| ४.२ दलित स्वरोजगार कार्यक्रम | जना | ४४० | २७०० | - लोकसेवा तथा शिक्षक सेवा आयोग तयारी कक्षा १५० जना<br>- आरन सुधार ३० वटा<br>- मोवाइल मर्मत तालिम २० जना<br>- कपडा सिलाइ तालिम ६० जना<br>- तरकारी खेती तालिम ६० जना<br>- प्लम्बर तथा वायरिङ्ग तालिम ४० जना<br>- बाखापालन ८० जना<br>- नव उद्यमी सहयोग ५० जना |
| ४.३ चेपाङ तथा अनय पिछडिएको वर्ग रोजगार कार्यक्रम | जना | ५२० | ३५०० | - च्याउ खेती तालिम ४० जना<br>- बाखापालन १०० जना<br>- लोकसेवा तथा शिक्षक सेवा आयोग तयारी कक्षा १५० जना<br>- मोवाइल मर्मत तालिम ५० जना<br>- गाडी मर्मत तालिम ४० जना |

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य | अनुमानित रकम (रु. हजारमा) | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|
| | | | | - मौरी पालन ४० जना<br>- तरकारी खेती तालिम ६० जना<br>- प्लम्बर तथा वायरिङ्ग तालिम ४० जना<br>- नव उद्यमी सहयोग २०० जना |
| ४.४ अपांगता भएका व्यक्ति स्वरोजगारी तथा आत्मनिर्भरता कार्यक्रम | जना | ३० | २१०० | - लोकसेवा आयोग तथा शिक्षक सेवा आयोग कक्षा २० जना<br>- हस्तकला तथा सिलाइ बुनाइ तालिम १० जना<br>- नव उद्यमी सहयोग २० जना |
| ४.५ लैङ्गिक हिंसा तथा घरेलु हिंसा न्यूनीकरण कार्यक्रम | पटक | ५ | २५०० | - लैङ्गिक हिंसा तथा घरेलु हिंसा सम्बन्धी वडास्तरमा अन्तरकृया<br>- माध्यमिक विद्यालयमा वार्षिक रुपमा कक्षा सञ्चालन<br>- महिला सहकारी संस्था तथा संजाल, युवा संजाल तथा क्लव अभिमुखीकरण<br>- हिंसा पिडितका लागि निशुल्क परामर्श तथा कानुनी उपचार |
| ४.६ सामाजिक विभेद तथा कुरीति निरुपण कार्यक्रम | पटक | ५ | २५०० | - समुदाय तथा विद्यालयमा अतिरिक्त कक्षा<br>- सहभोज कार्यक्रम<br>- महिला हिंसा, बाल विवाह र बालश्रम विरुद्ध वडास्तरमा अन्तरक्रिया<br>- दिवसीय कार्यक्रम सञ्चालन (जेष्ठ नागरिक दिवस, अपांगता दिवस, बाल दिवस, अन्तराष्ट्रिय महिला दिवस)<br>- अन्तरजाति विवाहमा पुरस्कार तथा प्रोत्साहन कार्यक्रम |
| ४.७ सेफ हाउस तथा वृद्धाश्रम सञ्चालन | संख्या | १ | १२००० | - गाउँपालिकाको केन्द्रमा |
| ४.८ जेष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालन | संख्या | ८ | ५००० | - सबै वडाका वडा कार्यालय रहेका स्थानमा |
| ४.९ बालमैत्री स्थानीय शासन कार्यक्रम | पटक | ५ | ५००० | - बाल क्लव गठन तथा परिचालन<br>- बाल विवाह तथा बाल दुर्व्यवहार न्यूनिकरणमा बालक्लव अभिमुखीकरण<br>- अनाथ बालबालिका व्यवस्थापन<br>- बालकोष स्थापना<br>- बालमैत्री सिकाई तालिम (विद्यालय शिक्षक) |
| ४.१० लक्षित वर्ग सञ्जाल सशक्तीकरण तथा परिचालन | पटक | ५ | ५०० | - सञ्जाल गठन, अधिकार एवं जिम्मेवारी सम्बन्धी अभिमुखीकरण र सञ्चालन |
| ४.११ चेपाङ समुदाय उत्थान कार्यक्रम | पटक | ५ | ६००० | - चेपाङ वाहुल बस्तीहरु |
| ४.१२ प्रशासन तथा अन्य नियमित कार्यक्रम | पटक | ५ | ५००० | |
| **उद्देश्य ५: युवा तथा खेलकुद** | | | ३८००० | **उद्देश्य ५** |

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य | अनुमानित रकम (रु. हजारमा) | स्थानगत तथा कार्यक्रम विवरण |
|---|---|---|---|---|
| ५.१. युवा स्वरोजगार कार्यक्रम | जना | १००० | ७००० | - ड्राइभिङ तालिम १०० जना (हरेक वडाका ४० जना)<br>- गाडी मर्मत तालिम ४० जना<br>- मोवाइल मर्मत तालिम १०० जना<br>- होटल तथा रेष्टुरेण्ट सञ्चालन  तालिम ४० जना<br>- प्लम्वर तथा इलेक्ट्रिक वाइरिङ्ग तालिम ८० जना<br>- बाखापालन तालिम ५० जना<br>- लोकसेवा तथा शिक्षक सेवा आयोग तयारी कक्षा १५० जना<br>- पशुपालन तालिम ८० जना<br>- च्याउ खेती तालिम ४० जना<br>- तरकारी खेती तालिम २०० जना<br>- फलफुल खेती तालिम ४० जना<br>- माछापालन तालिम ४० जना<br>- स्वरोजगार युवा सहयोग २०० जना |
| ५.२ एक वडा एक खेल मैदान कार्यक्रम | संख्या | १० | १०००० | - स्थान पहिचान तथा निर्माण |
| ५.३ खेलकुद प्रवर्द्धन कार्यक्रम | पटक | ५ | १५००० | - वार्षिक रुपमा उत्कृष्ट खेलाडी सम्मान तथा पुरस्कार<br>- वार्षिक रुपमा पालिकास्तरीय खेल आयोजना<br>- राष्ट्रपति रनिङ्ग शिल्ड आयोजना<br>- एथलेटिक्स, मार्सल आर्ट, भलिवल र फुटवल प्रशिक्षणको व्यवस्था<br>- युवा क्लवलाई खेल सामाग्री वितरण |
| ५.५ युवा उत्प्रेरणा कार्यक्रम | पटक | ५ | २००० | - युवा उत्प्रेरणाका लागि अभियन्ता तथा उत्प्रेरकहरुसँग अन्तरकृया<br>- सकारात्मक सोच विकास अभिमुखीकरण<br>- दुव्यर्सन विरुद्ध युवा क्लव परिचालन |
| ५.६ प्रतिभावान युवा प्रोत्साहन कार्यक्रम | पटक | ५ | १००० | - आर्थिक, सामाजिक लगायतका क्षेत्रमा उदाहरणीय कार्य गर्ने २ युवालाई हरेक वर्ष पुरस्कार |
| ५.७ सालबसाली अन्य कार्यक्रम | पटक | ५ | ३००० | - नियमित कार्यक्रम |
| **सामाजिक विकासको कुल जम्मा** | | | ९२४१३४ | |

### ६.८.३ आयोजना तथा कार्यक्रमको सांकेतीकरण विवरण

आयोजना तथा कार्यक्रमहरुको प्रकृतिका आधारमा स्थानीय दीर्घकालीन लक्ष्य/रणनीतिक स्तम्भ संकेत, दिगो विकास लक्ष्य संकेत, दिगो राष्ट्रिय लक्ष्य संकेत, प्रदेश समृद्धि संकेत, लैंससास संकेत र जलवायु परिवर्तत अनुकुलन संकेत सम्बन्धी विवरण **अनुसूची ५** मा प्रस्तुत गरिएको छ :

### ६.८.४ अपेक्षित उपलब्धी तथा नतिजा तालिका

शिक्षा तथा स्वास्थ्य क्षेत्रको गुणस्तर तथा पहुँचमा सकारात्मक परिवर्तन प्रत्यक्ष अनुभव भएको हुनेछ । उच्च शिक्षा तथा प्राविधिक शिक्षा प्राप्तिका लागि स्थानीयस्तरमा सहज पहुँच र विद्यालय शिक्षामा विद्यालय उमेरका सबैलाई गुणस्तरीय शिक्षा प्राप्तिका अवसर उपलब्ध भएको हुनेछ । सबै विद्यालयमा शिक्षण सिकाइ विधिमा रुपान्तरण तथा विद्युतीय सूचना प्रविधिको उपयोग भइ शैक्षिक गुणस्तरको क्षेत्रमा उल्लेखनिय सुधार भएको हुनेछ । गाउँपालिकाले पूर्ण खोप तथा पूर्ण संस्थागत सुत्केरी भएको गाउँपालिका घोषणा अभियानका कार्यक्रमलाई कार्यान्वयनमा ल्याएको हुनेछ भने जटिल खालको कुपोषण रहेका बालवालिका संख्या शुन्य भएको हुनेछ । प्रयोगशाला सेवा सहितको आधारभूत स्वास्थ्य सेवाको पहुँच औसत आधा घण्टाभन्दा कम र अस्पतालसम्मको पहुँच औसत २ घण्टा भन्दा कम भएको हुनेछ । गाउँपालिकाका सत प्रतिशत घरपरिवारमा स्वच्छ खानेपानी तथा स्वच्छ शौचालयको उपयोग भई पूर्ण सरसफाईका आधारहरु तयार भएको हुनेछ । बजार तथा बजारउन्मुख क्षेत्र र बढी आवत जावत हुने १२ स्थानमा व्यवस्थित सार्वजनिक शौचालयको स्थापना भएको हुनेछ । फोहोरमैलाको दीर्घकालीन व्यवस्थापनका लागि उपयुक्त स्थानको छनौट गरी फोहोर व्यवस्थापन केन्द्रको निर्माण तथा सञ्चालन भएको हुनेछ ।

लक्षित वर्गको निर्णय प्रक्रियामा सहभागिता समावेशी नीति अनुसार भएको हुनेछ । लक्षित वर्गले सञ्चालन गरेको उद्योग तथा व्यवसायको संख्या ५५० हुनेछ । स्वरोजगारमूलक तालिम प्राप्त गर्ने महिला, दलित, अपांग तथा पिछडिएको वर्गको जनसंख्या १०५५ भएको हुनेछ । राष्ट्रिय तथा प्रदेशस्तरमा प्रतिनिधित्व गर्ने खेलाडी संख्या ३ भएको हुनेछ । युवाद्धारा सञ्चालित उद्योगको १२० भएको हुनेछ । सामाजिक विकास क्षेत्रको नतिजा खाका **अनुसूची ६** मा प्रस्तुत गरिएको छ ।

# परिच्छेद सात : पूर्वाधार विकास क्षेत्र

## ७.१ पृष्ठभूमि

आर्थिक, सामाजिक सेवा तथा सुविधाको पहूँच र उपयोगमा पूर्वाधार क्षेत्रको भूमिका अत्यन्तै महत्वपूर्ण हुन्छ । भौतिक पूर्वाधारको विकासले सेवाग्राही जनसंख्याको अन्तरआवद्धता र अन्तरसम्बन्ध विकास तथा विस्तार हुने र सोमार्फत् बजार, सेवा सुविधामा पहुँच र उपभोग जस्ता विकासको नतिजा हासिल गर्न प्रत्यक्ष योगदान पुग्दछ । भौतिक पूर्वाधार तथा संरचनाको दिगो विकास र विस्तारबाट लाभ लिन पूर्वाधारको गुणस्तरीय निर्माण र दिगो सञ्चालनका साथै यसबाट वातावरणमा पर्ने सकारात्मक प्रभावहरुलाई बढोत्तरी गर्न र नकारात्मक प्रभावहरुलाई न्यूनीकरण गर्न संरक्षणका उपायहरु अपनाउनु पर्दछ । स्थानीय स्तरमा विकासको प्रयासलाई योजनाबद्ध र व्यवस्थित रुपमा सञ्चालन गरी सामाजिक, आर्थिक विकास र वातावरणीय स्थितिमा दिगो सुधार गर्न भौतिक पूर्वाधारको विकासले विकास उपलब्धीको प्रवेशद्धारको रुपमा कार्य गर्दछ ।

अन्तराष्ट्रिय प्रतिवद्धताको रुपमा प्रस्तुत दिगो विकास लक्ष्यले समावेशी र दिगो शहरीकरण गर्ने गरी आवासको व्यवस्था गर्ने, गरिबीलाई कम गर्ने तथा हरियाली र खुल्ला ठाउँहरु उपलब्ध गराउने लक्ष्य निर्धारण गरेको छ । यसै लक्ष्य अनुरुप भूउपयोग योजना अनुसार योजनाबद्ध र व्यवस्थित पूर्वाधार तथा संरचनाको विकास द्रुत गतिमा गर्ने, सकारात्मक प्रभाव पर्ने र वातावरणमैत्री आयोजना सञ्चालन गर्दै निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्न गर्ने गरी भौतिक पूर्वाधार विकासका आयोजनाको छनौट र कार्यान्वयनको जरुरत रहन्छ ।

उपरोक्त सन्दर्भमा आधारित भई विकास प्रतिफललाई विकासको दीर्घकालीन सोच र लक्ष्यतर्फ उन्मुख हुन तथा अपेक्षित नतिजा हासिल गर्न मूलतः शहरी विकास, सडक, पूल तथा यातायात, विद्युत् तथा वैकल्पिक उर्जा र सूचना, संचार र प्रविधि जस्ता विषय क्षेत्रको विकास, विस्तार र दिगो सञ्चालन सम्बन्धी विश्लेषण र विकासको मार्गचित्रलाई पूर्वाधार विकास योजनामा समावेश गरिएको छ । गाउँपालिकाको पूर्वाधार विकास क्षेत्रको विद्यमान अवस्था, सम्भावना/अवसर, समस्या तथा चुनौति र चाल्नु पर्ने कदम सहित संक्षिप्त विश्लेषण देहाय अनुसार गरिएको छ ।

## ७.२ आवास, भवन, बस्ती तथा शहरी विकास

### ७.२.१ विद्यमान अवस्था, सम्भावना तथा अवसर

गाउँपालिकामा बस्ती विकास तथा भवन निर्माण र योजना सम्बन्धी आधारभूत मापदण्ड २०७२ अनुसार पूर्वाधार विकास र निर्माण कार्यहरु सञ्चालन हुँदै आएका छन् । यसै अनुसार घरनक्सा पास र भवन तथा भौतिक विकास निर्माणको कार्य सञ्चालन भैरहेका छन् । भवन नक्सापास र अभिलेखिकरणको प्रक्रिया सुरु भई हालसम्म ५ वटा नयाँ भवनको नक्सा पास भएको र १०७ वटा निजी आवासीय भवनको अभिलेखिकरण सम्पन्न भैसकेकोछ । कुल घरधुरी मध्ये ८४ प्रतिशतले नेपाल सरकारबाट अनुदान पाई भूकम्प प्रतिरोधी घर निर्माण सम्पन्न भएका छन् । गाउँपालिकाको मझिमटार, विशालटार, मलेखु, वेनीघाट, चरौदी तथा हुग्दी खोला क्षेत्रमा बजार विकासको संभाव्यता रहेको छ । यसैगरी वडा नम्बर ५ को विशालटारमा १५०० टन क्षमताको शीत भण्डार स्थापना भएको तथा वडा नम्बर ७ धुषा चापटारमा १०७ रोपनीमा कृषक तालिम केन्द्र सञ्चालनमा रहेकोछ ।

राष्ट्रिय भूउपयोग नीति, २०७२ तथा राष्ट्रिय भूमि ऐन, २०७६ बमोजिम गाउँपालिकालाई कृषि क्षेत्र, आवास क्षेत्र, औद्योगिक तथा व्यवसायिक क्षेत्र, संस्थागत क्षेत्र र सो क्षेत्रहरुको बिचमा ग्रीन वेल्टको अवधारणा

सहितको भूउपयोग क्षेत्रको खाका तयार पार्न जरुरी देखिएको छ । यसको आधारमा भूउपयोग योजना र सोको आधारमा बस्ती विकास तथा भौतिक विकास गुरुयोजना तर्जुमा गरी बस्ती विकास तथा भौतिक निर्माणका कार्यहरु कार्यान्वयन गर्न आवश्यक देखिन्छ ।

यस गाउँपालिकामा बजार तथा शहरोन्मुख क्षेत्रहरुमा थामभञ्ज्याङ, बालुवा, ताल्ती, मलेखु, सालाङघाट, शितलवजार, वेनीघाट, विशालटार, चरौदी, चरौदी भुम्ती, खत्रीटार, खटौटी, हुग्दी खोला, मौवाखोला आदि रहेका छन् । गाउँपालिकाको १० वटा वडाहरुमा ३० स्थानमा गरी करिब ३०० रोपनी जति सार्वजनिक खुल्ला जमीन उपलब्ध रहेको छ । गाउँपालिकाको १० वडा कार्यालयहरु मध्ये वडा नम्बर १, २, ३, ५, ७, ८, ९ र १० मा आफ्नै भवनमा सञ्चालन भई सेवा प्रवाह भैरहेको छ । गाउँ कार्यपालिकाको एकीकृत सेवा सहितको कार्यपालिका भवन निर्माणको चरणमा रहेको छ । गाउँपालिका क्षेत्रभित्र १७ वटा खुद्रा बजार र २ स्थानमा कृषि बजार सञ्चालनमा रहेका छन् । उल्लेखित बजारहरुमा सडक, बिजुली र खानेपानीका पूर्वाधार उपलब्ध छन् ।

गाउँपालिकामा ७० वटा सरकारी र सार्वजनिक भवन रहेको र सो मध्ये ५० प्रतिशत भवन भूकम्प प्रतिरोधी र मापदण्ड अनुसार निर्माण भएको अभिलेखबाट देखिन्छ । गाउँपालिका क्षेत्रभित्र विभिन्न १० स्थानमा शबदाहस्थल, चिहान तथा कब्रस्तान रहेका छन् । पर्यटकीय क्षेत्रका रुपमा त्रिशुली नदीतट क्षेत्र लगायत अन्य स्थानहरुमा धार्मिक तथा ऐतिहासिक महत्वका विभिन्न मन्दिर गुम्बा, रमणीय तथा दर्शनीय क्षेत्रहरू ६९ वटा रहेका छन् ।

यस गाउँपालिका संघीय राजधानी काठमाडौबाट ७८ कि.मी. टाढा रहेको र पृथ्वी राजमार्ग गाउँपालिका भएर गएको छ । बागमती प्रदेशको भरतपुर महानगरपालिका, हेटौडा उपमहानगरपालिका र थाहा नगरपालिका, गण्डकी प्रदेशको राजधानी पोखरा लगायत दमौली, आबुखौरेनी जस्ता देशका नमूना शहरसँगको अन्तरआवद्धता रहेको छ । साहसिक पर्यटनको केन्द्र त्रिशुली नदी र नेपालको महत्वपूर्ण लाईफलाइनको रुपमा रहेको पृथ्वी राजमार्गमा पर्ने यस गाउँपालिकालाई देशकै कृषि, पर्यटकीय, औद्योगिक क्षेत्रको रुपमा विकास गर्न सकिने सम्भावना रहेकोछ ।

### ७.२.२ समस्या तथा चूनौति

गाउँपालिकाको भूउपयोग योजना तर्जुमा हुन नसक्दा भूउपयोग संवेदनशील क्षेत्र निर्धारण हुन सकेको छैन । बस्ती तथा भौतिक विकासको क्षेत्रमा भवन निर्माण मापदण्ड व्यवस्थित रुपमा पालना गर्न गराउन सकिएको छैन । यसबाट व्यवस्थित र सुरक्षित बस्ती तथा आवास निर्माणमा थप चुनौति थपिएको छ । सङ्घीय राजधानी काठमाडौ लगायत पोखरा, भरतपुर र हेटौडा लगायतका शहर बजारसंग निकटतम तथा सहज पहुँच रहेको र देशकै महत्वपूर्ण राष्ट्रिय राजमार्गसँगै जोडिएको भएता पनि यस गाउँपालिका क्षेत्रमा भवन संहिता २०७२ लागु हुनु भन्दा अगाडि बनेका निजी, व्यवसायिक, सरकारी तथा सार्वजनिक भवनहरु भूकम्प प्रतिरोधी भए नभएको एकिन गरी सो अनुसारको नियमन हुन सकेको छैन । गाउँपालिका क्षेत्रमा व्यवस्थित बसपार्क र पार्किङ स्थल र यातायातको सहज व्यवस्थापन हुन सकेको छैन ।

गाउँपालिकाको प्राय सबै क्षेत्रमा नाली, शौचालय, फोहोरमैला व्यवस्थापन, बजार, अन्य पूर्वाधार र सुविधाको कमी रहेको छ । राष्ट्रिय भूउपयोग नीति २०७२ अनुसार भूउपयोग योजना र क्षेत्र निर्धारण गरी सो अनुसार बस्ती विकास र भवन तथा भौतिक विकास योजना तर्जुमा र पूर्वाधार विकास तथा संरचना निर्माण,

औद्योगिक र ग्रिनवेल्टको लागि नीतिगत, कानूनी, प्रक्रियागत र प्राविधिक ढाँचा तयार हुन सकेको छैन । गाउँपालिका क्षेत्रका जोखिमयुक्त स्थानमा बसोवास गर्ने कुल घरधुरी संख्या करिब ५८० घर रहेको छ । यस क्षेत्रका वस्तीहरु पहिरो तथा अति भिरालोको जोखिममा रहेका छन् । ग्रामीण क्षेत्रमा बस्ती तथा घरहरु छरिएर रहेकोले विपद्को अवस्थामा व्यवस्थापनको कार्य गर्न कठिनाई हुने गरेको छ । गाउँपालिका क्षेत्र ७०.४ प्रतिशत भूभाग जंगलले ओगटेको छ र सोको कारण केही बस्तीहरुमा मानव वन्यजन्तु वीचको द्वन्द्व देख्न सकिन्छ ।

गाउँपालिकाको बजार तथा ग्रामीण क्षेत्रको विकास निर्माण र सेवा प्रवाहलाई उपलब्धीमूलक र प्रभावकारी बनाउन गाउँपालिकामा कार्यपालिकाको एकीकृत भवन, विषयगत सेवा सहितको वडा कार्यालय भवन, सभा हल, पार्क, पर्यटकीय, मनोरञ्जन तथा क्रिडास्थल लगायतका भौतिक पूर्वाधारहरुको कमी रहेको छ । गाउँपालिकामा दमकल र एम्बुलेन्स, विपद्को समयमा सुरक्षित आश्रय स्थल, गोदाम घर र विपद्को अवस्थामा उद्धारको सरसामाग्रीको कमी रहेको देखिन्छ । यस क्षेत्रमा आधुनिक मापदण्ड अनुसार बनेका भूकम्प प्रतिरोधी भवनहरूमा बसोवास गर्ने घरधुरी संख्या ७३ प्रतिशत रहेको छ । गाउँपालिकामा बसोबास गर्ने कुल ६,४३१ घरपरिवार मध्ये ८५ प्रतिशत घरपरिवार सुरक्षित घरमा बसोबास गरेको देखिन्छ ।

### ७.३ सडक, पुल तथा यातायात

#### ७.३.१ विद्यमान अवस्था, सम्भावना तथा अवसर

नेपालको लाइफलाइनको रुपमा रहेको पृथ्वी लोकमार्ग यस गाउँपालिका भएर गएको छ । पृथ्वी लोकमार्गको २४ कि.मि. खण्ड यस गाउँपालिकामा पर्दछ । यस गाउँपालिकाको सडक सञ्जालको स्थिति हेर्दा पक्की सडक ३१ कि.मि., ग्राभेल सडक ४२ कि.मि. र ४५० कच्ची सडक समेत जोड्दा कुल ५२३ कि.मि. सडक रहेको निर्माण तथा सञ्चालन भएको देखिन्छ । गाउँपालिकाको १० वटा वडाहरु मध्ये ८ वटा वडा पक्की सडक सञ्जालमा जोडिएका छन् भने अन्य २ वटा वडा केन्द्रहरु कच्ची सडकबाट जोडिएका छन् ।

यस गाउँपालिका क्षेत्रभित्र वडा नम्बर ५ को चाइनाघाट, गोमती खोला, वडा नम्बर ७ को डुकराङ खोला र वडा नम्बर ९ को हुग्दी तथा खटौती खोलामा गरी ५ स्थानमा पक्की पुल सञ्चालनमा रहेका छन् । गाउँपालिका क्षेत्रभित्र १७ वटा झोलुङ्गे पुलले गाउँवस्ती, छिमेकी स्थानीय तह र जिल्लालाई जोडेका छन् ।

यस गाउँपालिका संघीय राजधानी काठमाडौबाट ७८ कि.मी. टाढा, वैकल्पिक सडक निर्माणले पूर्णता पाएको अवस्थामा बागमती प्रदेश राजधानी हेटौडाबाट करिब ६० कि.मि. र भरतपुर महानगरबाट ४० कि.मि.को दुरीमा पर्दछ । वागमती प्रदेशको भरतपुर, मुग्लिङ्ग बजार तथा गण्डकी प्रदेश राजधानी पोखरा लगायत दमौली, भरतपुर, आबुखैरेनी जस्ता विकसित शहर नजिकको अन्तरआवद्धता रहेको छ ।

#### ७.३.२ समस्या तथा चूनौति

गाउँपालिका क्षेत्रभिका १० वटै वडा तथा बस्तीहरु सडक सञ्जालमा जोडिएको भएता पनि बजार र आवास क्षेत्रमा ढल, नाली तथा फोहोरमैलाको व्यवस्थापन हुन सकेको छैन । नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट सडकको मापदण्ड लागु हुन नसक्दा धेरैजसो सडकहरु साँघुरो रहेका छन् र सडकको अधिकार क्षेत्र स्पष्ट हुन सकेको छैन ।

सडकको अधिकार क्षेत्र सुरक्षित गर्न र सडकको दायाँ बायाँ नाली निर्माण, संरक्षण पर्खाल निर्माण, वृक्षारोपण गरी संरक्षण र सुन्दरता कायम गर्ने कुरामा ध्यान नपुगेको देखिन्छ । गाउँपालिकाको विभिन्न स्थानमा सडकहरुको रेखाङ्कन, नक्साङ्कन, नामाकरण र प्राथमिकता निर्धारण हुन नसकेको तथा सडकको स्तरोन्नति भई यातायात सुचारु हुन सकेको छैन ।

गाउँपालिकाको सबै वस्तीहरु अझै सडक सञ्जालमा जोडिन सकेका छैनन् । सडकको सहायक संरचना समेत निर्माणाधिन सडकहरुको स्तरोन्नति गरी पक्की तथा ग्राभेल भैनसकेको र अत्यावश्यक स्थानमा पक्की पुल तथा कल्भर्ट, सडक नाला र सडक सुरक्षा व्यवस्था हुन सकेको छैन । सडक निर्माण तथा यातायात सञ्चालनमा वातावरणीय पक्ष, निर्माण गुणस्तर र मापदण्डको पालना हुन सकेको छैन । वातावरणीय संरक्षणको उपाय अवलम्बन नगरी र आर्थिक तथा सामाजिक विश्लेषण विना सडक निर्माण गर्ने क्रम बढ्दै गईरहेको छ । सडक निर्माणसँगै आर्थिक, सामाजिक विकास तथा अन्य विकासका कार्यहरु प्राथमिकताका साथ सञ्चालन गर्न सकिएको छैन ।

## ७.४ विद्युत् तथा वैकल्पिक उर्जा

### ७.४.१ विद्यमान अवस्था, सम्भावना तथा अवसर

यस गाउँपालिकाको १० वटै वडामा विद्युत् सेवा उपलब्ध रहेको छ । बत्ती बाल्नको लागि ८५ प्रतिशत घरपरिवारले बिजुली बत्तीको प्रयोग गर्ने गरेको देखिन्छ । कुल ६,४३१ घरपरिवार मध्ये ३६ प्रतिशतले सुधारिएको इन्धन मुख्य गरेर एलपी ग्यास, करिब १ प्रतिशतले वायोग्यासको प्रयोग गर्ने गरेको देखिन्छ । अझ पनि ६५ प्रतिशत घरपरिवारले इन्धनको रुपमा दाउरा प्रयोग गर्ने गरेका छन् ।

सरकारी कार्यालय र करिब ३ प्रतिशत घरपरिवारमा बत्ती बाल्नको लागि सोलारको प्रयोग गर्ने गरेको देखिन्छ । यसैगरी ५ प्रतिशत घरपरिवारमा सुधारिएको चुल्हो उपलब्ध रहेको छ । गाउँपालिकाको पृथ्वी राजमार्ग क्षेत्रको २ स्थानमा सोलार र विद्युत् प्रणालीमा आधारित सोलार बत्ती र गाउँ कार्यपालिका कार्यालय, १० वटै वडा कार्यालय, ६ वटा स्वास्थ्य संस्था र माद्यामिक विद्यालयहरुमा पावर व्याकअपको व्यवस्था रहेको छ ।

### ७.४.२ समस्या र चुनौति

यस गाउँपालिकामा अझै पनि ६५ प्रतिशत घरपरिवारले खाना पकाउन मुख्य इन्धनको रुपमा दाउराको प्रयोग गर्ने गरेका छन् । विद्युत्, वायोग्यास, तथा स्वस्थ उर्जा प्रयोगको अवस्था न्यून रहेको देखिन्छ । गाउँपालिकाको केही छरिएका वस्तीहरुमा विद्युत्लाईन पुग्न नसकेको, पुगेको स्थानहरुमा समेत ट्रान्समिटरको क्षमता र ट्रान्समिसन लाईन गुणस्तरीय बनाई प्रसारण र वितरण हुन सकेको छैन । ग्रामीण क्षेत्रहरुमा उद्योग व्यवसाय सञ्चालन, सिंचाईको प्रयोजनका लागि थ्रिफेजको विद्युत् लाईनको कमी रहेको छ । गाउँपालिकाको प्रमुख सडक, चोक र स्थानमा सोलार प्रणालीमा आधारित सडक वत्तीको सुविधा उपलब्ध हुन सकेको छैन । गाउँपालिका क्षेत्रमा विकास निर्माणका क्षेत्रमा कार्य गर्ने निकायहरु बीचको समन्वय र सहकार्य विकासको प्रमुख चुनौतिको रुपमा देखिएको छ ।

## ७.५ सूचना, संचार र प्रविधि

### ७.५.१ विद्यमान अवस्था तथा सम्भावना

गाउँपालिकाको लगभग सबै क्षेत्रमा मोबाइल टेलिफोन र ७ वटा वडा कार्यालय, ८ वटा माद्यामिक विद्यालय र ५ वटा स्वास्थ्य संस्थामा इन्टरनेट सुविधाको पहुँच रहेको देखिन्छ । गाउँपालिकाको कुल जनसंख्या मध्ये ८८ प्रतिशत जनसंख्यासँग मोवाइल तथा टेलिफोन उपलब्ध रहेको देखिन्छ । गाउँपालिकामा बसोबास गर्ने कुल घरपरिवार मध्ये ४३ प्रतिशतसँग टेलिभिजन, २० प्रतिशतले रेडियो, ६ प्रतिशतसँग कम्प्युटर र १७ प्रतिशत इन्टरनेट सेवाको पहुँच उपलब्ध रहेको देखिन्छ । गाउँपालिकाको योजनामा इन्टरनेट सेवाको पहुँच बढाउनुको साथै अन्य सूचना तथा संचारमा सुविधाको विकासलाई बढोत्तरी गर्ने कार्यक्रम तय गरिएका छन् ।

गाउँपालिकामा इन्टरएक्टिभ वेवसाइट, मोबाइल एप्स् र विभिन्न प्रकारका सूचना व्यवस्थापन प्रणाली तथा सफ्टवयर जडान भई शासन सञ्चालन र सेवा प्रवाहलाई विद्युतीय प्रणालीमा आधारित बनाउँदै लाने प्रयास गरिएको छ । गाउँपालिकाको इन्टरएक्टिभ वेवसाइट र मोबाइल एप्स्, स्थानीय रेडियो तथा टेलिभिजन तथा राष्ट्रियस्तरका रेडियो र टेलिभिजन, पत्रपत्रिका र अनलाईनमार्फत् सूचनाहरु नियमित रुपमा अद्यावधिक, प्रकाशन र प्रसारण भैरहेको छ ।

### ७.५.२ समस्या र चुनौति

गाउँपालिका केही घरपरिवारका सदस्यहरुसँग मोबाइल फोन समेत पहुँच नभएको अवस्था छ भने करिब ५० प्रतिशत घरपरिवारमा कम्प्युटर, इन्टरनेट र टेलिभिजनको पहुँच नभएको देखिन्छ । कतिपय बस्ती र स्थानहरुमा मोबाइल टेलिफोन सेवाको गुणस्तर कमजोर रहेको छ । गाउँपालिका क्षेत्रभित्र सवै विद्यालय, स्वास्थ्य संस्था, सेवा केन्द्र र वडा कार्यालयमा इन्टरनेट सुविधा उपलब्ध हुन सकेको छैन र उपलब्ध भएका केन्द्र र कार्यालयमा सेवाको गुणस्तर कमजोर रहेको छ । विद्यालय, स्वास्थ्य संस्था र वडा कार्यालयहरुमा पावर व्याकअप सहित सूचना प्रविधिमा आधारित सेवा सुचारु हुन सकेको छैन । हालसम्म गाउँपालिकामा ल्याण्डलाइन टेलिफोन र केबल प्रणालीमा आधारित इन्टेरनेट र टेलिफोनको व्यवस्था हुन सकेको छैन । गाउँपालिकामा एफ.एम रेडियो स्टेशन र सञ्चारका साधनको विस्तार हुन सकेको छैन ।

## ७.६ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

यस गाउँपालिकाको आवास, बस्ती, भवन तथा शहरी विकास, सडक तथा यातायात, विद्युत् र वैकल्पिक उर्जा, सूचना तथा संचार प्रविधि लगागत स्थानीय तहको लागि उपलब्ध पूर्वाधार विकास सम्बन्धी अधिकार क्षेत्रको सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा प्रमुख कार्यक्रमलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

### ७.६.१ सोच

गाउँपालिकाको पूर्वाधार विकास क्षेत्रको सोच देहायअनुसार रहेको प्रस्तुत छः

- योजनावद्ध र व्यवस्थित, वातावरणमैत्री पूर्वाधारयुक्त, उत्थानशील गाउँ-सहर

### ७.६.२ लक्ष्य

गाउँपालिकाको पूर्वाधार विकास क्षेत्रको लक्ष्य देहायअनुसार रहेको छः

- आवास, भौतिक सुविधा, बजार तथा अन्तरआवद्धता सहज, व्यवस्थित र उत्थानशील बनाउने

### ७.६.३ उद्देश्य

गाउँपालिकाका पूर्वाधार विकास क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

- योजनाबद्ध तथा उत्थानशील आवास, बजार, औद्योगिक तथा व्यावसायिक पूर्वाधारको विकास गर्नु,
- व्यवस्थित यातायात र सहायक पूर्वाधार तथा सुविधाको विकास र विस्तार गर्नु,
- विद्युत् र स्वच्छ उर्जाको उपलब्धता, गुणस्तर र उपभोगमा वृद्धि गर्नु, र
- सूचना, सञ्चार प्रविधि तथा विद्युतीय सुशासनको उपलब्धता र उपभोगमा वृद्धि गर्नु ।

### ७.६.४ रणनीति तथा कार्यनीति

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न देहाय अनुसारका रणनीति गर्ने तथा कार्यनीति अवलम्बन गरी पूर्वाधार विकास सम्बन्धी प्रमुख कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिनेछ :

*तालिका १४ : पूर्वाधार विकास क्षेत्रको रणनीति तथा कार्यनीति*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : योजनाबद्ध तथा उत्थानशील आवास, बजार, औद्योगिक तथा व्यावसायिक पूर्वाधारको विकास गर्नु** | |
| १. पूर्वाधार विकास आयोजनालाई योजनावद्ध, दिगो र सुव्यस्थित रुपमा सञ्चालन गर्ने । | १.१ गाउँपालिकाबाट रु. ५ लाख भन्दा कम लागतका आयोजना सञ्चालनलाई निरुत्साहित गरिनेछ र रु. ५ लाख भन्दा बढी लागतका सबै आयोजनामा योजनाको खाताको प्रयोगलाई अनिवार्य गरिनेछ ।<br>१.२ आयोजना स्थलहरुमा आयोजना सम्बन्धी जानकारी सहितको सूचना पाटी लगायत आयोजना सम्बन्धमा अनुसन्धानमा आधारित भई सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई व्यवहारिक परिमाणमुखी बनाइनेछ ।<br>१.३ पूर्वाधार विकास कार्यमा कानूनी व्यवस्था अनुसार वातावरणीय अध्ययन गरी वातावरण व्यवस्थापन कार्यलाई एकीकृत गरी सञ्चालन गरिनेछ ।<br>१.४ गाउँपालिकामा भौतिक पूर्वाधार विकास आयोजनाको निर्माण र सञ्चालनमा सार्वजनिक निजी साझेदारीको अवधारणा लागु गर्न कानूनी र संस्थागत व्यवस्था गरिनेछ ।<br>१.७ गाउँपालिकाबाट सञ्चालन हुने पूर्वाधार विकास सम्बन्धी आयोजनामा अधिकतम जनसहभागिता प्रवर्द्धनका लागि नीतिगत व्यवस्था गरी कार्यान्वयन गरिनेछ ।<br>१.५ राष्ट्रिय भवन संहिता २०७२ प्रभावकारी रुपमा कार्यान्वयन गर्न इञ्जिनियर, सब इञ्जिनियर, कन्सल्टेण्ट र निर्माण कार्यमा संलग्न दक्ष कामदारहरुलाई सो सम्बन्धी तालिम प्रदान गरी प्रमाणपत्र दिने र प्रमाण पत्र प्राप्त प्राविधिक र दक्ष व्यक्तिहरुबाट मात्र निर्माण कार्य गर्ने गराउने व्यवस्था मिलाइनेछ ।<br>१.६ उपभोक्ता समितिबाट कार्यान्वयन हुने आयोजनामा अनिवार्य रुपमा प्राविधिक सुपरीवेक्षणको व्यवस्था गरिनेछ र आयोजना निर्माण गर्नु अघि उपभोक्ता समितिलाई प्राविधिक र व्यवस्थापकीय विषयमा तालिम प्रदान गरिनेछ ।<br>१.७ रु. २० लाख भन्दा बढी लागतका आयोजनाहरु टेण्डरबाट कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ । |
| २. वडा कार्यालयलाई सेवा प्रवाह केन्द्र/एकाईको रुपमा विकास गर्ने । | २.१ वडा कार्यालयमा विषय शाखा र कर्मचारीको व्यवस्था गरी विषयगत सेवा प्रवाहको व्यवस्था गरिनेछ ।<br>२.२ सबै वडा कार्यालयहरुमा पूर्वाधार तथा संरचनाको विकास गरी आफ्नै भवनबाट प्रमुख विषय क्षेत्रको सेवा सुचारु गरिनेछ ।<br>२.३ मापदण्ड अनुसार वडा कार्यालय भवन अपाङ्गमैत्री, बालमैत्री, ज्येष्ठ नागरिक |

| रणनीति | कार्यनीति |
|---|---|
| | मैत्री तथा महिलामैत्री रुपमा निर्माण र सञ्चालन गरिनेछ ।<br>२.४ गाउँपालिका क्षेत्रभित्र पर्ने पर्यटकीय सम्भावना रहेको पर्यटकीय क्षेत्रलाई संभाव्यताको आधारमा पर्यटकीय, शैक्षिक, खेलकुद र अन्य क्षेत्रको रुपमा विकास गर्न पूवार्धार लगायत सेवा सुविधाको विकास र विस्तार गरिनेछ ।<br>२.५ वडामा समानुपातिक विकास गर्ने उद्देश्यले निश्चित मापदण्डको आधारमा वडास्तरबाटै योजना कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ ।<br>२.६ गाउँपालिकाको सबै वडाहरुमा मुख्य आयोजनाहरु सडक, खानेपानी, सिंचाई एवम् अन्य पूर्वाधार निर्माणमा डिपिआर तयार गरी सोको आधारमा बजेट विनियोजन र कार्यान्वयनको व्यवस्था गरिनेछ । |
| ३. गाउँपालिकाको व्यवस्थित विकासको लागि भूउपयोग क्षेत्र निर्धारण गरी सो अनुसार आवास क्षेत्र, कृषि क्षेत्र, औद्योगिक क्षेत्र, व्यवसायिक क्षेत्र, संस्थागत, संरक्षण क्षेत्रको निर्धारण गर्ने । | ३.१ भुउपयोग क्षेत्र निर्धारणको विस्तृत सर्भेक्षण र नक्साांकंन गरिनेछ ।<br>३.२ भूउपयोग क्षेत्रहरुको विचमा ग्रिनवेल्टको विकास गरिनेछ ।<br>३.३ भूउपयोग योजना अनुसार कृषि, औद्योगिक तथा आवास क्षेत्र निर्धारण गरी संरक्षण गरिनेछ ।<br>३.४ गाउँपालिका क्षेत्र भित्रको सार्वजनिक तथा पर्ती जग्गाहरुको पहिचान, नक्साकंन र अभिलेख तयार गरी पार्क, खुल्ला क्षेत्र, पोखरी, खेलमैदान र अन्य व्यवसायिक आयोजनामा उपयोग गरिनेछ ।<br>३.५ गाउँपालिका क्षेत्रमा नापी नक्सा, घरजग्गा, धनीपुर्जा, सडक र घर नम्बरलाई मिलान गरी भौगोलिक सूचना प्रणालीमा आधारित अद्यावधिक अभिलेख तयार गरिनेछ ।<br>३.६ नमूनाको रुपमा योजनाबद्ध रुपमा जग्गा एकीकरण, विकास र पूर्वाधार निर्माण गरी आवास र वस्ती विकास सुरक्षित र व्यवस्थित बनाइनेछ ।<br>३.७ जोखिम संवेदनशील भूउपयोग योजना, बालमैत्री, अपाङ्गमैत्री संरचना तथा पूर्वाधार निर्माण र दिगो सञ्चालनको लागि आयोजना निर्माणकै चरण देखि मर्मतसंभार कोषलाई अनिवार्य गरिनेछ । |
| ४. भूउपयोग क्षेत्र र भौतिक विकास गुरुयोजना तयार गरी सार्वजनिक निर्माण कार्यलाई व्यवस्थित गर्ने | ३.१ सडकको मापदण्ड, वर्गीकरण, नामाकरण र प्राथमिकताक्रम सहित यातायात गुरुयोजना अद्यावधिक गरी सडक निर्माण र सञ्चालन गर्ने<br>३.२ भू-उपयोग क्षेत्र अनुसार भौतिक निर्माणको योजना तर्जुमाको आधारमा सडक तथा अन्य पूर्वाधार विस्तार, विकास र स्तरोन्नति गरिनेछ ।<br>३.३ भवन निर्माण सम्बन्धी मापदण्डलाई प्रभावकारी रुपमा लागु गर्न भवन बिभाग, नापी कार्यालय, सरोकारवाला निकायसँग समन्वय र साझेदारी गरी तालिम तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३.४ भूउपयोग क्षेत्र अनुसार निर्धारण गरिएको कृषि क्षेत्रलाई वेचविखन र प्लटिङ लगायत जग्गा विकास लागि उपयोग गर्ने जग्गाको वेचविखनमा रोक लगाउन आवश्यक कानूनी व्यवस्था गरिनेछ र कृषि कार्यमा प्रयोग गर्नेलाई प्रोत्साहन तथा सहुलियतको व्यवस्था गरिनेछ ।<br>३.५ गाउँपालिका क्षेत्रभित्र सडकको मुख्यचोक तथा टोल/बस्तीमा प्रतिक्षालय र चौतारो निर्माण र हरियाली निर्माण कार्यलाई विकास र विस्तार गरिनेछ ।<br>३.६ अव्यवस्थित बसोबासलाई व्यवस्थित बनाउन पृथ्वी राजमार्गको नजिक रहेका मझिमटार, फजिमटार, धुषाटार, विशालटार, वाहुनटार र रिचोकटार क्षेत्रमा एकीकृत बस्ती तथा सहरी विकास विकास र विस्तार गरिनेछ । |
| ५. गाउँपालिकाको शहर एवं बजार उन्मुख क्षेत्रमा भौतिक योजना सहित | ३.१ भूबनौट, क्षमता, उपयुक्तता र मौजुदा भू-उपयोगको आधारमा भू-उपयोग क्षेत्र निर्धारण, भौतिक विकास योजना तर्जुमा गरी योजनावद्ध तथा व्यवस्थित बस्ती विकासको आधार तयार गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| बजारको पूवार्धार विकास गर्ने । | ३.२ औद्योगिक ग्राम, बजार, पार्क, खुल्ला क्षेत्र, आपतकालीन सामाग्री भण्डार गृह लगायत सार्वजनिक पूर्वाधार विकासको लागि स्थान र जग्गाको व्यवस्था गरी निर्माण कार्य क्रमशः सञ्चालन गरिनेछ ।<br>३.३ व्यवस्थित बस्ती विकास र बजार व्यवस्थापनका लागि आधारभूत पूर्वाधारहरुको निर्माण गरी नमूना बस्ती र बजारको विकास गरिनेछ ।<br>३.५ बजार र बस्ती क्षेत्रमा खुल्ला स्थान समेत हरियाली पार्क, पोखरी र खुल्ला स्थान समेतको व्यवस्था गरिनेछ ।<br>३.६ बजार र ग्रामीण भेगको सार्वजनिक जग्गा, सार्वजनिक भवन तथा सार्वजनिक सम्पत्तिको पहिचान, अभिलेखन, संरक्षण र परिचालन गरिनेछ । |
| **उद्देश्य २: व्यवस्थित यातायात र सहायक पूर्वाधार तथा सुविधाको विकास र विस्तार गर्नु,** | |
| १. गाउँपालिका क्षेत्रभित्र यातायात तथा आवागमन भरपर्दो, सुरक्षित र बजार अनुकुल बनाउने । | १.१ व्यवस्थित सडक सञ्जाल, गाउँपालिकाको केन्द्रसँग जोडिने सडकलाई १२ है महिना चल्ने गरी व्यवस्थित सडक निर्माणलाई गाउँपालिकाको मुख्य आधारशीलाको रुपमा निर्माण गरिनेछ ।<br>१.२ सबै वडाको केन्द्र, बजार क्षेत्र, कृषि पकेट क्षेत्र, औद्योगिक तथा पर्यटकीय केन्द्रहरुलाई पक्की सडकको विकास गरी नियमित मर्मत संभारको व्यवस्था गरिनेछ ।<br>१.३ यातायात गुरुयोजना र सडकको मापदण्ड अनुसार सडकहरुको रेखाङ्कन, नक्साङ्कन, नामाकरण गरी सडक निर्माण, चौडा तथा स्तरोन्नति गर्ने र नियमित मर्मतसंभारको व्यवस्था गरिनेछ ।<br>१.४ गाउँपालिकाको सडक सञ्जाल नपुगेको र स्तरोन्नति भएका सडक नपुगेका स्थानहरुमा सडकको पहुँच पुऱ्याउन सडक विस्तार र स्तरोन्नति गरिनेछ ।<br>१.५ सडक तथा सार्वजनिक स्थानमा निर्माण सामाग्री तथा अवरोध पुऱ्याउने खालका अन्य सामाग्रीहरु राख्नेलाई कानुन अनुसार कारवाही गरी आवागमनलाई सहज बनाइनेछ ।<br>१.६ बसपार्क तथा बिसौनी, सवारी साधन पार्किङ्ग स्थल, सवारी साधन सेवा केन्द्र समेत सवारी साधन व्यवस्थापनको लागि उपयुक्त स्थानमा पूर्वाधार निर्माण र व्यवस्थापन गरिनेछ । |
| २. सडक अधिकार क्षेत्र र मापदण्ड तयार गरी भौगोलिक सूचना प्रणालीको प्रयो गरी सडकको रेखाङ्कन, नक्साङ्कन र नामाकरण गर्ने । | २.१ यातायात गुरुयोजना अनुसार सडकको मापदण्ड, नामाकरण, रेखाङ्कन र प्राथमिकता निर्धारण गरी कार्यान्वयन गरिनेछ ।<br>२.२ यातायात गुरुयोजनाको नियमित रुपमा अद्यावधिक गरी सोको प्राथमिकता अनुसार सडक निर्माण तथा स्तरोन्नति गरिनेछ ।<br>२.४ प्रहरी, प्रशासन, टोल विकास संस्थाहरु र नागरिक समाजसँग समन्वय र सहकार्य गरी सडक अधिकार क्षेत्रको अतिक्रमण हटाइनेछ ।<br>२.५ सडक मापदण्ड लागु हुनु भन्दा अघि बनेका र रहेका संरचनाहरु हटाउन सरोकारवालाहरुसँग परामर्श र वैकल्पिक व्यवस्था गरी संरचना हटाइनेछ ।<br>२.६ परम्परागत रुपमा रहेका सडक, बाटो तथा गल्लीहरुको अतिक्रमण हटाउन विशेष पहल गरिनेछ र सडक अधिकार क्षेत्रको संरक्षणको लागि निगरानी र सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.७ गाउँपालिका क्षेत्र भित्रको मूल तथा सहायक सडकहरुको दायाँबायाँ दुबैतर्फ वृक्षारोपण गरी सडक संरक्षण र सुन्दरतामा अभिवृद्धि गरिनेछ ।<br>२.८ सडकको सौन्दर्यलाई बढाउन सडक किनारा वृक्षरोपण, सडक पेटी र नाली निर्माणलाई योजनाबद्ध रुपमा सञ्चालन गरिनेछ । |
| ३. कृषि, उद्योग र पर्यटन | ३.१ गाउँपालिकाका रणनीतिक सडकहरुको प्राथमिकता अनुसार क्रमशः ग्राभेल, |

| रणनीति | कार्यनीति |
|---|---|
| तथा सामाजिक सेवा तथा सुविधालाई सहज र सुलभ हुने गरी गुणस्तरीय र वातावरण मैत्री र उत्थानशिल सडक तथा सहायक पूर्वाधारको विकास र विस्तार गर्ने । | सोलिङ र पिच/ढलान गर्दै स्तरोन्नति गर्दै लगिनेछ ।<br>३.२ सडक सञ्जाल निर्माण गर्दा कृषि, पर्यटन तथा उद्योग व्यवसायको समेत प्रवर्द्धन हुने गरी निर्माण गरिनेछ ।<br>३.३ वातावरणीय अध्ययन पश्चात् विस्तृत परियोजना प्रतिवेदन तयार गरेर मात्र सडक निर्माण र स्तरोन्नति गरिनेछ ।<br>३.४ सडक विकास र स्तरोन्नतिसँग कृषि, पशु विकास, उद्योग व्यवसाय विकासका प्याकेज कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३.५ सडकको वर्गीकरण, नामाकरण र मापदण्ड अनुसार चौडा गरी नाला, सडक पेटी, पुल तथा कल्भर्ट लगायतका सडकको सहायक संरचना समेतको सडकको स्तरोन्नति गरिनेछ ।<br>३.६ स्थानीय स्रोतसाधन, सीपको प्रयोगबाट सञ्चालन हुने, स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने आयोजना र उपभोक्ताको लागत साझेदारी हुने आयोजनालाई प्राथमिकता दिई निर्माण तथा सञ्चालन गरिनेछ ।<br>३.७ सडक सञ्जाल निर्माण गर्दा यातायातलाई आर्थिक प्रणालीसँग आवद्ध गरी पुर्वाधार र आर्थिक विकासलाई सँगसँगै लैजान कृषि उत्पादन र बजारीकरण, व्यापार र व्यवसायलाई प्राथमिकतामा राखी सडकको विकास र विस्तार गर्दै लगिनेछ । |
| **उद्देश्य ३ : विद्युत् र स्वच्छ उर्जाको उपलब्धता, गुणस्तर र उपभोगमा वृद्धि गर्नु,** | |
| १. विद्युत् लाइन तथा क्षमता वृद्धि गर्ने । | १.१ विद्युत् प्राधिकरणसँग समन्वय र लागत साझेदारीमा विद्युत् लाईनको क्षमता विस्तार, जिर्ण पोल र तार मर्मत गरिनेछ ।<br>१.२ वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालयहरुमा पावर व्याकअप, इन्टरनेट र इन्ट्रानेटको व्यवस्था गरिनेछ ।<br>१.३ नेपाल विद्युत् प्राविधिकरणसँग समन्वय र साझेदारी गरी विद्युत् क्षमता (voltage) कम भएको कारण विद्युत् अवरोध हुने स्थानहरुमा विद्युत्को क्षमता विस्तार गरिनेछ ।<br>१.४ खुलातार प्रणालीलाई केबल प्रणालीमा रुपान्तरणको लागि सम्बन्धित निकायसँग पैरवी र साझेदारी गरिनेछ । |
| २. नविकरणीय ऊर्जा प्रविधिको विस्तार र प्रवर्द्धन गरी स्वच्छ उर्जाको पहुँच र उपयोग वृद्धि गर्ने । | २.१ वैकल्पिक उर्जा सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड र योजना तर्जुमा गरी कार्यान्वयन र नियमनको व्यवस्था गरी स्वच्छ उर्जामा पहुँच वृद्धि गरिनेछ ।<br>२.२ दाउरा र जैविक उर्जाको प्रयोगलाई कम गर्दै लैजान बायोग्यास, सुधारिएको चुलो, बायो ब्रिकेट, विद्युत्, सोलार उपयोगको प्रवर्द्धन एवं विस्तार गरिनेछ ।<br>२.३ गरिब तथा विपन्न वर्गसम्म नविकरणीय ऊर्जा प्रविधिको सुलभ पहुँच पुऱ्याउन प्रवर्द्धनात्मक र प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.४ नविकरणीय उर्जाको प्रयोगलाई प्रोत्साहन दिई प्रवर्द्धन गरिनेछ ।<br>२.५ केन्द्रीय प्रशारण विद्युत् लाइनको पहुँचबाट टाढा रहेका गाउँ/बस्तीहरुमा सौर्य उर्जा प्रणालीलाई प्रोत्साहन गरी उज्यालो गाउँपालिकाको अभियानलाई पूर्णता प्रदान गरिनेछ । |
| **उद्देश्य ४: सूचना, सञ्चार प्रविधि तथा विद्युतीय सुशासनको उपभोगमा वृद्धि गर्नु ।** | |
| १. विद्युतीय सुशासनको प्रवर्द्धन गर्ने । | १.१ गाउँपालिकाको सेवा प्रवाहलाई सहज बनाउन विद्युतीय खरिद प्रणाली लगायत सेवा प्रवाहमा विद्युतीय सुशासन प्रणाली लागु गरिनेछ ।<br>१.२ गाउँपालिकामा सूचना केन्द्र स्थापना गरी सूचना प्रविधिमैत्री बनाइने तथा एकीकृत रुपमा स्थानीय तथ्याङ्कको व्यवस्थापन गरिनेछ ।<br>१.३ प्रत्येक वडा कार्यालयमा सूचना केन्द्र स्थापना गरी सूचना संकलन, विश्लेषण |

| रणनीति | कार्यनीति |
|---|---|
| | गरी योजना तर्जुमामा सूचनाको प्रयोगलाई जोड दिइने छ ।<br>१.४ गाउँपालिकाबाट संचालति सबै आयोजनाहरुमा सूचनापाटी, त्रैमासिक सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरिनेछ र प्रत्येक वडामा गाउँपालिका स्तरीय त्रैमासिक सार्वजनिक सुनुवाईलाई नियमित गरिनेछ ।<br>१.५ कार्यालयको दैनिक प्रशासनिक कार्यलाई सूचना प्रविधिमैत्री बनाइनेछ । |
| २. गाउँबासीमा स्वास्थ्य, शिक्षा, सुरक्षा, रोजगारी, प्रकोप लगायतका विषयमा पहुँच अभिवृद्धि गर्न स्थानीय सञ्चार तथा सूचना प्रविधिको उच्चतम प्रयोग गर्ने । | २.१ गाउँ कार्यपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयमा उपलब्ध इन्टरनेटको क्षमता वृद्धि गरी सेवाको विस्तार तथा गुणस्तरमा सुधार गरिनेछ ।<br>२.२ सबै विद्यालय तथा स्वास्थ्य संस्थाहरुमा इन्टरनेट सुविधा जडान गर्ने र सूचना प्रविधिमा आधारित भई पठनपाठन र स्वास्थ्य सेवा प्रवाहको व्यवस्था गरिनेछ ।<br>२.३ ल्याण्डलाइन टेलिफोन र अप्टिकल फाइबर प्रविधिको इन्टरनेट सञ्चालन र विस्तार गर्न नेपाल टेलीकम र अन्य सेवा प्रदायक संस्थासँग छलफल, समन्वय र पैरवी गरिनेछ ।<br>२.४ टेलिफोन टावरको संख्या र क्षमता वृद्धि गर्न टेलिकम सेवा प्रदायक एवं निकायसँग समन्वय र पैरवी गरिनेछ ।<br>२.५ स्थानीय संचार माध्यमसँग समन्वय गरेर स्वास्थ्य, शिक्षा, सरसफाई, कृषि, उद्यम विकास र विपद् व्यवस्थापन लगायतका विषय क्षेत्रमा जनउपयोगी सूचना सम्प्रेषण गर्ने व्यवस्था मिलाइनेछ । |
| ३. सूचना तथा सेवा प्रवाहलाई सूचना प्रविधि बनाउने । | ३.१ राजस्व, प्रशासन, योजना, खरिद व्यवस्थापन तथा स्थानीय तथ्याङ्क सम्बन्धी सूचना व्यवस्थापन प्रणाली तयार गरी सूचना प्रविधिमा आधारित भई सेवा प्रवाह र विकास कार्य सञ्चालनको व्यवस्था गरिनेछ ।<br>३.२ मोबाइल एप्स्, एफएम रेडियो, पत्रपत्रिका र वेवसाइटको माध्यमबाट सम्पादित योजना, कार्यक्रम, गतिविधि, उपलब्धी प्रकाशन र प्रसारणको लागि सूचना र संचार प्रविधिको अधितकम उपयोग गरिनेछ ।<br>३.३ गाउँपालिकाको मुखपत्रको रुपमा बेनीघाट रोराङ विकास बुलेटिन अर्धवार्षिक रुपमा प्रकाशन गरिनेछ ।<br>३.४ पदाधिकारी र सेवाग्राही रेडियो तथा टि.भि. संवाद कार्यक्रम सामाजिक सञ्जाल माध्यमबाट नियमित रुपमा सञ्चालन गरिनेछ ।<br>३.५ स्थानीय नीति, कानून, नियम र कार्यविधि, निर्णय, विकास कार्य सञ्चालन, उपलब्धी, सफल अभ्यासबारे संवाद, पत्रपत्रिका, रेडियो र टिभिमा नियमित प्रकाशन र प्रसारणको व्यवस्था गरिनेछ ।<br>३.६ सामाजिक सञ्जालको प्रयोगलाई समाज अनुकुल र रचनात्मक बनाउन पहल र प्रयास गरिनेछ । |

## ७.७ प्रमुख कार्यक्रम तथा अपेक्षित उपलब्धि

### ७.७.१ प्रमुख कार्यक्रम तथा आयोजना

आवधिक योजनाको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र, प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधिमा प्राथमिकता अनुसार प्रस्तुत रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ । पूर्वाधार विकास क्षेत्रको प्रमुख कार्यक्रम तथा आयोजना, भौतिक लक्ष्य, कार्यक्रम गर्ने स्थान, अनुमानित लागत तथा जिम्मेवारी सहितको कार्यान्वयन योजना देहाय बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ :

*तालिका १५ : पूर्वाधार विकास क्षेत्रको प्रमुख कार्यक्रम तथा स्रोत अनुमान*

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्ष (०७६/७७) को अवस्था | योजनाको कूल लक्ष्य | लक्ष्य रकम (हजारमा) | | | | | | प्रति इकाई लागत (रु. हजार) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | |
| **१. आवास, बस्ती र शहरी विकास** | | | | **५५५००** | **५५५००** | **६५५००** | **७५५००** | **७५५००** | **३२७५००** | |
| १.१ स्थानीय बसपार्क तथा पार्किङ स्थल निर्माण र सञ्चालन | संख्या | ० | ५ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | ५००० |
| १.२ आधारभूत पूर्वाधार (सडक नाला, सार्वजनिक शौचालय, संकलन केन्द्र) सहित बजार विकास र व्यवस्थापन | संख्या | ० | ३ | ६००० | ६००० | ६००० | ६००० | ६००० | ३०००० | १०००० |
| १.३ उत्थानशील निर्माण प्रविधि, सामाग्री, गुणस्तर सम्बन्धी सीप विकास तालिम | पटक | ० | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० |
| १.४ असुरक्षित बस्तीहरुको संरक्षणको लागि रिटेनिङ वाल, ग्याविन वाल, बाँध निर्माण | मिटर | ६०० | १५०० | ९००० | ९००० | ९००० | ९००० | ९००० | ४५००० | ३० |
| १.५ ग्रीन पार्क, उद्यान र पिकनिक स्थल निर्माण तथा पर्यटकीय पूर्वाधार निर्माण कार्यक्रम | स्थान | ० | ५ | १५००० | १५००० | १५००० | १५००० | १५००० | ७५००० | १५००० |
| १.६ एकीकृत बस्ती तथा सहरी विकास आयोजना (जग्गा एकीकरण, विकास र पूर्वाधार निर्माण) (गौरवका आयोजना) | स्थान | ० | २ | २०००० | २०००० | ३०००० | ४०००० | ४०००० | १५०००० | ७५००० |
| **२. सडक, पुल र यातायात** | | | | **६५०४००** | **६७०४००** | **७५७४००** | **७९४४००** | **८१४४००** | **३६८७०००** | |
| २.१ पक्की सडक निर्माण आयोजना (५० कि.मि. थप गर्ने) | कि.मि | ३१ | ५० | २४०००० | २५०००० | २६०००० | २७०००० | २८०००० | १३००००० | २६००० |
| २.२ सहायक संरचना समेत सडक ग्राभेल र स्तरोन्नति आयोजना | कि.मि. | ४२ | २७२ | ३२६४०० | ३२६४०० | ३२६४०० | ३२६४०० | ३२६४०० | १६३२००० | ६००० |
| २.३ नयाँ ट्र्याक खोल्ने तथा नयाँ सडक निर्माण आयोजना | कि.मि | २७२ | १०० | ३०००० | ३०००० | ८०००० | ८०००० | ८०००० | ३००००० | ३००० |
| २.४ सडक पक्की पुल निर्माण आयोजना | संख्या | ७ | ८ | २०००० | ३०००० | ४०००० | ५०००० | ६०००० | २००००० | २५००० |
| २.५ झोलुङ्गे पुल निर्माण आयोजना | संख्या | १७ | १७ | ३४००० | ३४००० | ५१००० | ६८००० | ६८००० | २५५००० | ७५०० |
| **३. विद्युत् तथा बैकल्पिक उर्जा** | | | | **८९००** | **८९००** | **८९००** | **८९००** | **८९००** | **४४५००** | |
| ३.१ सडक बत्ती जडान र विस्तार | संख्या | ५८ | ५५० | २००० | २००० | २००० | २००० | २००० | १०००० | १०० |
| ३.२ वैकल्पिक उर्जा प्रवर्द्धन (सोलार, वायोग्यास र सुधारिएको चुल्हो) | संख्या | १०० | १००० | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | १०० |
| ३.३ कार्यालय, स्वास्थ्य संस्था र विद्यालय पावर व्याकअप प्रणाली | संख्या | २० | ७६ | १९०० | १९०० | १९०० | १९०० | १९०० | ९५०० | १२५ |
| **४. सूचना तथा संचार प्रविधि** | | | | **३३९६** | **३२९६** | **३२९६** | **३२९६** | **३२९६** | **१६५८०** | |
| ४.१ इन्टरनेट क्षमता विस्तार | पटक | १ | ५ | ४५६ | ४५६ | ४५६ | ४५६ | ४५६ | २२८० | ३० |
| ४.२ सेवा प्रवाह सम्बन्धी सफ्टवेयर, प्रणाली र उपकरण व्यवस्थापन (MIMS, Solstice, LGMIS, RMIS आदि) | पटक | ३ | १० | १००० | १००० | १००० | १००० | १००० | ५००० | ५०० |
| ४.३ वस्तुस्थिति विवरण र विकास बुलेटिन प्रकाशन र प्रसारण | त्रैमासिक | ० | २१ | ५०० | ४०० | ४०० | ४०० | ४०० | २१०० | १०० |

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्ष (०७६/७७) को अवस्था | योजनाको कूल लक्ष्य | लक्ष्य रकम (हजारमा) | | | | | | प्रति इकाई लागत (रु. हजार) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | |
| ४.४ सिसिटिभि, डिजिटल डिस्प्ले वोर्ड, नेट वर्किङ, विद्युतीय हाजिरी, अडियो नोटिस वोर्ड स्थापना | संस्था | २ | ५० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५० |
| ४.५ मिडिया परिचालन कार्यक्रम | पटक | १ | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० | २०० |
| ४.६ जनप्रतिनिधि सेवाग्राही अन्तर सम्बाद कार्यक्रम | पटक | १ | ६० | २४० | २४० | २४० | २४० | २४० | १२०० | २० |
| ४.७ स्थानीय एफएम रेडियो स्टेशन र कार्यक्रम प्रवर्द्धन | पटक | ० | १ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० |
| **पूर्वाधार क्षेत्र जम्मा** | | | | ७१८१९६ | ७३८०९६ | ८३५०९६ | ८८२०९६ | ९०२०९६ | ४०७५५८० | |

## ७.७.२ प्रमुख कार्यक्रमको स्थानगत तथा आयोजना विवरण

पूर्वाधार विकास क्षेत्रको प्रमुख कार्यक्रमको स्थानगत तथा आयोजनागत विवरण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ :

*तालिका १६ : पूर्वाधार विकास विषय क्षेत्रको प्रमुख कार्यक्रमको स्थानगत तथा आयोजना विवरण*

| कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कूल लक्ष्य | अनुमानित स्रोत (रु. हजारमा) | स्थानगत तथा आयोजना विवरण |
|---|---|---|---|---|
| **उद्देश्य १: आवास, बस्ती र शहरी विकास** | | | ३२७५०० | |
| १.१ स्थानीय बसपार्क तथा पार्किङ स्थल निर्माण र सञ्चालन | संख्या | ५ | २५००० | |
| १.२ आधारभूत पूर्वाधार (सडक नाला, सार्वजनिक शौचालय, संकलन केन्द्र) सहित बजार विकास र व्यवस्थापन | संख्या | ३ | ३०००० | ताल्ती, मलेखु, सलाङघाट, वेनीघाट, विशालटार, चरौदी, ज्यामिरेघाट, मभ्फीमटार हुग्दीखोला, मौवाखोला |
| १.३ उत्थानशील निर्माण प्रविधि, सामाग्री, गुणस्तर सम्बन्धी सीप विकास तालिम | पटक | ५ | २५०० | |
| १.४ असुरक्षित बस्तीहरुको संरक्षणको लागि रिटेनिङ वाल, ग्याविन वाल, बाँध निर्माण | मिटर | १५०० | ४५००० | |
| १.५ ग्रीन पार्क, उद्यान र पिकनिक स्थल निर्माण तथा पर्यटकीय पूर्वाधार निर्माण कार्यक्रम (आधारभूत) | स्थान | ५ | ७५००० | |
| १.६ एकीकृत बस्ती तथा सहरी विकास आयोजना (जग्गा एकीकरण, विकास र पूर्वाधार निर्माण) | स्थान | २ | १५०००० | वडा नम्बर २, ताल्ति र वडा नम्बर ७, धुषाटार |
| **उद्देश्य २: सडक, पुल र यातायात** | | | ३६८७००० | |
| १.१ पक्की सडक निर्माण आयोजना | कि.मि | ५० | १३००००० | **प्रस्तावित पक्की सडक (५० कि.मि.) निर्माण आयोजना***<br>१. मलेखु ताल्ती मनहरी सडक (४० कि.मि.)<br>२. ताल्ती सिमटार जरुङ कैलाश सडक (२३ कि.मि ) |

| कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कूल लक्ष्य | अनुमानित स्रोत (रु. हजारमा) | स्थानगत तथा आयोजना विवरण |
|---|---|---|---|---|
| | | | | ३. चरौदी जनगाउँ सडक (८ कि.मि.)<br>४. चरौदी, चौकी स्यादुल सोलाभाजा सडक (१० कि.मि.)<br>५. चौकी, बुम्पुङ, बुम्राङ सडक (१२ कि.मि.)<br>६. चौकी विधाङ नौहक गुफा सडक/नौहक गुफा सडक (२१ कि.मि.)<br>७. मझिमटार भारपाङ अैवाङ सडक (१५ कि.मि.)<br>८. बुद्ध मार्ग (१३ कि.मि.)<br>९. मलेखु भण्डारा सडक (३० कि.मि) वडा नम्बर २ भएर)<br>१०. रिचोकटार इराङ लामीडाडाँ सडक (१७ कि.मि)<br>११. सलाङघाट ओरवाङ सडक (८ कि.मि.)<br>१२. वेनीघाट जनगाउँ मोहरीया सडक (९ कि.मि.) |
| १.२ सहायक संरचना समेत सडक ग्राभेल तथा स्तरोन्नति आयोजना | कि.मि. | २७२ | १६३२०००० | **प्रस्तावित सडक स्तरोन्नति तथा ग्राभेल (८० कि.मि.) आयोजना**<br>१. पाङग्रेजीप गौमती डुम्रे सडक (१० कि.मि.)<br>२. ज्यामिरेघाट/फचिमटार चैलिङ विधाङ सडक (१३ कि.मि.)<br>३. मौवाखोला जवाङ बाँस्कुर सडक (९ कि.मि.)<br>४. हुग्दीखोला गोइराङ भञ्ज्याङ सडक (१५ कि.मि.)<br>५. मासखर्क सडक (७ कि.मि.)<br>६. थाम्तेस तीथली कोस्राङ सडक (१२ कि.मि)<br>७. रातवित्छे टेकवाङ दुङ्ग्रे माङग्राङ सडक (१० कि.मि.)<br>८. वालुवा सिमटार सडक (५ कि.मि.)<br>९. नयाँगाउँ तल्लो कात्राक माथिल्लो कात्राक सडक (५.५ कि.मि )<br>१०. हुग्दीखोला रोवाङ भञ्ज्याङ सडक (७ कि.मि.)<br>११. इराङटार पैरे भञ्ज्याङ लामीडाडा तोलबाङ सडक (९ कि.मि)<br>१२. वगरखोला, सम्वाङ ग्यावाटोल ब्रुम्दी सडक (४ कि.मि)<br>१३. ह्वान्सी, तल्लो कात्राक इराङ सडक (३ कि.मि)<br>१४. गोमती खोला खर्कवेसी मोहरिया सडक (४ कि.मि)<br>१५. छापडाँडा आलेगाउँ सडक (५ कि.मि.) |
| १.३ नयाँ ट्र्याक खोल्ने तथा नयाँ सडक निर्माण आयोजना | कि.मि | १०० | ३००००० | **प्रस्तावित नयाँ ट्र्याक सडक (१६२ कि.मि.) निर्माण आयोजना**<br>१. वागेश्वरी मिजार गाउँ चेपाङ मार्ग (३ कि.मि)<br>२. मान्सिङडाँडा एरवाङ सडक (३ कि.मि)<br>३. भोटे विसाउने चिउरीटार लोक मार्ग (५ मि.मि) |

| कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कूल लक्ष्य | अनुमानित स्रोत (रु. हजारमा) | स्थानगत तथा आयोजना विवरण |
|---|---|---|---|---|
| | | | | ४. कासटार, सिन्दुरटार, बुङपुङ सडक (५ कि.मि)<br>५. न्यामच्यार्याङ सडक (४ कि.मि)<br>६. सुन्दरनागी बैकुण्ठ, ब्रुम्दी, च्यात्राक, थुन्राङ, मासखर्क, सोला भाजा, भालिमटार, नोहकगुफा, रोवाङ, कोट, जवाङ, महखोला (६५ कि.मि) (गौरवका आयोजना)<br>७. जोगीडाडा, कुल्लो सडक (३ कि.मि)<br>८. धुसाटार डुकाङ चापटार (७ कि.मि )<br>९. झगरेडाँडा ताप्प्रे गालवाङ्दी (५ कि.मि.)<br>१०. खटौती हुलाक डाँडा आदामारा मधुवास (८ कि.मि)<br>११. केकतुङ यार्रवाङ सडक (१० कि.मि. )<br>१२. जिर्वाङ यार्रवाङ सडक (८ कि.मि)<br>१३. भैसेभुत साचुक सडक (४ कि.मि)<br>१४. वरपुक कारवाङ सडक (८ कि. मि.)<br>१५. गुठी भञ्ज्याङ भालिङटार सडक (६ कि.मि.)<br>१६. भालिङटार दुम्वाङ सडक (७ कि.मि)<br>१७. किटिनी बोझेडाँडा इराङ भञ्ज्याङ (५ कि.मि) |
| १.३ सडक पक्की पुल निर्माण आयोजना | संख्या | ८ | २००००० | १. ताल्ती वडा नं. २<br>२. चौकी, वडा नं. ६ |
| १.४ झोलुङ्गे पुल निर्माण आयोजना | संख्या | १७ | २५५००० | **प्रस्तावित नयाँ झोलुङ्गे पुल**<br>१. सिमटार लवाङ जोड्ने ४०० मि.<br>२. सिटार जरुङ ३०० मि.<br>३. चिमाङ असोवरी २०० मि.<br>४. न्याम्चेडाडाँ १५० मि.<br>५. वुम्पुङ रोतेस १५० मि<br>६. माङटार लाईपुरवेसी ६० मि.<br>७. सिमथली कटहरे १५० मि.<br>८. जोगीडाँडा कटुवा १३० मि.<br>९. भालडाडाँ इरुन्टार मिजारगाउँ १५० मि.<br>१०. कोट डुन्कुडाडाँ (१५० मि. दोभान खोला)<br>११. वाङ्ती खोला (१२० मि)<br>१२. माउती खोला (१२० मि)<br>१३. जघरेटार हुग्दी खोला (१५० मि.) |

| कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कूल लक्ष्य | अनुमानित स्रोत (रु. हजारमा) | स्थानगत तथा आयोजना विवरण |
|---|---|---|---|---|
| | | | | १४. लामी डाडाँ स्यादुल (२०० मि.)<br>१५. लामीडाडाँ किटिनी (१०० मि.)<br>१६. रोवाङ अैवाङ भ्होपु (२०० मि.)<br>१७. शितलवजार आरुवासटार (१५० मि.) |
| **उद्देश्य ३: विद्युत् तथा बैकल्पिक उर्जा** | | | ४४५०० | |
| ३.१ सडक बत्ती जडान र विस्तार | संख्या | ५५० | १०००० | |
| ३.२ वैकल्पिक उर्जा प्रवर्द्धन (सोलार, वायोग्यास र सुधारिएको चुल्हो) | संख्या | ७०० | २५००० | |
| ३.३ कार्यालय, स्वास्थ्य संस्था र विद्यालय पावर व्याकअप प्रणाली | संख्या | ७६ | ९५०० | |
| **उद्देश्य ४: सूचना तथा संचार प्रविधि** | | | १६५८० | |
| ४.१ इन्टरनेट क्षमता विस्तार | पटक | ५ | २२८० | |
| ४.२ सेवा प्रवाह सम्बन्धी सफ्टवेयर प्रणाली र उपकरण व्यवस्थापन | पटक | १० | ५००० | |
| ४.३ वस्तुस्थिति विवरण र विकास बुलेटिन प्रकाशन तथा प्रसारण | त्रैमासिक | २१ | २१०० | |
| ४.४ सिसिटिभि, डिजिटल डिस्प्ले वोर्ड, नेट वर्किङ, विद्युतीय हाजिरी, अडियो नोटिस वोर्ड स्थापना | संस्था | ५० | २५०० | |
| ४.५ मिडिया परिचालन कार्यक्रम | पटक | ५ | १००० | |
| ४.६ जनप्रतिनिधि सेवाग्राही अन्तर सम्बाद कार्यक्रम | पटक | ६० | १२०० | |
| ४.७ स्थानीय एफएम रेडियो स्टेशन र कार्यक्रम प्रवर्द्धन कार्यक्रम | पटक | १ | २५०० | |
| **पूर्वाधार क्षेत्र जम्मा** | | | ४०७५५८० | |

### ७.७.३ आयोजना तथा कार्यक्रमको साङ्केतीकरण

योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न प्रस्तावित कार्यक्रम तथा आयोजनाको स्थानीय रणनीतिक स्तभ्म, दिगो विकास लक्ष्य, दिगो राष्ट्रिय लक्ष्य, प्रदेश समृद्धि, लैंगिक र जलवायु संकेतको विवरण **अनुसूची ७** मा प्रस्तुत गरिएको छ :

### ७.७.४ अपेक्षित उपलब्धी तथा नतिजा तालिका

गाउँपालिकाको वडा नम्बर २ को १ स्थानमा योजनावद्ध र भौतिक पूर्वाधारयुक्त एकीकृत तथा व्यवस्थित वस्ती विकास भएको हुनेछ । योजना अवधिमा कम्तिमा ५ वटा बजार केन्द्रहरु आधारभूत पूर्वाधार समेत व्यवस्थित रुपमा नमूनाको रुपमा विकास गरिएका हुनेछन् । वडाका प्रमुख १५ वस्तीहरुमा एक

पोखरी, एक मनोरञ्जन पार्क तथा उद्यान र एक खुल्ला स्थानको व्यवस्थापन हुनेछ । गाउँपालिका ८० प्रतिशत घरपरिवार भूकम्प प्रतिरोधी आवासमा बसोबास गरेका हुनेछन् ।

गाउँपालिकाको सबै वडा केन्द्रहरु १२ हैं महिना यातायात सुचारु हुने सडक सञ्जालमा जोडिएका हुनेछन् । कालोपत्रे वा पक्की सडकमा ६० प्रतिशत जनसंख्याको पहुँच पुगेको हुनेछ । गाउँपालिकामा बसोबास गर्ने हरेक घरपरिवार ६० मिनेटभित्र गाउँपालिका केन्द्र र १५ मिनेटभित्र वडा केन्द्रमा पुग्न सक्नेछन् । हरेक स्वास्थ्य संस्थामा यातायात सुविधा पुगेको हुनेछ । गाउँपालिकामा बसोबास गर्ने २५ प्रतिशत घरपरिवारसँग यातायातको आफ्नै कुनै कुनै साधन उपलब्ध रहेको हुनेछ ।

यस योजना अवधिमा गाउँपालिकाको २५ प्रतिशत घरपरिवारले विद्युत्, सुधारिएको चुल्हो, वायोग्यास लगायत सुधारिएको र स्वच्छ उर्जामा पहुँच पुगेको हुनेछ । यसैगरी टिभि, कम्प्युटर, इन्टरनेट र इमेल लगायत सुचना प्रविधिमा ६० प्रतिशत जनसंख्याको पहुँच पुगको हुनेछ । पूर्वाधार विकास क्षेत्रको नतिजाको खाका **अनुसूची ८** मा प्रस्तुत गरिएको छ ।

# परिच्छेद आठ : वन तथा वातावरण क्षेत्र

## ८.१ पृष्ठभूमि

नेपालको संविधानको अनुसूची-८ ले विपद् व्यवस्थापन तथा जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण, वातावरण संरक्षण, जैविक विविधतालाई स्थानीय तहको एकल अधिकारको सूचीमा राखेको छ । संविधानले प्राकृतिक स्रोतको संरक्षण, संवर्द्धन र उपयोगसम्बन्धी नीति अन्तर्गत जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक तथा भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पती तथा जैविक विविधताको संरक्षण, सम्बर्द्धन र दिगो उपयोग गर्ने व्यवस्था गरेको छ। संविधानको भाग ३ धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हक प्रदान गरेको छ। यसैगरी संविधानले वातावरणीय सन्तुलनका लागि आवश्यक पर्ने भू-भागमा वन क्षेत्र कायम गर्ने र प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवम् पुनर्स्थापनाको व्यवस्था समेत सुनिश्चित गरेको छ ।

उपरोक्त संवैधानिक व्यवस्था कार्यान्वयन गर्न संघीय सरकारबाट राष्ट्रिय वन नीति २०७५, राष्ट्रिय वातावरण नीति, राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६, वन ऐन २०७६ तथा वातावरण संरक्षण ऐन २०७६, वातावरण संरक्षण नियमावली २०७७ लगायतका नीति, ऐन र नियम जारी भएका छन् । स्थानीय सरकार सञ्चालन ऐनले वन, जंगल, वातावरण, पर्यावरण, जलाधार र जैविक विविधता जस्ता विषयको स्थानीय नीति, कानुन, योजना, मापदण्ड बनाई कार्यान्वयन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ ।

नेपाल सरकारले सन् २०१० मा राष्ट्रिय अनुकूलन कार्यक्रम कार्ययोजना (नापा) बनाएर कार्यान्वयनमा ल्याएको छ । यो कार्ययोजनालाई स्थानीय तहमा स्थानीयकरण गरी लागु गर्नु पर्ने देखिन्छ । गाउँपालिकाले जलवायु परिवर्तन तथा प्रकोप नियन्त्रण सम्वन्धी छुट्टै कोष स्थापना गरी कोष परिचालनका लागि संयन्त्र वनाउन आवश्यक छ । त्यस्तै राष्ट्रिय अनुकुलन कार्ययोजनामा आधारित भएर स्थानीय तहका लागि स्थानीय अनुकुलन योजना कार्ययोजना २०११ अघि सारेको छ ।

संघ र प्रदेशका नीतिगत व्यवस्था एवम् दिगो विकासका लक्ष्यजस्ता अन्तर्राष्ट्रिय लक्ष्य तथा प्रतिवद्धतासमेत हासिल गर्न स्थानीय तहहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहने हुँदा वन, वातावरण, भूसंरक्षण तथा जलाधार व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन क्षेत्रको लक्ष्य, उद्देश्य र रणनीति, कार्यक्रमसहित क्षेत्रगत मार्गचित्र स्पष्ट गर्न यस योजना तर्जुमा गरिएको छ ।

## ८.२ वन, हरियाली, जैविक विविधता

### ८.२.१ विद्यमान अवस्था, सम्भावना तथा अवसर

वन तथा वातावरण मन्त्रालयबाट प्रकाशित स्थानीय तह अनुसारको वन क्षेत्रको तथ्याङ्क अनुसार यस गाउँपालिकाको ७०.५ प्रतिशत अर्थात् १४५०३ हेक्टर वन क्षेत्र रहेको छ। देशको अन्य भूभाग जस्तै विगत ३ दशक अगाडिका तुलनामा यस गाउँपालिकाको वनको क्षेत्र तथा गुणस्तरमा उल्लेख्य वृद्धि भएको छ। वडा नम्बर १, २, ३, ४, ६ र ८ (मोरिया, सुन्दरनागी, डुम्रे, सल्लेनी, स्यादुल धुसापाखा वन) मा घना वन क्षेत्र रहेको छ ।

यस गाउँपालिकामा ५७ वटा सामुदायिक वन र ७२ वटा कबुलियती वन र ४ वटा निजी वन रहेका छन् । सामुदायिक र कबुलियती वन व्यवस्थापन ६,२३३ घरपरिवार आवद्ध भई लाभान्वित भएका छन् । यस गाउँपालिकामा वनको वार्षिक उत्पादन ४७,४५९ घनफिट रहेको छ । गाउँपालिकामा पुनर्स्थापित वनको क्षेत्रफल ५ हेक्टर रहेको र वनमा आधारित उद्यम तथा आयमूलक कार्यक्रमबाट करिब २०० घरपरिवार प्रत्यक्ष लाभान्वित भएको देखिन्छ । यस गाउँपालिकाकामा गैह्रकाण्ठ वन पैदावरको वार्षिक उत्पादन २,००० के.जि. रहेको छ । यस गाउँपालिका वन तथा कृषि क्षेत्रको जीव तथाा वनस्पति जैविक विविधताको दृष्टिकोणले समेत सम्पन्न रहेको छ ।

हर्रो, बर्रो, अमला, काउलो, सउर, पाखनवेद, सेतोजरा, गुर्जो, पाखनवेद, गाइखुरे, तीतेपाती, कुरिलो, सउरको बोक्राजस्ता औषधीय वनस्पति एवम् जडिबुटीहरू पर्याप्त मात्रामा पाइने र दुईवटा राष्ट्रिय राजमार्गहरूमा गाउँपालिकाको पहुँच भएकाले आयआर्जनका अवसरहरू विस्तार गर्न सकिने सम्भावना रहेको छ । साथै अम्रिसो, थाकल, बाबियो, भलायो, सल्लाको आँख्ला), साल्मी, फुर्के जस्ता गैरकाष्ठ वन पैदावार पनि पर्याप्त मात्रामा पाइने भएकाले प्राकृतिक जीवन शैलीका धनी चेपाङ एवम् अन्य विपन्न समुदायलाई आयआर्जनमा संलग्न गराई उनीहरूको आयआर्जन उकास्न गाउँपालिकाले अहम् भूमिका खेल्न सक्ने अवस्था रहेको छ ।

### ८.२.२ समस्या तथा चुनौती

यस गाउँपालिका क्षेत्रभित्र वनले ढाकेको क्षेत्रफल उल्लेख्य मात्रामा भएता पनि वनको हैसियत तथा उत्पादनशील वनको क्षेत्र न्यून रहेको छ। उपलब्ध सम्भावना बमोजिम वनमा आधारित उद्यम व्यवसायको तुलनात्मक रुपमा विकास हुन सकेको छैन। फलस्वरुप स्थानीय अर्थतन्त्रमा वन क्षेत्रको योगदान नगण्य रहेको छ। राजमार्ग तथा परामपरागत बस्ती नजिकका वन क्षेत्रको हैसियन ह्रासोन्मुख अवस्थामा रहेको छ। सामुदायिक वन उपभोक्ता समूहहरू उल्लेख्य भए पनि नर्सरी तथा बिरुवा उत्पादन गरी वृक्षारोपणको क्षेत्र विस्तार र व्यवस्थित हुनसकेको छैन। वन डढेलो प्रत्येक वर्ष दोहोरिइरहने एक प्रमुख प्रकोपका रुपमा रहेको भए पनि यसको नियन्त्रणका लागि प्रविधिको प्रयोग लगायतका प्रयासहरु ध्यान पुग्न सकेको छैन। विद्यमान जैविक विविधताको सर्भेक्षण, अभिलेखीकरण नहुँदा लोपोन्मुख तथा राष्ट्रिय/अन्तर्राष्ट्रिय रुपमा संरक्षित रहेका यहाँ पाइने जीवजन्तु शिकारी हुने सम्भावना रहेको छ। गाउँपालिकामा खासगरी साल तथा सल्लाका लागि काठ चोरी निकासी हुने गरेको पाइन्छ। सिमल, चाँप, ओदाने, सिरिस, सिमली, अमारो, अमला, जस्ता केही वनस्पतिहरू लोपोन्मुख भई व्यक्तिगत खेतबारीमा मात्र सीमित रहेका छन् । खोरिया फडानी, वन डढेलो र वन अतिक्रमण उल्लेख्य रहेको तर सोको नियन्त्रण प्रभावकारी हुन सकेको छैन ।

जोगिमारा, बेनीघाट, धुसा क्षेत्रमा खोरिया फडानी व्यापक रहेको छ । नियन्त्रित चरिचरनको क्रियाकलाप वन उपभोक्ता समूहको कार्ययोजनामा भए पनि कार्यान्वयनमा आएको छैन । वन पैदावार बिक्री वितरणमा कानुनी जटिलता रहँदा पनि सम्भावनाको उपयोग गर्न कठिनाइ भइरहेको छ । वनमा आधारित धेरैजसो उद्योगहरू दर्ता नभइकन पनि सञ्चालन भइरहेका छन् । करिब एक तिहाइ सामुदायित बन उपभोक्ता समूहहरू निष्क्रिय रहेका छन् । सामुदायिक वन समूहमा महिला, विपन्न, सिमान्तकृत लगायतको सहभागिता व्यवहारिक रुपमा अर्थपूर्ण हुन सकेको छैन ।

बूढा भएका, खोक्रा भएका, लडेका, रोग लागेका, सुकेका, वृद्धि नहुने वनस्पतिको हिस्सा ठूलो छ तथा यस्ता वनस्पतिको सदुपयोग गर्न सकिएको छैन । यसले वनको पुनरुत्पादन राम्रो भए पनि नयाँ बिरुवा हुर्कने बढ्ने समुचित वातावरण रहेको छैन। घरबारीको छेउछाउ (सोरानीको प्रचलन) रहेको छ र नयाँ तथा पुराना

खोरिया फडानीको प्रचलन रहेको छ । राष्ट्रिय राजमार्गको पहुँच भएकाले यस क्षेत्रमा प्रायः साल, सिसौ आदि काठको चोरी निकासी हुने गरेको छ । भालडाँडा, सामबास, बुमराङ, भूमिडाँडालगायत करिब डेढ दर्जन जति स्थानहरूमा वन क्षेत्रको अतिक्रमण भएको र हैसियतमा उल्लेख्य ह्रास आएको छ ।

### ८.३ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

#### ८.३.१ विद्यमान अवस्था, सम्भावना तथा अवसर

गाउँपालिकाको प्रमुख नदीको रुपमा त्रिशुली रहेको छ भने वर्षैभरी पानी बग्ने मुख्य खोलाहरूमा मलेखु, चरौदी, गोमती, हुग्दी, मोजा, खानी, धुसा खोला र फेदीखोला गरी १२ वटा जति रहेका छन् । गाउँपालिकामा क्षेत्रमा भूसंरक्षण, पानी व्यवस्थापनको लागि ५ वटा पुनर्भरण पोखरी निर्माण गरिएका छन् । यस गाउँपालिकामा संरक्षित पानीमुहान ५६ वटा रहेका छन् ।

पृथ्वी राजमार्गको कृष्णभिर लगायतका स्थानमा पूर्वाधार संरक्षण र पहिरो रोकथामको लागि रिटेनिङ्ग तथा ब्रेष्टवाल र वायोञ्जिनियरिङ्ग प्रयोग गरिएका छन् । गाउँपालिकाबबाट निर्माणाधिन सडकहरुमा समेत यस्ता प्रविधिको प्रयोग बढ्दो क्रममा रहेको छ । यस क्षेत्रमा यहाँ नदी कटान तुलनात्मक रुपमा न्यून रहेको छ । सब-डिभिजन वन कार्यालय, गाउँपालिका लगायत अन्य संघ/संस्थाहरू समेतबाट हालका वर्षहरूमा वृक्षारोपण र पूवार्धार संरक्षण, नदी तथा पहिरो नियन्त्रणका लागि वार्षिक ८,००० हजार बिरुवा वितरण गर्ने गरिएको छ । सडकसँग अनिवार्य रुपमा नाला निर्माण गर्ने अभ्यासका साथै आवश्यक क्षेत्रमा रिटेनिङ वाल, ग्याबियन वाल, ब्रेष्ट वाल लगाउने अभ्यास स्थापित हुँदै गएको छ । भूसंरक्षण, तटबन्धन तथा जमिनको स्थिरीकरणमा बायोइञ्जिनिरिङ विधिलाई प्रयोगमा ल्याउने गरिएको छ। यस विधिबाट करिब २०० मी. बराबरको पूर्वाधारको संरक्षणको कार्य भएको अनुमान छ ।

#### ८.३.२ समस्या तथा चुनौती

गाउँ तथा बस्तीमा रहेका परम्परागत कुलो, पोखरी तथा आहालहरु हाल सबैजसो नासिइसकेका छन् । जलाधार क्षेत्र संरक्षणका लागि अध्ययन अनुसन्धानमा आधारित कार्य गर्न सकिएको छैन । गाउँपालिकाको अधिकांश धेरै भिरालो र भू तथा पहिरो संवेदनशील रहेको छ । सडक निर्माण लगायत अन्य स्थानीय निर्माण कार्यमा वातावरणीय परीक्षण हुने गरेको छैन । त्रिशुली नदी, मलेखु खोला, हुग्दी खोला तट क्षेत्रका नदी तथा खोलाबाट जमिन कटान भएको छ ।

लाइपुर, आँपखर्क, तीतेघारी (चिम्राङ), सलाङघाट/मालिङ्गा, हर्कपुर डाँडागाउँ लगायतका स्थानमा पहिरोले र हटुवालडाँडा, मलेखु, द्वारे फाँट, कटुवा लगायत एक दर्जनभन्दा बढी स्थानहरूमा नदी कटान भइरहेको छ । रासायनिक मलको अनियन्त्रित तथा बढ्दो प्रयोगले माटोको गुणस्तरमा निरन्तर खस्कँदै जाँदा जमिनको उत्पादन र उत्पादकत्वमा निरन्तर ह्रास आइरहेको छ । गाउँपालिका जोखिम संवेदवनशील भूउपयोग योजना तर्जुमा गरी सोअनुरुपको कार्यान्वयन हुन नसक्दा भूसंरक्षण, भूमि व्यवस्थापन, विपद् जोखिम व्यवस्थापन, जलाधार व्यवस्थापन लगायतका विभिन्न महत्वपूर्ण क्षेत्रमा दीगोपनको सुनिश्चितता गर्न कठिनाइ परेको छ ।

### ८.४ वातावरण तथा फोहोरमैला व्यवस्थापन

#### ८.४.१ विद्यमान अवस्था, सम्भावना तथा अवसर

पृथ्वी राजमार्गस्थित बजार क्षेत्रहरू जस्तै मलेखु, बेनीघाट, विशालटार, चरौदी र मझिमटारमा गरी करिब १,००० जति घरपरिवारले कुहिने र नकुहिने फोहोरको वर्गीकरण गरी व्यवस्थापनको अभ्यास गरिरहेका छन् । गाउँ/टोलमा कुहिने फोहोरबाट गोठेमलमा मिसाउने र नकुहिने फोहोरलाई जलाउने अभ्यास गरिएको छ ।

गत आ.व. २०७७/७८ मा गाउँपालिकाले २,००० वटा फोहोर संकलन विन वितरण गरेको थियो । सङ्घीय वातावरण संरक्षण ऐन तथा नियमावली र गाउँपालिकाबाट स्वीकृत संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि बमोजिम विकास तथा निर्माण आयोजनाको वातावरणीय अध्ययन गरी आयोजना निर्माण तथा सञ्चालनको अभ्यास सुरु गरिएको छ । स्थानीय तहको अधिकार क्षेत्र अनुसार वातावरण, स्वच्छता र हरियाली प्रवर्धन सम्बन्धी नीति, ऐन, नियम र निर्देशिका उपलब्ध रहेको र आवश्यकता अनुसार बन्ने क्रममा समेत रहेका छन् ।

खुला दिशामुक्त क्षेत्र घोषणा भएको र प्राय सबै घरपरिवरमा चर्पी भएकाले हात धुनेलगायतका व्यक्तिगत स्वच्छता अभ्यासहरू उल्लेख्य रुपमा बढेको छ । हाल करिब ९२ प्रतिशत घरधुरीमा सफा चर्पी उपलब्ध रहेको छ । वडा नम्बर १ को शहिद उद्यान तथा अन्य खेर गएको स्थानमा पार्क तथा उद्यान निर्माणको लागि अध्ययन भइरहेको छ । ल्याण्डफिल साइट निर्माणको लागि अध्ययन तथा जग्गाको खोजी भइरहेको छ । विद्यालयमा बालउद्यान लगायत हरियाली र वातावरणीय सौन्दर्यता बढाउने योजना तय गरिएको छ । गाउँपालिकामा हालसम्म ३५ प्रतिशतले घरपरिवारले विद्युत्, वायोग्यास, सुधारिको चुल्हो र एलपि ग्यास प्रयोग गर्ने गरेका छन् ।

### ८.४.२ समस्या तथा चुनौती

सडक यातायातबाट निस्कने धुवाँ, प्लाष्टिक जलाउने प्रचलन, इन्धनको रुपमा दाउरा प्रयोग, वन डढेलो आदि कारणबाट वायु प्रदूषण बढ्दो क्रममा रहेको छ । फोहोरमैला वर्गीकरण गरी व्यवस्थापन गर्ने अभ्यास व्यवस्थित र विस्तार हुन सकेको छैन । समयअनुसार पानी नपर्ने, अतिवृष्टि, अनावृष्टि, खण्डवृष्टि, तापमानमा वृद्धि जस्ता जलवायु परिवर्तनजन्य समस्याहरू निरन्तर बढ्दै गएका छन् । विपद्को आवृत्ति, प्रवृत्ति, सघनता निरन्तर बढ्दै गएको भए जलवायुजन्य विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि मानवीय तथा भौतिक स्रोत साधन अप्रर्याप्त रहेको छ । वातावरणीय विनाश र यसबाट सिर्जित विनाशकारी परिणाम बढ्दै गएको छ ।

विश्वव्यापी उष्णता तथा जलवायु परिवर्तनले निम्त्याएका विश्वको बढ्दो तापक्रम, अतिशय वर्षा, खडेरी, बाढी, हावाहुरी जस्ता जलवायुजन्य विषमताका कारण सिंगो विश्व प्रभावित भइरहेको छ भने बेनीघाट रोराङ गाउँपालिका पनि अक्षुतो रहन सकेको छैन । जनजीवन खडेरी/अनावृद्धि, अतिवृष्टि तथा जलवायु परिवर्तनजन्य विपद् तथा यसबाट सिर्जित समस्याहरूबाट प्रभावित हुन थालेको छ । रासायनिक मलको अनियन्त्रित एवम् उच्च प्रयोगका कारण जमिनको उत्पादकत्वमा ठूलो ह्रास आएको छ । ल्याण्डफिल साइटका लागि जग्गा उपलब्ध हुन नसक्दा राजमार्ग आसपासका बजार क्षेत्रको फोहरमैला व्यवस्थापन चुनौतीपूर्ण भइरहेको छ ।

## ८.५ जलवायु परिवर्तन अनुकुलन

### ८.५.१ विद्यमान अवस्था, सम्भावना तथा अवसर

जलवायु परिवर्तनको कारण र असर सम्बन्धमा स्थानीय स्तरमा सचेतना बढेको छ । गाउँपालिकाले विकास नीति, कानून, मापदण्ड र योजनामा समाहित गरी जलवायु परिवर्तन अनुकुलन सम्बन्धी कार्य तथा अभ्यासलाई स्थानीय तहको विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने प्रयास गरेको छ । बागमती प्रदेश सरकार, डिभिजन वन कार्यालय, जिल्लामा क्रियाशील गैर सरकारी कार्यालयहरुसँग समन्वय र सहकार्य गरी तालिम लगायत सचेतना कार्यक्रम सञ्चालन गरिएको छ । नेपाल सरकारबाट जारी स्थानीय अनुकुलन कार्यजोजनाका

कार्यढाँचा बमोजिम स्थानीय विकास प्रक्रियामा जलवायु अनुकुलनका कार्यहरुलाई मूलप्रवाहीकरण वहसको थालनी गरिएको छ ।

बस्ती/टोल, वडा तह र गाउँपालिका तहमा योजना तर्जुमा सम्बन्धी छलफल गर्दा जलवायुजन्य जोखिम न्यूनीकरण तथा जलवायु अनुकुलन सम्बन्धी कार्यक्रमले प्रवेश पाएको छ । गाउँपालिकामा जलवायु अनुकुल तथा जलवायु प्रकोप नियन्त्रण सम्बन्धी छुट्टै कोष स्थापना र यसलाई परिचालन गर्ने कार्यविधि तर्जुमा सुरु गरिएको छ । गाउँपालिकामा स्थानीय अनुकुलन कार्ययोजनाको कार्यढाँचा सम्बन्धी अभिमुखीकरण गरिएको छ ।

### ८.५.२ समस्या तथा चूनौतिहरू

नेपालमा प्राकृतिक प्रकोपका कारणले झण्डै ८० प्रतिशत भौतिक सम्पत्ति नष्ट भएको सोकको कारण जलवायु परिवर्तनमा योगदान पुगेको अध्ययनले देखाएको छ । सोही सन्दर्भमा भौगोलिक बनौट, भूधरातल र भिरालोपना, खोरिया फडानी लगायतका परामपरागत अभ्यासले यस गाउँपालिकामा जलवायुजन्य जोखिम बढाएको छ । गाउँपालिका क्षेत्रमा जोखिमयुक्त स्थानमा बसोवास गर्ने कुल घरधुरी संख्या करिब ५८० रहेको छ ।

तापक्रमको वृद्धिसँगै लामखुट्टे, मलेरिया तथा डेंगीको प्रकोप बढ्दै गएको भन्ने छ । भूक्षयको कारण माटोको उर्वराशक्ति घट्दै गएको छ । वालीनालीमा नयाँ खालका रोग तथा कीराहरु देखा पर्नु, माटो अम्लिय हुँदै जानु, माटोमा भएका साना तथा ठूला जीवहरुको संख्या घट्दै जानु आदिलाई पनि जलवायु परिवर्तनका चुनौतीको रुपमा रहेको छ । जलवायु परिवर्तनका कारणले झाडापखाला, रुघाखोकी र कोभिड जस्ता महामारीहरू देखा चुनौतीको रुपमा रहेको छ ।

## ८.६ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम

यस गाउँपालिकाको नीति, कानून तथा वातावरण व्यवस्थापन क्षेत्रको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम, अपेक्षित उपलब्धी एवम् नतिजा खाका देहायअनुसार रहेको छ :

### ८.६.१ सोच

- गुणस्तरीय, सन्तुलित एवम् दिगो वन तथा पर्यावरण

### ८.६.२ लक्ष्य

- वन, जैविक विविधता एवम् जलाधार क्षेत्रको संरक्षण, गुणस्तर र दिगो उपयोगमा अभिवृद्धि गर्ने

### ८.६.३ उद्देश्य

- वन तथा जैविक विविधताको संरक्षण र हरियाली प्रवर्द्धन गर्नु,
- जल, जमीन र जलाधारका स्रोतको संरक्षण र दिगो उपयोग हासिल गर्नु
- पर्यावरणीय स्वच्छता, सुन्दरता र वातावरणीय सरसफाइमा अभिवृद्धि गर्नु, र
- स्थानीय परिवेश सुहाउँदो जलवायु परिवर्तन अनुकूलनका उपाय तथा अभ्यासको प्रवर्द्धन गर्नु,

### ८.६.४ रणनीति तथा कार्यनीति

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न देहाय अनुसारका रणनीति तथा कार्यनीति अवलम्बन गरी वन, वातावरण, भूसंरक्षण, जलवायु परिवर्तन अनुकुलन क्षेत्रको प्रमुख कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिनेछ :

*तालिका १७ : वन तथा वातावरण क्षेत्रको रणनीति तथा कार्यनीति*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: वन तथा जैविक विविधताको संरक्षण र हरियाली प्रवर्द्धन गर्नु** | |
| १. वन संरक्षण र व्यवस्थापन सम्बन्धी राष्ट्रिय तथा प्रदेश नीति कार्यान्वयन गर्न सहयोग गर्ने | १.१ वन तथा जैविक विविधता सम्बन्धी राष्ट्रिय तथा प्रदेश नीतिबारे स्थानीय स्तरमा सचेतना अभिवृद्धि गरी कार्यान्वयनमा सहजिकरण गरिनेछ ।<br>१.२ नीति कार्यान्वयनका लागि संघ तथा प्रदेश सरकारका सम्बन्धित निकाय र संयन्त्र र समुदायसँग समन्वय र सहकार्य गरिनेछ ।<br>१.३ नीतिगत/कानूनी व्यवस्था अनुसार सबै आयोजनामा वातावरणीय अध्ययन सम्बन्धी व्यवस्थाको नियमपालन गर्ने/गराउने र अध्ययनको सिफारिशलाई कडाइका साथ कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ ।<br>१.४ सरोकारवालासँगको समन्वय, सहकार्यमा वन संरक्षण, सम्बर्द्धन र व्यवस्थापनका कार्यहरुमा सहजीकरण/सञ्चालन/सहयोग गरिनेछ ।<br>१.५ प्रचलित कानुन अनुसार सबै आयोजनाहरूको आवश्यकताअनुसार संक्षिप्त वा प्रारम्भिक वा विस्तृत वातावरणीय अध्ययन गरिनेछ । |
| २. वनको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने | २.१ उत्पादनशील वनको पहिचान गरी वन व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ।<br>२.२ स्थानीय परिवेश वनको किसिम अनुससार वन व्यवस्थापन प्रणालीद्धारा वन व्यवस्थापन गरी स्थानीय स्तरमा काठ, दाउरा, घाँस र सोतरको आवश्यकता परिपूर्ती तथा वनको संरक्षणमा अभिवृद्धि गरिनेछ ।<br>२.३ रेड प्लस (REDD+) तथा स्वच्छ विकास संयन्त्रमार्फत् कार्बन सञ्चिती बापत समुदायले प्राप्त गर्न सक्ने सम्भाव्य आर्थिक लाभको लागि प्रदेश तथा नेपाल सरकारसँग समन्वय र पैरवी गरिनेछ ।<br>२.४ ह्रासोन्मुख वन क्षेत्र, नवनिर्मित सडक एवम् खोल्साखोल्सी आसपास उपयुक्त प्रजातिका वृक्षारोपण गरिनेछ । |
| ३. वनमा आधारित उद्यम सिर्जना र आयमूलक कार्यक्रम सञ्चालन गरी रोजगारी र आम्दानीको स्रोत वृद्धि गर्ने | ३.१ जडीबुटी खेती, कृषि वन, काष्ठ तथा गैरकाष्ठ वन पैदावारमा आधारित आयआर्जन तथा आय विविधिकरणका उपायहरूको सम्भाव्यता अध्ययन गरी सो आधारमा वनमा आधारित आयमूलक कार्यहरुको प्रवर्द्धन गरिनेछ ।<br>३.२ सामुदायिक, कबुयिती वन तथा निजी जग्गामा काष्ठ तथा वेतबाँस, अम्रिसो, कुरिलो लगायतका गैरकाष्ठजन्य प्रजातीको व्यवसायिक खेती प्रवर्द्धन गरिनेछ ।<br>३.३ वन तथा जडिबुटीमा आधारित आयमूलक कार्यक्रम सञ्चालन गर्न महिला, युवा तथा लक्षित वर्गलाई प्रोत्साहन अनुदानमार्फत् आकर्षित गरिनेछ तथा राम्रो प्रतिफल प्रदर्शन गर्नेलाई पुरस्कृत गर्ने व्यवस्था गरिनेछ ।<br>३.४ सार्वजनिक खाली, नाङगो पाखा तथा बाँझो जग्गामा काष्ठ तथा गैरकाष्ठ प्रजातिका आयमूलक बोटविरुवाको रोपण विस्तार गरिनेछ ।<br>३.५ सवडिभिजन कार्यालयको प्राविधिक तथा अन्य सहयोगमा गाउँपालिका क्षेत्रमा बहुउद्देश्यीय वन नर्सरी स्थापना गरी विरुवा उत्पादन र वितरण सहज बनाइनेछ।<br>३.६ लामो समयदेखि बाँझो रहँदै आएका निजी जमिनमा निजी वन विस्तार गर्न |

| रणनीति | कार्यनीति |
|---|---|
| | संभाव्य घरपरिवारलाई प्रोत्साहित गरिनेछ ।<br>३.७ सम्भाव्यताका आधारमा जडीबुटी खेती प्रवर्द्धन र गैरकाष्ठ वन पैदावारको सदुपयोग गरी वन क्षेत्रलाई जीविकोपार्जनसँग जोडिनेछ ।<br>३.८ कमजोर वन क्षेत्रमा उच्च मूल्यका वन तथा कृषि बालीको प्रवर्द्धन गरी आयआर्जन वृद्धिमा टेवा पुऱ्याइनेछ । |
| ४. वन उपभोक्ता समितिहरूको संस्थागत क्षमता अभिवृद्धि गर्ने | ४.१ वन उपभोक्ता समिति एवम् सब-डिभिजन वन कार्यालयसँग समन्वय गरी बुढा भएका, खोक्रा भएका, लडेका, रोग लागेका, सुकेका, वृद्धि नहुने वनस्पतिको समुचित उपयोग गरिनेछ ।<br>४.२ वन क्षेत्रको पुनरूत्पादनमा वृद्धि गर्न उपभोक्ता समूहहरूलाई आवश्यक सहयोग पुऱ्याइनेछ ।<br>४.३ वृक्षारोपण र व्यवस्थापनका काममा सामुदायिक वन उपभोक्ताहरूसँग समन्वय, सहकार्य गरिनेछ ।<br>४.४ वनमा लाग्ने रोग, कीरा, खडेरी, डढेलो, मिचाहा प्रजातिको प्रकोप न्यूनीकरण लगायतका कार्यहरूका लागि सम्बन्धित वन उपभोक्ता समितिहरूलाई प्रोत्साहित गरिनेछ ।<br>४.५ स्थानीय समुदाय, वन उपभोक्ता समिति, डिभिजन वन कार्यालय लगायतका सरोकारवालासँग समन्वय/सहकार्य गरी वन सम्पदाको संरक्षणमा सबैको अपनत्व तथा जवाफदेहिता अभिवृद्धि गरिनेछ ।<br>४.६ सामुदायिक वन व्यवस्थापनमा सुदृढिकरणका लागि उपभोक्ता समितिहरूको क्षमता अभिवृद्धि एवम् सामुदायिक वन व्यवस्थापनमा सुशासन प्रवर्द्धनका लागि सहयोग गरिनेछ । |
| ५. वन तथा जैविक विविधतालाई एकीकृत पद्धतिबाट संरक्षण, प्रवर्द्धन गर्न पहल गर्ने | ५.१ गाउँपालिकामा वन तथा जैविक विविधता आधारभूत अभिलेख निर्माणका लागि संघीय र प्रदेश सरकारका सम्बन्धित निकायहरूसँग सहकार्य गरिनेछ ।<br>५.२ दुर्लभ तथा लोपोन्मुख वन्यजन्तु एवम् वनस्पति प्रजाति, तिनको वासस्थान लगायत संवेदनशील पारिस्थितिकीय प्रणालीहरूको संरक्षणका लागि सम्बन्धित निकायबाट तयार कार्ययोजना कार्यान्वयनमा सहयोग र सहजिकरण गरिनेछ ।<br>५.३ विद्यमान प्रजातिगत विविधता, आनुवांशिक विविधता, पारिस्थितिकीय प्रणालीका विविधता कायम राख्ने र यथासंभव नयाँ प्रजाति/वंशाणुगत/पारिस्थितिकीय प्रणालीको प्रवर्द्धनको प्रयास गरिनेछ ।<br>५.४ वन र जैविक विविधताले सम्पन्न क्षेत्रहरू पहिचान गरी संरक्षण र संवर्द्धनका लागि समन्वय, सहकार्यको पद्धति अवलम्बन गरिनेछ ।<br>५.५ नर्सरी तथा वृक्षारोपणमा जल संरक्षण गर्ने प्रजातिलाई प्राथमिकता दिइनेछ । |
| **उद्देश्य २: जमीन र जलाधारका स्रोतको संरक्षण र दिगो उपयोग गर्नु** | |
| १. जलाधार क्षेत्रको एकीकृत व्यवस्थापन पद्धति अवलम्बन गरी जलस्रोत र जमिनको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने | १.१ भिरालो जमिनमा रहेका कृषि भूमिमा गह्रा खेती सुधार, भूक्षय भएका स्थानमा बायोइन्जिनियरिङ जस्ता प्रविधि विस्तार गरी भूमिको संरक्षण र सुधार गरिनेछ ।<br>१.२ स्थानीय वन तथा जलाधार क्षेत्रका लागि एक वडा, एक स्रोत व्यक्तिको अवधारणा कार्यान्वियन गर्न डिभिजन वन कार्यालयसँग सहकार्य गरिनेछ ।<br>१.३ गाउँपालिका तथा स्थानीय समुदाय समेतको सहभागितामा भूमिगत पानीको पुनर्भरणका लागि भूमिगत पानी पुनर्भरण पोखरी निर्माण र संरक्षण गरिनेछ ।<br>१.४ भिरालो जमिन र भूक्षयको जोखिम भएका अन्य क्षेत्रमा बाँस, निगालो, अम्रिसो खेती तथा बायो-इन्जिनियरिङ प्रविधि प्रवर्द्धन गरी पहिरो न्यूनीकरणमा दिगोपना कायम गरिनेछ ।<br>१.५ जलाधार व्यवस्थापनमा महिला, दलित लगायत सबै समुदायिक वर्गको समानुपातिक सहभागिता कायम गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| २. लघु जलाधार व्यवस्थापन योजनाको अवधारणा अनुसार भिरालोपनाको स्थायीकरण, भूक्षय तथा गल्छी नियन्त्रण तथा विकासका पूर्वाधारहरुको संरक्षण गर्ने | २.१ खेतबारी र वस्ती संरक्षण तथा पहिरो नियन्त्रणका लागि स्थानीय समुदायसँग सहकार्य गरी जैविक तथा इञ्जिनियरिङ्ग संरचना निर्माण र मर्मत संभार गरिनेछ ।<br>२.२ खोलाखोल्सीको किनार लगायत जोखिम क्षेत्रमा बाँस, निगालो खेती तथा बायो इञ्जिनियरिङ विधि प्रवर्द्धन गरी नदी कटान न्यूनीकरणमा दिगोपना कायम गरिनेछ।<br>२.३ स्थानीय स्तरमा विरुवा उत्पादान तथा वृक्षारोपण विस्तार गरी खाली र खेर गएको जमीनमा हरियाली वृद्धि तथा क्षतीग्रस्त भूमिको पुनरुत्थान गरिनेछ ।<br>२.४ भू तथा जलाधार व्यवस्थापनमा जल, जमीन र जंगलको संरक्षण र उत्पादन वृद्धिमा विशेष जोड दिइनेछ ।<br>२.५ जलाधार व्यवस्थापन सम्बन्धी अन्यत्रका सफल अभ्यासहरूलाई स्थानीय स्तरमा प्रवर्द्धनको प्रयास गरिनेछ । |
| ३. सार्वजनिक पूर्वाधार निर्माण, भूमि व्यवस्थापन, खेती प्रणाली र वन व्यवस्थापनसँग एकीकृत गरी भू-संरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धी कार्य सञ्चालन गर्ने | ३.१ राष्ट्रिय भू उपयोग नीति अनुसार भूउपयोगको क्षेत्र निर्धारण गरी भूमि व्यवस्थापन, वस्ती विकास, भौतिक संरचना तथा पूर्वाधार निर्माणलाई व्यवस्थित र नियमित गरिनेछ ।<br>३.२ भूउपयोग क्षेत्रहरुको बीचमा ग्रीनवेल्टको विकास गरी गाउँपालिकामा क्षेत्रमा हरियाली र सुन्दरताको विकास र विस्तार गरिनेछ ।<br>३.३ भूसंरक्षण तथा लघु जलाधार व्यवस्थापनलाई विकासको साझा विषयको रुपमा एकीकृत गरी सञ्चालन गरिनेछ ।<br>३.४ भू तथा जलाधार व्यवस्थापनमा जल, जमीन र जंगलको संरक्षण र उत्पादन वृद्धिमा विशेष जोड दिइनेछ ।<br>३.५ सार्वजनिक जग्गा, ऐलानी पर्ती, बाटो, चौतारो, चोक, परम्परागत खुल्ला क्षेत्र, पोखरी गौचरन र सरकारी जमीनको पहिचान, अभिलेखन, सिमाङ्कन गरी संरक्षण गरिनेछ । |
| **उद्देश्य ३: पर्यावरणीय स्वच्छता, सुन्दरता र वातावरणीय सरसफाइमा अभिवृद्धि गर्नु,** | |
| १. वातावरण अनुकुलित विकास, स्वच्छ उर्जा तथा प्रविधि र हरियाली अभिबृद्धी गर्ने। | १.१ गाउँपालिका क्षेत्र भित्र प्लाष्टिकका गिलास, प्लेट, वोतल जस्ता वस्तुको उपयोगमा प्रतिबन्ध गरी दुना टपरी जस्ता स्थानीय वस्तुहरूको प्रवर्द्धनमा जोड दिइनेछ ।<br>१.२ समुदायमा आधारित वातावरणमैत्री झोला, गिलास, प्लेटजस्ता सामग्री उत्पादनलाई प्रोत्साहन गर्न उपयुक्त कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.३ कुहिने र नकुहिने फोहोरमैला छुट्याई कुहिने फोहोरबाट कम्पोष्ट मल र नकुहिने फोहोरको पुनःप्रयोग, प्रशोधन र खाडलमा व्यवस्थापन गरिनेछ ।<br>१.४ सार्वजनिक स्थान र सडकको दायाबायाँ वरपिपल, समी, तुलसी, चाँप र लाकुरी, आप, लिचि, अशोक, निम जस्ता विरुवा रोपणलाई अभियानका रुपमा सञ्चालन गरी वातावरणीय स्वच्छता कायम गरिनेछ ।<br>१.५ विद्युत्, वायोग्यास, सोलार, सुधारिएको चुल्लो जस्ता स्वच्छ उर्जाको प्रयोग, प्रदुषण कम गर्ने निर्माण प्रविधि र सामाग्रीको प्रयोग, जलवायु परिवर्तन र विपद् उत्थानशील प्रयासहरुलाई स्थानीय विकास प्रक्रियामा समाहित गरिनेछ । |
| २. नागरिक सचेतना तथा पूर्ण सरसफाईको माध्यमबाट दिगो स्वच्छता तथा सरसफाइ कायम गर्ने | २.१ गाउँमा रहेको प्लाष्टिक जलाउने कार्यलाई प्रतिस्थापन गर्दै संकलन एवम् पुनःचक्रीय प्रयोगमा जोड दिन सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>२.२ टोल सरसफाइका लागि अन्तर वडा प्रतिस्पर्धात्मक टोल सरसफाइ कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.३ प्लास्टिक एवम् अन्य फोहरमैला व्यवस्थापन युक्त घर, टोल, वडा घोषणा |

| रणनीति | कार्यनीति |
|---|---|
| | कार्यक्रम सञ्चालन गरी फोहोरमैला व्यवस्थापन अभियान सञ्चालन गरिनेछ ।<br>२.४ घना वस्ती भएका क्षेत्रमा सार्वजनिक स्थलका लागि दुई-दुईवटा फोहोर संकलन भाँडो र घर-घरमा दुई-दुईवटा फोहोर संकलन भाँडो राख्ने व्यवस्था मिलाई फोहोरमैला संकलन, वर्गीकरण र प्रशोधनको व्यवस्थापन सुरुआत गरिनेछ ।<br>२.५ कुहिने फोहोरलाई कुहाउने, पुनःचक्रीय प्रयोग गर्न मिल्ने फोहोरलाई पुनःचक्रीय प्रयोगमा पठाउने र फोहोरको निष्कासन न्यूनीकरण जस्ता विषयहरूलाई ध्यान दिई तीन आर (reduce, reuse, recycle) को अवधारणालाई व्यवहारिक कार्यान्वयनमा ल्याइनेछ ।<br>२.६ गाउँपालिकामा निष्कासन हुने प्लाष्टिक, सिसा, फलाम लगायतका नकुहिने वस्तुहरू पुनः चक्रीय प्रयोगका लागि गाउँपालिका बाहिर पठाउने वा स्थानीयस्तरमै दिगो व्यवस्थापन गरिनेछ ।<br>२.७ टोल सरसफाइका लागि जनचेतनामूलक कार्यक्रमहरू एवम् टोलस्तरीय नागरिक आचार-संहिता जारी गर्न प्रोत्साहित गरिनेछ ।<br>२.८ फोहोर संकलन तथा व्यवस्थापनमा गाउँपालिकाको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।<br>२.९ फोहोरमैला व्यवस्थापनमा निजी क्षेत्रको सहकार्य र लगानीको सम्भावना खोजी गरिनेछ । |
| ३. सचेतना र व्यक्तिगत व्यवहार परिवर्तनको माध्यमबाट वातावरणीय स्वच्छता अभिवृद्धि गर्ने | ३.१ खानेपानी आयोजनासँग एकीकृत गरी सामुदायिक सरसफाई कार्यक्रमलाई अभियानका रुपमा सञ्चालन गरिनेछ ।<br>३.२ जनचेतना अभिवृद्धि गरी प्लाष्टिक र प्लाष्टिकजन्य पदार्थ जथाभावी फाल्ने प्रवृत्ति नियन्त्रण गरिनेछ ।<br>३.३ टोल विकास संस्थामार्फत् टोलस्तरीय सचेतनामूलक र प्रतिस्पर्धामूलक कार्यक्रम सञ्चालन गरी समुदाय र घरआँगन सरसफाईको अभियान सञ्चालन गरिनेछ ।<br>३.४ टोलस्तरीय समिति तथा संस्थाहरूलाई परिचालन गरी समुदाय र टोल सरसफाईका काम नियमित रुपमा सञ्चालन गरिनेछ । |
| ४. विकास निर्माण तथा उद्यम विकास र स्रोत परिचालन सम्बन्धी कार्यमा कानून अनुसार वातावरणीय अध्ययन सम्बन्धी व्यवस्थाको नियमपालनामा अभिवृद्धि गर्ने | ४.१ विकास निर्माण, उद्यम व्यवसाय, स्रोतको उपयोग सम्बन्धी कार्यमा प्रचलित नीति तथा नियमअनुसार वातावरणीय अध्ययन सम्बन्धी व्यवस्था पालना तथा अध्ययनबाट सिफारिश संरक्षणका कार्यहरुको अनिवार्य कार्यान्वयनको व्यवस्था गरिनेछ ।<br>४.२ वातावरण व्यवस्थापन सम्बन्धी नीति तथा कानून बारे निर्वाचित जनप्रतिनिधि, कर्मचारी, निर्माण व्यवसायी, उपभोक्ता समिति, उद्यमी र व्यवसायी तथा स्थानीय समुदाय अभिमुखीकरण तथा सचेतना अभिवृद्धि गरिनेछ ।<br>४.३ प्रदूषण (माटो, वायु, जल आदी) तथा यसको रोकथाम र व्यवस्थापनका उपायबारे स्थानीय स्तरमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । |
| **उद्देश्य ५: स्थानीय परिवेश सुहाउँदो जलवायु परिवर्तन अनुकूलनका उपाय तथा अभ्यासको प्रवर्द्धन गर्नु,** | |
| १. वातावरण अनुकुलित जीवनशैली र विकास पद्धति प्रवर्द्धन गर्ने | १.१ बाँझो रहने गरेको कृषियोग्य जमिनमा बहुउपयोगी वृक्ष प्रजाति सहितको कृषि वन प्रणालीको विकास गरिनेछ ।<br>१.२ कृषि तथा पशुपालन क्षेत्रमा जलवायुजन्य प्रकोपहरूबाट हुने विपद्/जोखिमको बीमा सुनिश्चित गरिनेछ ।<br>१.३ सार्वजनिक स्थान र सडकको दायाबायाँ सौन्दर्यप्रधान बिरुवा रोपणलाई |

| रणनीति | कार्यनीति |
|---|---|
| | अभियानका रुपमा सञ्चालन गरी वातावरणीय स्वच्छता र सौन्दर्यता अभिवृद्धि गरिनेछ ।<br>१.४ सार्वजनिक स्थलमा उद्यान तथा हरियाली क्षेत्र निर्माण गरी वातावरणीय स्वच्छता कायम गरिनेछ ।<br>१.५ विद्युत्, बायोग्याँस, सोलार, सुधारिएको चुल्हो जस्ता स्वच्छ ऊर्जाको प्रयोग; प्रदुषण कम गर्ने निर्माण प्रविधि र सामाग्रीको प्रयोग; जलवायु परिवर्तन अनुकूलन प्रवर्द्धन गर्ने आयोजनाहरूलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा प्राथमिकता दिइनेछ ।<br>१.६ सौर्यऊर्जा प्रणालीमा आधारित सडक बत्ती प्रयोगलाई प्राथमिकता दिइनेछ ।<br>१.७ जलवायुमैत्री कृषि प्रणाली प्रवर्द्धन गरी खडेरी, कृषि बालीका रोगकीरा र अन्य जलवायुजन्य जोखिम न्यूनीकरण गरिनेछ ।<br>१.८ गाउँपालिकाबाट जलवायु परिवर्तन अनुकुलन नीति, कार्ययोजना तथा कार्यक्रम तर्जुमा गरी समुदायसँग साझेदारीमा कार्यान्वयन गरिनेछ । |
| २. जलवायु विषमताका असरहरू न्यूनीकरण गर्ने | २.१ जलवायुमैत्री कृषि प्रणाली प्रवर्द्धन गरी खडेरी, कृषि बालीका रोगकीरा र अन्य जलवायुजन्य जोखिम न्यूनीकरण गरिनेछ ।<br>२.२ खडेरी एवम् अधिक पानी जम्ने क्षेत्रहरूका लागि उपयुक्त हुने कृषि बालीहरूको पहिचान एवम् प्रवर्द्धन गरिनेछ ।<br>२.३ जमिनमा चिस्यान बनाइ राख्न सहयोग गर्ने कृषि बालीको प्रयोग/विस्तारलाई प्राथमिकता दिइनेछ ।<br>२.४ जलवायुमैत्री कृषि प्रणाली प्रवर्द्धन गरी खडेरी, कृषि बालीका रोगकीरा र अन्य जलवायुजन्य जोखिम न्यूनीकरण गरिनेछ ।<br>२.५ अतिक्रमण र संरक्षणको दृष्टिकोणबाट संकटमा पर्न लागेका कुवा, पोखरी, जलाशय संरक्षणको व्यवस्था गरिनेछ ।<br>२.६ बाढी पहिरो तथा भूक्षयको प्रकोप बढी भएका स्थानहरुमा कृत्रिम पोखरी निर्माण गर्ने कार्यलाई प्राथमिकता प्रदान गरिनेछ ।<br>२.७ रैथाने जातका बोटविरुवाको बीउ संरक्षण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ । |
| ३. जलवायु परिवर्तन अनुकुलनलाई विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनसँग एकीकृत गरी स्थानीय विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने | ३.१ गाउँपालिकामा वातावरण तथा फोहोरमैला व्यवस्थापनसँग एकीकृत गरी विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन शाखा स्थापना र सञ्चालनको व्यवस्था गरिनेछ ।<br>३.२ जलवायु परिवर्तन अनुकुलनका लागि पानी संलकन प्रविधि, सुख्खा पोखरी, कृषि प्रविधि तथा उत्पादन प्रविधिको विकास र विस्तार गरिनेछ ।<br>३.३ जलवायु परिवर्तन अनुकुलन सम्बन्धी सैद्धान्तिक र व्यवहारिक अभ्यासका बारेमा जनप्रतिनिधि, कर्मचारी र समुदायको अगुवाको लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३.४ गाउँपालिकाको विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन र नतिजा अनुगमन गरिनेछ । |
| ४. गाउँपालिका क्षेत्रको कार्बन पदचाप (carbon | ४.४.१. विकास निर्माण, पूर्वाधारमा वातावरणमैत्री/हरित प्रविधिको प्रवर्द्धन गरिनेछ ।<br>४.४.२. जलवायु परिवर्तनका कारण घरपरिवार तथा समुदायलाई पार्ने असर र व्यक्ति |

| रणनीति | कार्यनीति |
|---|---|
| foot print) लाई क्रमशः न्यूनीकरण गर्दै लाने । | तथा समुदायले पार्न सक्ने भूमिकाका बारेमा जनचेतना विस्तार गरी समुदायलाई कार्बन पदचाप न्यूनीकरणतर्फ प्रेरित गरिनेछ ।<br>४.४.३. गाउँपालिकामा जैविक इन्धनका बदलामा स्वच्छ ऊर्जाको प्रयोग प्रवर्द्धन गरिनेछ ।<br>४.४.४. जलवायु परिवर्तनका क्षेत्रमा कार्यरत गैससहरूलाई गाउँपालिकाको कार्बन पदचाप (carbon foot print) सम्बन्धी अध्ययन तथा न्यूनीकरणका उपाय प्रवर्द्धनका लागि परिचालन गरिनेछ । |

## ८.७ प्रमुख कार्यक्रम तथा अपेक्षित उपलब्धी

### ८.७.१ प्रमुख कार्यक्रम तथा आयोजना

आवधिक योजनाको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र, प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधिमा प्राथमिकता अनुसार प्रस्तुत रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ । वन तथा वातावरण क्षेत्रको प्रमुख कार्यक्रम तथा आयोजना, भौतिक लक्ष्य, कार्यक्रम गर्ने स्थान, अनुमानित लागत तथा जिम्मेवारी सहितको कार्यान्वयन योजना देहाय बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ :

*तालिका १८ : वन तथा वातावरण व्यवस्थापन क्षेत्रमा सञ्चालन गरिने रणनीतिक कार्यक्रम तथा आयोजना*

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्ष (०७७/०७८) को अवस्था | योजनाको कुल लक्ष्य | योजनाको लक्ष्य र अनुमानित लागत (रकम हजारमा) | | | | | | प्रति इकाई लागत (रु. हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | जम्मा | |
| **उद्देश्य १ : वन र जैविक विविधता संरक्षण र हरियाली** | | | | ७८५० | ८८९० | ९७८० | १२६७० | १३३१० | ५२५०० | |
| १.१ वन नर्सरी सञ्चालन, बिरुवा उत्पादन तथा बृक्षारोपण कार्यक्रम | हेक्टर | १० | ३० | २००० | २००० | २००० | ५००० | ५००० | १६००० | ५३३ |
| १.२ चिउरी रोपण तथा प्रशोधन कार्यक्रम | हेक्टर | ० | ५ | ३०० | ३०० | ५०० | ६०० | ७०० | २४०० | ४८० |
| १.३ जडीबुटी र अन्य गैरकाष्ठ वन पैदावारको खेती संभाव्यता अध्ययन | पटक | ० | १ | - | ६०० | - | - | - | ६०० | ६०० |
| १.४ काष्ठ तथा गैरकाष्ठ वन पैदावार उद्यम विकास कार्यक्रम | संख्या | ० | १५० | १३०० | १४०० | १५०० | १६०० | १७०० | ७५०० | ५० |
| १.५ वन डढेलो नियन्त्रण सहकार्य कार्यक्रम | वडा | ० | १० | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५० |
| १.६ वन उपभोक्ता समूह क्षमता अभिवृद्धि एवम् सुशासन कार्यक्रम | संख्या | ० | ५० | ५०० | ६०० | ७०० | ८०० | ९०० | ३५०० | ७० |
| १.७ व्यावसायिक जडिबुटी खेती प्रवर्द्धन | हेक्टर | ० | १५ | १३०० | १४०० | १५०० | १६०० | १७०० | ७५०० | ५०० |
| १.८ निजी वन प्रवर्द्धन कार्यक्रम | हेक्टर | ६ | ४ | ४०० | ४४० | ४८० | ५२० | ५६० | २४०० | ६०० |
| १.९ संरक्षण शिक्षा तथा सरोकारवाला समन्वय र अन्तरक्रिया कार्यक्रम | पटक | ० | ५ | १५० | १५० | १५० | १५० | १५० | ७५० | १५० |
| १.१० वन, जैविक विविधता स्थिति अध्ययन तथा अभिलेखीकरण | पटक | ० | १ | - | - | ७५० | - | - | ७५० | ७५० |
| १.११ दुर्लभ तथा लोपोन्मुख वन्यजन्तु, वनस्पति र वासस्थानको पहिचान तथा संरक्षण कार्यक्रम | पटक | ० | १ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५०० |
| १.१२ जैविक विविधतायुक्त क्षेत्रहरूको संरक्षण कार्यक्रम | स्थान | ० | १ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | १५०० |
| १.१३ प्राकतिक जडीबुटीको संरक्षण, खेती, विस्तार, प्रचार प्रसार तथा सचेतना कार्यक्रम | पटक | ० | ५ | ४०० | ५०० | ६०० | ७०० | ८०० | ३००० | ६०० |
| १.१४ व्यावसायिक जडीबुटी खेतीको संभाव्यता अध्ययन तथा व्यवसायी प्रोत्साहन कार्यक्रम | पटक | ० | ५ | ६०० | ६०० | ७०० | ८०० | ९०० | ३६०० | ७२० |
| **उद्देश्य २: जमीन र जलाधारका स्रोतको संरक्षण र दिगो उपयोग** | | | | १८८०० | २२२०० | २२९०० | २८२०० | ३०५०० | १२२६०० | |
| २.१ जलाधार सर्भेक्षण र संवेदनशील उपजलाधार पहिचान र नक्साङ्कन | पटक | ० | १ | - | ५०० | - | - | - | ५०० | ५०० |
| २.२ संवेदनशील उपजलाधार क्षेत्र संरक्षण कार्यक्रम | रोपनी | ० | १० | | २००० | २५०० | ३००० | ३५०० | ११००० | ११०० |
| २.३ ह्रासोन्मुख वनक्षेत्रमा उच्च मूल्यका वहुवर्षीय बाली विकास कार्यक्रम | रोपनी | ० | १० | १००० | १२०० | १४०० | १६०० | १८०० | ७००० | ७०० |
| २.४ पुनर्भरण पोखरी पुनर्निर्माण | संख्या | ३ | २० | १२०० | १५०० | १६०० | १८०० | २००० | ८१०० | ४०५ |
| २.५ भूक्षय संवेदनशील क्षेत्रमा बाँस, निगालो, अम्रिसो, नेपियर घाँस, किम्बु आदी रोपण कार्यक्रम | रोपनी | १ | १० | १००० | ११०० | १२०० | १३०० | १४०० | ६००० | ६०० |
| २.६ बायोइञ्जिनियरिङ प्रविधि प्रवर्द्धन कार्यक्रम | | | | ० | ० | ० | ० | ० | ० | |
| सडक संरक्षण | किमी | १ | १ | २००० | २००० | २००० | २००० | २००० | १०००० | १०००० |

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाइ | आधार वर्ष (०७७/०७८) को अवस्था | योजनाको कुल लक्ष्य | योजनाको लक्ष्य र अनुमानित लागत (रकम हजारमा) | | | | | | प्रति इकाई लागत (रु. हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | जम्मा | |
| पहिरो नियन्त्रण | हे. | ०.३ | १ | १५०० | १५०० | १५०० | २००० | १५०० | ८००० | ८००० |
| कृषि भूमि संरक्षण | हे. | ०.५ | १ | १५०० | १५०० | १५०० | २००० | १५०० | ८००० | ८००० |
| २.७ गल्छी नियन्त्रण, चेक ड्याम निर्माण र भूक्षय नियन्त्रण कार्यक्रम | मिटर | ३०० | १५०० | ३००० | ३००० | ३००० | ४००० | ५००० | १८००० | १२ |
| २.८ भिरालो जमीनको स्थिरीकरण कार्यक्रम | मिटर | २०० | १००० | २००० | २००० | २००० | २००० | २००० | १०००० | १० |
| २.९ नदी खहरे नियन्त्रण तथा तटबन्धन कार्यक्रम | मिटर | ५०० | १५०० | २४०० | २७०० | ३००० | ३३०० | ३६०० | १५००० | १० |
| २.१० पानीका मुहान संरक्षण तथा वृक्षरोपण कार्यक्रम | वटा | ६ | १० | २०० | २०० | २०० | २०० | २०० | १००० | १०० |
| २.११ बाढी पहिरो संवेदनशील क्षेत्रका वस्ती संरक्षण कार्यक्रम (गौरव) | वटा | ० | ५ | ३००० | ३००० | ३००० | ५००० | ६००० | २०००० | ४००० |
| **उद्देश्य ३ः पर्यावरणीय स्वच्छता, सुन्दरता र वातावरणीय सरसफाइ** | | | | ४६१० | ५१५० | २१९० | २२३० | २२७० | १६४५० | |
| ३.१ प्लाष्टिक निषेध अभियान र वातावरणमैत्री सामाग्री उत्पादन प्रोत्साहन कार्यक्रम (झोला, गिलास, प्लेट आदि) | व्यवसायी | ० | १२५ | २५० | २५० | २५० | २५० | २५० | १२५० | १० |
| ३.२ कृषि भूमिमा माटोको गुणस्तर परीक्षण तथा सुधार कार्यक्रम | वडा | १० | १० | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५० |
| ३.३ सामुदायिक सरसफाइ र स्वच्छता अभियान | वडा | १० | १० | २०० | २०० | २०० | २०० | २०० | १००० | १०० |
| ३.४ ल्याण्डफिल साइटको सम्भाव्यता अध्ययन तथा डिपियार तयारी | वटा | १ | १ | २५०० | ३००० | - | - | - | ५५०० | ५५०० |
| ३.५ विद्यालय, स्वास्थ्य संस्था, कार्यालय, घर सरसफाई र वगैचा कार्यक्रम | वडा | १० | ९० | ४६० | ५०० | ५४० | ५८० | ६२० | २७०० | ३० |
| ३.६ बेनीघाट-रोराङ उत्कृष्ट सरसफाई पुरस्कार | पटक | ० | ५ | १०० | १०० | १०० | १०० | १०० | ५०० | १०० |
| ३.७ सार्वजनिक शौचालय निर्माण र सञ्चालन | वटा | ५ | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० |
| **उद्देश्य ४: जलवायु परिवर्तन अनुकूलनका उपाय र अभ्यासको प्रवर्द्धन** | | | | ९०८० | ९७४२ | १०४१४ | ११०६६ | ११७७१ | ५२०७३ | |
| ४.१ जलवायु परिवर्तनको असर अध्ययन तथा अनुसन्धान कार्यक्रम | पटक | ० | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० |
| ४.२ जलवायुमैत्री कृषि प्रणाली प्रवर्द्धन कार्यक्रम | वडा | ० | १० | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | ३०० |
| ४.३ बजार क्षेत्रमा उद्यान/हरित क्षेत्र निर्माण आयोजना | संख्या | ० | २ | १४०० | १६०० | १८०० | २००० | २२०० | ९००० | ४५०० |
| ४.४ वातावरणमैत्री घरवगैचा प्रवर्द्धन कार्यक्रम (गौरवका आयोजना) | परिवार | ६४ | ३२१ | ९०० | ९३० | ९६५ | ९९० | १०३० | ४८१५ | १५ |
| ४.५ वैकल्पिक ऊर्जा प्रवर्द्धन (सौर्य ऊर्जा, बायोग्याँस, सुधारिएको चुल्हो, विद्युत् चुल्हो) | घरधुरी | ५०० | ५०० | १००० | १००० | १००० | १००० | १००० | ५००० | १० |
| ४.६ जलवायु परिवर्तन अनुकुलन सूचना, सिकाई तथा प्रदर्शन केन्द्र | वटा | ० | १ | २००० | २२०० | २४०० | २६०० | २८०० | १२००० | १२००० |
| ४.७ जलवायु परिवर्तन अनुकुलन रेडियो, टेलिभिजन र मिडिया कार्यकम | पटक | ० | ५ | २०० | २५० | ३०० | ३५० | ४०० | १५०० | ३०० |
| ४.८ जलवायु अनुकुलन विद्यालय शिक्षा कार्यक्रम | विद्यालय | ० | ६६ | ६६० | ७९२ | ९२४ | १०५६ | ११८८ | ४६२० | ७० |
| ४.९ सुन कागति तथा केराखेती प्रवर्द्धन कार्यक्रम | परिवार | ० | ३२१ | ९०० | ९३० | ९६५ | ९९० | १०३० | ४८१५ | १५ |
| ४.१० कृषि तथा पशु विमा कार्यक्रम (कृषक) | परिवार | ० | ९६५ | ९२० | ९४० | ९६० | ९८० | १०२३ | ४८२३ | ५ |
| **वन तथा वातावरण कुल जम्मा** | | | | ४०३४० | ४५९८२ | ४५२८४ | ५४१६६ | ५७८५१ | २४३६२३ | |

### ८.७.२ प्रमुख कार्यक्रमको स्थानगत तथा आयोजना विवरण

वन तथा वातावरण क्षेत्रको प्रमुख कार्यक्रमको स्थानगत तथा आयोजनागत विवरण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छः

*तालिका १९ : वन तथा वातावरण विषय क्षेत्रको कार्यक्रमको स्थानगत तथा आयोजनागत विवरण*

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत (रु. हजारमा) | स्थानगत तथा आयोजना तथा कार्यक्रमको विवरण |
|---|---|---|---|---|
| **उद्देश्य १: वन तथा जैविक विविधता संरक्षण र हरियाली प्रवर्द्धन** | | | ५२५०० | |
| १.१ नर्सरी सञ्चालन, बिरुवा उत्पादन तथा बृक्षरोपण कार्यक्रम | हेक्टर | ३० | १६००० | बुरुन्दी, दुङ्माङ, भालिनटार, भालडाँडा लगायत वनका क्षतिग्रस्त क्षेत्रमा |
| १.२ चिउरी वृक्षरोपण तथा प्रशोधन कार्यक्रम | हेक्टर | ५ | २४०० | नर्सरी एवम् सबै वडामा चिउरी रोपण |
| १.३ जडीबुटी र अन्य गैरकाष्ठ वन पैदावारको खेती सम्भाव्यता अध्ययन | पटक | १ | ६०० | कुरिलो, रिट्ठा, वन तरुल, अम्रिसो, बाबियो जस्ता गैरकाष्ठ वन पैदावार |
| १.४ काष्ठ तथा गैरकाष्ठ वन पैदावार उद्यम विकास कार्यक्रम | संख्या | १५० | ७५०० | उत्पादन, संकलन, प्रशोधन, बिक्री वितरण सम्बन्धी अध्ययन, क्षमता तथा प्रोत्साहन |
| १.५ वन डढेलो नियन्त्रण सहकार्य कार्यक्रम | वडा | १० | ५०० | सामाग्री सहयोग, तालिम, सचेतना वृद्धि, गापाभरि वन डढेलो प्रभावित क्षेत्र केन्द्रित |
| १.६ वन उपभोक्ता समूह क्षमता अभिवृद्धि एवम् सुशासन कार्यक्रम | समिति संख्या | ५० | ३५०० | नियमित रुपमा कार्ययोजना तर्जुमा गर्ने, गापाबाट स्वीकृत गराउने, सहभागितामूलक निर्णय गरेर खर्च गर्ने, योजना बनाएर खर्च गर्ने, अभिलेख राख्ने जस्ता विषयमा सहयोग |
| १.७ व्यवसायिक जडिबुटी खेती प्रवर्द्धन कार्यक्रम | हेक्टर | १५ | ७५०० | संभाव्य व्यवसायी पहिचान, तालिम, उद्योग सुरुआत सहयोग, दर्ता |
| १.८ निजी वन प्रवर्द्धन कार्यक्रम | हेक्टर | ४ | २४०० | लामो समय जग्गा बाँझो राख्ने घरधुरीहरूलाई निजी वन विकास गर्न प्रोत्साहित गर्ने |
| १.९ संरक्षण शिक्षा तथा सरोकारवाला समन्वय र अन्तरक्रिया कार्यक्रम | पटक | ५ | ७५० | वन पैदावार उत्पादन र बिक्री वितरणमा रहेका समस्या, चोरी शिकारी नियन्त्रण, वन उपभोक्ता समूहहरूको संस्थागत क्षमता विकास तथा वन सम्बन्धी अन्य विषयमा छलफल |
| १.१० वन, जैविक विविधता स्थिति अध्ययन तथा अभिलेखीकरण | पटक | १ | ७५० | गाउँपालिका भरी |
| १.११ दुर्लभ तथा लोपोन्मुख वन्यजन्तु, वनस्पति र वासस्थानको पहिचान तथा संरक्षण कार्यक्रम | पटक | १ | २५०० | गाउँपालिका भरी |
| १.१२ जैविक विविधतायुक्त क्षेत्रहरूको संरक्षण कार्यक्रम | स्थान | १ | १५०० | वडा नं. १ र २ |
| १.१३ प्राकतिक जडीबुटीको संरक्षण, खेती, विस्तार, प्रचार प्रसार तथा सचेतना कार्यक्रम | पटक | ५ | ३००० | |
| १.१४ व्यावसायिक जडीबुटी खेतीको संभाव्यता अध्ययन तथा व्यवसायी प्रोत्साहन कार्यक्रम | पटक | ५ | ३६०० | दुंमाङ, भालिंटार, यार्बा क्षेत्रमा |
| **उद्देश्य २: जमीन र जलाधारका स्रोतको संरक्षण र दिगो उपयोग** | | | १२२६०० | |

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत (रु. हजारमा) | स्थानगत तथा आयोजना तथा कार्यक्रमको विवरण |
|---|---|---|---|---|
| २.१ जलधार क्षेत्र सर्भेक्षण र संवेदनशील उपजलाधार पहिचान र नक्साङ्कन | पटक | १ | ५०० | गाउँपालिका भरी |
| २.२ संवेदनशील उपजलाधार क्षेत्र संरक्षण कार्यक्रम | रोपनी | १० | ११००० | पहिचान भएका उपजलाधार क्षेत्रमा |
| २.३ ह्रासोन्मुख वन क्षेत्रमा उच्च मूल्यका बहुवर्षीय बाली विकास कार्यक्रम | रोपनी | १० | ७००० | |
| २.४ पुनर्भरण पोखरी पुननिर्माण | संख्या | २० | ८१०० | वन क्षेत्र ह्रा भएका क्षेत्रहरु |
| २.५ भूक्षय संवेदनशील क्षेत्रमा बाँस, निगालो, अम्रिसो, नेपियर घाँस, किम्बु आदी रोपण कार्यक्रम | रोपनी | १० | ६००० | नयाँ सडक, खोलाखोल्सी तथा पहिरो भूक्षय संवेदनशील क्षेत्र |
| २.६ बायोइञ्जिनियरिङ | | | ० | |
| सडक संरक्षण | किमी | १ | १०००० | |
| पहिरो नियन्त्रण | किमी | १ | ८००० | |
| कृषि भूमि संरक्षण | किमी | १ | ८००० | |
| २.७ गल्छी नियन्त्रण, चेक ड्याम निर्माण र भूक्षण नियन्त्रण कार्यक्रम | मिटर | १५०० | १८००० | |
| २.८ भिरालो जमीनको स्थिरीकरण कार्यक्रम | मिटर | १००० | १०००० | |
| २.९ नदी खहरे नियन्त्रण तथा तटबन्धन कार्यक्रम | मिटर | १५०० | १५००० | |
| २.१० पानीका मुहान संरक्षण तथा बृक्षरोपण कार्यक्रम | वटा | १० | १००० | |
| २.११ बाढी पहिरो संवेदनशील क्षेत्रका वस्ती संरक्षण कार्यक्रम | वटा | ५ | २०००० | |
| **उद्देश्य ३: पर्यावरणीय स्वच्छता, सुन्दरता र वातावरणीय सरसफाइ** | | | **१६४५०** | |
| ३.१ प्लाष्टिक निषेध अभियान र वातावरणमैत्री सामाग्री उत्पादनमा प्रोत्साहन (झोला, गिलास, प्लेट आदि) | व्यवसायी | १२५ | १२५० | बजार क्षेत्र |
| ३.२ कृषि भूमिमा माटोको गुणस्तर परीक्षण तथा सुधार कार्यक्रम | वडा | १० | ५०० | |
| ३.३ सामुदायिक सरसफाइ र स्वच्छता अभियान | वडा | १० | १००० | अनुगमन प्रतिवेदनका आधारमा हरेक समुदाय र वडामा सञ्चालन गर्ने |
| ३.४ ल्याण्डफिल साइटको सम्भाव्यता अध्ययन तथा डिपियार तयारी | वटा | १ | ५५०० | |
| ३.५ विद्यालय, स्वास्थ्य संस्था, कार्यालय घर, सरसफाई र वगैचा कार्यक्रम | वडा | ९० | २७०० | |
| ३.६ बेनीघाट-रोराङ उत्कृष्ट सरसफाइ पुरस्कार | पटक | ५ | ५०० | |
| ३.७ सार्वजनिक शौचालय निर्माण र सञ्चालन | वटा | ५ | ५००० | रिचोकटार, ज्यामिरेघाट, सितल बजार, विशालटार, ताल्ती |
| **उद्देश्य ४: जलवायु परिवर्तन अनुकूलन** | | | **५२०७३** | |
| ४.१ जलवायु परिवर्तनको असर अध्ययन तथा अनुसन्धान कार्यक्रम | पटक | ५ | २५०० | |
| ४.२ जलवायुमैत्री कृषि प्रणाली प्रवर्द्धन कार्यक्रम | वडा | १० | ३००० | |
| ४.३ बजार क्षेत्रमा उद्यान/हरित क्षेत्र निर्माण आयोजना | संख्या | २ | ९००० | |
| ४.४ वातावरणमैत्री घरवगैचा प्रवर्द्धन कार्यक्रम | परिवार | ३२१ | ४८९५ | |
| ४.५ वैकल्पिक ऊर्जा प्रवर्द्धन (सौर्य ऊर्जा, बायो ग्याँस, सुधारिएको चुल्हो, विद्युत् चुल्हो) | घरधुरी | ५०० | ५००० | |

| क्षेत्रगत प्रतिफल अनुसारका रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत (रु. हजारमा) | स्थानगत तथा आयोजना तथा कार्यक्रमको विवरण |
|---|---|---|---|---|
| ४.६ जलवायु परिवर्तन अनुकुलन सूचना, सिकाई तथा प्रदर्शन केन्द्र | वटा | १ | १२००० | |
| ४.७ जलवायु परिवर्तन अनुकुलन रेडियो, टेलिभिजन र मिडिया कार्यकम | पटक | ५ | १५०० | |
| ४.८ जलवायु अनुकुलन विद्यालय शिक्षा कार्यक्रम | विद्यालय | ६६ | ४६२० | |
| ४.९ सुन कागति तथा केराखेती प्रवर्द्धन कार्यक्रम | परिवार | ३२१ | ४८१५ | |
| ४.१० कृषि तथा पशु विमा कार्यक्रम (कृषक) | परिवार | १६५ | ४८२३ | |
| **वन तथा वातावरण क्षेत्र जम्मा** | | | २४३६२३ | |

### ८.७.३ आयोजना तथा कार्यक्रमको साँकेतीकरण

योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न यस विषय क्षेत्रमा प्रस्तावित कार्यक्रम तथा आयोजनाको स्थानीय रणनीतिक स्तम्भ, दिगो विकास लक्ष्य, दिगो राष्ट्रिय लक्ष्य, प्रदेश समृद्धि, लैंगिक र जलवायु संकेत सम्बन्धी विवरण **अनुसूची ९** मा प्रस्तुत गरिएको छ :

### ८.७.४ अपेक्षित उपलब्धी तथा नतिजा खाका

यो योजनाको कार्यान्वयन पश्चात् गाउँपालिकाको वन, वातावरणको क्षेत्रमा सुन्दरता र समृद्धिमा अभिवृद्धि भएको हुन्छ। पुनर्स्थापित क्षतिग्रस्त वनको क्षेत्रफल ५ हेक्टर रहेकोमा १५ हेक्टर पुगेको हुनेछ। वनमा आधारित उद्यम र आयआर्जनमा संलग्न घरपरिवार संख्या २०० बाट १००० पुगेको हुनेछ। वन सम्पदाको दिगो प्रयोगमा अभिवृद्धि गर्दै स्वीकृत वनजन्य उत्पादनबाट वन उपभोक्ता समितिहरूको आम्दानी हाल वार्षिक रु. १४ लाख ८२ हजार रहेकोमा यस योजनाको अन्त्यसम्ममा रु. एक करोड पुगेको हुनेछ। जैविक विविधताको संरक्षण भई वन एवम् जलाधार क्षेत्रको गुणस्तर र दिगो प्रयोगमा अभिवृद्धि भएको हुनेछ। उपभोक्ता समितिहरूको गाउँपालिकासँगको समन्वयमा वृद्धि भएको हुनेछ। गाउँपालिकासँग नियमित समन्वयमा रहने वन उपभोक्ता समितिहरूको हिस्सा यो योजना सुरु गर्नु अघि १० प्रतिशत रहेकोमा योजनाको अन्तसम्ममा १०० प्रतिशत पुगेको हुनेछ। वनबाट गाउँपालिकामा प्राप्त रोयल्टी एक करोड पुग्नेछ।

प्रदुषण नियन्त्रण एवम् फोहोरमैला व्यवस्थापन भई पूर्ण स्वच्छता कायम भएको हुनेछ। सबै विद्यालय तथा स्वास्थ्य संस्थामा फोहोरमैला व्यवस्थापनको उचित अभ्यास भएको हुनेछ। वन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि भएको हुनेछ। गैरकाष्ठ वन पैदावार योजना सुरु हुँदाको समयमा २० क्विन्टल भएकोमा योजनाको अन्तसम्ममा १०० क्विन्टल पुगेको हुनेछ।

जलाधारको क्षेत्रको समुचित व्यवस्थापन तथा भूसंरक्षण भई भिरालो जमिनमा स्थिरता कायम भएको हुनेछ। योजना अवधिमा पाँचवटा भूमिगत जल पुनर्भरण पोखरीहरू निर्माण भएका हुनेछन् भने २० वटा पानी मुहान संरक्षण भएका हुनेछन्। जैविक प्रविधिबाट १.८ कि.मी खोला किनार तथा कृषि भूमि भूक्षय नियन्त्रित भएका हुनेछन्। बाढी पहिरो संवेदनशील ५ वटा वस्ती संरक्षित भएका हुनेछन्। वन, जैविक विविधता संरक्षण तथा व्यवस्थापन क्षेत्रको नतिजा खाका **अनुसूची १०** मा प्रस्तुत गरिएको छ।

# परिच्छेद नौं : विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन क्षेत्र

## ९.१ पृष्ठभूमि

यस गाउँपालिकामा खासगरी बाढी, पहिरो, वन डढेलो, चट्याङ, हावाहुरी, भूकम्प प्रमुख प्रकोपका रुपमा रहँदै आएका छन् । प्रकोप जोखिम न्यूनीकरणका लागि संघीय तथा स्थानीय स्तरमा विभिन्न नीतिगत/कार्यक्रमगत प्रयासहरू भइआएका भए पनि विश्वभरी नै प्रकोपको आवृत्ति, प्रवृत्ति तथा सघनता निरन्तर वृद्धि हुँदै गएको परिप्रेक्ष्यमा बेनीघाट रोराङ गाउँपालिका, यहाँका नागरिक तथा विकासका उपलब्धीलाई संभाव्य विपद्हरूबाट सुरक्षित बनाई विपद् उत्थानशीलता सुनिश्चित गर्नु बेनीघाट रोराङ गाउँपालिकाको प्राथमिक कर्तव्य हो । यसै सन्दर्भमा संभाव्य विपद्हरूलाई सुव्यवस्थित एवम् योजनाबद्ध किसिमले व्यवस्थापन गर्ने उद्देश्यले बेनीघाट रोराङ गाउँपालिकाले यो योजना तर्जुमा गरेको हो ।

संघीय सरकारले जारी गरेको विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ ले विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा विपद् उत्थानशील राष्ट्र निर्माण गर्दै दिगो विकासमा योगदान पुऱ्याउने दीर्घकालीन सोच, ध्येय र लक्ष्य सहित प्राकृतिक र गैर प्राकृतिक विपद्बाट हुने क्षति उल्लेख्य रुपमा कम गर्ने मुल उद्देश्य राखेको छ । संविधानमा विपद् व्यवस्थापन सम्बन्धी अधिकार क्षेत्र स्थानीय तहको भएको सन्दर्भलाई मध्यनजर गरी विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजनाले विपद् जोखिम न्यूनीकरणमा स्थानीय तहको भूमिकालाई महत्वपूर्ण स्थान दिएको छ । यसैगरी राष्ट्रिय विपद् प्रतिकार्य ढाँचा, जलवायु नीति लगायत अन्य नीतिहरूले प्राकृतिक तथा गैरप्राकृतिक विपद् न्यूनीकरण, पूर्व तयारी, उद्दार तथा राहत, पुनर्लाभ जस्ता विषयहरूमा स्पष्ट व्यवस्था गरेका छन् ।

विपद् व्यवस्थापनलाई संविधानले स्थानीय तहको एकल अधिकारका साथै संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा समेत राखेको छ (अनुसूची-८ र ९) । संघ र प्रदेशका नीतिगत व्यवस्था एवम् दिगो विकासका लक्ष्य जस्ता अन्तर्राष्ट्रिय लक्ष्य एवम् प्रतिवद्धता समेत हासिल गर्न स्थानीय तहहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहने हुँदा यस योजनाले विपद् जोखिम व्यवस्थापन क्षेत्रको लक्ष्य, उद्देश्य र रणनीतिसहित क्षेत्रगत मार्गचित्र स्पष्ट गर्ने विश्वास लिइएको छ । विपद् व्यवस्थापनसँग सम्बन्धित सम्भावना, अवसर, समस्या तथा चुनौतिहरु सहित विद्यमान अवस्था, विषय क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति एवम् रणनीतिक महत्वका कार्यक्रम तथा आयोजनाहरू समेत संलग्न गरी यो विपद् जोखिम व्यवस्थापन क्षेत्रको योजना तर्जुमा गरिएको छ ।

## ९.२ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन

### ९.२.१ विद्यमान अवस्था, सम्भावना तथा अवसर

गाउँपालिका तथा वडास्तरमा विपद् व्यवस्थापन समिति गठन भएको छ । विपद्को समयमा खासगरी गाउँपालिकास्तरको विपद् व्यवस्थापन समिति सक्रिय हुने गरेको छ । वि.सं. २०७२ को भूकम्पपश्चात् निर्माण भएका सबै विद्यालय, स्वास्थ्य संस्था तथा अन्य सार्वजनिक भवनहरू भूकम्प प्रतिरोधी प्रविधियुक्त छन् र यस्ता भवनको हिस्सा कुल भवनमा ८५ प्रतिशत रहेको छ । गाउँपालिकाले विपद् व्यवस्थापन कोष खडा गरी आ.व. २०७६/७७ मा रु. एक करोड बजेट विनियोजन गरी विपद् व्यवस्थापनका काममा खर्च गरेको छ । एफएम, बेभसाइट लगायतबाट चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने तथा मौसम भविष्यवाणीका लागि नेपाल सरकार मौसम पूर्वानुमान जल मौसम विभागसँग सहकार्यको प्रयास गरिरहेको छ ।

गाउँपालिकाको दक्षिणमा त्रिशुली नदी रहेको छ र सिंगो गाउँपालिकाको नदी प्रवाह यसै नदीको जलाधार क्षेत्रमा समेटिएको छ भने मलेखु, चरौंदी, गोमती, खटौंची, हुग्दी, मोवा, खानी खोला, रेती खोला, झिर्ती

खोला, धुसा खोला तथा फेदी खोलाका साना तथा मझौला जलाधार क्षेत्रहरू रहेका छन् । साथै यहाँ स्याम्राङ, बुम्राङ, काप्रा खोला, कदम खोला, काफलटार बरडाँडा, करम खोला, गोगनेखोला, आरुबाङ, गोगने, बेनीघाट, घ्यालचोक जनगाउँ, बिशालटार, भालिङटार, सिस्नेरी, गोमती, विदाङ, छरछरे, चिसापानी तोल्बाङ दोबान लगायत ५० भन्दा बढी पानी मुहानहरू रहेका छन् ।

त्रिशुली नदी किनार क्षेत्रमा ढुंगा, गिट्टी, बालुवाको उल्लेख्य उपलब्धताका कारण धेरै संख्यामा क्रसर उद्योगहरू स्थापना भएका छन्, स्थानीय सरकार सञ्चालन ऐन अनुसार आवश्यक वातावरणीय अध्ययन गरी सिफारिश गरिएको क्षेत्र र परिणाममा ढुंगा, गिट्टी, बालुवा, माटो, स्लेट बिक्री गर्न सक्ने कानुनी व्यवस्था भएकाले गाउँपालिकाले यसरी प्राप्त गर्ने आम्दानीको निश्चित हिस्सा वार्षिक रुपमा नदीजन्य जोखिम नियन्त्रणका लागि विनियोजन गर्न सक्दछ ।

स्थानीयस्तरमा स्वयम्सेविकाहरु तथा स्वास्थ्यकर्मीको उपलब्धता रहेको हुँदा आपत्कालीन अवस्थामा गाउँपालिकामा प्राथमिक उपचारका लागि न्यूनतम जनशक्ति रहेको छ । यसका अतिरिक्त संविधानले स्थानीय सरकारलाई विपद् जोखिम व्यवस्थापनको अधिकार प्रदान गरेको तथा गाउँपालिकाले धेरै किसिमका करहरू संकलन गर्न सक्ने र संघीय तथा प्रदेश सरकारकोतर्फबाट नियमित रुपमा विभिन्न किसिमका अनुदानहरू प्राप्त गर्ने भएकाले विपद् जोखिम व्यवस्थापनमा गाउँपालिकाले आफ्नो संस्थागत क्षमता सुदृढ गरी विपद् जोखिम न्यूनीकरणलाई प्राथमिकताप्राप्त कार्यक्रमका रुपमा अघि बढाउन सक्दछ । गाउँपालिकाले हाल फोहोरमैला संकलन, पुनःउपयोग, प्रशोधन र विसर्जन गरी सफा शहर निर्माण गर्ने तथा विपद् व्यवस्थापनका लागि विपद् जोखिम क्षेत्रहरूमा जोखिमको अवस्था, जोखिम न्यूनीकरणका उपायहरू तथा संस्थागत क्षमता प्रवर्द्धन गर्न आवधिक जोखिम व्यवस्थापन योजना तर्जुमा गर्ने नीति लिएको छ ।

### ९.२.३ समस्या चुनौति

खडेरी, असिना, वनडढेलो, भूकम्प, हावाहुरी, पहिरो, बाढी, महामारी, वर्डफ्लू तथा अन्य फ्लूहरू, जंगली जनावरको आतंक, कीट आतंक, चट्याङ, यस गाउँपालिकाका प्रमुख प्रकोपहरूका रुपमा रहेका छन् । विश्वभरि नै विपद्जन्य घटनाका आवृत्ति (frequency) तथा सघनता (intensity) बढ्दै गएको छ र भूकम्प, बाढी, पहिरो, महामारी, खडेरी, हावाहुरी लगायतका प्रकोपहरू नेपालका साझा र दोहोरिइरहने प्रकोपका रुपमा पनि रहेको हुँदा यी प्रकोपजन्य संभाव्य विपद् जोखिम यस गाउँपालिकाको दिगो विकासका लागि एउटा प्रमुख चुनौतीका रुपमा रहेको छ । विपद् व्यवस्थापनका लागि स्थानीय स्तरमा पर्याप्त ज्ञान र सूचनाको कमी रहेको छ तथा विकासका उपलब्धी विपद् उत्थानशील हुन नसक्दा विपद्को एकै झोक्कामा वर्षौंका उपलब्धीहरू छोटो समयमा सखाप हुने अवस्था बन्दै आएको छ । भूमिको व्यवस्थित तथा वैज्ञानिक रुपमा उपयोग हुन नसक्दा विकासका प्रयासहरू दिगो नहुने जोखिम रहेको छ । यो जोखिम संवोधनका लागि विपद् प्रतिकार्य सम्बन्धी सामुदायिक तथा संस्थागत क्षमता कम रहेको छ, जुन विपद् व्यवस्थापनका दृष्टिले गाउँपालिकाको एक प्रमुख चुनौतिका रुपमा रहेको छ । विपद् पूर्वतयारी, न्यूनीकरण तथा प्रतिकार्यका लागि समुदायस्तरमा ज्ञान, सीप र संयन्त्रको कमी रहेको छ । प्रमुख वस्तीहरूमा सामुदायिक आश्रयस्थलहरू रहेका छैनन् । जलवायु परिवर्तनजन्य जोखिम उच्च भए पनि विपद् प्रतिरोधी कृषि बालीहरूको विस्तार हुन सकेको छैन ।

गाउँपालिकाका पहाडी भीर तथा खोचहरू, नदी तथा खोला किनारका भागहरू भूक्षयको दृष्टिकोणले संवेदनशील रहेका छन् । वडा नं. ६ तथा ७ तथा अन्य वडाहरूमा समेत सडक निर्माणका क्रममा भूक्षय भएको छ । मानवीय गतिविधिका कारणबाट गाउँपालिका क्षेत्रमा अनियन्त्रित डढेलो, चरिचरन एवं खोलाबाट अव्यवस्थित ढंगले ढुंगा तथा बालुवाहरू झिक्नाले प्राकृतिक सन्तुलन बिग्रन गई वस्ती एवं कृषि क्षेत्रमा अनियन्त्रित बाढीको प्रकोप बढेको छ । खोलाको क्षमता भन्दा बढी मात्रामा नदीजन्य वस्तु निकासी

भएकोले खोलाको सतह गहिँरिदैं जाँदा आसपासका क्षेत्रहरूमा कटान तथा भूक्षयको सम्भावना बढ्दो छ। त्यस्तै, अल्पकालीन, मध्यकालीन र दीर्घकालीन उपायहरू अवलम्बन गर्नु पर्ने आवश्यकतालाई ध्यानमा राख्दै अल्पकालीन उपायको रुपमा स्पर एवं तटबन्ध निर्माण गर्ने मध्यकालीन उपायको रुपमा प्रभावित क्षेत्रको वरिपरि वृक्षारोपण गर्ने र दीर्घकालीन उपायको रुपमा सम्पूर्ण खोला प्रभावित क्षेत्रलाई संरक्षण गर्नेतर्फ काम अगाडि बढाउनु पर्ने देखिन्छ। उल्लेखित क्षेत्रलाई मानवीय गतिविधिबाट प्रभावित हुन नदिन एकीकृत जलाधार संरक्षण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिएकोछ।

## ९.३ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### ९.३.१ सोच

गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन क्षेत्रको सोच देहाय अनुसार रहेको प्रस्तुत छः

- बहुप्रकोपको व्यवस्थापनमा सक्षम तथा सुरक्षित गाउँपालिका

### ९.३.२ लक्ष्य

गाउँपालिकाको विपद् जोमिम न्यूनीकरण तथा व्यवस्थापन क्षेत्रको लक्ष्य देहाय अनुसार रहेको छः

- विकास पूर्वाधारलाई विपद् प्रतिरोधी तथा सामाजिक एवम् संस्थागत जीवनलाई उत्थानशील बनाउने

### ९.३.३ उद्देश्य

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन क्षेत्रको उद्देश्य देहायअनुसार हुनेछ :

- प्राकृतिक एवम् गैर प्राकृतिक विपद्बाट हुनसक्ने मानवीय, आर्थिक, भौतिक, सामाजिक क्षति-नोक्सानीको न्यूनीकरण गर्नु,
- विपद् पूर्व तयारी तथा प्रतिकार्यलाई व्यवस्थित र प्रभावकारी बनाउनु,
- पुनर्स्थापना, पुनर्निर्माण तथा पुनर्लाभको अवस्था हासिल गर्नु।

### ९.३.४ रणनीति तथा कार्यनीति

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न देहाय अनुसारका रणनीति एवम् कार्यनीति अवलम्बन गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन क्षेत्रको प्रमुख कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिनेछ :

*तालिका २० : विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन क्षेत्रको रणनीति तथा कार्यनीति*

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| **उद्देश्य १ : प्राकृतिक एवम् गैर प्राकृतिक विपद्बाट हुनसक्ने मानवीय, आर्थिक, भौतिक, सामाजिक क्षति-नोक्सानीको न्यूनीकरण गर्नु,** | |
| १. प्रकोप नक्सांकन, जोखिम आँकलन तथा पूर्व तयारी गर्ने | १.१ संकटासन्नता तथा क्षमता लेखाजोखा/नक्सांकनमार्फत् स्थानीय स्तरमा जोखिम, प्रकोप तथा क्षमता पहिचान गरी सो अनुरुप समुदायस्तरीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा गरिनेछ।<br>१.२ समुदायस्तरको विपद् जोखिम व्यवस्थापनमा गाउँपालिकामा काम गर्ने संघ/संस्थालाई सक्रिय रुपमा परिचालन गरिनेछ।<br>१.३ वायोइञ्जिनियरिङ प्रविधि प्रवर्द्धन गरी खोलाखोल्सी, गल्छी, खहरे तथा नदी नियन्त्रणलाई दिगो बनाइनेछ।<br>१.४ वायोइञ्जिनियरिङ प्रविधि प्रवर्द्धन एवं सिभिल इञ्जिनियरिङ्ग संरचना प्रयोग |

| रणनीति | कार्यनीति |
|---|---|
| | गरी भिर/पहिरो तथा नदी कटान लगायत अन्य भूक्षय न्यूनीकरण गरिनेछ ।<br>१.५ भवन आचार-संहिताको तर्जुमा र कडाइका साथ कार्यान्वयन गरिनेछ ।<br>१.६ विपद्को उच्च जोखिममा रहेका क्षेत्रहरूलाई विपद्पूर्व नै सुरक्षित बनाउनेछ  जस्तो कि पहिरोको उच्च जोखिममा रहेका घरपरिवारलाई समयमा नै स्थानान्तरण गरिनेछ ।<br>१.७ स्थानीय विपद् व्यवस्थापन संयन्त्रहरूलाई स्थानीय सामाजिक संरचना अनुरुप लैंगिक तथा जातिय दृष्टिकोणले समावेशी बनाइनेछ ।<br>१.८ आवश्यक पूर्वाधारसहित सामुदायिक भवन निर्माण गरी आपत्कालका लागि सामुदायिक आश्रयस्थल र कोभिड-१९ जस्ता महामारीको लागि सुरक्षित स्थलको रुपमा व्यवस्था गरिनेछ ।<br>१.९ भौतिक पूर्वाधार निर्माण तथा बस्ती विकास गर्दा विपद्बाट सुरक्षित हुने स्थान छनौट गरी आवश्यक संरचना निर्माण गरिनेछ । |
| १. जलवायु परिवर्तन अनुकुलनलाई विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनसँग एकीकृत गरी स्थानीय विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने | २.१ गाउँपालिकामा वातावरण तथा फोहोरमैला व्यवस्थापनसँग एकीकृत गरी विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन शाखा स्थापना र सञ्चालनको व्यवस्था गरिनेछ ।<br>२.२ जलवायु परिवर्तन अनुकुलनका लागि पानी संकलन प्रविधि, सुख्खा पोखरी, कृषि प्रविधि तथा उत्पादन प्रविधिको विकास र विस्तार गरिनेछ ।<br>२.३ जलवायु परिवर्तन अनुकुलन सम्बन्धी सैद्धान्तिक र व्यवहारिक अभ्यासका बारेमा जनप्रतिनिधि, कर्मचारी र समुदायको अगुवाको लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.४ गाउँपालिकाको विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन र नतिजा अनुगमन गरिनेछ । |
| २. गाउँपालिकामा विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापनका लागि संस्थागत व्यवस्था एवम् समुदाय र सरोकारवालासँग साझेदारी तथा सहकार्य अभिबृद्धी गर्ने | ३.१ गाउँपालिका, गैसस र नागरिक समाज संस्था र निजी क्षेत्रको समेत योगदान समावेश गरी स्थापित स्थानीय विपद् व्यवस्थापन कोषको वृद्धि र परिचालन गरिनेछ ।<br>३.२ टोल तथा समुदायममा विपद्को कारण समस्या परेका र पर्न सक्ने सदस्यलाई मनोसामाजिक परामर्श अभियानका रुपमा सञ्चालन गरिनेछ ।<br>३.३ वडा तथा टोलस्तरमा विपद् व्यवस्थापन समिति तथा कार्यदल गठन गरी तालिम लगायत क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३.४ स्थानीय विपद् व्यवस्थापन संयन्त्रहरूलाई स्थानीय सामाजिक संरचना अनुरुप लैंगिक तथा जातीय दृष्टिकोणले समावेशी बनाइनेछ । |
| **उद्देश्य २ : विपद् पूर्वतयारी तथा प्रतिकार्यलाई व्यवस्थित र प्रभावकारी बनाउनु** | |
| १. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन अवधारणालाई विकास व्यवस्थापन प्रक्रियामा मूलप्रवाहीकरण गर्ने | १.१ विकासका गतिविधि सञ्चालन गर्दा विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन सम्बन्धी अवधारणालाई सम्बोधन गरिनेछ ।<br>१.२ गाउँपालिका लगायत निजी र गैरसरकारी क्षेत्रहरूको विपद् उत्थानशील क्षमता वृद्धिका लागि वार्षिक रुपमा नीति र कार्यक्रमहरू तर्जुमा गरिनेछ ।<br>१.३ योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा वडा तथा टोलस्तरीय समितिलाई सहभागी गराई विपद् न्यूनीकरण तथा व्यवस्थापनलाई मूलप्रवाहीकरण गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.४ गाउँपालिकाको क्षमता विकास कार्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय अनिवार्य रुपमा समावेश गरी सञ्चालन गरिनेछ ।<br>१.५ गाउँपालिकाको क्षमता विकास कार्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय अनिवार्य रुपमा समावेश गरी सञ्चालन गरिनेछ ।<br>१.६ गैर सरकारी संस्था, संचार माध्यम तथा समुदायमा आधारित संस्था लगायत नागरिक समाज संस्थाहरुसँग सहकार्य गरी जोखिम रोकथाम, विपद् पूर्व तयारी, जोखिम न्यूनीकरण र व्यवस्थापन कार्यक्रमलाई प्रभावकारी बनाईनेछ ।<br>१.७ जलवायुजन्य प्रकोपहरुबाट हुने क्षतिबाट पुनरुत्थानका लागि अति संकटासन्न र जोखिमा रहेका व्यक्ति र परिवारको सामाजिक सुरक्षाको व्यवस्था मिलाइनेछ ।<br>१.८ प्रकोप कम गर्न तथा विपद्को सामना गर्न आवश्यक नीति, ऐन, नियम, कार्यविधि, मापदण्ड तथा योजना निर्माण गरी नियमपालना गरिनेछ । |
| २. स्थानीय सरोकारवालासँग समन्वय तथा साझेदारीको माध्यमद्वारा विपद् पूर्वतयारी तथा प्रतिकार्यलाई व्यवस्थित र प्रभावकारी बनाउने | २.१ प्रमुख टोलहरुमा उद्दार सामाग्रीहरूको भण्डारण र नियमित रुपमा पुनःभरणको व्यवस्था गरिनेछ ।<br>२.२ आवश्यक पूर्वाधार सहित सामुदायिक भवन निर्माण गरी आपत्कालका लागि सामुदायिक आश्रयस्थल र कोभिड लगायतका महामारीको लागि क्यारेण्टाइनको व्यवस्था गरिनेछ ।<br>२.३ वडा तथा टोलस्तरमा विपद् प्रतिकार्य कार्यदल गठन गरी तालिम लगायत क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.४ विपद्का समयमा प्रयोग गर्ने गरी विपद्सँग सम्बन्धित संस्थाहरू जस्तै स्थानीय संघ संस्था, क्लब, सुरक्षा निकाय लगायतसँग सहकार्य गरी वस्तीस्तर, वडास्तर एवम् गाउँपालिकास्तरका लागि खोज-उद्दार, प्राथमिक उपचार, आपत्कालीन बसोवास, राहत व्यवस्थापन लगायतका आपत्कालीन व्यवस्थापनसँग सम्बन्धित आवश्यक दक्ष जनशक्ति तयार गरिनेछ ।<br>२.५ पहिलो पटक गाउँपालिकाबाट सबै वडामा आपत्कालीन उद्दार सामाग्रीहरू भण्डारण गर्न सहयोग गर्ने र त्यसपश्चात् सबै वडाले उक्त उद्दार सामाग्रीहरूको आवश्यकता अनुसार प्रयोग, खपत भएका सामाग्रीहरूको परिपूर्ति र वार्षिक रुपमा अद्यावधिक गर्ने कार्यको व्यवस्था मिलाइनेछ ।<br>२.६ आपत्कालीन व्यवस्थापन तथा समन्वयलाई प्रभावकारी बनाउन गाउँपालिकामा विपद् व्यवस्थापन शाखा तथा विपद्को समयमा आकस्मिक प्रतिकार्य सञ्चालनका लागि आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।<br>२.७ आपत्कालीन व्यवस्थापनका लागि सम्बन्धित कर्मचारी, पदाधिकारी तथा कार्यालयहरूबीच स्पष्ट कार्यविभाजन गरी आपत्कालीन समयमा आपत्कालीन व्यवस्थापन स्वःस्फूर्त रुपमा सुरु हुने सुनिश्चित गरिनेछ ।<br>२.८ स्तरीय आपत्कालीन कार्यसञ्चालन कार्यविधि तयारी, कार्यान्वयन तथा समयानुकूल परिमार्जन गर्दै आपत्कालीन व्यवस्थापनलाई प्रभावकारी बनाउँदै लगिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.९ गाउँपालिका/वडास्तरमा रहेको विपद् व्यवस्थापन कोषलाई आपत्कालीन खोज उद्दारमा प्रयोग गरिनेछ तथा यस कोषमा वार्षिक रुपमा रकम विनियोजनको सुनिश्चितता गरिनेछ ।<br>२.१० विपद्को समयमा उद्धार कार्यमा खटिने उद्धारकर्ताहरूलाई प्रोत्साहनको व्यवस्था गरी विपद् उद्धारकर्ताहरूलाई सक्रिय र उद्धारको कामलाई प्रभावकारी बनाइनेछ ।<br>२.११ विपद्को समयमा अपनाइने आकस्मिक प्रतिक्रियालाई सहज बनाउन वार्षिक रुपमा गाउँपालिकामा कृत्रिम अभ्यास गरिनेछ र यसका लागि सम्बन्धित सुरक्षा निकायहरूसँग समन्वय सहकार्य गरिनेछ ।<br>२.१२ गाउँपालिका तथा वडास्तरमा आपत्कालीन व्यवस्थापनसँग सम्बन्धित दक्ष जनशक्तिको अभिलेख तयार गरी आपत्कालीन परिचालनका लागि तयारी हालतमा राखिनेछ ।<br>२.१३ गाउँपालिकास्तरमा आपत्कालीन उद्दारका लागि आपत्कालीन मार्गहरू (evacuation routes) पहिचान गरी सम्बन्धित सबैलाई जानकारी गराइनेछ ।<br>२.१४ गाउँपालिकामा कार्यरत सम्बन्धित सबै निकायहरूबीच समन्वय गरी पूर्वतयारी र प्रतिकार्यका लागि आवश्यक बजेट सुनिश्चित गर्ने तथा कार्यान्वयनमा एकद्वार प्रणाली अवलम्बन गरिनेछ ।<br>२.१५ सङ्घ, प्रदेश र स्थानीय तह तथा समुदाय, सङ्घ संस्था, निजी क्षेत्रसँग सहयोग, समन्वय र सहकार्य गरी विपद् व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ ।<br>२.१६ विपद् एवम् विपद् पश्चात्को समयमा महिला, बालबालिका, जेष्ठ नागरिक, अपांग लगायतको समुदायको सुरक्षा र संरक्षणका लागि उचित प्रवन्ध गरिनेछ । |
| **उद्देश्य ३ : पुनर्स्थापना, पुनर्निर्माण तथा पुनर्लाभको अवस्था हासिल गर्नु** | |
| १. विपद् पश्चात् उद्दार राहतसँगै विपद्को असर अध्ययन तथा आवश्यकता विश्लेषण गरी पुनर्लाभ योजना तर्जुमा गरी कार्यान्वयन गर्ने | १.१ विपद् पश्चात् तत्काल विपद्को आर्थिक सामाजिक असरको अध्ययन तथा आवश्यकता विश्लेषण गरिनेछ ।<br>१.२ असरको स्तर तथा आवश्यकता अनुसार आर्थिक सामाजिक पुनर्लाभ योजना तर्जुमा गरी नेपाल सरकार, प्रदेश सरकार, विकास साझेदार, गैसस, समुदायमा आधारित संस्था तथा समुदायसँग समन्वय, सहकार्य र साझेदारी गरी कार्यान्वयन गरिनेछ ।<br>१.३ योजना तर्जुमा गर्दा नेपाल सरकारबाट जारी विपद् पश्चात्को सामाजिक आर्थिक पुनर्लाभ खाका तथा कार्य प्रक्रिया अवलम्वन गरिनेछ ।<br>१.४ आर्थिक तथा सामाजिक पुनर्लाभ योजनालाई आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयनको सुनिश्चितता गरिनेछ ।<br>१.५ कोभिड-१९ ले गाउँपालिका क्षेत्रमा पारेको आर्थिक-सामाजिक प्रभावको मूल्यांकन गरी आर्थिक-सामाजिक क्षेत्रको पुनरुत्थानका लागि कार्ययोजना बनाई लागु गरिनेछ । |
| २. प्रोत्साहनमूलक वातावरण सिर्जना गरी उद्यमी | २.१ बीमा कार्यक्रमहरूमार्फत् जोखिम हस्तान्तरणका विधिहरू अपनाई युवा जनशक्तिलाई कृषि, पशुपालन, उद्योग लगायतका उत्पादनशील आर्थिक |

| रणनीति | कार्यनीति |
|---|---|
| व्यवसायी लगायत युवा, महिला, अपांगता भएका व्यक्ति एवम् अति विपन्न वर्गलाई उद्यम व्यवसायमा आकर्षित गर्ने । | क्षेत्रमा आकर्षित गरिनेछ ।<br>२.२ आर्थिक ऐन तर्जुमा गर्दा उत्पादनशील व्यवसायलाई व्यवसायको प्रकृतिअनुसार निश्चित अवधिका लागि कर छुटको प्रावधान राखिनेछ ।<br>२.३ व्यवसायीहरूलाई व्यवसायिक प्रयोजनमा वित्तीय पहुँचमा सहजताका लागि बैंक तथा वित्तीय संस्थाहरूसँग सहजिकरण गरिनेछ ।<br>२.४ स्थानीय उत्पादनका लागि बजारको पहुँच सुनिश्चित गर्न आवश्यक समन्वय र सहजिकरण गरिनेछ ।<br>२.५ रोजगारमूलक उद्यम व्यवसायलाई निश्चित अवधिका लागि सिर्जित रोजगारीको संख्याका आधारमा कर छुट सम्बन्धी नीति कार्यान्वयनमा ल्याइनेछ ।<br>१.६ स्थानीय स्रोत, साधन प्रयोग गर्ने तथा दुर्गम स्थानमा सञ्चालित उद्यम व्यवसायका लागि प्रोत्साहनमूलक कार्यक्रमहरू ल्याइनेछ ।<br>२.७ महिला, अल्पसंख्यक, अपांगता भएका व्यक्ति तथा अति विपन्न परिवारलाई उद्यम व्यवसायमा आकर्षित गर्न प्रोत्साहनका कार्यक्रमहरू ल्याइनेछ ।<br>२.८ गाउँपालिकाका उत्पादनहरूलाई बजारको सुनिश्चितता, व्यवसायिक परामर्श तथा बजार सम्बन्धी अन्य समस्याहरू सम्बोधनका लागि उद्योग वाणिज्य संघसँगको सहकार्यमा छुट्टै संयन्त्रको विकास गरी निरन्तर सहयोग र सहजिकरणको व्यवस्था मिलाइनेछ ।<br>२.९ पूर्व तयारी तथा प्रतिकार्यको एकीकृत उपायहरू अवलम्बन गरी विपद् जोखिम व्यवस्थापन (कोभिड १९, सरुवा रोग, कीटजन्य रोग, पशुपन्छीजन्य रोग, जलवायु परिवर्तन र अन्य रोग तथा महामारी नियन्त्रण) गरिनेछ ।<br>२.१० स्रोतको दिगो, भरपर्दो र प्रभावकारी ढंगले संरक्षण, प्रवर्द्धन र प्रयोग गरी भविष्यमा आइपर्ने विपद् न्यूनीकरणमा योगदान पुऱ्याइनेछ ।<br>२.११ पुनर्स्थापना, पुनर्निर्माण तथा पुनर्लाभलाई विशेष जोड सहितको आवधिक जोखिम व्यवस्थापन योजना निर्माण गरी विपद् व्यवस्थापनका लागि विपद् जोखिम क्षेत्रहरूमा जोखिमको अवस्था पहिचान, समुदायस्तरमा जोखिम न्यूनीकरणका लागि सुरक्षित संस्कृतिको विकासमा जोड दिइनेछ । |

## ९.४ प्रमुख कार्यक्रम तथा अपेक्षित उपलब्धी

### ९.४.१ प्रमुख कार्यक्रम तथा आयोजना

आवधिक योजनाको अपेक्षित नतिजा हासिल गर्न गाउँपालिकाको आन्तरिक स्रोत तथा अन्तर सरकार स्रोत परिचालन एवम् सरोकारवालाहरूसँग साझेदारी र सहकार्य गरी योजना अवधिमा प्राथमिकता अनुसार प्रस्तुत रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालन गर्नेछ । विपद् व्यवस्थापन क्षेत्रको प्रमुख कार्यक्रम तथा आयोजना, भौतिक लक्ष्य, कार्यक्रम गर्ने स्थान, अनुमानित लागत तथा जिम्मेवारी सहितको कार्यान्वयन योजना देहाय बमोजिम हुने गरी प्रस्ताव गरिएको छ ।

*तालिका २१ : विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन क्षेत्रको प्रमुख कार्यक्रम तथा आयोजना*

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्षको अवस्था (आ.व. २०७७/७८) | योजनाको कुल लक्ष्य (०८१/८२) | अनुमानित लागत (रु. हजार) | | | | | | प्रति इकाई लागत (रु. हजार) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | |
| **उद्देश्य १: विपद्बाट हुनसक्ने क्षति नोक्सानीको न्यूनीकरण** | | | | **७०५०** | **११६५०** | **४७५०** | **५३५०** | **५९५०** | **३४७५०** | |
| १.१ प्रकोप, संकटासन्नता तथा क्षमता लेखाजोखा र नक्साङ्कन | वडा | १० | १० | १००० | – | – | – | – | १००० | १०० |
| १.२ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन क्षमता विकास कार्यक्रम | पटक | १ | ५ | ६०० | ६५० | ७०० | ७५० | ८०० | ३५०० | ७०० |
| १.३ जोखिम संवेदनशील भूउपयोग योजना तर्जुमा र कार्यान्वयन | पटक | ० | ५ | ४५० | ५०० | ५५० | ६०० | ६५० | २७५० | ५० |
| १.४ पहिरो र बाढीको उच्च जोखिमका बस्ती संरक्षण र स्थानान्तरण | बस्ती | ० | ५० | ५००० | ७५०० | – | – | – | १२५०० | २५० |
| १.५ वायोइञ्जिनियरिङ प्रविधिबाट तटबन्धन र भूसंरक्षण कार्यक्रम | कि.मी. | ०.५ | १ | ० | ३००० | ३५०० | ४००० | ४५०० | १५००० | १५००० |
| **उदेश्य २: विपद् पूर्वतयारी तथा प्रतिकार्य** | | | | **४०००** | **६०००** | **४८५०** | **४६००** | **४६५०** | **२४१००** | |
| २.१ विपद् पूर्व तयारी कृत्रिम अभ्यास | संख्या | ० | २० | ० | ६०० | | | | ६०० | ३० |
| २.२ आकस्मिक प्रतिकार्य कार्यदल गठन तथा अभिमुखीकरण* | संख्या | ० | ६० | ७५० | ७५० | – | – | – | १५०० | २५ |
| २.३ विपद् प्रतिकार्य योजना तर्जुमा तथा अद्यावधीकरण | वटा | ० | ५ | २०० | ५० | ५० | ५० | ५० | ४०० | २०० |
| २.४ वडास्तरीय आपत्कालीन उद्दार सामग्री व्यवस्थापन** | वडा | ० | १० | ० | १२०० | १२०० | ६०० | ६०० | ३६०० | ३६० |
| २.५ आपत्कालीन आश्रयस्थलहरू निर्माण/स्तरोन्नति | स्थान | १ | ५ | ० | १००० | १२०० | १४०० | १६०० | ५२०० | १०४० |
| २.६ स्थानीय प्रकोप व्यवस्थापन कोष बृद्धि कार्यक्रम | रुपैया | १०००० | १०००० | २००० | २००० | २००० | २००० | २००० | १०००० | १ |
| २.७ विपद् पूर्वतयारी तथा प्रतिकार्य निकाय र क्षेत्रगत समन्वय | पटक | ० | ५ | ३०० | १५० | १५० | ३०० | १५० | १०५० | २१० |
| २.८ आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना र सञ्चालन | पटक | ० | १ | ५०० | – | – | – | – | ५०० | ५०० |
| २.९ समुदायस्तरीय विपद् व्यवस्थापन कार्यक्रम | वडा | ० | १० | २५० | २५० | २५० | २५० | २५० | १२५० | १२५ |
| **उद्देश्य ३ : पुनर्स्थापना, पुनर्निर्माण तथा पुनर्लाभ** | | | | **२६००** | **२४००** | **२१००** | **२१००** | **२१००** | **११३००** | |
| ३.१ कोभिड-१९ प्रभाव लेखाजोखा | पटक | ० | १ | ५०० | ३०० | – | – | – | ८०० | ८०० |
| ३.२ उत्पादनशील क्षेत्रमा बीमा प्रवर्द्धन | व्यवसाय | ० | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५ |
| ३.३ विपद् प्रतिरोधी कृषि प्रणाली प्रवर्द्धन | रोपनी | ० | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५ |
| ३.४ युवा लक्षित व्यवसाय प्रोत्साहन कार्यक्रम | व्यवसायी | ० | १०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | २५ |
| ३.५ उद्यम-व्यवसाय पुनरुत्थान प्रोत्साहन कार्यक्रम | व्यवसाय | ० | १५० | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | २० |
| **विपद् जोखिम व्यवस्थापन क्षेत्रको कुल** | | | | **१३६५०** | **२००५०** | **११७००** | **१२०५०** | **१२७००** | **७०१५०** | |

** हरेक वडामा विपद् व्यवस्थापन समिति १ र कार्यदल ५ (पूर्व चेतावनी, खोज उद्दार, प्राथमिक उपचार, खाद्यान्न व्यवस्थापन, आश्रयस्थल व्यवस्थापन) गरी वडामा ६ वटा र जम्मा ६० वटा*

*** पहिलो वर्ष गाउँपालिका कार्यालयले हरेक वडालाई उपलब्ध गराउने र त्यसपश्चात् हरेक वर्ष आवश्यकता अनुसार अद्यावधिक गर्दै जाने*

### ९.४.२ प्रमुख कार्यक्रमको स्थानगत तथा आयोजना विवरण

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन क्षेत्रको प्रमुख कार्यक्रमको स्थानगत तथा आयोजना विवरण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ :

*तालिका २२ : विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन विषय क्षेत्रको कार्यक्रमको स्थानगत तथा आयोजनागत विवरण*

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य (०८१/८२) | स्रोत अनुमान | स्थानगत तथा आयोजना विवरण |
|---|---|---|---|---|
| **१. विपद्बाट हुनसक्ने क्षति नोक्सानीको न्यूनीकरण** | | | ३४७५० | |
| १.१ प्रकोप, संकटासन्नता तथा क्षमता लेखाजोखा र नक्साङ्कन | वडा | १० | १०० | |
| १.२ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन क्षमता विकास कार्यक्रम | पटक | ५ | ३५०० | |
| १.३ जोखिम संवेदनशील भूउपयोग योजना तर्जुमा र कार्यान्वयन | पटक | ५ | २७५० | |
| १.४ पहिरो र बाढीको उच्च जोखिमका बस्ती संरक्षण र स्थानान्तरण | बस्ती | ५० | १२५०० | |
| १.५ वायोइञ्जिनियरिङ प्रविधिबाट तटबन्धन र भूसंरक्षण कार्यक्रम | कि.मी. | १ | १५००० | |
| **२. विपद् पूर्वतयारी तथा प्रतिकार्य** | | | २४१०० | |
| २.१ विपद् पूर्व तयारी कृत्रिम अभ्यास | संख्या | २० | ६०० | |
| २.२ आकस्मिक प्रतिकार्य कार्यदल गठन तथा अभिमुखीकरण* | संख्या | ६० | १५०० | हरेक वडामा विपद् व्यवस्थापन समिति १ र कार्यदल ५ (पूर्व चेतावनी, खोज उद्दार, प्राथमिक उपचार, खाद्यान्न व्यवस्थापन, आश्रयस्थल व्यवस्थापन) गरी वडामा ६ वटा र गापामा जम्मा ६० वटा |
| २.३ विपद् प्रतिकार्य योजना तर्जुमा तथा अद्यावधीकरण | वटा | ५ | ४०० | |
| २.४ वडास्तरीय आपत्कालीन उद्दार सामग्री व्यवस्थापन** | वडा | १० | ३६०० | पहिलो वर्ष गाउँपालिका कार्यालयले हरेक वडालाई उपलब्ध गराउने र त्यसपश्चात् हरेक वर्ष आवश्यकता अनुसार अद्यावधिक गर्दै जाने |
| २.५ आपत्कालीन आश्रयस्थलहरू निर्माण/स्तरोन्नति | स्थान | ५ | ५२०० | |
| २.६ स्थानीय प्रकोप व्यवस्थापन कोष बृद्धि कार्यक्रम | रुपैया | १०००० | १०००० | |
| २.७ विपद् पूर्वतयारी तथा प्रतिकार्य निकाय र क्षेत्रगत समन्वय | पटक | ५ | १०५० | |
| २.८ आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना र सञ्चालन | पटक | १ | ५०० | |
| २.९ समुदायस्तरीय विपद् व्यवस्थापन कार्यक्रम | वडा | १० | १२५० | |
| **उद्देश्य ३ : पुनर्स्थापना, पुनःनिर्माण तथा पुनर्लाभ** | | | ११३०० | |
| ३.१ कोभिड-१९ प्रभाव लेखाजोखा | पटक | १ | ८०० | |
| ३.२ उत्पादनशील क्षेत्रमा बीमा प्रवर्द्धन (व्यवसाय) | संख्या | ५०० | २५०० | |
| ३.३ विपद् प्रतिरोधी कृषि प्रणाली प्रवर्द्धन | रोपनी | ५०० | २५०० | |
| ३.४ युवा लक्षित व्यवसाय प्रोत्साहन कार्यक्रम (व्यवसायी) | जनमा | १०० | २५०० | |
| ३.५ उद्यम-व्यवसाय पुनरुत्थान प्रोत्साहन कार्यक्रम (व्यवसाय) | संख्या | १५० | ३००० | |
| **विपद् जोखिम व्यवस्थापन क्षेत्रको कुल** | | | ७०१५० | |

### ९.४.३ आयोजना तथा कार्यक्रमको साङ्केतीकरण

योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न प्रस्तावित कार्यक्रम तथा आयोजनाको स्थानीय रणनीतिक स्तम्भ, दिगो विकास लक्ष्य, दिगो राष्ट्रिय लक्ष्य, प्रदेश समृद्धि, लैंगिक र जलवायु साङ्केतीकरण सम्बन्धी विवरण **अनुसूची ११** मा प्रस्तुत गरिएको छ :

### ९.४.४ अपेक्षित उपलब्धी तथा नतिजा खाका

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजना कार्यान्वयन भए पश्चात् प्राकृतिक एवम् मानवजन्य विपद्बाट जीवन तथा सम्पत्ती, जीविकोपार्जन र उत्पादनका साधन, भौतिक तथा सामाजिक पूर्वाधार एवम् साँस्कृतिक र पर्यावरणीय सम्पदामा हुने असर न्यूनीकरण भएको हुनेछ । यसैगरी सबै प्रकारका महामारी लगायत अन्य प्राकृतिक एवम् मानवजन्य विपद्बाट हुन सक्ने मानवीय, आर्थिक, भौतिक, सामाजिक क्षति-नोक्सानीको न्यूनीकरण भएको हुने र पुनर्स्थापना, पुनःनिर्माण तथा पुनर्लाभको अवस्था हासिल भएको हुने अनुमान गरिएको छ । यो योजना कार्यान्वयन भइसकेपछि कुल मानवीय क्षतिमा विगत पाँच वर्षको तुलनामा औसतमा ८० प्रतिशतले गिरावट आएको हुनेछ भने पहिरो वा नदी कटानबाट क्षतिग्रस्त भूमिको क्षेत्रफलमा औसत ३० प्रतिशतले गिरावट आएको हुनेछ । दुईवटा सुरक्षित, एकीकृत आवास वस्ती विकास भएको हुनेछ । विपद्बाट विस्थापित घरपरिवारको संख्या विगत तीन वर्षको तुलनामा औसतमा १०० प्रतिशतले घटेको हुनेछ ।

बाढी पहिरोको जोखिममा बसोवास गर्ने घरपरिवार संख्या २० बाट घटेर ५ जनामा झर्ने र पहिरो, नदी वा खोलाले काटेको, बगाएको खेतीयोग्य जमिन अघिल्लो योजना कार्यान्वयन भइसक्दा १०० रोपनीमा झर्ने अनुमान गरिएको छ। भवन आचारसंहिताको पालना गरी निर्माण गरिएका विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको अनुपात १०० प्रतिशत हुनेछ । खडेरी सहन सक्ने अन्नबालीका प्रजातिहरूको खेती विस्तार भई किसानहरूको खडेरीप्रतिको उत्थानशीलता वृद्धि भएको हुनेछ । हरेक वडामा एक वटा हेलिप्याडसहितका आपत्कालीन सामुहिक आश्रयस्थल हुनेछन् । हरेक वडामा कम्तीमा पाँच-पाँच जनाका दरले तालिमप्राप्त स्थानीय खोज उद्दार कार्यकर्ता तथा प्राथमिक उपचारमा दक्ष क्रियाशील जनशक्ति हुनेछन् । विपद् प्रभावित भएका मध्ये ९० प्रतिशत उद्यम व्यवसायी विपद् पूर्वको अवस्थामा फर्किएका हुनेछन् । साथै गाउँपालिकामा पुनर्लाभको वातावरण सिर्जना भई नयाँ २५० जना उद्यम-व्यवसायी थपिएका हुनेछन् । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन विषय क्षेत्रको नतिजा खाका **अनुसूची १२** मा प्रस्तुत गरिएको छ ।

# परिच्छेद दश : विपद् पश्चात्को सामाजिक आर्थिक पुनर्लाभ क्षेत्र

## १०.१ पृष्ठभूमि

विश्वव्यापी महाव्याधीको रुपमा फैलिएको कोभिड–१९ को महामारी, संक्रमणको त्रास र रोकथाम र नियन्त्रणको लागि गरिएको लामो वन्दावन्दी र निषेधाज्ञाका कारण समग्र सामाजिक तथा आर्थिक क्षेत्र नराम्ररी प्रभावित भएको छ । सामाजिक आर्थिक क्षेत्र खासगरी मुलुकको समग्र तथा स्थानीय उत्पादन, रोजगारी, निकासी तथा आयम नकारात्क प्रभाव परेको छ । महामारीको कारण स्थानीय स्तरमा सञ्चालित उद्योग, व्यापार, पर्यटन, स्वास्थ्य शिक्षा, कृषि लगायत समग्र सेवा क्षेत्र विथोलिएको छ । महामारीले आर्थिक, सामाजिक र मनोवैज्ञानिक क्षेत्रमा परेको प्रभावका कारण राष्ट्रिय विकास लक्ष्य प्राप्तिमा नै चुनौति थपिएको छ ।

कोभिड १९ को निरन्तर प्रभाव, त्रास र सहज दैनिकीको अनिश्चितताले नागरिकलाई अत्याइरहेको छ । असंगठित क्षेत्रमा आवद्ध रहेका र आर्थिक रूपमा सबभन्दा पिंधमा रहेका स्वरोजगार उद्यमी, व्यवसायी र ज्यालादारी श्रमिक आफ्नो जिविकोपार्जनको आधारनै गुम्न जाँदा सबैभन्दा बढी पीडामा रहेका छन् । स्वास्थ्य, शिक्षा र सेवा क्षेत्र समग्र आर्थिक तथा सामाजिक विकासमा गतिरोध उत्पन्न भएको छ । यो महामारीको मार आम वर्ग र क्षेत्र परेको भएतापनि यसबाट सबैभन्दा बढी मार अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अति गरिब तथा पिछडिएका सिमान्तकृत वर्ग, श्रमिक र साना व्यवसायीले व्यहोर्नु परिरहेको छ ।

यसका साथै कोभिड १९ वाहेकका अन्य महामारी, महाभूकम्प २०७२ त्यसपछिका पराकम्पनका साथै बाढी पहिरो लगायतका विपद्को क्षति न्यूनीकरण गरी अझ बलियो निर्माणको अवधारणा बमोजिम सामाजिक आर्थिक पुनर्लाभको विद्यमान स्थिति, सम्भावना, चूनौति र प्रमुख कार्यक्रम समावेश गरी आर्थिक सामाजिक पुनर्लाभको योजना तयार गरिएको छ । भूकम्प प्रतिरोधी आवास निर्माण र सार्वजनिक पूर्वाधारको पुनःनिर्माण र प्रवलीकरण समेत भूकम्प पश्चात्को पुनर्लाभका कार्यहरु करिब पुरा भई सकेको अवस्थामा कोभिड १९ लगायतका महामारी र अन्य विपद्बाट् भएको क्षतिलाई उल्ट्याई पहिलेकै अवस्था फर्काउने मार्गचित्र यस विषय क्षेत्र योजनामा समावेश गरिएको छ । यस योजनालाई नेपाल सरकारबाट मस्यौदा गरिएको विपद् पश्चात्को सामाजिक आर्थिक पुनर्लाभको कार्यढाँचामा आधारित गरिएको छ :

## १०.२ विद्यमान अवस्था तथा सम्भावना

बेनीघाट रोराङ गाउँपालिकाले आ.व. २०७८/७९ मा प्रस्तुत नीति कार्यक्रमले कोभिड १९ को महामारी तथा अन्य विपद्बाट सृजित आर्थिक तथा सामाजिक असर तथा क्षतिलाई न्यूनीकरण गर्दै विकास प्रक्रियालाई गतिशिल बनाई गाउँपालिकावासीको जीवन रक्षा गर्ने प्रमुख लक्ष्य लिएको छ । कोभिड १९ बाट सिर्जित संकट व्यवस्थापन र कोभिड १९ का कारण स्वदेश तथा विदेशमा रोजगारी गुमाएका गाउँपालिकावासीलाई कृषि, पशुपंक्षी तथा उद्यम विकास कार्यक्रममार्फत् रोजगारी सिर्जना गर्ने व्यवस्था गरेको छ । यसैगरी कोभिड-१९ बाट परेको नकारात्मक असर कम गरी आर्थिक अवस्थामा सुधार ल्याउने कार्यक्रमहरु विकास साझेदार निकायसँगको सहकार्यमा अगाडी बढाउने नीति लिएको छ । कोभिड १९ महामारीको रोकथाम, नियन्त्रण, परीक्षण र उपचार कार्यलाई प्रभावकारी बनाउनको लागि वडा नम्बर ३ को मलेखुमा रहेको धर्मशाला आइसोलेसन सेन्टरलाई क्रमिक रुपमा कोभिड अस्पतालको रुपमा सञ्चालन गरिनेछ । स्थानीय स्तरमा संक्रमित पहिचान, परीक्षण, उपचार, आइसोलेसन केन्द्र र क्वारेण्टाइन व्यवस्थित रुपमा सञ्चालन गरिएको छ । कोभिड १९ विरुद्धको भ्याक्सिन सबै नागरिकमा सर्वसुलभ रुपमा उपलब्ध हुने वातावरण मिलाउन गाउँपालिकाले समन्वय तथा सहयोग गर्दै आएको छ । यसका साथै गाउँपालिका प्रत्येक घरपरिवारको घरदैलोमा पुगी आम नागरिकको स्वास्थ्य परीक्षण गर्ने कार्यक्रम तय गरेको छ ।

यस गाउँपालिकामा कोभिड १९ महामारीका कारण आर्थिक वर्ष २०७८/७९ को पहिलो त्रैमासिक अवधि सम्म ५६६ जना संक्रमित रहेको ३,४९५ जना प्रत्यक्ष प्रभावित भएको र २१ करोड भन्दा बढी बराबरको क्षति भईसकेको अनुमान गरिएको छ । महामारीका कारण व्यवसाय, रोजगारी, शिक्षा, स्वास्थ्य र विकास निर्माणको क्षेत्रमा नकारात्मक असर पुगेको छ । जोखिम कायमै रहेको वर्तमान परिवेशमा कोभिड १९ लगायत अन्य महामारीको जोखिम कम गर्दै यसबाट भएको आर्थिक, सामाजिक तथा मनोवैज्ञानिक प्रभावलाई मध्यनजर गर्दै सामाजिक आर्थिक पुनर्लाभका लागि रचनात्मक अग्रसरता आवश्यकता रहेको छ ।

यस गाउँपालिका कोभिड १९ लगायतका महामारी रोकथाम सम्बन्धी सचेतना, पूर्व तयारी, उपचार तथा क्षति न्यूनीकरण र राहतका लागि प्रयत्नरत रहेको छ । यस गाउँपालिका क्षेत्रमा कोभिड १९ असर स्वरुप रोजगारी गुमाउने संख्या २५७, व्यापार व्यवसाय बन्द गर्नुपर्ने घरपरिवार ५४३ र राहत तथा उपचार सहयोग पाउने जनसंख्या १५,५४० रहेको छ ।

कोभिड १९ सम्बन्धमा सचेतना, सतर्कता, पूर्व तयारी, परीक्षण, उपचार राहत र कोभिड १९ विरुद्धको खोपमा सबैको पहूँच स्थापना जस्ता सबालमा तीन वटै तहका सरकारको विशेष प्राथमिकता रहेको छ । सो अनुसार यय गाउँपालिकाका आर्थिक वर्ष २०७८/७९ को महिलो चौमासिक सम्म ८,१९९ कोभिड १९ विरुद्धको खोप सेवा प्राप्त गरिसकेका छन् । जनस्वास्थ्य, शिक्षा, कृषि तथा उद्यम विकास लगायत कोभिड १९ को महामारी अन्य विपद्बाट हुने सामाजिक आर्थिक पुनर्लाभलाई यस गाउँपालिकाले उच्च प्राथमिकता राखी तत्सम्बन्धी कार्यक्रम कार्यक्रम कार्यान्वयनमा प्रयासरत रहेको छ ।

## १०.३ समस्या तथा चुनौती

कोभिड १९ नियन्त्रणका लागि स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरबाट निरन्तर प्रयासहरु भएता पनि नोवेल कोरोना भाइरसका नयाँ भेरियन्ट तथा संक्रमणको नयाँ लहरहरुको सम्भावना कायमै रहेको छ । महामारी हालको लहर समेत पूर्ण रुपमा नियन्त्रणमा आइसकेको छैन । दैनिक रुपमा संक्रमित हुने तथा मृत्य वरण गर्नेको संख्या हाल सम्म पनि उल्लेख्य रुपमा कायमै रहेको छ । देशका अन्य क्षेत्र जस्तै राष्ट्रिय राजमार्ग क्षेत्रमा अवस्थित यस गाउँपाफिकामा कोभिड १९ को रोकथाम र संक्रमण न्यूनीकरणका लागि लागू गरिएको लामो बन्दावन्दी र निषेधाज्ञाको कारण आर्थिक, सामाजिक तथा विकास निर्माणको क्षेत्रमा दुरगामी प्रभावहरु रहेका छन् । हाल चाडपर्व मनाउँदा तथा विद्यालय, बजार, यातायात, सभा गोष्ठी लगायत जमघट हुने स्थानमा सुरक्षा मापदण्डको पालना गर्ने अभ्यासमा कमी रहेको छ । गाउँपालिकाको शिक्षा, स्वास्थ्य, पूर्वाधार निर्माण, पर्यटन, कृषि, साना उद्योग, व्यापार तथा रोजगारीको क्षेत्रमा महामारीको प्रत्यक्ष रुपमा प्रभाव परेको छ । प्रभावित क्षेत्रलाई पुनर्लाभ लागि योजना समयमा तर्जुमा गरी लागू गर्न ढिला भइसकेको अवस्था छ ।

## १०.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

### १०.४.१ सोच

- कोभिड १९ लगायतका महामारी र मानव सिर्जित विपद्बाट दिगो पुनर्लाभको अवस्था सिर्जना

### १०.४.२ लक्ष्य

- कोभिड १९ लगायतका महामारी र मानव सिर्जित विपद्बाट सामाजिक आर्थिक क्षेत्रलाई पुनःजागृत गराउने

### १०.४.३ उद्देश्य

यस क्षेत्रको उद्देश्य देहायअनुसार रहेका छन् :

- कोभिड १९ लगायतका महामारी र विपद्बाट प्रभावित क्षेत्रलाई पूर्ववत रुपमा सञ्चालन गर्ने वातावरण तयार गर्नु,

- कोभिड १९ लगायतका महामारी र विपद्बाट आर्थिक, सामाजिक, मानसिक तथा विकास निर्माण क्षेत्रमा भएको क्षति परिपुर्ती गर्नु ।

### १०.४.४ रणनीति तथा कार्यनीति

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न देहायअनुसारका रणनीति एवम् कार्यनीति अवलम्बन गरी आर्थिक सामाजिक पूनउत्थान क्षेत्रको प्रमुख कार्यक्रम तथा आयोजना कार्यान्वयन गरिनेछ :

*तालिका २३ : सामाजिक आर्थिक पुनर्लाभ क्षेत्रको रणनीति तथा कार्यनीति*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: कोभिड १९ लगायत महामारी र विपद्बाट प्रभाबित क्षेत्रलाई पूर्ववत रुपमा सञ्चालन गर्ने वातावरण तयार गर्नु** | |
| १. कोभिड १९ महामारी र विपद्बाट भएको क्षतिको विवरण तयार गरी आर्थिक, सामाजिक तथा विकास निर्माणको क्षेत्रलाई गतिशिल र पुनर्जागृत गराउन प्रोत्साहन, राहत तथा क्षतिपूर्तिको व्यवस्था गर्ने । | १.१ कोभिड महामारीबाट बन्द भएका उद्यम व्यवसाय एवं रोजगारी गुमाएकाहरुको यथार्थ विवरण संकलन तथा अद्यावधिकरण गरिनेछ ।<br>१.२ कोभिड महामारीका कारण विद्यालय शिक्षाको अवसरबाट वञ्चित बालबालिकालाई अतिरिक्त कक्षा र विशेष शिक्षाका अवसर प्रदान गरिनेछ।<br>१.३ कोभिड महामारीबाट भएको क्षतिको वर्गीकरण र लेखाजोखा गरी कृषि, पर्यटन तथा अन्य व्यवसाय पुनःसञ्चालनका लागि सहयोग तथा राहत उपलब्ध गराइनेछ ।<br>१.४ कोभिड १९ लगायतका महामारीबाट संक्रमित हुने, पोष्ट कोभिड विरामी तथा मानसिक आघात प्रभावितहरुको पहिचान, मनोसामाजिक परामर्श, उपचारको व्यवस्था गरिनेछ ।<br>१.५ कोभिड १९ लगायतका महामारी र अन्य प्रकार विपद्को कारणबाट आफ्नो स्थानबाट विस्तापित भएका घरपरिवारको विवरण संकलन तथा अद्यावधिक गरी पुनर्स्थापनाको लागि सहयोग प्रदान गरिनेछ । |
| २. कोभिड १९ महामारीको प्रभावबाट रोजगारी गुमाएकाहरुका लागि स्व/रोजगारीका अवसर सृजना गर्न स्थानीय पूर्वाधार निर्माण, कृषि तथा उद्यम विकास क्षेत्रलाई प्राथमिकता प्रदान गर्ने । | २.१ स्थानीयस्तरमा सञ्चालन हुने विकास निर्माण आयोजनामा कोभिड महामारीका कारण रोजगारी गुमाएकाहरुका लागि सीप, दक्षता र क्षमता अनुसारको रोजगारीमा प्राथमिकता दिइनेछ ।<br>२.२ कोभिड महामारीका कारण रोजगारी गुमाएकाहरुका लागि कृषि, पर्यटन एवं उद्योग व्यवसाय सञ्चालनसँग सम्बन्धित तालिमको अवसर उपलब्ध गराइ व्यवसाय सञ्चालनका लागि सहयोग उपलब्ध गराइनेछ ।<br>२.३ स्थानीय स्तरमा रोजगारी सृजना हुने गरी उद्योग तथा व्यवसाय सञ्चालन गर्न चाहने व्यक्तिका लागि विशेष सहुलियत उपलब्ध गराइनेछ । |
| ३. सामाजिक आर्थिक क्षेत्रको सबलीकरणका साथै कोभिड १९ लगायतका महामारी व्यस्थापन गर्ने क्षमतामा अभिवृद्धि गर्ने | ३.१ कोभिड १९ महामारीका कारण विद्यालय शिक्षाको अवसरबाट वञ्चित बालबालिकालाई विशेष शिक्षाका अवसर प्रदान गरिनेछ ।<br>३.२ आधारभूत र माध्यमिक शिक्षाका सबल वैकल्पिक माध्यमहरूको खोजी र कार्यान्वयन गरिनेछ ।<br>३.३ महामारीको रोकथामका लागि आवश्यक न्यूनतम पूर्वाधार, औजार, उपकरण तयारी हालतमा राखिनेछ ।<br>३.५ कोभिड-१९ को महामारीको नकारात्मक प्रभाव कम गरी आर्थिक सामाजिक विकासलाई गति प्रदान गर्न अन्तर-सरकार, विकास साझेदार तथा निजी क्षेत्रसँग साझेदारी एवं सहकार्य गरिनेछ । पुनर्लाभ प्रयासहरूको समन्वय र व्यवस्थापनमा गाउँपालिकाबाट नेतृत्व गरिनेछ ।<br>३.६ कोभिड-१९ प्रभावितका लागि अन्य तहका सरकार, विकास साझेदार, निजी क्षेत्र तथा समुदायलाई परिचालन गरिनेछ । |
| **उद्देश्य २: कोभिड १९ बाट आर्थिक, सामाजिक, मानसिक तथा विकास निर्माण क्षेत्रमा भएको क्षति परिपुर्ती गर्नु** | |
| १. दैनिक जनजीवनमा स्वास्थ्य तथा आरोग्यता | १.१ जमघट, भेलाल गायतमा मास्क प्रयोग गर्ने, सामाजिक दुरी कायम गर्ने, पटक-पटक हात धुनेलगायतका स्वास्थ्य मापदण्ड पालनालाई निरन्तरता |

| रणनीति | कार्यनीति |
|---|---|
| सम्बन्धी मापदण्डको पालनालाई निरन्तरता दिँदै रोकथामका अन्य उपाहरू अवलम्बन गर्ने | दिइनेछ ।<br>१.२ कोभिड-१९ को आगामी संभाव्य लहरका बारेमा जनसमुदायलाई सचेत गराइनेछ ।<br>१.३ समुदायमा देखिने नयाँ बिरामीहरूको निगरानी प्रणाली (Survellience) स्थापना गरी कोभिडका लहर तथा अन्य सरुवा रोगहरू समेतको सूक्ष्म र निरन्तररुपमा निगरानी गरिनेछ ।<br>१.४ कोभिड-१९ बाहेक अन्य संक्रामक/सरुवा रोगहरूका बारेमा जनचेतना विस्तार गरिनेछ ।<br>१.५ बालबालिका समेत सबै नागरिकका लागि खोप उपलब्ध गराउन पहल गरिनेछ । |
| २. कोभिड १९ को महामारीको नकारात्मक प्रभाब कम गरी आर्थिक सामाजिक विकासलाई गति प्रदान गर्न अन्तर-सरकार, विकास साझेदार तथा निजी क्षेत्रसँग साझेदारी एवं सहकार्य गर्ने। | २.१ मापदण्ड तयार गरी कोभिड १९ बाट पुनर्लाभको लागि प्रदान गरिने राहत तथा सहयोग अन्तर सरकार, गैसस र निजी क्षेत्रसँग समन्वय गरी प्रदान गरिनेछ ।<br>२.२ कोभिड १९ प्रभावितका लागि अन्य तहको सरकार, विकास साझेदार संस्था, निजी क्षेत्र तथा समुदायमा आधारित संस्थासँग अधिकतम सहयोगको लागि पैरवी र समन्वय गरिनेछ ।<br>२.३ कोभिड १९ को नकारात्मक प्रभाव कम गर्ने उद्देश्यले सञ्चालन गरिने अन्य तहको सरकार, गैसस, निजी क्षेत्र, सहकारीका कार्यक्रमहरुमा सहकार्य र साझेदारी गरिनेछ ।<br>२.४ कोभिड-१९ का असर न्यूनीकरण गरी पुनर्लाभको अवस्था सिर्जना र्ग तत्कालीन आवश्यकता पहिचान प्राथमिकतामा परेका क्रियाकलापहरू कार्यान्वयन गर्न निजी क्षेत्र, गाउँपालिकामा कार्यरत गैरसरकारी संस्था, सहकारी संस्था तथा स्थानीय सामुदायिक संस्थाहरूलाई परिपूरक भूमिकामा परिचालन गरिनेछ ।<br>२.५ कोभिड १९ लगायतका महामारी र अन्य विपद्बाट बन्द भएका तथा प्रभावित व्यापार व्यवसायको पुनर्स्थापना र सञ्चालनको लागि नेपाल सरकारको नीति अनुरुप स्थानीय बैंकसँग सहकार्य गरी सहुलियतपूर्ण कर्जा प्रवाह गरी उद्यम व्यवसायलाई पुनर्स्थापित गरिनेछ । |
| ३. कोभिड १९ तथा अन्य महामारीबाट संक्रमित भइ पोष्ट कोभिड प्रभाब रहेका व्यक्तिको पहिचान गरी उपचार तथा मनोपरामर्श सेवा निशुल्क उपलब्ध गराउने । | ३.१ कोभिड १९ संक्रमित भइ पोष्ट कोभिड असर रहेका व्यक्तिहरुको पहिचान र विवरण टोलस्तरबाट संकलन तथा अद्यावधिक गरिनेछ ।<br>३.२ पोष्ट कोभिड प्रभाव रहेका व्यक्तिहरुका लागि निशुल्क स्वास्थ्य परीक्षण एवं स्वास्थ्य समस्या पहिचान गरी मनोपरामर्श लगायतका स्वास्थ्य सेवा निशुल्क उपलब्ध गराइनेछ ।<br>३.३ पोष्ट कोभिड प्रभाव रहेका विपन्न तथा कमजोर स्वास्थ्य अवस्था रहेका व्यक्तिका लागि राहत तथा विशेष सहयोगको व्यवस्था गरिनेछ । |

## १०.६ प्रमुख कार्यक्रम तथा अपेक्षित उपलब्धी

### १०.६.१ प्रमुख कार्यक्रम तथा आयोजना

कोभिड १९ महामारी सामाजिक आर्थिक पुनर्लाभ क्षेत्रका प्रमुख आयोजना तथा कार्यक्रम गाउँपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधिमा प्राथमिकताको आधारमा देहायअनुसारको कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ :

*तालिका २४ : आर्थिक सामाजिक पुनर्लाभ क्षेत्रको प्रमुख कार्यक्रम*

| प्रमुख कार्यक्रम तथा आयोजना | एकाई | आधार वर्ष (२०७६/७७) | योजनाको कुल लक्ष्य | योजनाको लक्ष्य र अनुमानित लागत (रकम हजारमा) | | | | | | प्रति इकाई लागत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | |
| **उद्देश्य १: कोभिड १९ को महामारीबाट प्रभाबित क्षेत्रलाई पूर्ववत रुपमा सञ्चालन गर्ने वातावरण तयार गर्नु** | | | | **१११४०** | **१०८००** | **४८६०** | **३३००** | **३४००** | **३३५००** | |
| १.१ कोभिड १९ क्षति विवरण संकलन तथा लेखाजोखा | पटक | ० | १ | १००० | | | | | १००० | १००० |
| १.२ विद्यार्थी केन्द्रित अतिरिक्त कक्षा सञ्चालन | विद्यालय | ० | ६६ | १३२० | ८८० | | | | २२०० | ३३ |
| १.३ विद्यालय शिक्षामा वैकल्पिक विधि प्रवर्द्धन कार्यक्रम | विद्यालय | ० | ६६ | १३२० | १३२० | ६६० | | | ३३०० | ५० |
| १.४ महामारी निगरानी प्रणाली स्थापना र सञ्चालन | पटक | ० | ५ | १००० | ११०० | १२०० | १३०० | १४०० | ६००० | १२०० |
| १.५ कोभिड १९ प्रभाबित व्यवसायी राहत सहयोग कार्यक्रम | वडा | ० | १८० | ४५०० | ४५०० | | | | ९००० | ५० |
| १.६ व्यवसाय सञ्चालन सहयोग कार्यक्रम | जना | ० | २०० | २००० | ३००० | ३००० | २००० | २००० | १२००० | ६० |
| **उद्देश्य २: कोभिड १९ बाट आर्थिक, सामाजिक, मानसिक तथा विकास निर्माण क्षेत्रमा भएको क्षति परिपुर्ती गर्नु** | | | | **१३०००** | **१२६००** | **४९००** | **४०००** | **३६००** | **३८१००** | |
| २.१ महामारी रोकथाम तथा निदानका लागि पूर्वाधार, औजार र उपकरण व्यवस्थापन | पटक | १ | ५ | २००० | २००० | १५०० | १५०० | १५०० | ८५०० | १७०० |
| २.२ टोलस्तरीय अभिमुखीकरण तथा सचेतना कार्यक्रम | संख्या | ० | १०८ | १००० | १००० | ५०० | | | २५०० | २५ |
| २.३ स्वास्थ्य शाखा कर्मचारीहरूका लागि महामारी व्यवस्थापन तथा वृहत् हताहत व्यवस्थापन तालिम | पटक | ० | ५ | २०० | ३०० | ४०० | ५०० | ६०० | २००० | ४०० |
| २.४ पोष्ट कोभिड विरामी खोज पडताल तथा उपचार कार्यक्रम | वडा | ० | १५० | १००० | ५०० | | | | १५०० | १० |
| २.५ कोभिड/महामारी प्रभावित व्यक्ति स्वरोजगार कार्यक्रम | जना | ० | २०० | ४००० | ४००० | | | | ८००० | ४० |
| २.६ कोभिड/महामारी अति प्रभाबित विपन्न सहयोग कार्यक्रम | जना | ० | १८० | १८०० | १८०० | | | | ३६०० | २० |
| २.७ मनोसामाजिक परामर्श, सीप तथा क्षमता विकास कार्यक्रम | जना | ० | ३४५ | ३००० | ३००० | २५०० | २००० | १५०० | १२००० | ३५ |
| **आर्थिक सामाजिक पुनर्उत्थान क्षेत्र जम्मा** | | | | **२४१४०** | **२३४००** | **९७६०** | **७३००** | **७०००** | **७१६००** | |

### १०.६.२ प्रमुख कार्यक्रमको स्थानगत तथा आयोजना विवरण

सामाजिक आर्थिक पुनर्लाभ क्षेत्रको प्रमुख कार्यक्रमको स्थानगत तथा आयोजना विवरण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ :

*तालिका २५ : आर्थिक तथा सामाजिक पुनर्लाभ विषय क्षेत्रको कार्यक्रमको स्थानगत तथा आयोजनागत विवरण*

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत (रु. हजारमा) | स्थान/लक्षित वर्ग/ आयोजना विवरण |
|---|---|---|---|---|
| **उद्देश्य १: सामाजिक तथा आर्थिक पुनउत्थान** | | | **३३५००** | |
| १.१ कोभिड १९ क्षति विवरण संकलन तथा लेखाजोखा | पटक | २ | १००० | १० वटै वडाहरु |

| रणनीतिक कार्यक्रम तथा आयोजना | एकाई | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत (रु. हजारमा) | स्थान/लक्षित वर्ग/ आयोजना विवरण |
|---|---|---|---|---|
| १.२ विद्यार्थी केन्द्रित अतिरिक्त कक्षा सञ्चालन | विद्यालय | ६६ | २२०० | ६६ वटा सामुदायिक विद्यालयमा थप एक पिरिएड (मुख्य विषयका लागि) र टोल स्तरमा समूह कार्य तथा प्रोजेक्ट वर्क |
| १.३ विद्यालय शिक्षामा वैकल्पिक विधि प्रवर्द्धन कार्यक्रम | विद्यालय | ६६ | ३३०० | ६६ वटा सामुदायिक विद्यालयमा अनलाइन क्यास, पठन पाठनका लागि मोवाइल एप, डिजिटल शिक्षाका लागि शिक्षक तालिम |
| १.४ महामारी निगरानी प्रणाली स्थापना र सञ्चालन | पटक | ५ | ६००० | १ अस्पताल र ४ वटा स्वास्थ्य चौकी |
| १.५ कोभिड १९/महामारी प्रभाबित व्यवसायी राहत सहयोग | संख्या | १८० | ९००० | १० वटै वडाहरु |
| १.६ व्यवसाय सञ्चालन सहयोग कार्यक्रम | जना | २०० | १२००० | १० वटै वडाहरु |
| **उद्देश्य २: राहत तथा क्षतिपूर्ती** | | | **३८१००** | |
| २.१ महामारी रोकथाम तथा निदानका लागि पूर्वाधार, औजार र उपकरण व्यवस्थापन | पटक | ५ | ८५०० | १ अस्पताल र ४ वटा स्वास्थ्य चौकी |
| २.२ टोलस्तरीय अभिमुखीकरण तथा सचेतना कार्यक्रम | संख्या | १०८ | २५०० | १०८ वटा टोल तथा वस्ती |
| २.३ स्वास्थ्य शाखा कर्मचारीहरूका लागि महामारी व्यवस्थापन तथा वृहत् हताहत व्यवस्थापन तालिम | पटक | ५ | २००० | १ अस्पताल र ४ वटा स्वास्थ्य चौकी |
| २.४ पोष्ट कोभिड विरामी खोज पडताल तथा उपचार कार्यक्रम | वडा | १५० | १५०० | १० वटै वडाहरु |
| २.५ कोभिड/महामारी प्रभाबित स्वरोजगार कार्यक्रम | जना | २०० | ८००० | १० वटै वडाहरु |
| २.६ कोभिड/महामारी अति प्रभाबित विपन्न सहयोग | जना | १८० | ३६०० | १० वटै वडाहरु |
| २.७ मनोसामाजिक परामर्श, सीप तथा क्षमता विकास कार्यक्रम | जना | ३४५ | १२००० | १० वटै वडाहरु |
| **आर्थिक सामाजिक पुनउत्थान क्षेत्र कुल जम्मा** | | | **७१६००** | |

### १०.६.३ आयोजना तथा कार्यक्रमको साङ्केतीकरण

योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न प्रस्तावित कार्यक्रम तथा आयोजनाको स्थानीय रणनीतिक स्तम्भ, दिगो विकास लक्ष्य, दिगो राष्ट्रिय लक्ष्य, प्रदेश समृद्धि, लैंगिक र जलवायु साङ्केततकरण विवरण **अनुसूची १३** मा प्रस्तुत गरिएको छ :

### १०.६.४ अपेक्षित उपलब्धित तथा नतिजा तालिका

कोभिड १९ लगायतका महामारी र अन्य विपद्को सामाजिक आर्थिक प्रभावको लेखाजोखा हुनेछ। गाउँपालिकाको ६६ वटा विद्यालयहरुमा अतिरिक्त कक्षा सञ्चालन हुनुका साथै वैकल्पिक विधिको उपयोग गरिनेछ। पोष्ट कोभिड विरामीहरु पहिचान भई उपचार सहयोग प्राप्त हुनेछ। गाउँपालिकामा आइसोलेशन वार्ड समेत १५ शैयाको अस्पताल सञ्चालनमा आउनेछ। गाउँपालिकामा कोभिड १९ को महामारी लगायतका विपद्बाट अति प्रभावित ३४५ जनाले मनोसामाजिक र व्यवसायिक परामर्शका साथै सीप, क्षमता विकास र सहयोग प्राप्त गर्नेछन्। सामाजिक आर्थिक पुनर्लाभ क्षेत्रको नतिजा खाका **अनुसूची १४** मा प्रस्तुत छ।

# परिच्छेद एघार : सुशासन तथा संस्थागत विकास क्षेत्र

## ११.१ पृष्ठभूमि

नेपालको संविधानबाट प्रत्यक्ष अधिकारको संघीय मोडेलमा आधारित स्थानीय सरकारहरु स्थापना भई संविधान प्रदत्त अधिकार विषय क्षेत्रमा विकास कार्य तथा सेवा प्रवाहमा क्रियाशील रहेका छन् । स्थानीय सरकार जनताको घरदैलोको सरकारको रुपमा रहेका हुन्छन् । आम नागरिक विशेष गरी विपन्न तथा पछाडि परेका वर्ग/समुदायले स्थानीय सरकारबाट ठूलो अपेक्षा राखेका हुन्छन । तसर्थ संवैधानिक व्यवस्था, कानूनी शासन र जनअपेक्षा अनुसार कुशल, पारदर्शी र जवाफदेही ढंगले स्थानीय सरकार सञ्चालन गरी सेवा प्रवाह र विकास कार्यलाई प्रभावकारी बनाउने अहम् दायित्व स्थानीय सरकारको रहेको हुन्छ ।

लामो संघर्ष र अभ्यासको परिणाम स्वरुप संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात स्थानीय सरकारलाई संवैधानिक अधिकार प्राप्त भएको छ । अधिकार र साधन स्रोतमा बढोत्तरीसँगै स्थानीय सरकारसँग जनअपेक्षा र जिम्मेवारीमा पनि अधिक बढोत्तरी भएको छ । चुलिएका जनआकांक्षा, विपद् जोखिम न्यूनीकरण र दिगो र सन्तुलित विकासको चुनौति सम्बोधन पुरानै सोच र तरिकाबाट संभव देखिदैन । बदलिदो परिवेशसँगै विकास व्यवस्थापन र सेवा प्रवाह प्रक्रियामा सिर्जनशीलता र वैकल्पिक उपायहरु अवलम्बन गर्न जरुरी छ । आगामी दिनमा स्थानीय सरकारले संगठन तथा व्यवस्थापन, क्षमता विकास र अन्तर सरकार, समुदाय, सहकारी, निजी तथा गैर सरकारी संस्था साझेदारीको माध्यमबाट सेवा प्रवाह र विकास व्यवस्थापनलाई नतिजामूलक र प्रभावकारी बनाउनेतर्फ विशेष ध्यान दिन आवश्यक देखिन्छ । यसलाई मध्यनजर गर्दै गाउँपालिकाको सेवा प्रवाह र कार्यसम्पादनमा प्रभावकारिता अभिवृद्धि गरी स्थानीय सुशासन कायम गर्न स्थानीय नीति, कानून, संगठन तथा क्षमता विकास, राजस्व तथा स्रोत परिचालन र योजना व्यवस्थापन सम्बन्धी योजनाको प्रारुप तय गरिएको छ ।

## ११.२ विद्यमान स्थिति तथा सम्भावना

संविधानको अनुसूची ८ र ९ को अधिकार सूची बमोजिम गाउँपालिकाले १२ वटा विषयमा नीति तथा ऐन, ६ वटा विषयमा निमय र २९ वटा विषयमा कार्यविधि र ३ वटा विषयमा निर्देशिका तथा मापदण्ड समेत ५० विषयमा नीति, ऐन, नियम तथा निर्देशिकाहरु तयार गरी कार्यपालिका, गाउँसभाबाट पारित गरी राजपत्रमा प्रकाशन गरेको छ । संविधान तथा प्रचलित कानून अनुसार गाउँ सभाबाट न्यायिक समिति र विधायक समिति तथा कार्यपालिकाबाट योजना तर्जुमा र अन्य विषयगत समितिहरु गठन भई तत्सम्बन्धी विषयमा क्रियाशीलता उन्मुख रहेका छन् । साथै नागरिक, लक्षित समुदाय र नागरिक समाज समेतको सहभागितामा सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत नीति तथा बजेट र कार्यक्रमलाई बजेट पुस्तिका, वेवसाइट र सूचना पाटीमार्फत् सार्वजनिक गर्ने अभ्यास भैरहेको छ ।

हाल गाउँ कार्यपालिकाको प्रशासनिक केन्द्र वडा नम्बर ५ को विशालटारमा सहकारी तथा विद्यालय र भाडाको भवन सञ्चालनमा रहेको र प्रशासनिक भवन निर्माण सुरुरुवाती चरणमा रहेको छ । यसैगरी वडा नम्बर १, २, ३, ५, ७, ८, ९ र १० वडा कार्यालयहरु आफ्नै भवनमा र वडा नम्बर ४ र ६ वडा कार्यालय भाडामा सञ्चालन गरी स्थानीय सरकार सञ्चालन र सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउने प्रयास भैरहेको छ । एकीकृत सेवा सहितको गाउँ कार्यपालिका, १० वटै वडाको केन्द्रमा आधारभूत सुविधा सहित वडा कार्यालय, ४ वटा स्वास्थ्य केन्द्र, ३ वटा आधारभूत स्वास्थ्य एकाई र ४ वटा सामुदायिक स्वास्थ्य एकाईहरुबाट सेवा प्रवाह भैरहेको तथा उपरोक्त स्वास्थ्य संस्थाहरुको स्तरोन्नतिको लागि प्रयास भैरहेको छ । कार्यपालिका कार्यालय तथा ६ वटा वडा कार्यालय, ४ स्वास्थ्य संस्था र १२ वटा माध्यामिक विद्यालयहरुमा इन्टरनेट, विषयगत सेवा प्रवाहको लागि न्यूनतम कार्यकक्ष र भौतिक सामाग्रीको व्यवस्थापन गरिएको छ ।

संघीय संरचना अनुसार कर्मचारीको समायोजन प्रक्रियासँगै हाल गाउँपालिकामा विषय क्षेत्रगत समेत १२५ जना कर्मचारी कार्यरत रहेका छन् ।

संघीय शासन व्यवस्था र स्थानीय तहको योजना तर्जुमा नमूना दिग्दर्शन, २०७८ को व्यवस्था अनुसार पहिलो पटक गाउँपालिकाको विषयगत वस्तुस्थिति विवरण र समष्टिगत विकासको लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा रणनीतिक कार्यक्रम सहितको आवधिक योजना तयार गरी विकासको मार्गचित्र तयार गरिएकोछ । गाउँपालिकाको विशेषता, आवश्यकता र प्राथमिकताको आधारमा विषयगत नीति तथा कानून अनुसार वार्षिक बजेट तथा कार्यक्रम समावेशी र सहभागितामूलक योजना प्रक्रियाको अभ्यास भैरहेको छ । गाउँपालिकाको मुख्य लगानीको क्षेत्रको रुपमा स्वास्थ्य, शिक्षा, यातायात, कृषि उद्योग र पर्यटन क्षेत्रमा आवश्यक स्रोत परिचालन गरी प्राथमिकताक्रम अनुसार व्यवस्थित रुपमा सञ्चालन गर्न ऐन, नियम, कार्यविधि तथा  मापदण्ड निर्धारण गरिएको छ । गाउँपालिकामा संचालित स्थानीय संचित कोष र अन्य स्रोतबाट संचालित आयोजना तथा कार्यक्रमको प्रगति तथा गुणस्तर कायम गर्न स्थलगत अनुगमन तथा प्रगति विवरण समीक्षा कार्यलाई नियमित गरिएकोछ ।

स्थानीय तहको राजस्व अधिकार, संभाव्यता विश्लेषण र विद्यमान अवस्थाको आधारमा राजस्व सुधार कार्यक्रम तर्जुमा र सोको आधारमा आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण सहित राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । सो अनुसार आर्थिक वर्ष २०७६/७७ को आन्तरिक आय, राजस्व बाँडफाँट र अन्तर सरकारी वित्त हस्तान्तरणको औसत अनुपात क्रमशः १२, १४, ७४ प्रतिशत रहेको दखिन्छ । राजस्व सुधार कार्ययोजना तथा राजस्व परामर्श समितिको अध्ययन र सिफारिसका आधारमा कर तथा गैर कर निर्धारण गरी सो अनुसार गत आ.व. मा २१ करोड ४२ लाख ७० हजार आन्तरिक आय संकलन गरिएको छ । गाउँपालिकाको कुल आय बजेटमा आन्तरिक स्रोतको योगदान १५ प्रतिशत मात्र रहेको छ । साथै गाउँपालिकासँग समन्वय र सहकार्य गर्ने गैर सरकारी संस्था, सहकारी र समुदायबाट विकास कार्यमा वार्षिक अनुमानित ५ करोड बराबरको लगानी हुने गरेको देखिन्छ । यसैगरी निजी क्षेत्रबाट उत्पादन तथा व्यावसायमूलक आयोजना वार्षिक ३ प्रतिशत मात्र लगानी भएको अनुमान गरिएको छ ।

## ११.३ समस्या तथा चुनौति

रणनीतिक स्थानमा अवस्थित, विकासको अथाह सम्भावना बोकेको गाउँपालिका भएर पनि गाउँपालिकाको भौतिक विकास, सेवा सुविधाको अवस्था अपेक्षित रुपमा पछाडि रहेको छ । योजनाबद्ध व्यवस्थित तथा नतिजामूलक विकास, संस्थागत सुदृढीकरण र सुशासन कायम गर्न उपयुक्त, सरल र सहज प्रणाली स्थापना लगायतका समस्या तथा चुनौतिहरु विद्यमान रहेका छन् ।

संवैधानिक व्यवस्था अनुसार गाउँपालिकाले अझै विपद् व्यवस्थापन तथा जलवायु अनुकुलन, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण, उद्यम, पर्यटन तथा खेलकुद विकास, कला तथा संस्कृति संरक्षण लगायत विषयमा नीति, ऐन, नियम, कार्यविधि निर्माण हुन बाँकी नै रहेको देखिन्छ । तर्जुमा भएका ऐन, नीति, नियम, कार्यविधि तथा निर्देशिकाको बारेमा निर्वाचित पदाधिकारी, वडा समिति, आम नागरिक विशेष गरी विपन्न तथा लक्षित वर्गलाई सूसूचित गराउने, सोको कार्यान्वयन र अनुशरण हुन सकिरहेको छैन । विषय क्षेत्रगत रुपमा बजेट विनियोजन सन्तुलित नभई पूर्वाधार क्षेत्रमा अधिक हुने गरेको र रोजगार, उत्पादनमूलक तथा आयमूलक आयोजना र कार्यक्रममा लगानी अपेक्षाकृत कम रहेको छ ।

गाउँपालिकाको एकातिर संस्थागत क्षमता कमजोर रहेको छ भने अर्कोतिर निर्वाचित पदाधिकारी, प्रशासनिक र प्राविधिक कर्मचारीहरुमा मनोबल र जवाफदेहिता कमी रहेको छ । नीति नियम, योजना तथा बजेट तर्जुमा, वित्तीय व्यवस्थापन र निर्णय प्रक्रियामा समावेशिता, सहभागिता र पारदर्शिताको कमी देखिन्छ ।

योजनाबद्ध विकास तथा सेवाको न्यूनतम मापदण्ड कार्यान्वयन गर्न आवश्यक स्रोत परिचालन र दक्षतामा कमी रहेको छ । संस्थागत संरचना, निर्णय प्रक्रिया, स्रोत परिचालन, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन पद्धति परम्परागत देखिन्छ । गाउँपालिकाको सेवा व्यवस्थापन प्रक्रिया तथा कार्यसम्पादन प्रक्रिया दण्ड र पुरस्कार आधारित छैन तथा वृत्ती विकासको व्यवस्था लागु हुन सकेको छैन ।

गाउँ कार्यपालिका कार्यालय, विषयगत शाखा/उपशाखा/एकाइ र वडा कार्यालयहरुमा आवश्यकता र दरबन्दी अनुसार प्रशासनिक तथा विषयगत कर्मचारीहरुको कमी हुँदा सेवा प्रवाह र कार्यसम्पादनमा कठिनाई रहेको छ । कार्यपालिका कार्यालयको व्यवस्थित प्रशासनिक भवन नहुँदा एकीकृत सेवा प्रवाहमा कठिनाई रहेको छ । गाउँपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति सहित आवधिक योजना, विकासको अग्रणी क्षेत्रहरु पर्यटन विकास, बस्ती तथा भौतिक विकास, उद्यम विकास तथा कृषि सम्बन्धी गुरुयोजना आदीको तर्जुमा नहुँदा ठोस तथा नतिजामुखी विकास योजना तर्जुमाका साथै प्राथमिकताका आधार र प्रक्रिया निर्धारण, आयोजना बैंक र मध्यमकालीन खर्च संरचना तयार नहुँदा वितरणमुखी हिसाबले आयोजना तथा कार्यक्रम छनौट र बजेट विनियोजन हुने गरेको छ । फलस्वरुप आयोजना तथा कार्यक्रममा गुणस्तर कायम गरी समयमा सम्पन्न गर्न सकिएको छैन ।

स्थानीय तहको राजस्व अधिकार क्षेत्रका विषयमा राजस्वको संभाव्यता विश्लेषण, राजस्व प्रशासन र स्रोत परिचालन सम्बन्धी ज्ञान, सीप, दक्षता र प्रणालीको कमी रहेको छ । राजस्व तथा स्रोत परिचालन सम्बन्धी ऐन, कार्यविधि र कार्य प्रणाली र सोको कार्यान्वयनमा कमी हुँदा आन्तरिक आय सम्बन्धी क्षेत्र पहिचान, संभाव्यता विश्लेषण, कर र गैर करको आधार र दर निर्धारण, अनुमान तथा प्रक्षेपण गर्न र सो अनुसार करदाता शिक्षा, संकलन, अनुगमन र अभिलेख व्यवस्थित हुन सकेको छैन । जसको कारण गाउँपालिकाको विकास उपलब्धीका लागि मुख्य रुपमा संघीय र प्रदेश सरकारको अनुदानमा भर पर्नुपर्ने अवस्था रहेको छ ।

विकासका विभिन्न क्षेत्रमा संयन्त्रको विकास गरी सेवा प्रवाह र कार्यसम्पादनमा अन्तर सरकार, निजी क्षेत्र र गैसस र समुदायमा आधारित संस्था बीच प्रभावकारी समन्वय, सहकार्य र साझेदारी हुन सकेको छैन । उपयुक्त संरचना, भौतिक सुविधा र लगानीको वातावरण तयार गरी गाउँपालिकामा निजी क्षेत्र र लगानीकर्तालाई आकर्षित गर्न सकिएको छैन । उद्योग तथा व्यवसाय विकास, पर्यटन पूर्वाधार तथा सुविधा विकास, कृषि प्रसार, प्रविधि हस्तान्तरण, व्यवसायिक परामर्श सेवा, पूर्वाधार विकास सम्बन्धी अध्ययन, डिजाइन इष्टिमेट, प्राविधिक सुपरिवेक्षण, प्रगतिको अभिलेखन र प्रकाशन जस्ता व्यवसायिक कार्यहरुमा निजी, गैसस र विकास साझेदार लगायतका सेवा प्रदायक संस्था र निकायबाट सम्पादन गर्ने कार्यको व्यवस्थापन गर्न सकिएको छैन । प्रचुर सम्भावनाका बाबजुद निजी क्षेत्र र गैर सरकारी क्षेत्रसँगको साझेदारीलाई अपेक्षाकृत परिचालन गर्न सकिएको छैन ।

## ११.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम

यस गाउँपालिकाको नीति, कानून तथा सुशासन, संगठन तथा क्षमता विकास, स्रोत परिचालन र विकास व्यवस्थापन लगायत स्थानीय सुशासन तथा संस्थागत विकास क्षेत्रको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति र प्रमुख कार्यक्रम, अपेक्षित उपलब्धी र नतिजा खाकालाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

### ११.४.१ सोच

गाउँपालिकाको संस्थागत विकास तथा सुशासन क्षेत्रको सोच देहायअनुसार रहेको प्रस्तुत छः

- ⌘ सक्षम, सबल, पारदर्शी र जवाफदेही स्थानीय सरकारको स्थापना

### ११.४.२ लक्ष्य

यस गाउँपालिकाको संस्थागत विकास तथा सुशासन क्षेत्रको लक्ष्य देहाय अनुसार रहेको छः

⌘ स्थानीय सेवा प्रवाह तथा विकास उपलब्धीलाई समावेशी, प्रभावकारी र जवाफदेही बनाउने

## ११.४.३ उद्देश्य

गाउँपालिकाको सुशासन तथा संस्थागत विकास क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

- स्थानीय शासन, विकास नीति तथा कार्य प्रणालीलाई सरल, स्पष्ट र पारदर्शी बनाउनु,
- गाउँपालिकाको संगठन क्षमता, मानव संशाधन, कार्य दक्षतामा अभिवृद्धि गर्नु,
- स्थानीय स्रोत परिचालन तथा राजस्व प्रणाली सुदृढ बनाउनु,
- स्थानीय योजना तथा विकास प्रणालीलाई सूचना प्रविधिमा आधारित, समावेशी र नतिजामूलक बनाउनु ।

## ११.४.४ विषयगत रणनीति तथा कार्यनीति

संस्थागत विकास तथा सुशासन क्षेत्रको लक्ष्य तथा उद्देश्य हासिल गर्न अपनाइने रणनीति तथा नतिजा हासिल गर्न निर्धारण भएका रणनीतिक कार्यक्रम तथा आयोजना सञ्चालनमा देहाय अनुसारका कार्यनीति अवलम्बन गरिनेछ ।

*तालिका २६ : सुशासन तथा संस्थागत विकास क्षेत्रको रणनीति तथा कार्यनीति*

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: स्थानीय शासन, विकास नीति तथा कार्य सञ्चालन प्रणालीलाई सरल, स्पष्ट र पारदर्शी बनाउनु** | |
| १. स्थानीय शासन प्रणाली तथा नीति, कानून, निर्णय, कार्यसम्पादन र सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउने | १.१ स्थानीय तहको अधिकार क्षेत्रका विषयमा नीति, ऐन, नियम, कार्यविधि तथा मापदण्ड निर्माण, अद्यावधिक र प्रवोधिकरण गरी पालनामा अभिवृद्धि गरिनेछ ।<br>१.२ स्थानीय सरकारको जवाफदेहिता अभिवृद्धि सम्बन्धी एकीकृत संयन्त्रको विकास गरी नियमित अभ्यास गरिनेछ ।<br>१.३ गुनासो सुनुवाई र क्षतिपूर्तिमा आधारित नागरिक वडापत्र सहितको नतिजामूलक सेवा प्रवाह प्रणालीको विकास गरी कार्यान्वियन गरिनेछ ।<br>१.४ आयोजनाको अनुगमन तथा सुपरीवेक्षण सम्बन्धी स्तरीय कार्यविधि तयार गरी टोल विकास संस्था, आमा समूह, युवा क्लब, बालक्लब तथा नागरिक संस्थामार्फत् सेवाग्राहीलाई जानकारी गराउने तथा सचेतना अभिवृद्धि गरी कार्य सेवा प्रवाह, कार्य सम्पादन र विकास उपलब्धीमा वृद्धि गरिनेछ ।<br>१.५ गाउँपालिकाबाट प्रवाह गरिने सेवा तथा कार्य सम्पादनलाई सहज, जनउत्तरदायी र पारदर्शी बनाउन कार्यपालिका र वडा कार्यालयहरुमा क्षतिपूर्ति सहितको नागरिक वडापत्र, हेल्पडेक्स, नागरिक भेला र पृष्ठपोषण संयन्त्रको अभ्यास गरिनेछ ।<br>१.६ सुशासन तथा सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउन स्वीकृत नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्डको पालना गरिनेछ र सेवा प्रवाहमा कर्मचारीको मनोबल बढाउन प्रोत्साहनको व्यवस्था गरिनेछ ।<br>१.७ सदाचार नीतिको प्रवर्द्धन गरिनेछ र भ्रष्टाचार विरुद्ध शुन्य सहनशीलताको नीति अवलम्बन गरिनेछ । |
| २. गाउँपालिकाको नीति, कानून तथा निर्णय प्रक्रियामा लक्षित समुदाय र आम नागरिकको संलग्नता र अपनत्व वृद्धि गर्ने | २.१ गाउँपालिकाको नीति, निर्णय, सेवा प्रवाह र कार्यसम्पादन बारे सेवाग्राहीसँग मत सर्भेक्षण तथा सरोकारवालासँग अन्तरक्रिया गरी नागरिक र सरोकारवालाको पृष्ठपोषण र सुझाव प्राप्त गरिनेछ ।<br>२.२ वडा तथा गाउँपालिकास्तरबाट सेवा प्रवाहको मापदण्ड तथा मान्यता (Standard and Norms) को विकास गरी कार्यान्वयन गरिनेछ ।<br>२.३ गाउँपालिकाको नीति, ऐन, नियम, कार्यविधि र मापदण्डबारे पदाधिकारी तथा |

| रणनीति | कार्यनीति |
|---|---|
| | कर्मचारीको क्षमता विकास गरिनेछ ।<br>२.४ गैसस, टोल विकास संस्था तथा अन्य समुदायमा आधारित संस्थामार्फत् नागरिक शिक्षा सञ्चालन गरी स्थानीय नीति, कानून, नियम, मापदण्ड, कार्यविधि, सेवा र सुविधा बारे सुझाव संलकन र प्रवोधीकरण गरिनेछ । |
| **उद्देश्य २: स्थानीय सरकारको संगठन क्षमता, मानव संशाधन र कार्य दक्षतामा अभिवृद्धि गर्नु** | |
| १. स्थानीय सेवा प्रवाहलाई सरल, सहज, सूचना प्रविधिमा आधारित र सेवाग्राहीमैत्री बनाउने | १.१ कार्यपालिका तथा वडा कार्यालयहरुमा एकीकृत सेवा प्रवाह सहितको सुविधा सम्पन्न भवन निर्माण गरी सेवा प्रवाहलाई सहज बनाइने छ ।<br>१.२ एकीकृत सेवा सञ्चालनको लागि सूचना प्रविधि समेत भौतिक सुविधा र विषयगत क्षेत्रका कर्मचारीहरुको समेत व्यवस्थापन गरी वडा कार्यालयलाई सेवा केन्दको रुपमा विकास तथा सुदृढ गरिनेछ ।<br>१.३ सेवा प्रवाह, विकास निर्माण र प्रशासनिक कार्यमा सूचना प्रविधिको प्रयोगमा क्रमश: वृद्धि गरिनेछ ।<br>१.४ सेवा प्रवाहको सहजता र सुविधाको लागि सरोकारवालाको समन्वयमा आवधिक रुपमा घुम्ति सेवा शिविरको सञ्चालन गरिनेछ ।<br>१.५ विकास कार्यमा समुदायको सहभागिता वृद्धि गर्न, वडास्तरका आयोजना सञ्चालन गर्न र आयोजना सञ्चालन प्रक्रिया तथा गुणस्तरमा समुदायको निगरानी बढाउन वडाका प्रत्येक टोलमा टोल विकास संस्था गठन गरी परिचालन गरिनेछ ।<br>१.६ विकास निर्माण, कृषि, उद्योग तथा व्यवसाय, पर्यटन, खानेपानी तथा सरसफाई क्षेत्रमा सेवा केन्द्र तथा एकाई स्थापना गरी सेवा प्रवाहलाई सहज बनाइनेछ ।<br>१.७ सार्वजनिक भवन तथा अन्य संरचना निर्माण गर्दा बाल, अपाङ्गता, ज्येष्ठ नागरिक तथा महिलामैत्री बनाईने छ ।<br>१.८ गाउँपालिकाको संस्थागत तथा वित्तीय क्षमता अनुरुप कोभिड लगायत महामारी र विपद् पश्चात् राहत तथा सुविधा उपलब्ध गराउने र नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त सहयोग वितरण एवं व्यवस्थापनमा सहजिकरण गरिनेछ । |
| २. गाउँ कार्यपालिका तथा वडा कार्यालयको संगठन क्षमता सुदृढीकरण गर्ने । | २.१ कार्यविभाजन र कार्यसम्पादन नियमावलीको आधारमा संगठन व्यवस्थापन सर्भेक्षण प्रतिवेदन अनुसार संगठन संरचना, दरबन्दी र कार्यविवरणको व्यवस्था कार्यान्वयन गरिनेछ । सो अनुसार आवश्यक कर्मचारी पदपुर्तिका लागि प्रदेश लोक सेवा आयोगमा माग पेश गर्ने र अत्यावश्यक सेवाका लागि करारमा नियुक्ति गरी सेवा व्यवस्थापन गरिनेछ ।<br>२.२ कार्यालयमा एकीकृत सेवा प्रवाहको लागि लेआउट सहितको सोधपुछ, सहायता कक्ष, स्तनपान कक्ष र सेवाग्राही प्रतिक्षालय सहित कार्यकक्षको व्यवस्था गरिनेछ ।<br>२.३ संगठन तथा क्षमता विकास रणनीति सहित गाउँपालिकाको विस्तृत क्षमता विकास योजना अद्यावधिक गरी कार्यान्वयन गरिनेछ ।<br>२.४ क्षमता विकास, प्रोत्साहन र वृत्ती विकासको माध्यमद्वारा गाउँपालिकामा कार्यरत कर्मचारीहरुमा विषयगत दक्षता, कार्यकुशलता, उच्च मनोवल तथा जवाफदेहिताको विकास गरिनेछ ।<br>२.५ सेवा प्रवाह र व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधि र विद्युतीय सञ्चार |

| रणनीति | कार्यनीति |
|---|---|
| | माध्यमको प्रयोग क्रमशः वृद्धि गरिनेछ ।<br>२.६ प्रशासनिक र प्राविधिक कर्मचारी, स्वास्थ्यकर्मी र शिक्षकहरुको गाउँपालिका भित्र सरुवा, बढुवा, पुरस्कार, सजाय, वृत्ति विकास र क्षमता अभिवृद्धिको अवसरलाई कार्यसम्पादन मूल्याङ्कनमा आधारित बनाइनेछ ।<br>२.७ कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनलाई वैज्ञानिक तथा नतिजामा आधारित, सेवामुखी तथा जवाफदेही बनाइनेछ र कार्यसम्पादनमा उत्कृष्ट सेवा प्रवाह गर्ने कर्मचारीलाई नगद पुरस्कार र बढुवाको व्यवस्था गरिनेछ । |
| ३. कार्यविधि निर्माण गरी सेवा प्रवाह तथा कार्य सम्पादनलाई व्यवस्थित गर्ने | ३.१ स्थानीय तहको अधिकार क्षेत्रका विषयमा प्रचलित कानून र कार्यविभाजन तथा कार्यसम्पादन नियमावली अनुसार सरल र स्पष्ट कार्यविधि निर्माण गरी कार्य सम्पादन र सेवा प्रवाह सुचारु गरिनेछ ।<br>३.२ नियमित कार्यक्रममा समावेश गरी स्वीकृत नीति, ऐन, नियम कार्यविधि बारेमा जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज तथा सेवाग्राहीलाई अभिमुखीकरण गरिनेछ ।<br>३.३ एकल महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, भूमिहिन, विस्थापित तथा विपन्नहरुको संस्था तथा सञ्जाल निर्माण तथा क्षमता विकास गरी सेवा प्रवाह प्रक्रियामा परिचालन गरिनेछ ।<br>३.४ कार्यपालिकामा कार्यसम्पादनमा आधारित करार पद्धति र कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीको स्थापना गरी कार्यान्वयन गरिनेछ ।<br>३.५ गाउँपालिकाले सम्पादन गरेका असल अभ्यासहरुको दस्तावेजीकरण गरी वेवसाइट तथा बुलेटिनमार्फत् प्रकाशन र प्रशारण गर्ने अभ्यासलाई प्रवर्द्धन गरिनेछ । |
| **उद्देश्य ३: स्थानीय स्रोत परिचालन तथा राजस्व प्रणाली सुदृढ बनाउनु,** | |
| १. आन्तरिक राजस्व वृद्धिमा जोड गर्ने । | १.१ आन्तरिक राजस्व व्यवस्थापन सम्बन्धी एकीकृत ऐन र कार्यविधि तयार गरी सोको प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>१.२ नियमित बैठक, तालिम तथा क्षमता विकास गरी राजस्व परामर्श समितिको क्रियाशीलतामा अझ वृद्धि गरिनेछ ।<br>१.३ आन्तरिक र वाह्य स्रोत परिचालनका लागि छिमेकी स्थानीय तह, प्रदेश तथा संघीय सरकारका निकायसँग नियमित बैठक र छलफल गरिनेछ ।<br>१.४ कोभिड १९ लगायतका महामारीले व्यापार व्यवसायमा परेको असरलाई ध्यानमा राखी सो अवधिमा बुझाउने पर्ने कर तथा शुल्कको रकममा छुटको व्यवस्था गरिनेछ ।<br>१.५ माध्यमिक तहको पाठ्यक्रममा कर, शुल्क र दस्तुर सम्बन्धी विषय समावेश गरी पठनपाठन सुरुरुवात गरिनेछ ।<br>१.६ राजस्व प्रशासन बारे जनप्रतिनिधि, कर्मचारी र करदाताको क्षमता विकास गरिनेछ ।<br>१.७ वैज्ञानिक आधार र प्रमाणमा आधारित भई राजस्व स्रोतको संभाव्यता अध्ययन, विश्लेषण र प्रक्षेपणको व्यवस्था गरिनेछ ।<br>१.८ व्यवसाय दर्ता तथा नविकरण कार्यविधिको बारेमा जानकारी र प्रचार प्रसार गरी व्यवसाय दर्ता र वार्षिक कर संकलनलाई सहज बनाइनेछ । |
| २. राजस्वको स्रोत, आधार, दर र | २.१ राजस्व प्रशासनलाई व्यवस्थित र प्रभावकारी बनाउन राजस्व शाखा स्थापना, आवश्यक कर्मचारीको व्यवस्था तथा सीप एवँ दक्षता अभिवृद्धि गरी परिचालन |

| रणनीति | कार्यनीति |
|---|---|
| प्रशासनलाई सूचना प्रविधिमा आधारित गरी व्यवस्थित गर्ने । | गरिनेछ ।<br>२.२ स्थानीय राजस्व प्रशासनलाई सहज, व्यवस्थित र पारदर्शी बनाउन सूचना प्रविधिमा आधारित राजस्व व्यवस्थापन प्रणाली लागु गरिनेछ ।<br>२.३ सूचना प्रविधिमा आधारित भई आन्तरिक आयको संकलन, दाखिला तथा अभिलेखनलाई नियमित र व्यवस्थित गरिनेछ ।<br>२.४ राजस्व सम्बन्धी आधार सूचना, अभिलेख, राजश्व संकलन, प्रशासन र खर्च व्यवस्थापनमा समसामयिक सुधार गरिनेछ ।<br>२.५ वार्षिक खर्चको आन्तरिक लेखा परीक्षण र सार्वजनिक परीक्षण गरी खर्चको लेखाजोखा र वित्तीय जोखिम न्यूनीकरण गरिनेछ ।<br>२.६ सम्बन्धित वडा कार्यालयबाट नै सम्पूर्ण कर, शुल्क र दस्तुर तिर्ने सहज व्यवस्थाका लागि कम्प्युटर सफ्टवयर तथा आवश्यक कर्मचारीको व्यवस्था मिलाइनेछ ।<br>२.७ सूचना प्रविधिको उपयोग गरी गाउँपालिकाको बजेट तर्जुमा, आम्दानी र खर्चको लेखाङ्कन, अभिलेख तथा प्रतिवेदन प्रणालीको विकास गरी वित्तीय अनुशासन कायम गरिनेछ ।<br>२.८ बढी राजस्व संकलन गर्ने वडा तथा वडाका कर्मचारीलाई पुरस्कृत गरिनेछ र सबैभन्दा बढी कर तिर्ने करदातालाई सहुलियतको व्यवस्था गरिनेछ । |
| ३. सरकारी तथा सार्वजनिक सम्पत्तीको पहिचान तथा अभिलेख तयार गरी संरक्षण र उपयोग गर्ने । | ३.१ स्वामित्वमा रहेको, अन्य सरकारी र सार्वजनिक सम्पत्ती (जग्गा, भवन तथा अन्य भौतिक संरचना) अभिलेख तयार गरी संरक्षण र सार्वजनिक हित तथा आयस्रोतको लागि समोचित व्यवस्थापन गरिनेछ ।<br>३.२ कार्यविधि तर्जुमा गरी गाउँपालिकाको सम्पत्ती भाडामा लगाउने तथा नष्ट भएर जाने संरचना तथा भौतिक सामग्रीको लिलामको व्यवस्था गरिनेछ ।<br>३.३ प्राकृतिक स्रोत साधन, धार्मिक, सांस्कृतिक र पुरातात्विक महत्वका सम्पदाहरुको पहिचान, सर्भेक्षण, नक्साकंन र अभिलेखिकरण विवरण अद्यावधिक गरिनेछ र प्रचलित कानून अनुसार परिचालन गरिनेछ । |
| ४. स्रोत परिचालनका लागि निजी क्षेत्र, समुदाय, गैसस, विकास साझेदार, प्रदेश र संघीय सरकारका निकायहरुसँग साझेदारी विकास गर्ने । | ४.१ निजी क्षेत्र, समुदायमा आधारित संस्था, गैसस, विकास साझेदार, प्रदेश तथा संघीय सरकारका निकायसँग समन्वय र साझेदारी गरी स्रोत परिचालनमा अभिवृद्धि गरिनेछ ।<br>४.२ स्रोत परिचालनका लागि गैसस, विकास साझेदार, प्रदेश र संघीय संरकारका निकायसँग नियमित वैठक, छलफल र संचार गरिनेछ ।<br>४.३ निजी क्षेत्रसँग नियमित परामर्श र समन्वय गरी लगानीको प्रयास गरिनेछ । |
| **उद्देश्य ४: स्थानीय योजना तथा विकास प्रणालीलाई सूचना प्रविधिमैत्री, समावेशी र नतिजामूलक बनाउनु,** | |
| १. योजना व्यवस्थापन प्रक्रियालाई सरल, सूचना प्रविधि तथा नागरिकमैत्री र पारदर्शी बनाउने । | १.१ आयोजना बैंक सम्बन्धी कार्यविधि तयार गरी आवधिक योजना तथा विषय क्षेत्र गुरुयोजनाको आधारमा गाउँपालिकामा आयोजना बैंक स्थापना गरिनेछ ।<br>१.२ कार्यविधि तयार गरी विस्तृत संभाव्यता अध्ययन भएका वा डिपिआर तयार भएका आयोजनामा मात्र बजेट विनियोजनको व्यवस्था गरिनेछ ।<br>१.३ आयोजनाको प्राविधिक लगत ईस्टिमेट नेपाली भाषामा तयार गर्ने व्यवस्था गरी कार्यान्वयन गरिनेछ ।<br>१.४ पुर्वाधार विकास गर्दा अपाङ्ग, बालबालिका, ज्येष्ठ नागरिक र महिलामैत्री अवधारणा लागु गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | १.५ आयोजना तथा कार्यक्रमको अनुगमन, सार्वजनिक सुनुवाई तथा समग्र कार्यक्रमको सामाजिक आर्थिक उपलब्धीको लेखाजोखा समेत सामाजिक परीक्षण लगायत सामाजिक उत्तरदायित्व संयन्त्रलाई नियमित र प्रभावकारी बनाइनेछ । |
| २. योजना तर्जुमा, कार्यान्वयन र अनुगमनलाई सूचनामा आधारित, सहभागितामूलक र नतिजामूलक बनाउने । | २.१ योजना तर्जुमा तथा सञ्चालन गर्दा स्थानीय समुदायको सहभागिता अभिवृद्धि गरिनेछ ।<br>२.२ आयोजना कार्यान्वयनलाई व्यवस्थित, गुणात्मक र परिणाममुखी बनाइनेछ ।<br>२.३ आवधिक योजना र मध्यमकालीन खर्च संरचना अनुसार नतिजामूलक ढाँचामा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ ।<br>२.४ एकाईगत कार्यान्वयन योजनालाई एकीकृत गरी वार्षिक कार्यान्वयन योजना तयार गर्ने सो अनुसार वार्षिक कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको व्यवस्था गरिनेछ ।<br>२.५ वार्षिक कार्ययोजना निर्माण गरी सफ्टवेयर खालका कार्यक्रम कार्यान्वयन हुनु अघि स्पष्ट कार्यविधि र मापदण्ड बनाइनेछ र सो अनुसार कार्यक्रममा गुणस्तर र एकरुपता कायम गरिनेछ ।<br>२.६ २५ लाख भन्दा माथिको लागतका आयोजनाहरुको स्वतन्त्र प्राविधिक परीक्षकद्धारा प्रभाव मूल्याङ्कन गरिनेछ ।<br>२.७ स्वीकृत अनुगमन तथा मूल्याङ्कन कार्यविधि अनुसार नीति, योजना तथा कार्यक्रमका नियमित, वार्षिक, मध्यावधि र आवधिक रुपमा प्रक्रिया तथा नतिजा अनुगमन एवं चौमासिक र वार्षिक समीक्षा तथा प्रमुख आयोजनाको प्रभाव मूल्याङ्कन गरिनेछ ।<br>२.८ विश्वविद्यालय तथा क्याम्पससँगको समन्वय र साझेदारीमा नविनतम ज्ञान प्रवर्द्धन गर्न स्थानीय नीति, योजना तथा सेवा प्रवाह सम्बन्धमा अध्ययन अनुसन्धान जोड दिइनेछ । |
| ३. गैसस, निजी क्षेत्र, समुदायमा आधारित संस्थासँग समन्वय र साझेदारीमा अभिवृद्धि गर्ने | ३.१ गैसस तथा समुदायमा आधारित संस्था समन्वय र परिचालन कार्यविधि तयार गरी नियमित वैठक तथा अन्तरक्रिया सञ्चालन गरिनेछ ।<br>३.२ गैसस, समुदाय, विकास साझेदार, निजी क्षेत्र, प्रद्रेश र संघीय सरकारका निकायसँग समन्वय वैठक तथा साझेदारीका क्षेत्रबारे अन्तरक्रिया गरिनेछ ।<br>३.३ टोल विकास संस्था गठन गरी सामाजिक परिचालनलाई प्रभावकारी बनाइनेछ ।<br>३.४ सेवा निवृत्त शिक्षक, प्राध्यापक, सैनिक, प्रहरी र राष्ट्रसेवक कर्मचारीहरुको अनुभव, ज्ञान, सीप र दक्षतालाई विकास प्रक्रियामा परिचालन गरिनेछ । |

## ११.५ प्रमुख कार्यक्रम तथा अपेक्षित उपलब्धी

### ११.५.१ प्रमुख कार्यक्रम तथा आयोजना

सुशासन र संस्थागत विकास क्षेत्रको अपेक्षित नतिजा प्राप्त गर्न गाउँपालिकाको स्रोत, स्थानीय संघ/संस्था, समुदाय, निजी क्षेत्र र प्रदेश तथा संघ सरकारसँग साझेदारी र सहकार्य गरी योजना अवधिमा प्राथमिकताको आधारमा देहायअनुसारको कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ ।

*तालिका २७: सुशासन तथा संस्थागत विकास क्षेत्रको प्रमुख आयोजना तथा कार्यक्रम विवरण*

| प्रमुख कार्यक्रम तथा आयोजना विवरण | एकाई | आधार वर्ष (०७७/०७८) को अवस्था | योजनाको कूल लक्ष्य | योजनाको लक्ष्य र अनुमानित लागत (रकम हजारमा) | | | | | | प्रति इकाई लागत (रु. हजार) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | |
| **उद्देश्य १ : स्थानीय शासन तथा विकास नीति, कार्य सञ्चालन प्रणाली** | | | | ४२०० | ४४०० | ४६०० | ४८०० | ५००० | २३००० | |
| २.१ नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका मापदण्ड निर्माण, संशोधन, प्रवोधिकरण तथा प्रकाशन | विषय | ४९ | ७० | ९०० | ८०० | ७०० | ६०० | ५०० | ३५०० | ५० |
| २.२ सुशासन तथा जबाफदेहिता प्रवर्द्धन (सार्वजनिक सुनुवाई सार्वजनिक परीक्षण र सामाजिक परीक्षण आदी) कार्यक्रम | पटक | ० | २० | १००० | १२०० | १४०० | १६०० | १८०० | ७००० | ३५० |
| २.३ नागरिक सन्तुष्टी सर्वेक्षण तथा वहश कार्यक्रम | पटक | ० | १० | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | १५० |
| २.४ विद्युत्ीय शासन प्रवर्द्धन कार्यक्रम | पटक | ० | ५ | ८०० | ९०० | १००० | ११०० | १२०० | ५००० | १००० |
| २.५ विवाद मध्यस्थता/न्याय सम्पादन, कानूनी साक्षरता र मेलमिलाप कार्यक्रम | पटक | १ | ६० | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | ५० |
| २.६ अध्ययन र सर्भेक्षण कार्यक्रम (स्थानीय नीति, योजना, सेवा प्रवाह, कार्यान्वयन प्रक्रिया, असर तथा प्रभाव) | पटक | ० | ५ | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | ६०० |
| **उद्देश्य २: संगठन तथा व्यवस्थापन क्षमता र मानव संशाधन** | | | | ५७०९० | ६७६९० | १३७९० | १५३९० | १५९९० | १६९९५० | |
| २.१ विषयगत सेवा सहितको वडा कार्यालय भवन निर्माण | संख्या | ८ | २ | १५००० | १५००० | | | | ३०००० | १५००० |
| २.२ एकीकृत सेवासहित कार्यपालिकाको प्रशासकीय भवन निर्माण | संख्या | ० | १ | ३०००० | ४०००० | | | | ७०००० | ७०००० |
| २.३ कार्यालय भवन, भौतिक निर्माण तथा सुधार कार्यक्रम | संख्या | ० | ११ | ४५०० | ५००० | ५५०० | ६००० | ६५०० | २७५०० | २५०० |
| २.४ स्थानीय तहको कार्यसम्पादन तथा संस्थागत स्वमूल्याङ्कन (LISA) कार्यक्रम | पटक | ० | ५ | २५० | २५० | २५० | २५० | २५० | १२५० | २५० |
| २.५ क्षमता विकास कार्यक्रम (जनप्रतिनिधि, कर्मचारी, नागरिक संस्था) | विषय | २ | २० | १५०० | १६०० | १७०० | १८०० | १९०० | ८५०० | ४२५ |
| २.६ अन्तर स्थानीय तह परामर्श तथा अनुभव आदान प्रदान कार्यक्रम | पटक | ० | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० | १००० |
| २.७ कार्यसम्पादनमा आधारित कर्मचारी प्रोत्साहन कार्यक्रम | पटक | ० | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० |
| २.८ संगठन विकास र सुदृढिकरण कार्यक्रम | पटक | ० | ५ | १००० | ५०० | ५०० | १००० | ५०० | ३५०० | ७०० |
| २.९ सेवाग्राही प्रतिक्षालय, कार्यकक्ष, भौतिक सुविधा, सूचना प्रविधि र उपकरण व्यवस्थापन कार्यक्रम (कार्यपालिका कार्यालय, विषयगत शाखा र वडा कार्यालय र सेवा केन्द्रहरु समेत) | पटक | ० | ५ | २००० | २५०० | ३००० | ३५०० | ४००० | १५००० | ३००० |
| २.१० टोल विकास संस्था गठन र परिचालन कार्यक्रम | संख्या | ० | १०८ | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | २० |
| २.११ लक्षित वर्ग संरचना निर्माण, सुदृढिकरण तथा क्षमता विकास कार्यक्रम महिला, बालबालिका, चेपाङ समुदाय, तामाङ, अपाङ्ग, युवा आदि) | संख्या | ४ | ३० | २४० | २४० | २४० | २४० | २४० | १२०० | ४० |
| २.१२ गैसस समन्वय, साझेदारी तथा सामाजिक परिचालन कार्यक्रम | पटक | ० | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ५०० |
| **उद्देश्य ३: स्रोत परिचालन तथा राजस्व प्रणाली** | | | | २८६० | २४६० | ३२१० | २४६० | ३२१० | १४२०० | |
| ३.१ राजस्वको शीर्षकगत संभाव्यता विश्लेषण र प्रक्षेपण (राजश्व सुधार | पटक | १ | २ | ० | ० | ७५० | ० | ७५० | १५०० | ७५० |

| प्रमुख कार्यक्रम तथा आयोजना विवरण | एकाई | आधार वर्ष (०७७/०७८) को अवस्था | योजनाको कूल लक्ष्य | योजनाको लक्ष्य र अनुमानित लागत (रकम हजारमा) | | | | | | प्रति इकाई लागत (रु. हजार) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | जम्मा | |
| योजना अद्यावधिक) | | | | | | | | | | |
| ३.२ राजस्व व्यवस्थापन सूचना प्रणाली निर्माण र सञ्चालन कार्यक्रम | पटक | ० | ५ | १००० | ६०० | ६०० | ६०० | ६०० | ३४०० | ६८० |
